प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचन २०७९

# पर्यवेक्षण प्रतिवेदन








आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल
GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

सचिवालय
नेपाल कानून समाज, बबरमहल, काठमाण्डौ

# आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल

## कार्यसमिति



**श्री हिमालय शम्सेर राणा**
अध्यक्ष
नेपाल नागरिक मञ्च - अध्यक्ष



**श्री कल्याण श्रेष्ठ**
सदस्य
संविधान निगरानी समूह-अध्यक्ष



**श्री तीर्थमान शाक्य**
सदस्य
नेपाल कानून समाज-अध्यक्ष



**श्री बालकृष्ण प्रसाई**
सदस्य
पूर्व कर्मचारी सेवा परिषद्-अध्यक्ष



**श्री उषा मल्ल पाठक, वरिष्ठ अधिवक्ता**
सदस्य
असहाय सेवा केन्द्र (सुस)-उपाध्यक्ष



**प्रो. चिरञ्जीवि खनाल**
सदस्य
हिमालय सञ्चार केन्द्र-सल्लाहकार



**श्री सुनीता रेग्मी, वरिष्ठ अधिवक्ता**
सदस्य
ग्रामीण विकास प्रतिष्ठान-कोषाध्यक्ष



**श्री खेमराज रेग्मी**
सदस्य
नेपाल नागरिक समाज-अध्यक्ष



**श्री गणेशकुमार मण्डल**
सदस्य
मधेशी नागरिक समाज-संयोजक



**श्री हरिविनोद अधिकारी**
सदस्य
फ्रिडम फोरम नेपाल-अध्यक्ष



**श्री विकास शाह रौनियार**
सदस्य
मिडिया एड्भोकेसी ग्रुप-अध्यक्ष



**श्री कृष्णमान प्रधान**
सदस्य सचिव
नेपाल कानून समाज-कार्यकारी निर्देशक

प्रतिनिधिसभा र प्रदेश सभा
सदस्य निर्वाचन २०७९

# पर्यवेक्षण प्रतिवेदन


आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल

GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

सचिवालय

नेपाल कानून समाज, बबरमहल, काठमाण्डौ

■ प्रकाशन मिति
२०७९ माघ

■ संख्या
१००० प्रति

■ प्रकाशक
नेपाल कानून समाज

© सर्वाधिकार
नेपाल कानून समाज

■ मुद्रण
नेशनल ग्राफिक्स्
नयाँबजार, काठमाण्डौ

नेपाल कानून समाज
NEPAL LAW SOCIETY

USAID
FROM THE AMERICAN PEOPLE

The Asia Foundation

# प्रकाशकीय

संविधानसभाबाट नेपालको संविधान जारी भएपश्चात् संविधानको कार्यान्वयनका लागि भएको प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको पहिलो निर्वाचनबाट पहिलो पुस्ताले आफ्नो कार्यभार सम्पन्न गरी प्रशस्त आधारहरु तयार पारिसकेको छ । संविधानको कार्यान्वयनकै चरणमा दोश्रो पुस्ताको लागि समेत २०७९ मंसिर ४ गते अर्थात् २० नोभेम्बर, २०२२ मा केही छिटपुट घटनाबाहेक एकै चरणमा सफलतापूर्वक निर्वाचन सम्पन्न भएको छ । विगतका निर्वाचनहरुमा झैं यसपटक पनि आमनिर्वाचन पर्यवेक्षण समिति (GEOC) ले निर्वाचनपूर्व, मतदानको दिन र मतगणनापछि समेत गरी निर्वाचनका तीनवटै चरणमा पर्यवेक्षण गरिसकेको छ।

विभिन्न क्षेत्रमा कार्यरत एघार संस्थाहरुको सयुंक्त सञ्जालको रुपमा रहेको (नेपाल कानून समाज, संविधान निगरानी समूह, नेपाल नागरिक मञ्च, ग्रामीण विकास प्रतिष्ठान, असहाय सेवा केन्द्र, पूर्व कर्मचारी सेवा परिषद् नेपाल, नेपाल नागरिक समाज, मधेशी नागरिक समाज, हिमालय सञ्चार केन्द्र, फ्रिडम फोरम र मिडिया एडभोकेसी ग्रुप) जियोकले २०४७ सालपछि सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन २०४८, २०५१ र २०५६ का साथै स्थानीय निकाय निर्वाचन २०४९, २०५४ र संविधानसभा सदस्य निर्वाचन, २०६४ तथा २०७०, स्थानीय तहको निर्वाचन २०७४ र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ समेत नौवटा निर्वाचनको पर्यवेक्षण यस अगावै गरिसकेको छ भने यस कार्यलाई निरन्तरता दिदै यस संस्थाले २०७९ सालमा सम्पन्न स्थानीय तह, प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन पर्यवेक्षण पनि सम्पन्न गरेको छ।

जियोकले विगतमा गरेको निर्वाचन पर्यवेक्षणको आधारमा प्रतिवेदन तयार गरि सिफारिस गरेका सुझावहरुले निर्वाचन आयोग, सरकार, राजनीतिक दल, उम्मेदवार, न्यायालय र पर्यवेक्षकलाई समेत निर्वाचन स्वतन्त्र, निस्पक्ष, धाँधलीरहित र भयरहित वातावरणमा सम्पन्न गर्न सहयोग पुऱ्याएको छ। त्यसैगरी निर्वाचन संचालनार्थ आवश्यक कानून निर्माणमा नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सङ्घीय संसदलाई समेत विशेष सहयोग पुऱ्याउँदै आएको छ। निर्वाचन पर्यवेक्षण सम्बन्धमा जियोकका हालसम्मका अनुभवसहितको पृष्ठभूमिमा मूलतः उम्मेदवारी दर्ता प्रक्रियादेखि निर्वाचनका सबै चरणहरु सम्पन्न भैसकेको अवस्थाको अवलोकन गरी यस पर्यवेक्षण प्रतिवेदनमा निर्वाचन आयोगको तयारी, सुरक्षाको अवस्था, राजनीतिक दल, उम्मेदवारले पालना गरेको आचरण लगायतका विषयहरू समेटेर पर्यवेक्षण प्रतिवेदन तयार पारिएको छ।

निर्वाचन कार्यक्रमलाई प्रभावकारी र पारदर्शी बनाउन निर्वाचन आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरु तथा जियोक, नियोक, संकल्प, इओसी, इन्सेक, सङ्घीय वहसमा युवा, अँगालोका पदाधिकारीहरु बीच पटक–पटक संवाद गरी निर्वाचनको अवस्था र सो सम्बन्धमा सुधार गर्नुपर्ने पक्षमा छलफल तथा अन्तरक्रियाहरु भएका छन्। जियोकले निर्वाचन पूर्व गरिएका पर्यवेक्षणका क्रममा राजनीतिक दलहरुको गतिविधि र आचार संहिताको पालना, सुरक्षा र राजनीतिक हिंसा लगायत निर्वाचनको वातावरण र अवस्थाबारे प्रारम्भिक प्रतिवेदन तयार गरी पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको थियो भने यसवीच थुप्रै अर्न्तवार्ताहरु समेत सम्पन्न भएका छन्। मतदानको दिनमा स्वतन्त्र र स्वच्छ निर्वाचनबारे प्रश्नावलीद्वारा आवश्यक जानकारी सङ्कलन गर्नको लागि पर्यवेक्षकहरु परिचालन गरिएको थियो। मतदानपछिको स्थितिको सम्बन्धमा जिल्लाबाट प्राप्त जानकारी र राष्ट्रिय पर्यवेक्षकहरुको स्थलगत अध्ययनबाट प्राप्त विवरणहरुलाई समेटी तयार गरिएको मतदान बारेको प्रारम्भिक प्रतिवेदन पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको थियो।

जियोकले सबै प्रदेश, उच्च पहाडी, पहाडी र तराई गरी जम्मा ३६ जिल्लामा पर्यवेक्षण गरेको थियो। यसका लागि १० जना विशिष्ट पर्यवेक्षक, २४ जना राष्ट्रिय पर्यवेक्षकहरु, ३६ जना लामो अवधिका जिल्लास्तरीय पर्यवेक्षक र छोटो अवधिका २६१ जना स्थानीय पर्यवेक्षकहरुले मतदानसम्बन्धी प्रक्रियाको विस्तृत रुपमा पर्यवेक्षण गरेका थिए। पर्यवेक्षकहरुको चयन गर्दा अनुभवी र बौद्धिकवर्गको सहभागिता गराउनुका साथै महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम, मधेशीको समावेशी सहभागितामा ध्यान दिइएको थियो। राष्ट्रिय र जिल्लास्तरका पर्यवेक्षकहरूको प्रतिवेदन, पर्यवेक्षण कल सेन्टरमार्फत प्राप्त स्थानीय पर्यवेक्षकहरूको अवलोकन प्रतिवेदन, राष्ट्रिय पर्यवेक्षकहरूबाट प्राप्त स्थलगत पर्यवेक्षण तथा सरोकारवालाहरूसँगको छलफलबाट प्राप्त प्रतिकृयाका आधारमा तयार भएका प्रतिवेदनहरू, वरिष्ठ पर्यवेक्षकहरूबाट प्राप्त प्रतिवेदनहरू (जसमा पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त, नेपाल सरकारका पूर्व सचिवहरू, प्राध्यापक, वरिष्ठ अधिवक्ताहरू, वरिष्ठ पत्रकारहरू) को सूचना, अवलोकन, पर्यवेक्षण प्रतिवेदनको आधारमा समग्र निर्वाचनको अवस्थाको समीक्षा गरिएको छ।

निर्वाचन स्वच्छ र निस्पक्ष रुपमा सम्पन्न भए–नभएकोबारे जानकारी प्राप्त गर्न विभिन्न सरोकारवाला मतदाता, राजनीतिक कार्यकर्ता, निर्वाचन पर्यवेक्षकहरुबाट वस्तुगत जानकारी हासिल गर्ने कामलाई सरलीकरण गर्ने उद्देश्यले तीन प्रकारको प्रश्नावली तयार गरिएको थियो। साथै, पर्यवेक्षण गरिने नगरपालिका र गाउँपालिकाको चयन र मतदाताहरूलाई सोध्ने प्रश्नहरूमा यथासम्भव एकरुपता कायम होस् भन्नाका लागि पर्यवेक्षण गर्ने संस्थाहरू विशेषगरी जियोक, नियोक, संकल्प, इओसी, इन्सेक, सङ्घीय बहसमा युवा र अँगालो बीच लगातार छलफल र मस्यौदा प्रश्नावलीको आदानप्रदान गरिएको थियो। मतदानदेखि मतगणना सम्मका सबै प्रक्रियाको भरपर्दो सूचना र तथ्याङ्क प्राप्त गर्ने मनसायले निर्वाचन प्रक्रियाको प्रत्यक्ष अवलोकनका साथै सरोकारवालाहरुको विचार बुझ्न अन्तवार्ताको माध्यम अपनाइएको थियो। पर्यवेक्षण प्रश्नावली महिला तथा पुरुष र गाउँपालिका र नगरपालिका, राजनीतिक दल लगायतका क्षेत्रको सन्तुलित जानकारी प्राप्त हुनेगरी डिजाइन गरिएको थियो। प्राप्त विवरणलाई कोड मार्फत विभिन्न तालिकामा रुपान्तर गरी विश्लेषण गरिएको छ।

पर्यवेक्षणमा सरोकारवालाहरूबाट प्राप्त जानकारीहरूलाई प्रतिवेदनको रुपमा मुख्य लेखन र संयोजन गर्ने अधिवक्ता श्री मोहन आचार्य र उहाँका लेखन समूहमा श्री अनिल खनाल, श्री हरि बहादुर थापा, श्री झविन्द्र भूषाल, श्री सरस्वती डंगोल, श्री उषा मल्ल पाठक, श्री सुनीता रेग्मी, श्री गणेशमान प्रधान, श्री रेजिना भट्टराई लगायत सबैमा जियोक आभार व्यक्त गर्दछ। प्राप्त जानकारीलाई कोडिङ गरी तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्नुहुने श्री अस्वस्थामा पोखेल र भाषा सम्पादन गर्नुहुने सह–प्रा. श्री माधव घिमिरे धन्यवादका पात्र हुनहुन्छ। मस्यौदा लेखनका विभिन्न चरणमा बहुमूल्य सुझाव प्रदान गरी सहयोग गर्नु भएकोमा जियोकका कार्यकारी सदस्यहरू र नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान धन्यवादका पात्र हुनुहुन्छ। जियोकको सचिवालय सञ्चालन गर्ने र कल सेन्टरमा नियमितरुपमा सूचना संकलनमा संलग्न टोलीसहित निर्वाचन पर्यवेक्षणका लागि खटिएका विशिष्ट, राष्ट्रिय, जिल्ला र स्थानीयस्तरका सम्पूर्ण पर्यवेक्षकलाई पनि धन्यवाद ज्ञापन गर्दछु।

जियोकलाई निर्वाचन पर्यवेक्षण अनुमति प्रदान गरी आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्ने निर्वाचन आयोग, गृह प्रशासन, जिल्ला निर्वाचन अधिकृत, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण महानुभाव र संस्थाहरूप्रति आभार सहित धन्यवाद व्यक्त गर्दछु।

निर्वाचन पर्यवेक्षण कार्य र प्रतिवेदन प्रकाशन गर्न आर्थिक सहयोग गर्ने द एसिया फाउण्डेशन/युएसएआइडी नेपाललाई जियोकका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु। साथै अन्त्यमा निर्वाचन पर्यवेक्षण कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न समन्वय गर्ने नियोक, संकल्प, इओसी, इन्सेक, सङ्घीय बहसमा युवा र अँगालोका परिवारलाई धन्यवाद ज्ञापन गर्दछु।

हिमालय शम्शेर

२०७९ माघ

हिमालय शम्सेर राणा
अध्यक्ष, आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल

# विषय–सूची

परिच्छेद–१ आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण
१. पृष्ठभूमि ........ १
२. सञ्जालको उद्देश्य ........ १
३. सञ्जालको स्वरुप ........ २
४. सञ्जालको दायित्व ........ २
५. सञ्जालको सचिवालय ........ २
६. जियोकद्वारा सम्पन्न कार्यक्रमहरु ........ ३
६.१. निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन ........ ३
६.२. निर्वाचनमा आमसञ्चार माध्यमको भूमिका ........ ४
६.३. निर्वाचन पर्यवेक्षण कार्यक्रम ........ ५

परिच्छेद–२ निर्वाचन तयारीको अवस्था विश्लेषण
१. निर्वाचन तयारीको अवस्था ........ १२
२. मतदाता नामावली र परिचयपत्र वितरण ........ १३
३. मतदाता शिक्षा ........ १४
४. निर्वाचन व्यवस्थापन ........ १४
५. उम्मेदवारी दर्ता र राजनीतिक माहोल ........ १५
६. सुरक्षा निकायको रणनीति र राजनीतिक हिंसाको अवस्था ........ १५
७. निर्वाचनमा नेपाल सरकारको सहयोग ........ १६
८. निर्वाचन कार्यालयको तयारी ........ १७
९. आचार संहिता पालनको अवस्था ........ १७
१०. महिला मनोनयनको अवस्था ........ १९

परिच्छेद–३ प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचन भएको दिनको अवस्था विश्लेषण
१. मतदानको अवस्था ........ २२
२. मतदानस्थल तथा मतदान केन्द्रको प्रबन्ध र व्यवस्थापन ........ २३
३. आचार संहिताको पालना ........ २४
४. मतदाताहरूको मनस्थिति ........ २७
५. राजनीतिक दलहरूको गठबन्धनको कारणले निर्वाचनमा पारेको प्रभाव ........ २७
६. राजनीतिक दलका कार्यकर्ताको मतदान सम्बन्धी धारणा ........ २७
७. आम निर्वाचनमा पर्यवेक्षकको धारणा ........ २९
८. आम निर्वाचन सम्बन्धी मतदाताको धारणा ........ ३०

परिच्छेद–४ निर्वाचन पश्चात्को अवस्थाको विश्लेषण
१. मतगणना ........ ३३
२. मत परिणामको घोषणा ........ ३३

३. लैङ्गिक समानता तथा समावेशीकरणको दृष्टिले निर्वाचन परिणाम ........ ३७
४. मत बदरको अवस्था ........ ४०
५. पुनः मतदान ........ ४१
६. निस्पक्ष निर्वाचनका लागि भएका प्रगति तथा महत्वपूर्ण सुधारहरु ........ ४१

परिच्छेद–५ निर्वाचनमा आम सञ्चारको भूमिका
१. पृष्ठभूमि ........ ४३
२. प्रेस काउन्सिल र आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) बीच साझेदारीको उद्देश्य ........ ४४
३. आमसञ्चारका निम्ति निर्वाचन आयोगबाट जारी भएको आचार संहिता ........ ४५
४. अध्ययनको उद्देश्य ........ ४६
५. अनुगमन तथा पर्यवेक्षण विधि ........ ४६
६. आम सञ्चारको लागि पर्यवेक्षण प्रश्नावली ........ ४७
७. निर्वाचन व्यवस्थापनमा निर्वाचन आयोगको तयारी र आमसञ्चार माध्यमको भूमिका ........ ४७
८. निर्वाचन अभियान तथा मतदानको अवस्था विश्लेषण ........ ४९
९. आचार संहिताको पालनाको स्थिति ........ ५०
१०. निर्वाचन सम्बन्धी उजुरी र त्यसको निराकरण ........ ५४
११. आमसञ्चारसम्बन्धी धारणा, तथ्य र विश्लेषण ........ ५५

परिच्छेद–६ भविष्यमा हुने निर्वाचनका लागि सुझावहरु
१. निर्वाचन आयोगका लागि ........ ५८
२. नेपाल सरकारको लागि ........ ६१
३. राजनीतिक दलका लागि ........ ६३
४. पर्यवेक्षकहरुका लागि ........ ६४
५. न्यायपालिकाका लागि ........ ६४
६. प्रेस काउन्सिलका लागि ........ ६४
७. आमसञ्चारका लागि ........ ६५

परिच्छेद–७ निर्वाचन सञ्जालको सुझावहरुको संक्षिप्त विवरण
१. राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ........ ६७
२. शान्ति, न्याय तथा लोकतन्त्रका लागि समावेशी सञ्जाल (संकल्प) ........ ७०
३. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ........ ७१
४. निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) ........ ७२
५. ज्येष्ठ जीवन बहुमूल्य प्रतिष्ठान (अँगालो) ........ ७३
६. सङ्घीय बहसमा युवा ........ ७४

अनुसूचीहरु
अनुसूची १ – राष्ट्रिय पर्यवेक्षक र जिल्ला पर्यवेक्षकहरु ........ ७९
अनुसूची २ – २०७९ मंसिर २ गतेको पत्रकार सम्मेलन गरी जारी गरेको निर्वाचन पूर्वको तयारी बारेको प्रतिवेदन ........ ८३
अनुसूची ३ – २०७९ मंसिर ४ गते निर्वाचनको दिन जारी गरेको प्रेस विज्ञप्ती ........ ९२

परिच्छेद १

# आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल र निर्वाचन पर्यवेक्षण

## १. पृष्ठभूमि

नेपालको संविधान जारी भएपश्चात् प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यको सफलतापूर्वक निर्वाचन सम्पन्न भई पहिलो चरणका सदस्यहरुले आफ्नो कार्यकाल समाप्त गरिसकेका छन् भने दोश्रो चरणको सदस्यहरुको लागि समेत २०७९ मंसिर ४ गते अर्थात् २० नोभेम्बर, २०२२ मा निर्वाचन सम्पन्न भई प्रतिनिधि सभा र प्रदेश सभाले आफ्ना गतिविधिहरु आरम्भ गरिसकेका छन्। आम निर्वाचन पर्यवेक्षण समिति नेपाल/जियोक (General Election Observation Committee Nepal/GEOC) ले विगतमा झैँ यसपटक पनि निर्वाचनपूर्व, मतदानको दिन र मतगणनापछि समेत गरी निर्वाचनका तीनवटै चरणमा पर्यवेक्षण गरिसकेको छ।

विभिन्न क्षेत्रमा कार्यरत एघार संस्थाहरुको सयुंक्त सञ्जालको रुपमा रहेको जियोकले २०४७ सालपछि २०४८, २०५१ र २०५६ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनको साथै स्थानीय निकाय निर्वाचन २०४९, २०५४ र संविधानसभा सदस्य निर्वाचन, २०६४ तथा २०७० समेत गरी सातवटा निर्वाचनको पर्यवेक्षण गरिसकेको छ। यस कार्यलाई निरन्तरता दिदै यस संस्थाले २०७४ र २०७९ सालमा नेपालको संविधान बमोजिम स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको पर्यवेक्षण पनि सम्पन्न गरेको छ। यसले राष्ट्रिय, जिल्ला र स्थानीयस्तरमा प्रभावकारी पर्यवेक्षण गरी सम्बन्धित निकायलाई सुझावसहितको प्रतिवेदन सार्वजनिक गर्दै आएको छ। जियोकले विगतमा गरेको निर्वाचन पर्यवेक्षणको आधारमा तयार गरि सार्वजनिक गरेको प्रतिवेदनमा समावेश सुझावहरुले निर्वाचन आयोग र सरकारलाई निर्वाचन संचालनार्थ आवश्यक नीति तथा कानून निर्माणमा विशेष सहयोग पुऱ्याउँदै आएको छ।

जियोकको केन्द्रीय सचिवालयका रुपमा क्रियाशील रहेको नेपाल कानून समाजले निर्वाचन पर्यवेक्षणको संयोजन गर्दै आएको छ। निर्वाचन पर्यवेक्षण सम्बन्धमा जियोकका हालसम्मका अनुभवसहितको पृष्ठभूमिमा यस पर्यवेक्षण प्रतिवेदनमा निर्वाचन आयोगको तयारी, सुरक्षाको अवस्था, राजनीतिक दल, उम्मेदवारले पालना गरेका आचरण लगायतका विषयहरू मूलतः उम्मेदवारी दर्ता प्रक्रियादेखि निर्वाचनका सबै चरणहरु सम्पन्न भैसकेको अवस्थाको अवलोकन गरी प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को पर्यवेक्षण प्रतिवेदन तयार गरिएको छ।

## २. सञ्जालको उद्देश्य

जियोक निर्वाचन आयोगद्वारा सञ्चालन हुने निर्वाचन स्वतन्त्र, निस्पक्ष, भयरहित र धाँधलीरहित वातावरणमा भएको छ वा छैन भन्ने कुराको स्वतन्त्ररुपमा पर्यवेक्षण गर्ने उद्देश्यले स्थापित सञ्जाल हो। जियोकले निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रमअनुरुप निर्वाचनका विभिन्न प्रक्रियाहरु (मतदाताको नामदर्ता, निर्वाचनमा उम्मेदवारी, मतदान, मतगणना र मत परिणाम घोषणा समेत) मा घटित घटनाहरुको पर्यवेक्षण गरी

प्राप्त जानकारीका आधारमा प्रतिवेदन सार्वजनिक गर्ने यसको उद्देश्य रहेको छ। यसबाट निर्वाचन आयोगको निर्वाचन परिणामलाई आम नागरिकको विश्वास र विश्वसनीयता वृद्धि गर्न सहयोग पुऱ्याउने मुख्य उद्देश्य रहेको छ।

## ३. सञ्जालको स्वरूप

यस सञ्जालमा हाल नेपाल कानून समाज, संविधान निगरानी समूह, नेपाल नागरिक मञ्च, पूर्व कर्मचारी सेवा परिषद् नेपाल, असहाय सेवा केन्द्र, हिमालय सञ्चार केन्द्र, ग्रामीण विकास प्रतिष्ठान, नेपाल नागरिक समाज, मधेशी नागरिक समाज, फ्रिडम फोरम र मिडिया एडभोकेसी ग्रुप जियोकका संस्थागत सदस्य रहेका छन्। उल्लिखित विभिन्न क्षेत्रमा कार्यरत ११ संस्थाहरूमा पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त, स्वतन्त्र बुद्धिजीवि, कानूनविद्, पूर्व कर्मचारी, समाजसेवी, मानव अधिकारकर्मी, प्राध्यापक र वरिष्ठ पत्रकारको सहभागिता रहँदै आएको छ। यस सञ्जालले आफ्ना सदस्यहरुको सहयोगमा देशका सम्पूर्ण जिल्लामा विभिन्न कार्यक्रमहरुमार्फत आफ्नो उपस्थिति देखाउँदै आएको छ।




## ४. सञ्जालको दायित्व

यस सञ्जालले २०७९ मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको स्वतन्त्र, निस्पक्ष र तटस्थ पर्यवेक्षकहरुबाट पर्यवेक्षण गराउने दायित्व बोकेको छ। जियोकले आफनो दायित्व पूरा गर्ने क्रममा पर्यवेक्षणका लागि आवश्यक सहयोग पुऱ्याउन नेपाल कानून समाजको कार्यालयमा सचिवालय सञ्चालनका साथै सातवटै प्रदेशबाट प्राप्त जानकारी र सूचना संकलन गर्न सातवटा कल सेन्टरको पनि व्यवस्था गरेको छ। यसले प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन पर्यवेक्षणका लागि सञ्जालका सदस्य संस्थाहरुसँग समन्वय गरी राष्ट्रिय, जिल्ला तथा गाउँ र नगरपालिकास्तरीय पर्यवेक्षक चयन गर्दछ। त्यसैगरी जियोकले निर्वाचनको पर्यवेक्षण गरिसकेपछि आफना प्रतिवेदनहरु निर्वाचन आयोग लगायत राजनीतिक दल र अन्य सम्बन्धित निकायहरुमा पठाउने र सार्वजनिक गर्ने गर्दछ। यसले आफ्ना सबै गतिविधिहरु निस्पक्ष, स्वतन्त्र र पारदर्शी ढङ्गले सम्पन्न गर्दछ। यसै क्रममा निर्वाचन पूर्व निर्वाचन तयारी सम्बन्धी आफ्नो प्रारम्भिक प्रतिवेदन पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्ने गर्दछ।

## ५. सञ्जालको सचिवालय



निर्वाचन पर्यवेक्षणमा दैनिक कार्य सञ्चालन गर्न र अन्य आवश्यक सहयोगका लागि जियोकको केन्द्रीय सचिवालय नेपाल कानून समाजको कार्यालय, बबरमहल, काठमाडौमा रहेको छ। पर्यवेक्षण कार्यको समन्वय र आवश्यक जनशक्तिको व्यवस्था गर्नका लागि २४ सदस्यीय राष्ट्रिय पर्यवेक्षक र १० जना विशिष्ट व्यक्तिहरु भएको परिषद् रहेको छ। सबै सदस्य संस्थाहरुको प्रतिनिधित्व हुने गरी सञ्जालका अध्यक्ष श्री हिमालय शम्सेर राणाको अध्यक्षतामा

एउटा कार्यसमिति रहेको छ । जसमा सबै संस्थाको प्रमुख तथा प्रतिनिधि सदस्यको रुपमा रहेका छन भने महासचिवको रुपमा नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधानले कार्य सम्पादन गर्दै आउनु भएको छ ।

## ६. जियोकद्वारा सम्पन्न कार्यक्रमहरू

जियोक/नेपाल कानून समाजले USAID/The Asia Foundation को सहयोगमा विभिन्न तीनवटा क्षेत्रमा कार्यक्रमहरु सम्पन्न गरेको छ । जसमा निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन, निर्वाचनको समयमा आमसञ्चारको भूमिका र निर्वाचन पर्यवेक्षण रहेको थियो । कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण निम्न बमोजिम रहेको छः–

### ६.१. निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन

निर्वाचन आयोगबाट विभिन्न राजनीतिक दलहरुसँग छलफल गरी जारी गरेको निर्वाचन आचार संहिता २०७९ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वा गराउन विभिन्न प्रदेशमा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भयो । निर्वाचन आयोग र नेपाल कानून समाजको संयुक्त रुपमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रम प्रदेश १ को झापा–विर्तामोडमा कार्तिक २० गते, मधेश प्रदेशको जनकपुरमा कार्तिक १९ गते, बागमती प्रदेशको चितवनमा कार्तिक २२ गते, गण्डकी प्रदेशको तनहुँमा कार्तिक २३ गते, लुम्बिनी प्रदेशको बुटवलमा कार्तिक २३ गते र सुदूरपश्चिम प्रदेशको कञ्चनपुरमा कार्तिक २२ गते सम्पन्न भयो । उक्त कार्यक्रमहरुमा निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्तहरु, आयोगको सचिव, सह–सचिवहरुको नेतृत्वमा नेपाल कानून समाजका विज्ञहरु– श्री माधव पौडेल, श्री











बेगेन्द्र शर्मा पौडेल, श्री सुनीता रेग्मी, श्री विमल पौडेल, श्री धनराज ज्ञवाली र श्री मोहन आचार्य स्रोतव्यक्तिको रुपमा सहभागी हुनु भयो। कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, उम्मेदवारहरु, निर्वाचन कार्यालयका प्रतिनिधिहरु, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, प्रमुख जिल्ला अधिकारीहरु, प्रमुख निर्वाचन अधिकृत, निर्वाचन अधिकृतहरु, विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरु, स्थानीय सरकारका प्रमुख तथा प्रतिनिधिहरु, पत्रकारहरु गरी करिव ५०० जनाको सहभागिता रहेको थियो। प्रत्येक कार्यक्रम ५ घण्टाको थियो र २ वटा छलफल सत्रहरु रहेको थियो। पहिलो सत्र निर्वाचन आचार संहिताका प्रमुख विषयहरु थियो भने दोस्रो सत्रमा सङ्घ र प्रदेशको निर्वाचनमा उम्मेदवारहरुको निर्वाचन खर्चको बारेमा प्रस्तुति र छलफल रहेको थियो।

यस कार्यक्रमबाट आचार संहिता कार्यान्वयन गर्न निर्वाचनमा सहभागी दलहरु र निर्वाचन सम्पन्न गराउने अधिकारीहरु बीच सहज वातावरण भएको र आचार संहिता कार्यान्वयन गर्न वा गराउन सबै सरोकारवालाहरुले प्रतिबद्धता गर्ने अवसर प्राप्त गरेको थियो।

## ६.२. निर्वाचनमा आमसञ्चार माध्यमको भूमिका

नेपाल कानून समाजले प्रेस काउन्सिल र निर्वाचन आयोगसँग सहकार्य गरी प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनको अवधिमा आमसञ्चार माध्यमहरुको भूमिको बारेमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेको छ। प्रेस काउन्सिल, नेपाल र नेपाल कानून समाजका विज्ञहरु श्री हरिबहादुर थापा, श्री झविन्द्र भूषाल, श्री मोहन आचार्य, श्री अनिल खनाल, श्री सरस्वती डंगोल, श्री सुनीता रेग्मीको समूहले आमसञ्चार माध्यमहरुले निर्वाचन स्वच्छ र पारदर्शी बनाउन पुऱ्याएको योगदान बारे अध्ययन गरी प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदनको मुख्य उद्देश्य निर्वाचन सम्बन्धी सामग्रीहरुको तयारी र प्रचारमा कस्तो रह्यो, आमसञ्चारबाट आचार संहिताको पालना भए वा नभएको, उल्लंघन गर्ने व्यक्ति वा संस्थालाई कारवाहीको दायरामा ल्याए वा नल्याएको, गलत, दुस्प्रचारयुक्त र घृणात्मक अभिव्यक्तिहरु सम्प्रेषण भए वा नभएको, सम्प्रेषित सामग्रीहरुको विश्लेषण र भविष्यमा हुने निर्वाचनका लागि नीतिगत सुधारका लागि निर्वाचन आयोग, प्रेस काउन्सिल, नेपाल सरकार, राजनीतक दल र आमसञ्चारको लागि सुझाव दिनु रहेको छ।

विज्ञहरुबाट तयार भएको प्रतिवदेन प्रेस काउन्सिल र निर्वाचन आयोगका पदाधिकारीहरु बीच छलफल गरी प्राप्त सुझावको आधारमा अद्यावधिक गरी अन्तिम रुप दिने काम भयो। उक्त प्रतिवेदनलाई सार्वजनिक गर्ने उद्देश्यले यही माघ १२ गते होटल एल्लो पगोडा, कान्तिपथमा अन्तरक्रिया/छलफल कार्यक्रम सम्पन्न भयो। निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलियाको प्रमुख अतिथिबाट सुरु गरिएको कार्यक्रममा निर्वाचनमा आमसञ्चार माध्यमले पुऱ्याएको योगदान र चुनौतिको बारेमा कार्यपत्र प्रस्तुत गर्नुका साथै जियोक, नियोक, निर्वाचन पर्यवेक्षण समिति, इन्सेक, अँगालो, सङ्घीय बहसमा युवाले आ–आफ्नो निर्वाचन पर्यवेक्षणको संक्षिप्त जानकारी गराउने काम भयो। कार्यक्रममा आमसञ्चार, निर्वाचन पर्यवेक्षक, निर्वाचन आयोग, प्रेस काउन्सिल, गरी करिव ८० जनाको सहभागिता रहेको थियो।










यस कार्यक्रमबाट आगामी दिनमा आमसञ्चारलाई मतदाता र नागरिकप्रति बढी जिम्मेवारी र उत्तरदायी बनाउने अपेक्षा गरिएको छ।

## ६.३. निर्वाचन पर्यवेक्षण कार्यक्रम



निर्वाचन कार्यक्रमलाई प्रभावकारी र पारदर्शी बनाउन निर्वाचन आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरु तथा जियोक, नियोक, संकल्प, इओसी, इन्सेक, अँगालोका पदाधिकारीहरु बीच पटक–पटक संवाद गरी निर्वाचनको अवस्था र सो सम्बन्धमा गर्नुपर्ने सुधारका पक्षमा छलफल तथा अन्तरक्रियाहरु भएका छन्। उक्त छलफल तथा अन्तरक्रियाका कारण यस पटकको निर्वाचनमा निर्वाचन आयोग, पर्यवेक्षक समुह, आम सञ्चार लगायतका क्षेत्रहरुमा समेत व्यापक सुधार भएको देख्न सकिन्छ। निर्वाचन आयोगसँग संवाद गर्ने क्रममा निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन र पर्यवेक्षकहरुले पालना गर्नुपर्ने आचार संहिता, पर्यवेक्षण गर्ने संस्थाहरुले निर्वाचन आयोगबाट पाउनुपर्ने अनुमति पत्र जस्ता विषयमा छलफल भई विभिन्न विषयमा जियोकले सहजीकरण गरेको छ भने निर्वाचन आयोगबाट तदारुकताका साथ सुनुवाई भएको पाइएको छ। जियोकद्वारा सञ्चालित समग्र पर्यवेक्षण कार्यक्रमहरुका सम्बन्धमा बुँदागतरुपमा तल उल्लेख गरिएको छ।

क) जनशक्तिको परिचालन

जियोकले आफ्नो दैनिक कार्य सञ्चालनका लागि एक सचिवालय स्थापना गरी निर्वाचन आयोगले प्रकाशित गरेको निर्वाचन कार्यतालिका र जियोकको प्रस्तावित कार्यक्रम सञ्चालन गर्न अधिवक्ता श्री मोहन आचार्य, अधिवक्ता श्री अनिल खनाल, अधिवक्ता श्री सरस्वती डंगोल, अधिवक्ता श्री गणेशमान प्रधान, श्री रेजिना भट्टराई, श्री नाइल श्रेष्ठ, श्री भवानी कायस्थ र श्री एलिज श्रेष्ठ सहितको सचिवालय तथा नेपाल नागरिक मञ्च, संविधान निगरानी समूह नेपाल कानून समाज पूर्व कर्मचारी सेवा परिषद्, नेपाल असहाय सेवा केन्द्र, हिमालय सञ्चार केन्द्र ग्रामीण विकास प्रतिष्ठान, नेपाल, मधेशी नागरिक समाज, फ्रिडम फोरम, मिडिया एडभोकेसी ग्रुप समेतको निर्वाचन सञ्चालन समूह गठन गरेको थियो। उक्त सचिवालय समूहले निर्वाचन पूर्व, निर्वाचनको समयमा र निर्वाचन पश्चात् विभिन्न चरणमा कार्यक्रमहरु सञ्चालन गरी प्रतिवेदन तयार गर्न सहयोग पुर्‍याएको छ।

ख) पर्यवेक्षकहरुको चयन

जियोकले आफ्ना सदस्य संस्थाहरुको प्रतिनिधित्व हुने गरी विशिष्ट १० जना र ३० जना राष्ट्रिय पर्यवेक्षकहरु परिचालन गरेको थियो, जसमा पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त, न्यायाधीश, वरिष्ठ कानूनविद, वरिष्ठ पत्रकार, वरिष्ठ पूर्व कर्मचारी, प्राध्यापक, विज्ञहरुको सहभागिता रहेको थियो। राष्ट्रिय पर्यवेक्षकहरु निर्वाचन कार्यक्रम प्रकाशित भएदेखि निर्वाचन परिणाम घोषणा नभएसम्म करिव दुई महिनासम्म सक्रिय रुपमा कार्यरत रहका थिए। यस समूहले जियोकको पार्षदको रुपमा कार्यसमितिका पदाधिकारी र सचिवालयको जनशक्तिलाई सुझाव दिने र समीक्षा गर्ने उद्देश्यले समय–समयमा कार्यक्रम सम्पन्न गरेको थियो। राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरुको नामावली प्रतिवेदनको अनुसूची १ मा उल्लेख गरिएको छ। जियोकले ३६ जिल्लामा जिल्ला स्तरको १ जना पर्यवेक्षक र गाउँ र नगरस्तर गरी जम्मा २९७ जना पर्यवेक्षकहरु परिचालन गरेको थियो। समूहमा कानूनविद, पत्रकार, पूर्व कर्मचारी, पूर्व न्यायाधीश, प्राध्यापक र विज्ञहरुको सहभागिता रहेको थियो। जिल्लास्तरका पर्यवेक्षकले एक महिना र स्थानीयस्तरका पर्यवेक्षकले एक हप्ता जियोकको कार्य तालिका बमोजिम काम गरेका थिए।

प्रतिवेदन तयारी गर्दा राष्ट्रिय र जिल्लास्तरका पर्यवेक्षकहरूको प्रतिवेदन, पर्यवेक्षण कल सेन्टरमार्फत प्राप्त स्थानीय पर्यवेक्षकहरूको अवलोकन प्रतिवेदन, राष्ट्रिय पर्यवेक्षकहरूबाट प्राप्त स्थलगत पर्यवेक्षण तथा सरोकारवालाहरूसँगको छलफलबाट प्राप्त प्रतिकृयाका आधारमा प्रतिवेदनहरू तयार भएका हुन्। वरिष्ठ पर्यवेक्षकहरूबाट प्राप्त प्रतिवेदनहरू (जसमा पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त, नेपाल सरकारका पूर्व सचिवहरू, प्राध्यापक, वरिष्ठ अधिवक्ताहरू, वरिष्ठ पत्रकारहरू) को सूचना, अवलोकन, पर्यवेक्षण प्रतिवेदनको आधारमा समग्र निर्वाचनको अवस्थाको समीक्षा गरिएको छ।

पर्यवेक्षण टोलीले खासगरी दुवै तहको प्रतिस्पर्धामा केन्द्रित राजनीतिक दल तथा उम्मेदवारका गतिविधि, आचार संहिताको पालना, सुरक्षाको अवस्था, मतदाताको सचेतना र सक्रियता, निर्वाचनको तयारी अवस्था, मतदान केन्द्रको सुगमता, अनुकूलता, पूर्वाधार, मत गणना र मतपरिणामको घोषणा लगायतका वस्तुस्थितिका सन्दर्भमा सूक्ष्म पर्यवेक्षण गरेका छन्। त्यस अतिरिक्त टोलीले निर्वाचनसँग प्रत्यक्ष सरोकार राख्ने राजनीतिक दल, सुरक्षाकर्मी, निर्वाचन अधिकृत, स्थानीय बुद्धिजीवी तथा पत्रकारसँग भेटी वस्तुस्थिति सम्बन्धी सूचना संकलन र संकलित सूचनाको तथ्यगत विश्लेषणका आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

ग) सन्दर्भ सामग्रीहरु तयारी

निर्वाचन पर्यवेक्षण कार्यक्रमलाई प्रभावकारी र स्तरीय बनाउन जियोकले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन पर्यवेक्षण निर्देशिका २०७९ प्रकाशित गरेको थियो। उक्त निर्देशिकाले जियोकको संस्थागत जानकारी, कार्यक्रम, निर्वाचन पर्यवेक्षण सम्बन्धी कानूनी व्यवस्था, आचार संहिता, निर्वाचन पर्यवेक्षणको महत्व र पर्यवेक्षकहरुको कर्तव्य लगायतका विषयमा विस्तृतरुपमा जानकारी दिई सबै पर्यवेक्षकहरुको बुझाइमा एकरुपता ल्याउन मद्दत गरेको थियो। त्यसैगरी पर्यवेक्षकहरुले पर्यवेक्षण गर्दा तयार गर्नुपर्ने प्रतिवेदनलाई सहयोग गर्न विभिन्न प्रश्नावली तयार गर्ने कार्य सम्पन्न गरिएको थियो, जसमा मतदातालाई सोधिने प्रश्नावली, राजनीतिक कार्यकर्तालाई सोधिने प्रश्नावली, पर्यवेक्षक आफैले भर्ने प्रश्नावली, मतगणनाको समयमा भर्ने प्रश्नावली, आमसंचार सम्बन्धी प्रश्नावली प्रकाशित गरी राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकलाई वितरण गरिएको थियो।


आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल (GEOC)
**प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन मार्ग २०७९**

**मतदातालाई सोधिने प्रश्नावली**

| | |
|---|---|
| प्रदेश नं: | जिल्ला: |
| न.पा./गाउँपालिकाको नाम: | मिति: |
| मतदान केन्द्रको नाम: | पर्यवेक्षकको नाम: |

| प्र.नं. | प्रश्न | उत्तर |
|---|---|---|
| १०१ | लिङ्ग | १. महिला २. पुरुष ३. अन्य |
| १०२ | तपाईलाई मतदान केन्द्रसम्म आउन कति समय लाग्यो ? | १. दुई घण्टाभन्दा कम<br>२. दुई घण्टाभन्दा बढी |
| १०३ | तपाईलाई मतदान केन्द्रसम्म आउन कुनै डर, त्रास वा बाधा अवरोध भयो ? | १. भएन<br>२. भयो |
| १०४ | यदि भयो भने के कस्ता डर, त्रास वा बाधा अवरोधको सामना गर्नुपर्यो ? | १. निर्वाचन बहिस्कारवादीले बाटो रोकेका<br>२. भौतिक कारवाहीको धम्की |
| १०५ | मतदान गर्न बनाइएको लाइन व्यवस्था तपाईलाई कस्तो लाग्यो ? | १. राम्रो २. अव्यवस्थित |
| १०६ | तपाई मतदान गर्न के कारण वा कसले भनेर आउनु भयो ? **(एकभन्दा बढी उत्तर हुनसक्ने)** | १. सञ्चार माध्यमको प्रभावले गर्दा<br>२. राजनीतिक दलको घोषणापत्रबाट प्रभावित भएर<br>३. राजनीतिक दलका कार्यकर्ताले वा उम्मेदवारले भनेका कारणले<br>४. परिवारका सदस्यले भनेर<br>५. राजनीतिमा सक्रिय भएकोले<br>६. मतदान गर्नु आफ्नो अधिकार हो भन्नेजानकारी भएकोले |
| १०७ | तपाईलाई मतपत्रमा मत सङ्केत खोज्न कठिन भयो ? | १. भएन<br>२. असमज भयो |
| १०८ | तपाईले उम्मेदवार छनोट गर्दा कसैको सल्लाह लिनु भएको थियो? **(एकभन्दा बढी उत्तर हुनसक्ने)** | १. उम्मेदवार, कार्यकर्ता<br>२. परिवारको मुख्य सदस्य<br>३. नातेदार वा छिमेकी<br>४. लिएन, आफै छनौट गरेको |
| १०९ | तपाईले मत दिदा के को आधारमा दिनुभयो ? **(एकभन्दा बढी उत्तर हुनसक्ने)** | १. दलमा आफू आबद्ध भएकोले<br>२. नीति तथा कार्यक्रम राम्रो भएकोले<br>३. स्वच्छ छवि भएको वा क्षमतावान् उम्मेदवार भएकोले<br>४. स्वजाति भएकोले<br>५. आफ्नो नातेदार वा साथीभाई भएकोले |
| ११० | उम्मेदवारले आचार संहिता कतिको पालना गरे जस्तो लाग्छ ? | १. पूर्ण पालना गरे<br>२. आंशिक मात्रामा गरे<br>३. व्यापक मात्रामा उलङ्घन गरे |
| १११ | तपाईलाई यो निर्वाचन निष्पक्ष लाग्यो ? | १. लाग्यो<br>२. लागेन |
| ११२ | निर्वाचन निष्पक्ष लागेन भने के कारण होला ? **(एकभन्दा बढी उत्तर हुनसक्ने)** | १. आर्थिक चलखेल २. असुरक्षा<br>३. दुइ वा बढी मतदान गरेकोले |
| ११३ | तपाईको समुदाय/टोलमा मतदाता शिक्षा दिएको थियो ? | १. थियो २. थिएन |

घ) निर्वाचन सम्बन्धी कानूनको समीक्षा र प्रशिक्षण कार्यक्रम सञ्चालन

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गर्न बनेका विभिन्न कानूनहरुको समीक्षा गर्दै उक्त कानून बमोजिम निर्वाचनको तयारी, सञ्चालन र सम्पन्न भए वा नभएको विषयमा प्रतिवेदनमा समीक्षा गरिएको छ। त्यसैगरी नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि–सम्झौताहरुको पालनाको अवस्था, निर्वाचनका विश्वव्यापी मान्यताहरु बमोजिम निर्वाचन स्वतन्त्र, निस्पक्ष र धाँधली रहीत भए वा नभएको विषयनै पर्यवेक्षणको मुख्य विषय रहेको छ।

निर्वाचन पर्यवेक्षण कार्यक्रमलाई निस्पक्ष, स्तरीय र पारदर्शी बनाउन जियोकद्वारा प्रकाशित निर्देशिका बमोजिम राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुलाई भर्चुअल माध्यमबाट प्रशिक्षण दिइएको थियो। प्रथम पटक प्रदेश न. १, मधेश प्रदेश र गण्डकी प्रदेशका जिल्ला तथा स्थानीय पर्यवेक्षकहरुलाई कात्तिक १८ गते, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका जिल्ला तथा स्थानीय पर्यवेक्षकहरुलाई कात्तिक १९ गते, र बाग्मती प्रदेश र राष्ट्रिय पर्यवेक्षकहरुलाई कात्तिक २१ गते प्रशिक्षण गरिएको थियो। उक्त प्रशिक्षण कार्यक्रममा निर्वाचन आयोगका पूर्व सचिव श्री वेगेन्द्रराज शर्मा पौडेल, नेपाल कानून आयोगका पूर्व अध्यक्ष श्री माधव पौडेल लगायतले निर्वाचन आचार संहिता कार्यान्वयन तथा राजनीतिक दलको निर्वाचन खर्चका विषयमा प्रकाश पार्नु भएको थियो। त्यसैगरी जियोकका महासचिव श्री कृष्णमान प्रधानले पर्यवेक्षकहरुले पालना गर्नुपर्ने आचार संहिता, पर्यवेक्षण गर्ने विधि र प्रतिवेदन तयार गर्दा समावेश गर्नुपर्ने विषयहरुका सम्बन्धमा प्रशिक्षण दिनु भएको थियो भने काठमाडौ बाहिर समेत प्रदेशस्तरीय कार्यक्रमहरु सञ्चालन भएको थियो।

ङ) पर्यवेक्षण कार्यक्रम

राष्ट्रिय, जिल्ला तथा स्थानीय पर्यवेक्षकले निर्वाचनका तीनवटै चरणहरुमा अर्थात् निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचनपश्चात् निर्वाचनका गतिविधिको पर्यवेक्षण गरेका छन्। उक्त कार्यका लागि पर्यवेक्षकहरुलाई ५/५ वटा फाराम उपलब्ध गराइएको थियो, जसमा मतदातालाई सोधिने प्रश्नावली, राजनीतिक कार्यकर्तालाई सोधिने प्रश्नावली, पर्यवेक्षक आफैले भर्ने प्रश्नावली, मतगणना पर्यवेक्षण प्रश्नावली र संचारको बारेमा प्रश्नावली रहेका थिए। पर्यवेक्षण कार्यक्रमलाई पारदर्शी र जवाफदेही बनाउन निर्वाचन आयोगबाट जारी भएको परिचयपत्र, जियोकको निर्देशिका र आचार संहिता लगायतका सन्दर्भ सामग्रीहरु वितरण गरिएको थियो।

राष्ट्रिय र जिल्लास्तरको पर्यवेक्षकहरुले लामो अवधिको पर्यवेक्षकको रुपमा काम गरेको हुँदा धेरै गाउँ/नगर समेट्न सक्ने गरी व्यवस्था गरिएको थियो। स्थानीय पर्यवेक्षकहरुको लागि एउटामात्र मतदानस्थल तोकिएको थियो, जसमा एकभन्दा बढी मतदान केन्द्र रहेका थिए। स्थानीय पर्यवेक्षकले दुईवटा मतदान केन्द्र पर्यवेक्षण गरी फाराम भर्नुपर्ने व्यवस्था मिलाइएको थियो।

राष्ट्रिय र जिल्ला पर्यवेक्षकले सम्पूर्ण निर्वाचन पर्यवेक्षणको समीक्षा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको थियो। राष्ट्रिय पर्यवेक्षकहरुलाई विभिन्न जिल्लाको नेतृत्व गर्ने गरी परिचालन गरिएको थियो। राष्ट्रिय पर्यवेक्षकहरुले काठमाडौ उपत्यका लगायत ३६ वटा जिल्लामा जिल्ला र स्थानीय पर्यवेक्षकहरुको अनुगमन र सहजीकरण गर्ने काम गरी प्रतिवेदनको संकलन र एकीकृत गर्ने काम गरेका थिए। त्यसैगरी ३६ जिल्लामा १/१ जना जिल्लास्तरको पर्यवेक्षक र २६१ जना स्थानीय पर्यवेक्षकहरु परिचालित थिए। करिब ३४६ जना पर्यवेक्षकले मतदान केन्द्रको पर्यवेक्षण सम्पन्न गरी प्रश्नावली भरी संक्षिप्त प्रतिवेदन सहित जियोकमा बुझाउने काम गरेका थिए।

च) विशिष्ट पर्यवेक्षक समूह

निर्वाचन पर्यवेक्षण कार्यलाई बढी विश्वसनीय र स्तरीय बनाउन जियोकले अध्यक्ष श्री हिमालय शम्शेर राणाको संयोजकत्वमा पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त, पूर्व गृह सचिव गरी १० सदस्यीय विशिष्ट पर्यवेक्षण समूह गठन गरेको थियो। उक्त समूहलाई निर्वाचन आयोगले विशिष्ट पर्यवेक्षकको परिचयपत्र उपलब्ध गराई नेपालको सम्पूर्ण निर्वाचन स्थानहरुमा जान सक्ने गरी अनुमतिपत्र प्रदान गरेको थियो। यसले राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुको अनुगमन र अन्य पर्यवेक्षण गर्ने संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने काम गरेको थियो। यस समूहले काठमाडौ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक जिल्लाहरुमा निर्वाचन पर्यवेक्षण गरेको थियो।



निर्वाचनको तयारीको अवस्थाको स्थलगत पर्यवेक्षण गरी सही र वास्तविक जानकारी गराउने उद्देश्यले काठमाडौ, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लामा क्रमशः मंसिर २ र ३ गते समूह गठन गरी २ दिनको लागि उच्चस्तरीय पर्यवेक्षण समूह परिचालन गरिएको थियो । उक्त पर्यवेक्षणमा पूर्व प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ र श्री सुशिला कार्की, पूर्व प्रमुख निर्वाचन आयुक्त श्री भोजराज पोखेल, श्री निलकण्ठ उप्रेती र डा. अयोधीप्रसाद यादव, पूर्व निर्वाचन आयुक्त श्री इला शर्मा, नेपाल कानून समाजका अध्यक्ष श्री तीर्थमान शाक्य, वरिष्ठ अधिवक्ता द्वय श्री सविता बराल, श्री उषा मल्ल पाठक, पूर्व गृह सचिव श्री खेमराज रेग्मी, प्राध्यापक श्री मिना ओझा, वरिष्ठ पत्रकार श्री रसना ढकाल, प्राध्यापक श्री हरिविनोद अधिकारी, श्री गोविन्दमणि भूर्तेल, वरिष्ठ अधिवक्ता श्री सजनराम भण्डारी, श्री भरतबहादुर थापा, प्राध्यापक श्री चिरन्जीवि खनाल तथा जियोकका महासचिव श्री कृष्णमान प्रधान सक्रिय सहभागिता थियो । उक्त समूहले तीन दिनको स्थलगत भ्रमणमा जिल्ला र प्रदेशका निर्वाचन अधिकृतहरु, मतदान अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरु, जियोकका जिल्ला र स्थानीय पर्यवेक्षकहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, र पत्रकारहरुसँग अन्तरक्रिया गरी प्राप्त जानकारीको आधारमा प्रतिवेदन तयार पारी सचिवालयमा बुझाएको थियो ।

छ) निर्वाचन पर्यवेक्षण कल सेन्टर



निर्वाचन पूर्व र निर्वाचनको दिनमा राष्ट्रिय, जिल्ला तथा स्थानीय पर्यवेक्षकहरुसँग प्रत्यक्ष सम्पर्क गरी दैनिक सूचना सङ्कलन र प्रसारण गर्ने उद्देश्यले कल सेन्टरको स्थापना गरिएको थियो । २०७९ कात्तिक २७ गतेदेखि मंसिर ५ गतेसम्मको लागि स्थापित उक्त सेन्टरमा श्री दिलशोभा महर्जन, श्री प्रमिला कायस्थ, श्री निकिता शर्मा, श्री संज्ञा ढकाल, श्री युरिशा शाक्य, श्री संगीता भट्टराई र श्री कविता महर्जनको सक्रिय सहभागिता रहेको थियो । उक्त समूहले बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म दैनिक रुपमा निर्वाचनसँग सम्बन्धित धारणाहरु, समाचार, निर्वाचनको तयारीको अवस्था, निर्वाचनको कार्य र मतगणनाको अवस्थाका बारेमा प्रतिवेदन तयार गरी विभिन्न सञ्चार माध्यम मार्फत सार्वजनिक गरेको थियो ।

ज) पत्रकार सम्मेलन

राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुबाट प्राप्त सुझाव र प्रतिवेदनको आधारमा आम नागरिकलाई जानकारी दिलाउने उद्देश्यले यस अवधिमा जियोकले तीन पटक पत्रकार सम्मेलनको आयोजना गरेको छ ।

जियोकको विशिष्ट, राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षक लगायत उच्चस्तरीय पर्यवेक्षकहरुले काठमाडौ, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला समेत अन्य ३६ वटा जिल्लाको स्थलगत भ्रमणको आधारमा निर्वाचनको तयारीको अवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले २०७९ मंसिर २ गते होटल एलो पगोडामा बृहत् पत्रकार सम्मेलन सम्पन्न गरिएको थियो । निर्वाचनमा










प्रतिस्पर्धामा रहेका उम्मेदवारहरुको नाम दर्तादेखि प्रचार–प्रसारमा आचार संहिताको पालनाको अवस्था र तत्सम्बन्धमा निर्वाचन आयोगले खेलेको भूमिका, मौन अवधीको अवस्था र चुनौति, सुरक्षाको स्थिति, निर्वाचनको तयारी लगायतको अवस्था र सो अवस्थामा थप सुधारका लागि निर्वाचन आयोग, सरकार र दललाई सुझाव दिने उद्देश्यले उक्त पत्रकार सम्मेलनको आयोजना गरिएको थियो, जसमा निर्वाचन आयोगका पदाधिकारीहरु, वरिष्ठ पत्रकार, राष्ट्रिय पर्यवेक्षकहरु, जिल्ला पर्यवेक्षकहरु, विभिन्न निर्वाचन पर्यवेक्षण गर्ने संस्थाका प्रतिनिधिहरु गरी करिव १०० जनाको सहभागिता रहेको थियो ।

नेपाल कानून समाजका अध्यक्ष श्री तीर्थमान शाक्यको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा जियोकका महासचिव श्री कृष्णमान प्रधानले स्वागत र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने निर्वाचन पूर्व तयारीको अवस्थाको बारेमा तयार पारिएको प्रतिवेदन अधिवक्ता श्री मोहन आचार्यले सार्वजनिक गर्दै प्रतिवेदनमा रहेका मुख्य विषयहरु माथि प्रकाश पार्नु भएको थियो । कार्यक्रम प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलियाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त पत्रकार सम्मेलनमा पूर्व प्रधानन्यायाधीशहरु श्री सुशीला कार्की र श्री कल्याण श्रेष्ठ, पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखेलले विशेष अतिथिको रुपमा आफ्ना धारणाहरु राख्नु भएको थियो ।

त्यसैगरी निर्वाचनको दिन अर्थात् २०७९ मंसिर ४ गते विशिष्ट, राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुबाट प्राप्त प्रारम्भिक प्रतिवेदनको आधारमा दिनको १ बजे पत्रकार सम्मेलन गर्नुका साथै बेलुकी ६ बजे जियोकद्वारा प्रेस विज्ञप्ती समेत जारी गरिएको थियो । निर्वाचन पश्चात् निर्वाचनको वास्तविक वस्तुस्थिति जानकारी गराउने उद्देश्यले २०७९ मंसिर ७ गते जियोक, नियोग र अन्तराष्ट्रिय संस्था एनफिलद्वारा संयुक्तरुपमा अल्फा हाउस, नयाँ बानेश्वरमा पत्रकार सम्मेलन गरिएको थियो । उक्त कार्यक्रममा जियोकका तर्फबाट महासचिव श्री कृष्णमान प्रधानले जियोकको प्रतिवेदनको सारसंक्षेप प्रस्तुत गर्नु भएको थियो ।











त्यसबाहेक जियोकको समन्वयमा विभिन्न टेलिभिजनमा अन्तर्वार्ताको व्यवस्थापन गरी निर्वाचन पर्यवेक्षणबाट प्राप्त जानकारीहरुलाई सम्प्रेषण गर्ने उद्देश्यले करिव २० वटा अन्तर्वार्ता दिने कार्य गरिएको थियो। जसमा जियोकको तर्फबाट महासचिव श्री कृष्णमान प्रधान, पूर्व प्रधान न्यायाधीश कल्याण श्रेष्ठ, श्री सुशीला कार्की, पूर्व प्रमुख आयुक्तहरु श्री भोजराज पोखरेल, श्री नीलकण्ठ उप्रेती, अधिवक्ता श्री मोहनलाल आचार्य लगायतको सहभागिता रहेको थियो। उक्त अन्तर्वार्ताहरुबाट नेपाली नागरिकले निर्वाचनको महत्व, निर्वाचनको चुनौति, निर्वाचन आयोग नेपाल, नेपाल सरकार, राजनीतिक दल, उम्मेदवार, मतदाताहरुले गर्नुपर्ने दायित्वको बारेमा जानकारी प्राप्त गरेका थिए। यसबाट निर्वाचन सम्बन्धी समग्र कार्यक्रममा सहयोग पुऱ्याई निर्वाचन परिणामलाई आम नागरिकबाट स्वीकार गर्न मद्दत पुगेको जियोकको विश्वास रहेको छ।

झ) पर्यवेक्षणका क्रममा अवलम्बन गरिएको विधि

नेपालको संविधान जारी भएपश्चात् दोस्रो पटक सम्पन्न हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन स्वतन्त्र, निस्पक्ष, भयरहित र धाँधलीरहित वातावरणमा भए नभएको पर्यवेक्षण गर्ने सञ्जालको उद्देश्य बमोजिम गरिएको पर्यवेक्षण मूलतः घटनाहरुको प्रत्यक्ष अवलोकन, निर्वाचन कानूनको समीक्षा, निर्वाचनसँग सम्बन्धित क्षेत्रहरुको अनुगमन, विभिन्न प्रश्नावलीहरु मार्फत वस्तुस्थितिको परीक्षण, कल सेन्टरको सञ्चालन र सूचना प्राप्ति लगायतका विधिहरु अवलम्बन गरिएको थियो।

निर्वाचनसँग सम्बन्धित कानून र आचारसंहिताको विश्लेषण, निर्वाचन आयोगसँगको अर्न्तवार्ता, निर्वाचन अधिकृत लगायत निर्वाचनमा खटिएका सुरक्षाकर्मी, मतदान अधिकृत, राजनीतिक दलका प्रतिनिधिहरुसँगको छलफल कार्यक्रमहरु समेत पर्यवेक्षणमा समेटिएको छ।

पर्यवेक्षकको चयन गर्दा जियोकमा संलग्न सबै संस्थाहरूको प्रतिनिधित्व, विविध विधा र समावेशीकरणलाई ध्यानमा राखिएको छ। अनुभवी र बौद्धिक वर्गका साथै महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम र मधेशीको समावेशी सहभागितामा ध्यान दिइएको छ। सबै तहका पर्यवेक्षकहरुलाई नियुक्तिपत्र दिने व्यवस्था गरिएको थियो। निस्पक्षताको सुनिश्चितताको लागि सबै पर्यवेक्षकहरुले निर्वाचन आयोगद्वारा तोकिएको ढाँचामा सपथ लिएका थिए। पर्यवेक्षण कार्यलाई विस्तृत रुपमा अध्ययन गर्ने उद्देश्यले लामो र छोटो अवधिको लागि पर्यवेक्षकहरु परिचालन गरिएको थियो। निर्वाचनमा स्वच्छता र निस्पक्षता कायम भए वा नभएको बारे जानकारी प्राप्त गर्न सहयोग पुगोस् भन्ने हेतुले मतदाता, राजनीतिक कार्यकर्ता र निर्वाचन अधिकृतहरुबाट वस्तुगत जानकारी हासिल गर्ने उद्देश्यले चार प्रकारका प्रश्नावलीहरु तयार गरिएका थिए। विज्ञहरूसँगको छलफलपश्चात् प्राप्त सुझावका आधारमा प्रश्नावलीलाई सुधार गरी अन्तिम रुप दिइएको थियो।

ञ) निर्वाचन आयोग र पर्यवेक्षक समूह बीच संवाद

निर्वाचन कार्यक्रमलाई प्रभावकारी र पारदर्शी बनाउन निर्वाचन आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरु र जियोक, नियोक, संकल्प, इओसी, अँगालो र इन्सेकका पदाधिकारीहरु बीच पटक–पटक संवाद भई निर्वाचनको अवस्था सुधार गर्ने पक्ष र सुधारमा

राजनीतिक पहिचान गर्ने काम भयो। निर्वाचन आयोगसँग संवाद गर्ने क्रममा निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन र पर्यवेक्षकहरुले पालना गर्नुपर्ने आचार संहिता र पर्यवेक्षण गर्ने संस्थाहरुले निर्वाचन आयोगबाट पाउनुपर्ने अनुमति पत्रको बारेमा व्यापक छलफल भई धेरै विषयमा सहजीकरण हुन गई निर्वाचन आयोगका कर्मचारीहरु र पर्यवेक्षण गर्ने संस्थाहरुलाई सहज भएको अनुभूति भएको छ।

ट) निर्वाचन पर्यवेक्षण समूहका सदस्य बीच समन्वय

निर्वाचन पर्यवेक्षण कार्यलाई प्रभावकारी समन्वय गरी पर्यवेक्षण गर्ने उद्देश्यले निर्वाचन आयोगबाट अनुमति प्राप्त गरेका ६८ वटा संस्थाहरुमध्ये ७ वटा संस्थाहरुको नियमित वैठक गरी समन्वय गरिएको थियो, जसमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), संकल्प, निर्वाचन पर्यवेक्षण समिति, अँगालो, इन्सेक र युथ इन फेडरल डिस्कोर्ष रहेको थियो। यस सञ्जालको नियमित रुपमा बैठक बसी पर्यवेक्षण गर्ने प्रश्नावलीहरु, सवालहरु, पर्यवेक्षकहरुको योग्यता, निस्पक्षता, पर्यवेक्षण गर्ने जिल्ला र स्थानीय मतदान केन्द्रहरु, प्रतिवेदनको खाका बारेमा छलफल गरी एकरुपता कायम गरिएको थियो। यस प्रतिवेदनको अन्तमा सबै संस्थाहरुको सुझावहरुलाई समावेश गरी परिच्छेद ७ मा राखिएको छ।

ठ) प्रतिवेदन प्रकाशन

जियोकले राष्ट्रिय, जिल्ला र स्थानीय स्तरका करिव ४०० जना पर्यवेक्षक जिल्लामा परिचालन गरी प्राप्त फाराम र प्रतिवेदनको आधारमा अन्तिम प्रतिवेदन तयार गरेको छ। प्रतिवेदनमा पर्यवेक्षणको उद्देश्य, पर्यवेक्षण विधि, निर्वाचन सम्बन्धी कानूनको समीक्षा, निर्वाचनको विश्लेषण, निस्कर्ष र सुझावको बारेमा उल्लेख गरिएको छ। यस प्रतिवेदन नेपाली भाषामा प्रकाशित गरी सम्पूर्ण सरोकारवालाहरु– निर्वाचन आयोग, सरकार, राजनीतिक दल, पर्यवेक्षक, बुद्धिजीविलाई वितरण गरिएको छ। प्रस्तुत प्रतिवेदनलाई अंग्रेजीमा तयार गरी विदेशी सरोकारवालाहरुलाई वितरण गर्ने काम पनि सम्पन्न भएको छ।

परिच्छेद

# २ निर्वाचन तयारीको अवस्था विश्लेषण

## १. निर्वाचन तयारीको अवस्था

आवधिक निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अन्तर्गतको सङ्घीय र प्रदेश तहको पहिलो निर्वाचन सम्पन्न भएको पाँच वर्ष पूरा भएको छ। नेपाली जनता पुनः एकपटक आफ्नो अधिकारको प्रयोग गर्दै आफुले चाहेको योग्य उम्मेदवार निर्वाचनको माध्यमबाट निर्वाचित गर्न ठूलो उत्साहका साथ अगाडि आउनु सुखद पक्ष हो। यस किसिमको अभ्यासले लोकतन्त्रको उपलब्धिलाई संस्थागत गर्न सहयोग पुग्ने देखिन्छ। संवैधानिक व्यवस्था अनुसार नियमितरुपमा दोस्रोपटक प्रतिनिधिसभा र प्रदेश सभाको आवधिक निर्वाचन भएको हो।



प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई नियमित र समयमा सम्पन्न गर्नु महत्वपूर्ण पक्ष हो। तथापि, यस निर्वाचनमा दलहरू बीच गठबन्धनका कारण उम्मेदवारीमा पुरुषको वर्चश्व कायम रहेको देखिएको छ। त्यसकारण पनि मतदाताहरु भित्री मनबाट उत्साही भएर मतदान गरेको देखिएन । जियोक नेपालले निर्वाचन पर्यवेक्षणमा आफ्नो सहभागितालाई निरन्तरता दिदै निर्वाचन पर्यवेक्षणको जानकारी यथासंभव छिटो जनतासमक्ष पुगोस् भन्ने उद्देश्यले विगतमा जस्तै निर्वाचनपूर्वको प्रारम्भिक प्रतिवेदनका साथै निर्वाचनको संक्षिप्त प्रतिवेदन समेत सार्वजनिक गरिसकेको छ। यो ती सबै चरणहरूको एकीकृत र अन्तिम प्रतिवेदन हो। निर्वाचन आयोगले पर्यवेक्षण यथासम्भव व्यापक र सबै भौगोलिक क्षेत्र, स्थानीय तह र प्रदेशको प्रतिनिधित्व होस् भन्ने उद्देश्यले पर्यवेक्षणको न्यूनतम संख्याको शर्तहरू तोकेबमोजिम जियोकले सातै प्रदेशहरूको पर्यवेक्षणका साथै तीनवटै भौगोलिक क्षेत्रबाट प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन, २०७९ का लागि ३६ जिल्लाका २६१ पालिकामा गरी जम्मा ३२६ जना प्रतिनिधिमार्फत पर्यवेक्षण कार्यक्रम सञ्चालन गरेको थियो। सबै तहमा परिचालन गरिएका पर्यवेक्षकहरुको प्रत्यक्ष अवलोकन, छलफल तथा अन्तर्क्रियाका साथै विभिन्न ५ किसिमका फारामहरूका माध्यमबाट मतदाता र सम्बन्धित सरोकारवालाहरुका विचारहरूका आधारमा यो प्रतिवेदन तयार पारिएको छ।

पर्यवेक्षण टोलीले निर्वाचनमा प्रतिस्पर्धारत राजनीतिक दल तथा उम्मेदवारका गतिविधि, आचार संहिताको पालना, सुरक्षाको अवस्था, मतदाताको सक्रियता, निर्वाचनको तयारी अवस्था, मतदानको संरचना, मतदान केन्द्र वरपरका वस्तुस्थितिका सन्दर्भमा सूक्ष्म पर्यवेक्षण गरेका छन्। त्यस अतिरिक्त टोलीले निर्वाचनसँग प्रत्यक्ष सरोकार राख्ने राजनीतिक दल, सुरक्षाकर्मी, निर्वाचन अधिकृत, शिक्षक, स्थानीय बुद्धिजीवी तथा पत्रकारसँग भेटी वस्तुस्थिति संकलन गरेको थियो।

निर्वाचन तयारीका क्रममा निर्वाचन आयोग, नेपाल सरकार, सुरक्षा निकाय लगायतका सरोकारवालाहरुले विगतको तुलनामा निकै सुदृढ तयारी गरेको पाइएको थियो। विगतका अनुभवबाट मतदाता नामावली, उम्मेदवारी दर्ता, आचार संहिताको कार्यान्वयन, सुरक्षा प्रबन्ध, मतपत्र, मतदान केन्द्र, मतदाता शिक्षा, कर्मचारी व्यवस्थापन लगायतका विषयमा आशातित सुधारहरु हुँदै गएको पाइएको छ।

पर्यवेक्षणका क्रममा उम्मेदवारी दर्तादेखि मौन अवधि शुरु हुने दिनसम्म छिटपुट घटनाबाहेक दल तथा उम्मेदवारहरु शान्तिपूर्ण प्रचार–प्रसारमै खटेको पाइएको थियो। बरु राजनीतिक दलका केन्द्रीयस्तरका नेताहरुबाट ठाउँ–ठाउँमा भाषण गरी कार्यकर्ताहरुलाई उत्तेजित गर्ने प्रयत्न गरेको, मतदाता प्रभावित गर्न शीर्ष नेताहरुबाट अनुचित आश्वासन दिने काम समेत भएको देखिएका थिए।

पर्यवेक्षणका क्रममा राजनीतिक दलका कार्यकर्ताहरू बीच आपसमा खासै तिक्तता, द्वेष र घृणाको अवस्था पाइएन। प्रचार–प्रसारका क्रममा उनीहरु विगतका निर्वाचनहरुमा भन्दा संयमित भएका थिए। बरु उम्मेदवारी छनौटमा असन्तुष्टिका कारण विद्रोही उम्मेदवारको संख्या बढ्दै गएको देखिएको थियो भने कार्यकर्ता र मतदातामा समेत त्यसको नकारात्मक प्रभाव परेको देखिएको छ।

निर्वाचन आचार संहिता पालनामा राजनीतिक दल तथा सरोकारवालाहरु सचेत भए तापनि उम्मेदवारी दर्ताका दिन उम्मेदवारहरुबाट शक्ति प्रदर्शन गर्ने ध्येयले रुपन्देही, बाग्लुङ, दोलखा, गोरखा लगायतका केही ठाउँमा बाजा–गाजा, ठूला व्यानर, झण्डासहित निर्वाचन कार्यालयमा उपस्थित भएको पाइएको थियो। निर्वाचन प्रचार–प्रसारमा विगतमा जस्तो तुल, व्यानर, वालपेन्टिङ्ग आदिमा कमी आएपनि मत माग्न जाँदा चर्को आवाजमा दलीय गीत गाउने र त्यसका लागि माइकको चर्को स्वरको प्रयोगका कारण मतदाता असन्तुष्ट भएको पर्यवेक्षणबाट देखिएको छ। आयोगको आचार संहिताका कारण दलीय झण्डा तथा चुनाव अङ्कित तोरणहरु झुण्ड्याएको पाइएन। उम्मेदवारका कार्यकर्ताहरुले कहीँ कतै आँखा छल्दै राति पम्पलेट टाँस्ने र प्रशासनले दिउँसो त्यस्ता पम्पलेट हटाउने क्रम भने चलेको पाइएको पर्यवेक्षणबाट देखिएको छ।

आचार संहिता उल्लंघन सम्बन्धी केही उजुरीमा कारवाही प्रारम्भ भएको, केही उजुरीमा तत्काल कारवाही र केही उजुरीका सम्बन्धमा निर्वाचन आयोगले छानविन गरिरहेको पाइएको छ। आचार संहिताका कारण दलीय झण्डा तथा चुनाव अङ्कित तोरणको प्रयोग नगन्य भएको, सुरक्षाका चारै निकायबीच राम्रो समन्वय भएको, ३० मिनेटभित्र जुनसुकै निर्वाचन क्षेत्रमा प्रहरी, सेना पुग्न सक्ने गरी व्यवस्था भएको, सुरक्षा संवेदनशीलता विश्लेषण गरी चारैवटा सुरक्षा निकाय, मोबाइल गस्ती, स्ट्राइकिङ फोर्स, रिर्जभ्ड फोर्स तथा र्‍यापिड रेस्क्यु टिम परिचालन गर्ने योजनासहित मजबूत सुरक्षा प्रदान गर्ने योजना र कार्यान्वयनका कारण सुरक्षा व्यवस्था समेत प्रभावकारी भएको पर्यवेक्षणबाट देखिएको थियो।

संविधान तथा कानून बमोजिम राजनीतिक दलले उम्मेदवारी दिँदा विगतमा जस्तै यसपटक समेत महिलाको प्रत्यक्षतर्फ न्यून उम्मेदवारी अर्थात् ९ प्रतिशत मात्र प्रतिनिधि सभाका लागि उम्मेदवारी परेको थियो। मतदान केन्द्रको व्यवस्थापनका सम्बन्धमा भने आमरुपमा निर्वाचन प्रकृयामा सुधार हुँदै गएको देखिन्छ।

## २. मतदाता नामावली र परिचयपत्र वितरण

प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनको अघिल्लो दिन अर्थात् ३ मंसिर, २०७९ सम्म १८ वर्ष पूरा भएका १,७९,८८,५७० मतदाताले मतदान गर्ने अवसर पाएका थिए, जसमा महिला ८८,४७,५७९, पुरुष ९१,४०,८०६ र अन्य १८५ रहेका थिए। मतदाता नामावली दर्ता र परिचयपत्रको वितरण निर्वाचन आयोगले आम निर्वाचनपूर्व र सालवसाली रुपमा फोटोसहितको मतदाता नामावली अद्यावधिक गर्ने गरेकोबाट मतदान धेरै सहजमात्र होइन निर्वाचनमा फर्जि मतको प्रयोग निरुत्साहन गर्नमा ठूलो सहयोग पुगेको देखिन्छ। निर्वाचन आयोगले मतदाताहरुलाई सहज पहुँच होस भन्ने उद्देश्यले अनलाइन मार्फत मतदाता नामावली दर्ता गर्ने प्रक्रिया प्रारम्भ गरेको छ। मतदाताको लागि मतदाता परिचयपत्र अलावा अन्य परिचयपत्र नागरिकता, ड्राइभिङ लाइसेन्स र अन्य सरकारी परिचय खुल्ने परिचयपत्रलाई मान्यता

दिइएको थियो । जियोकले पर्यवेक्षण गरेका जिल्लाका प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा सामान्य समस्याको रुपमा पाँचवर्ष पहिले मतदान गरेका मतदाताको नाम अहिलेको नामावलीमा नपाइएको देखियो। तर विगतभन्दा यसपटक कम समस्या आएको देखिएको थियो । यसपटक धेरै सुधार भएकोले यस विषयमा खासै समस्या आएको देखिएन।



## ३. मतदाता शिक्षा

प्रतिनिधिसभा र प्रदेशसभाको  निर्वाचनमा निर्वाचन आयोगले स्थानीय सरकारहरुलाई अनुरोध गरेर महिला स्वयंसेविका मार्फत मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । निर्वाचन आयोगले घर–घरमा पुगी मतदाता शिक्षा कार्यक्रम नगरे तापनि आमसञ्चार माध्यम– टिभी, रेडियो, पत्रपत्रिका र अनलाइनबाट मतदाता शिक्षालाई व्यापक पारिएको थियो। यसरी संचारमाध्यम, सामाजिक सञ्जालबाट पनि निर्वाचनमा मतदान गर्ने तौर तरिकाका बारेमा मतदातालाई जानकारी गराइएको थियो। मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेपनि मतदाता शिक्षाको प्रभावकारीता देखिएन।

गठबन्धनका कारण विभिन्न ठाउँ वा चिन्हमा मतदान गर्नुपर्ने सम्बन्धमा मतदाता शिक्षा अपर्याप्त भएकाले ठूलो संख्यामा मतपत्रहरु बदर भएका छन्। निर्वाचन आयोगले यसपटक आम सञ्चार माध्यमबाट मात्र मतदाता शिक्षा सञ्चालन गरेको, राजनीतिक दलहरुले यस सम्बन्धमा पर्याप्त मतदाता शिक्षामा जोड नदिएको कारणले पनि मतदाताहरु अन्योलमा रहेको देखिन्छ। यद्यपि शहर– बजारका केही क्षेत्रमा नमूना मतपत्रमा नमूना मतदान गराएको देखिन्छ। गाउँ–ठाउँमा त्यसरी नै मतदान केन्द्रबाटै मतदातालाई  नमूना मतपत्र देखाउँदै प्रशिक्षित गर्ने भनाइ अधिकृतहरुको रहेको थियो र त्यसका लागि केही हदसम्म प्रयत्न भए पनि सो पर्याप्त भएको देखिएन। मोबाइल रिङ्गटोनमार्फत मतदान निम्ति उत्साहित गरे पनि मतपत्र बदर हुन नदिन शिक्षा नदिँदा यसपालि मतपत्र बदर संख्या घटाउन नसकिएको देखिन्छ। राजनीतिक दलहरुले पनि मतपत्र बदर नहुने गरी मतदान गर्न सिकाउनुपर्ने दायित्व पूरा नगरेको पाइएको छ। उनीहरुले आफ्नो प्रचार–प्रसार गरेपनि मतपत्र बदर हुन नदिनेतिर त्यति चासो दिएको देखिँदैन। दुई वा दुई भन्दा बढी दलहरु बीच तालमेल गरी उम्मेदवारी दिइएको मतदातामा तालमेलबारे जानकारी नहुँदा उम्मेदवार नभएको ठाउँमा पनि मतदान भएको देखिन्छ।

## ४. निर्वाचन व्यवस्थापन

निर्वाचन व्यवस्थापनको प्रक्रिया वास्तवमा निर्वाचन आयोगले आफ्नो नियमित कार्यक्रम अन्तर्गत गर्ने मतदाता नामावली दर्ताको अवस्थादेखि नै सुरु हुन्छ। यस अन्तर्गत मूलतः मतदाता नामावली अद्यावधिक गर्ने, मतदाता परिचयपत्र वितरण, मतदाता शिक्षाको सञ्चालन, मतदानस्थल तथा मतदान केन्द्रहरुको व्यवस्थापन, सुरक्षाको तयारी लगायतका विषयहरु पर्दछन्।

मुलुकका प्रतिनिधि सभा सदस्यको लागि १६५ निर्वाचन क्षेत्रमा एकैपटक निर्वाचन सम्पन्न गर्नु चुनौतिपूर्ण कार्य हो। आवश्यक मतपत्रको छपाई, पर्याप्त सुरक्षाकर्मीको व्यवस्थापन, निर्वाचन अधिकृत, मतदान अधिकृत लगायतका आवश्यक कर्मचारीको व्यवस्थापन, निर्वाचन सामग्रीको व्यवस्थान, मतपत्रको ढुवानी, मतगणनाको तयारी र व्यवस्थापन लगायतको तयारीमा निर्वाचन आयोग लगातार खटेको र हरसम्भव प्रयास गरेको देखिन्छ।

निर्वाचन आयोगले गरेको नेपाल सरकारसँगको समन्वय र सल्लाह बमोजिम नै नेपाल सरकारले एकै चरणमा २०७९ मंसिर ४ गते प्रतिनिधि सभा र सात प्रदेश सभाहरूको निर्वाचन घोषणा गरेको थियो। निर्वाचन घोषणा हुने बित्तिकै दल दर्ताको सूचना जारी भएको थियो र सोही बमोजिम दलहरू दर्ता गरिएका थिए। दलहरूले दर्ता गर्दा प्रतिनिधिसभा र प्रदेशसभामा भाग लिन फरक–फरक निवेदन दिइएको थियो। निर्वाचन आयोगमा ११६ राजनीतिक दलहरु दर्ता भए तापनि यस निर्वाचन प्रयोजनका लागि जम्मा ८६ वटा दल मात्र दर्ता भएको पाइन्छ।

मोरङ जिल्लाको प्रदेश सभा निर्वाचन क्षेत्र नं.३ (क) का नेपाली कांग्रसका उम्मेदवार तथा प्रदेश– १ का वन, वातावरण तथा भू–संरक्षण मन्त्री तथा नेपाली कांग्रेसका उम्मेदवार शेखरचन्द्र थापाको डेंगु र निमोनियाको कारण २०७९ कार्तिक २३ गते बिहान निधन भएकाले उक्त क्षेत्रको निर्वाचन प्रक्रिया स्थगन हुन सक्ने अनुमान गरिएको भएपनि नेपाली कांग्रेसलाई तत्कालै अर्को उम्मेदवार दर्ता गराउने व्यवस्था मिलाउँदै २०७९ मंसिर ४ गते नै उक्त क्षेत्र समेतको निर्वाचन सम्पन्न गर्ने निर्णय गरी एकै पटकमा निर्वाचन सम्पन्न गर्ने कार्य सम्पन्न भएको छ।

## ५. उम्मेदवारी दर्ता र राजनीतिक माहोल

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ का लागि निर्वाचन आयोगले मिति २०७९/०६/२३ गतेका दिन उम्मेदवारी दर्ता मनोनयनका लागि समय दिएको थियो। विगतको सिकाईका आधारमा यसपटक एकदिन मात्र उम्मेदवारी दर्ता गर्ने अवसर दिइएकोमा शान्तिपूर्ण वातावरणमा सबै उम्मेदवारहरूले आफ्नो उम्मेदवारी दर्ता गराएको पाइएको छ। उम्मेदवारी दर्ता गर्दा कुनै कानूनी अड्चन भएको थिएन। सबै दलले तोकेको समयमा उम्मेदवारी दर्ता गराएका थिए।

रुपन्देही क्षेत्र नं. २ मा नेकपा समाजवादी पार्टी रुपन्देही अध्यक्ष राजु गुरुङको प्रतिनिधि सभाका लागि उम्मेदवारी परेकामा निज बैकिङ कसूर गरी कालोसूचीमा परेको कारण देखाई निर्वाचन आयोगले निजको उम्मेदवारी खारेज गरेको, हाम्रो नेपाल पार्टीका उम्मेदवार निकोलस (कमल भुसाल) र स्वतन्त्रबाट उम्मेदवारी दिएका हिमाल बस्यालको उम्मेदवारी पनि विभिन्न कानूनी कारण देखाई खारेज गरेको, त्यसैगरी अन्य जिल्लाहरूमा समेत त्यस प्रकारको अवस्था सिर्जना भएको पाइएको छ। यसपटकको निर्वाचनमा गठबन्धनको कारणले अधिकांश इच्छुक व्यक्तिहरु आफ्नो दलबाट उम्मेदवार हुनबाट वन्चित हुनु परेको अवस्था देखियो। यसले लामो समयदेखि दलमा आबद्ध भएको र मतदाताले चाहेको व्यक्तिले पनि उम्मेदवारी पाउन सकेनन् भने नेताको नजिकको व्यक्ति र मतदाताले नचिनेको, नचाहेको व्यक्तिले टिकट पाउने अवस्थाले गर्दा निर्वाचनमा मतदाताहरुको वितृष्णा धेरै देखियो। यो पटक मतदानमा मतदाताको सहभागिता कम हुन गएको पाइन्छ।

## ६. सुरक्षा निकायको रणनीति र राजनीतिक हिंसाको अवस्था

सबै राजनीतिक दल तथा आम जनताले निर्वाचन सहज रुपमा स्वीकार गरेको देखिएको थियो। केही चुनावी कार्यक्रमहरू (जस्तो प्राईम टी.भी. ले गरेको चुनावी अन्तरक्रिया कार्यक्रममा कार्यकर्ताहरू बीच सामान्य झडप भएको भएपनि यस अघि सम्पन्न भएका निर्वाचनमा जस्तो कुनैपनि हिंसात्मक गतिविधिहरू भएको पाइएन। तर पनि केही छिटपुट घटनाहरु भएका छन्। २०७९ कार्तिक २३ मा धनगढी उपमहानगरपालिका– १७ डुमलिथामा नागरिक उन्मुक्ति पार्टीले चुनाव प्रचार–प्रसारका लागि प्रयोग गरेको गाडीमा अज्ञात समूहबाट तोडफोड गरेको भेटिएको थियो। कैलाली क्षेत्र नं. ३ (ख) का उम्मेदवार अमरबहादुर साउदले प्रयोग गरेको गाडी घोडाघोडी नगरपालिका वडा नं. ५ मा पार्किङ गरेर राखेको अवस्थामा २०७९/०७/२७ गते अज्ञात समूहबाट तोडफोड गरिएको थियो।



२०७० कार्तिक ३० गते दोलखा जिल्ला क्षेत्र नं. २ वडा न. ३ मा बम पड्केको, त्यसैदिन चितवनको क्षेत्र नं २ मा नेपाली कांग्रेसका उम्मेदवार उमेश श्रेष्ठको गाडीमा अज्ञात समूहबाट तोडफोड गरिएको पाइएको थियो । काठमाडौं क्षेत्र नम्बर ४ मा स्वतन्त्र उम्मेदवार र कांग्रेस नेता गगनकुमार थापाबीच गालीगलौजको अवस्था सिर्जना भएको थियो ।

सुरक्षा रणनीति अन्तर्गत ४ वटै सुरक्षा निकायलाई परिचालन गर्ने, मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील र सामान्य गरी ३ वर्गमा विभाजन गरेको र ३ वटा घेराबाट सुरक्षा दिने व्यवस्था मिलाइएको थियो । अति संवेदनशील स्थलमा अलि बढी सुरक्षाको प्रबन्ध गरिएको सुरक्षाको रणनीतिको हिसाबले अति संवेदनशील मतदान केन्द्र तथा भूगोलको हिसाबले अलि टाँढा रहेको ठाउँमा कुनै अप्रिय घटना घटेमा त्यसको नियन्त्रण तथा रेस्क्यु गर्न सुरक्षा निकायको रेस्क्यु टिम परिचालन गर्ने योजना बनाइएको थियो । सिमानामा विशेष सतर्कता अपनाइएको र सबै नाकाहरूमा सिल गर्ने सहमति भएको थियो । मतपत्र, मतपेटिका, मतदाताहरूको सुरक्षाका लागि समेत तीन तहको सुरक्षा प्रबन्ध गरिएको थियो । अवाञ्छित मानिसहरूले मत दिन सक्ने कुरामा सरोकारवालाहरू सजग हुनुपर्ने सम्बन्धमा समेत आयोगले सचेत गराएको थियो ।

पहिले जस्तो प्रचार–प्रसारमा ठूलो भीडभाड देखिएन । आम सभाहरूमा शान्ति–सुरक्षाको अवस्था राम्रो थियो । म्यादी प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, राष्ट्रिय अनुसन्धान विभाग समेतको एकीकृत सुरक्षाको व्यवस्था गरिएको थियो । निर्वाचन आयोगले यी सुरक्षाका संयन्त्रसँग एकीकृत रुपमा समन्वय गरेर आयोगमा नै कार्यालय स्थापना गरी पूरै देशभर सुरक्षाको प्रबन्धलाई अनुगमन गर्न थालेको थियो । दुर्गम स्थानहरूमा मतदान केन्द्र, सुरक्षाको प्रबन्ध, मतपत्रको व्यवस्था र कर्मचारीको पहुँच समेतको व्यवस्था तीब्रताका साथ भएको देखिएको थियो ।

## ७. निर्वाचनमा नेपाल सरकारको सहयोग

निर्वाचनका लागि नेपाल सरकारका तर्फबाट आवश्यक सहयोग गरिएको, आवश्यक कर्मचारी खटाइएको र आवश्यक बजेटको व्यवस्था गरिएको थियो । महिला, वृद्ध, वृद्धा, गर्भवती, अपाङ्गता भएका व्यक्ति र बिरामीहरूलाई ल्याउन र लैजान यातायातको व्यवस्थाको प्रबन्ध गर्न सक्ने व्यवस्था मिलाइएको थियो ।

त्यति हुँदा हुँदै पनि केही स्थानहरुबाट पर्यवेक्षण टोलीले गुनासाहरु प्राप्त गरेको छ । उदाहरणको लागि  बाग्लुङमा आवश्यक सहयोग नपुगेको, रुपन्देहीमा कर्मचारी थोरै भएका कारण काम गर्न अत्यन्तै कठीन भएको भन्ने प्रतिक्रिया प्राप्त भएको, सप्तरी र स्याङ्जामा बजेट कमी भएका कारण कर्मचारी व्यवस्थापनमा कठिनाई भएको जस्ता केही गुनासा प्राप्त भएका छन् । त्यसैगरी गोरखा जिल्लामा मतदान अधिकृत शिक्षकहरूको भत्ता निजामति कर्मचारीभन्दा कम दिएको कारण असन्तुष्टि जनाएको पर्यवेक्षणका ऋममा फेला परेको छ ।

# ८. निर्वाचन कार्यालयको तयारी

एक साता अगावै ७७ जिल्लामा आवश्यक मतपेटिका, मतपत्र र आवश्यक सामग्री पुगिसकेको आयोगले विज्ञप्तिमार्फत् जानकारी दिइसकेको थियो। निर्वाचन आयोगले निर्वाचन क्षेत्र अनुसार निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको थियो भने जिल्लामा प्रमुख निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचन कार्यलाई व्यवस्थित गरिएको पाइयो। अस्थायी मतदाताको रुपमा नेपाली सेना, नेपाल प्रहरी, निर्वाचनमा खटिने कर्मचारी र कारागारका कैदी–बन्दीले प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीमा मात्र मतदान गर्न पाउने व्यवस्था मिलाइएको थियो।

प्रत्येक निर्वाचन कार्यालयले समयमै निर्वाचन सामग्रीहरु प्राप्त गरेको, निर्वाचन सुरक्षा तयारी अवस्थामा रहेको, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत असक्तहरुलाई मतदान स्थलसम्म जान सक्ने व्यवस्था मिलाइएको जानकारी गराएका थिए। त्यसैगरी निर्वाचन कार्यालयबाट राजनीतिक दलहरुसँग समन्वय र छलफल गरिएको, निर्वाचनसँग सम्बन्धित कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिएको, मतदानस्थल तयारी अवस्थामा राखिएको, भौतिक पूर्वाधार निर्माण आवश्यक भएका ठाउँहरु, अपाङ्गतामैत्री मतदान स्थल नभएका ठाउँहरुमा आवश्यक सुधार गरिएको जानकारी निर्वाचन कार्यालयहरुबाट प्राप्त भएका थिए।

# ९. आचार संहिता पालनको अवस्था

निर्वाचन आयोगले उम्मेदवारी दर्ताका निम्ति २०७९ असोज २३ गते एक दिनको समय तोकेको थियो। यस पटक एक दिन समय तोकिएकोले काठमाडौंमा सो दिनको भोलिपल्ट बिहान अर्थात् असोज २४ गते बिहान ४ बजेसम्म उम्मेदवारी दर्ताको क्रम चलिरहेको थियो। प्रतिनिधिसभाको प्रत्यक्ष तर्फको १६५ सिटको लागि भएको निर्वाचनमा २,४११ जनाले उम्मेदवारी दिएको दिएका थिए। उक्त संख्यामध्ये केवल २२५ जना महिला र २,१८६ जना पुरुषले उम्मेदवारी दर्ता गराएको देखिन्छ। त्यसैगरी ३३० सिटको लागि भएको प्रदेश सभाको निर्वाचनको लागि जम्मा ३,२२४ जनाले उम्मेदवारी दिएका थिए। जसमा २३७ जना महिला र ३,९८७ जना पुरुषको उम्मेदवारी परेको थियो।

राजनीतिक दलहरू उम्मेदवारी दर्ताका दिन अधिकांश स्थानहरुमा आफ्नो शक्ति प्रदर्शन गर्ने नाउँमा आचार संहिता विपरित प्रस्तुत भएको देखियो। उक्त दिन सवारी साधनमा झण्डा, व्यानरहरु समेत प्रयोग गरेको पाइयो। नुवाकोटमा राजनीतिक दलले चुनाव चिन्हसहितका टोपी, टी–सर्ट, प्रयोग गरेका थिए। रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकामा नेपाली कांग्रेसका उम्मेदवारले पाँच बालिकालाई पञ्चकन्याका रुपमा नाम दर्ता गर्न लिएर गएको पाइयो। उम्मेदवारी दर्तापछि निर्वाचन आयोग कार्यालयबाट मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा कर्मचारीहरू नियुक्त गरी जिम्मेवारी हस्तान्तरण भइसकेको थियो। निर्वाचन आयोगद्वारा मतदान अधिकृत, सहायक मतदान अधिकृतलाई प्रशिक्षण दिई सम्बन्धित मतदान केन्द्रमा गइसकेका थिए। उम्मेदवारी दर्ताका बेला






कतिपय ठाउँमा कर्मचारीहरू बीच प्रक्रियागत अलमल हुने गरेको कारण उम्मेदवार तथा मतदाताबीच अन्यौल भएको गुनासो राजनीतिक दलहरूबाट प्राप्त भएका छन्।

उम्मेदवारी दर्ताको समयमा निर्वाचन कार्यालयको व्यवस्थापन ज्यादै कमजोर भएकै कारण उम्मेदवारहरूले रातभरि दुःख झेल्नु परेको गुनासा समेत पर्यवेक्षण टोलीले प्राप्त गरेको छ। उम्मेदवारी दर्ता प्रक्रियाको समयमा उम्मेदवारहरु जुलुससहित निर्वाचन कार्यालयमा आएपछि कतिपय स्थानहरुमा कर्मचारीहरू आत्तिनुपर्ने र भद्रगोलको स्थिति पैदा भएको समेत पर्यवेक्षणबाट देखिएको थियो।

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी २०७९ असोज १२ गते देखि निर्वाचन आचार संहिता लागु गरेको थियो। उक्त आचार संहिता २०७९ मंसिर २६ गतेसम्म लागू भएको थियो। उम्मेदवारी दर्ताका दिन राजनीतिक दलका गतिविधिहरु भड्किला देखिए पनि प्रचार–प्रसारका क्रममा सुनसरीको इनरुवा, धनुषाको जनकपुर, कैलालीका विभिन्न ठाउँहरुमा बाहेक अन्यत्र उनीहरुले मूलभूत रुपमा निर्वाचन आचार संहिता पालना गरेको नै पाइएको छ।

आयोगले यस पटक निर्वाचन आचार संहिता पालनामा थप कडाइ गरेको थियो। त्यसको सुरुवात नै उम्मेदवारहरूको मनोनयनबाट गरेको देखिन्छ। समयमा आवश्यक प्रक्रिया पूरा नगर्ने उम्मेदवारहरूको मनोनयन नै खारेज गरेको देखिएको छ। यसपटक प्रचार–प्रसारमा तडकभडक कम देखिएको थियो। तुल, व्यानरसहितको प्रचार, भित्ते लेखन, ठूला ठूला पर्चा पम्प्लेट र भित्ता–भित्तामा उम्मेदवारका ठूला ठूला तस्बिर प्रचारमा देखिएका थिएनन्। केही छिटपुट भएकोमा आयोगको निर्देशनपश्चात् हटाइएको थियो। उम्मेदवारहरूले तोकिएको खर्चको सीमाभन्दा बढी खर्च गरेको प्रमाणित भएमा वा खर्चको प्रमाणित हिसाब बुझाउन नसकेमा निर्वाचनमा विजयी भए पनि परिणाम बदर हुन सक्ने सम्भावनाले उम्मेदवारहरू केही सतर्क भएको पर्यवेक्षणबाट देखिएको छ।

राजनीतिक दलहरूले केही ठाउँहरुमा आचार संहिता उल्लंघन गरेपनि लिखित उजुरी नपरेका कारण निर्वाचन आयोग त्यसमा प्रवेश नगरेको देखिन्छ। कतिपय स्थानहरुमा भने मिडियामा आएपछि आयोगले स्पष्टीकरण सोधेको देखिन्छ। निर्वाचन आयोगका अनुगमन टोलीले केही ठाउँहरूमा आचार संहिता विपरितका प्रचार सामग्रीहरू हटाएको पाइएको थियो। आयोगले पहिला सम्बन्धित राजनीतिक दलहरूलाई प्रचार सामग्री हटाउन निर्देशन दिने गरेको र तिनले अटेर गरेमा प्रहरी–प्रशासन लगाउँदै आफै हटाएको पाइएको छ। उम्मेदवारहरु मनोनयनपछि मतदाताका घर–दैलो अभियानमा व्यस्त रहेको, मतदाता आकर्षित गर्न चर्को आवाजमा माइक बजाउने, होहल्ला गर्ने, चर्को आवाजमा सवारीको हर्न प्रयोग गर्ने, जथाभावी झन्डा प्रयोग भएको, उनीहरू घर–दैलोमा जाँदा माइक प्रयोग गरिएको, गीत बजाउँदा ध्वनि प्रदूषण बढाएको, त्यसरी लाउड स्पीकर प्रयोग गरेको गुनासापछि राजनीतिक दलहरूबीच समझदारी गर्दै बिस्तारै नियन्त्रण गर्ने प्रयास गरेको पाइयो। भविष्यमा यस्ता विषयमा पनि निर्वाचन आयोगले विशेष ध्यान पुर्‍याउनुपर्ने देखिन्छ।

यसपटक सामाजिक सन्जालमा "No Not Again" जस्ता अभियान व्यापक रुपमा प्रयोगमा आएकाले निर्वाचन आयोगले उक्त अभियानलाई रोक लगाएको थियो। आयोगको उक्त निर्णयविरुद्ध अदालतमा रिट दायर गरिएको तथा आफ्नो मत खसाउने अधिकार तथा वाक् स्वतन्त्रता उपर निर्वाचन आयोगले रोक लगाएको भन्नेजस्ता अभिव्यक्ति प्रकाशमा आइरहेका थिए।

निर्वाचन आयोगले आमसञ्चार माध्यमलाई पनि व्यवस्थित गर्न छुट्टै आचार संहिता बनाई मिथ्या सूचना, दुस्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिलाई निरुत्साहन गर्न र आमसञ्चारलाई जवाफदेही र पारदर्शीता हुन समय–समयमा विज्ञप्ती निकाल्ने र सम्बन्धित व्यक्ति वा संस्थालाई सोधनी गर्ने काम गरेको थियो।

काठमाडौंको धोवीखोला किनारमा जग्गा कब्जा गरी बसेका व्यक्तिहरूलाई “३५ दिनभित्र खाली गर्नू” भन्ने सूचना काठमाडौं महानगरपालिकाले जारी गरेको अवस्थामा उम्मेदवारहरूले “तिनीहरूलाई व्यवस्थित गर्छौं भन्ने आश्वासनसहित प्रचार–प्रसार गरेको देखिएको, रुपन्देही जिल्लामा प्रायः सबैजसो पार्टीले रिक्सामा माइक लगाएर आफ्नो पार्टीको प्रचार–प्रसार गरेको, राजनीतिक दलले व्यक्तिसँग पैसा उठाई चुनावी खर्च गरेको सुन्नमा आएको, तर त्यसको कुनै आधिकारिक प्रमाण नहुने र पेश गर्न सकिने अवस्था नभएको, गाडीमा झण्डा बोकेर हिँडेको भने देखिएको थियो।


ललितपुरमा मतदान केन्द्र नजिकको घर र सार्वजनिक स्थलमा झण्डा राखिएको उम्मेदवारहरूको फोटोसहित व्यानर राखिएको देखिएको, नुवाकोटमा २ भन्दा बढी सवारी साधनको प्रयोग गर्ने गरिएको, सप्तरीमा लाउडस्पिकरको प्रयोग, भोजभतेर हुने गरेको, धनुषा जिल्लामा एक परिवारलाई १ साडी र रु. ५०० वितरण गरिएको जानकारी प्राप्त भएको, धनुषा र बाँकेमा भारतीय नंम्बर प्लेटका गाडीहरू व्यापक रुपमा प्रयोग गरेको देखिएको थियो। त्यसैगरी काभ्रे जिल्लामा निर्वाचन आचार संहिता उल्लंघनमा उम्मेदवार र कार्यकर्ताहरूले पर्चा, पम्लेटदेखि सार्वजनिक स्थलमा फ्लेक्स राख्ने, बाजागाजा सहित निर्वाचन प्रचार–प्रसार गर्ने, वडा कार्यालयमा राजनीतिक कार्यक्रम गर्ने, विद्यालय बन्द गरेर बालबालिकालाई नाच्न लगाउने र टिसर्ट बाँडने कार्य गरेको समेत पाइएको छ।

## १०. महिला मनोनयनको अवस्था


सम्वत् २०७९ साल मंसिर ४ गते सम्पन्न भएको निर्वाचनमा महिला तथा अन्य जात, जाति, वर्ग क्षेत्रका व्यक्तिहरुले पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत प्रतिनिधि सभा र प्रदेशसभा दुवैतर्फ न्यून उम्मेदवारी परेको देखिन्छ। प्रतिनिधिसभाको प्रत्यक्ष तर्फको १६५ सिटको लागि भएको निर्वाचनमा २,४११ जनाले उम्मेदवारी दिएकोमा केवल २२५ जना महिला र २,१८६ जना पुरुषले उम्मेदवारी दर्ता गराएको देखिन्छ। त्यसैगरी ३३० सिटको लागि भएको प्रदेश सभाको निर्वाचनको लागि जम्मा ३,२२४ जनाले उम्मेदवारी दिएकोमा जम्मा २३७ जना महिलाको उम्मेदवारी परेको थियो। करिव ५१ प्रतिशतको संख्यामा रहेका महिलामध्ये १० प्रतिशत भन्दा मुनिको उम्मेदवारीले नेपालको संविधानमा व्यवस्था गरिएको समानुपातिक समावेशी प्रतिनिधित्वका सम्बन्धमा राजनीतिक दलहरुले वेवास्ता गरेको देखिन्छ। प्रतिनिधि सभामा पुरुषको तुलनामा महिला उम्मेदवारको अवस्था तलको पाईचार्टमा देखाइएको छः

त्यसैगरी प्रदेशसभा तर्फ महिला र पुरुष उम्मेदवारको तुलनात्मक अवस्था अर्को चार्टमा तल देखाइएको छः

**प्रतिनिधि सभाको प्रत्यक्ष निर्वाचनमा**
**महिला र पुरूषको उम्मेदवारीको अवस्था**




**प्रदेश सभाको प्रत्यक्ष निर्वाचनमा**
**महिला र पुरूषको उम्मेदवारीको अवस्था**




माथिको तथ्याङ्कलाई हेर्दा महिला उम्मेदवारको संख्या पुरुषको तुलनामा अत्यन्तै कमजोर रहेको देखिन्छ। सम्वत् २०७२ सालमा दोस्रो सविंधान सभाबाट तयार भएको नेपालको संविधानको प्रस्तावनामा नै "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसास्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात गरी समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने" भन्ने उल्लेख

छ।[१] त्यसैगरी मौलिक हकमा महिलाहरुलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागीताको हक [२] र आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्वको हक प्रदान गरेको छ [३] भने राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिहरुको समेत व्यवस्था गरिएको छ।[४]

समानुपातिक निर्वाचन प्रणाली वमोजिम हुने प्रतिनिधि सभाको उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट प्रतिनिधित्व गराउने[५] र सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनु पर्ने[६] प्रावधान संविधानले सुनिश्चित गरेको छ। त्यसैगरी राजनीतिक दल दर्ता गर्दा पूरा गर्नु पर्ने शर्तमा नेपालको विविधतालाई प्रतिबिम्बत गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ भन्ने अनिवार्य शर्त तोकिएको छ।[७] यो एकदम सकारात्मक व्यवस्था भएपनि “समावेशी प्रतिनिधित्व” लाई सही अर्थमा प्रयोग गर्नुभन्दा संख्या पुर्‍याउने प्रयोजन बढी पाइन्छ।

राजनीतिक दलहरुले दल दर्ता गर्दा पूरा गर्नुपर्ने शर्तहरुमा राजनीतिक दलको विभिन्नस्तरका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने र दलको सबै तहको समितिमा कम्तीमा एक तिहाई महिला सदस्य हुन पर्नेछ भन्ने प्रावधान छ।[८] तर राजनीतिक दलको नेतृत्व र निर्वाचन आयोगको उच्च तहमा महिलाको अर्थपूण उपस्थिति नभएकोले यसको लेखाजोखा गर्नेतर्फ कसैको ध्यान गएको पाईदैन। यस तर्फ नियमनकारी निकायको रुपमा निर्वाचन आयोगको ध्यान आकृष्ट हुन जरुरी छ।

यस पटकको निर्वाचनमा अन्य समुदायका साथै महिलाको उम्मेदवारी चयन गर्दा राजनीतिक दलहरु बढी संवेदनशील भएको पाइएन। संख्यात्मक रुपमा ठूला मानिएका दलहरुबाट समेत महिलाको अत्यन्तै न्यून उम्मेदवारी चयन हुनु पुरानै मानसिकता निरन्तर भएको महसुस हुन्छ। यो संख्याले राजनीतिक दलहरु महिलाप्रति अनुदार भएको देखाउछ। यस पटकको प्रतिनिधि सभाको निर्वाचनको लागि नेकपा (एमाले) बाट ११ जना, नेपाली कांग्रेसबाट ५ जना, नेकपा (माओवादी केन्द्र) बाट ७ जना, जनता समाजवादी पार्टीले ७ जना र राष्ट्रिय स्वतन्त्र पार्टीले १२ जना मात्र उम्मेदवार उठाएका थिए। यस तथ्याङ्कलाई हेर्दा प्रत्यक्ष उम्मेदवारमा महिलाको संख्या अत्यन्तै कम छ। प्रदेश सभामा प्रतिनिधिसभामा भन्दा केही बढी महिला उम्मेदवार रहेको देखिएको छ। महिलाहरूप्रति राजनीतिक दल उदार नदेखिएको अवस्था छ तथापि, समावेशीतालाई भने सबै दलहरूले स्वीकार गरेका पाइन्छ।

प्रतिनिधि सभाको प्रत्यक्षतर्फ २२५ जना महिला र २ हजार १८६ पुरुष गरी जम्मा २ हजार ४११ जनाको अन्तिम उम्मेदवारी कायम भएको थियो। प्रतिनिधिसभाकै समानुपातिक निर्वाचन प्रणालीतर्फ १ हजार १८७ महिला र १ हजार १२ पुरुष गरी २ हजार १९९ जना उम्मेदवारको अन्तिम बन्द सूची कायम गरिएको थियो।

---

१ नेपालको सविंधान २०७२ प्रस्तावना,..... सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै.....पृ १

२ नेपालको संविधान २०७२, धारा ३८ राज्यका सबै निकायमा महिलाहरुलाई समानुपातिक समावेशी सिद्धान्तको अधारमा सहभागि हुने हक हुनेछ

३ नेपालको संविधान २०७२, धारा ४२ आर्थिक सामाजिक शैक्षिक दृष्टिले पछाडी परेका महिला, दलित ,आदिवासी , जनजाति मधेशी थारु मुस्लिम, पिछडा वर्ग अल्प सख्यक,सीमान्तीकृत,अपाङ्गता भएका व्यक्ति, लैगिंक तथा यौनिक अल्पसंख्यक, किसान श्रमिक, उत्पिदन वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य लाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै निकायमा सहभागिताको हक हुनेछ।

४ नेपालको सविंधान २०७२ धारा ५१ (४ भाग)


५ नेपालको सविंधान २०७२ धारा ८४ (२)

६ नेपालको सविंधान २०७२ धारा ८४ (८)

७ नेपालको सविंधान २०७२,धारा २६९ (४)


८ राजनीतिक दल सम्बन्धी ऐन, २०७३ दफा १५

**प्रतिनिधि सभाको प्रत्यक्ष निर्वाचनमा महिला र पुरूषको उम्मेदवारीको अवस्था**




प्रदेश सभातर्फ भने प्रत्यक्षतर्फ २८० जना महिला, २ हजार ९४३ पुरुष र अन्य १ जना गरी ३ हजार २२४ जनाको अन्तिम उम्मेदवारी कायम भएको थियो भने प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ १ हजार ५११ महिला र २ हजार १९७ पुरुष गरी जम्मा ३ हजार ७०८ जना उम्मेदवारको अन्तिम बन्द सूची कायम गरेको थियो।[९]

**प्रदेशसभा निर्वाचनमा महिला र पुरूषको उम्मेदवारीको अवस्था**




उम्मेदवारीमै भएको यस प्रकारको अवस्थाको नतिजाको असर समानुपातिक निर्वाचन प्रणालीमा पर्ने र महिला सशक्तिकरणमा समेत यसले निकै चुनौती थप्ने सम्भावना हुन्छ। नेपालको संविधानको धारा ३८ को उपधारा (४) बमोजिम मौलिक हकमा भएको व्यवस्थालाई कार्यान्वयन गर्ने हो भने प्रत्यक्ष निर्वाचन प्रणालीमा समेत समानुपातिक रुपमा उम्मेदवार सुनिश्चित गर्नु अनिवार्य र आवश्यक देखिन्छ।

[९] https://www.nepalpress.com/2022/12/14/268014/

परिच्छेद

# ३ प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचनको दिनको अवस्था विश्लेषण

## १. मतदानको अवस्था

मतदानको दिन अर्थात् मंसिर ४ गते अधिकांश मतदान केन्द्रहरु बिहान ७ बजे नै सञ्चालनमा आएका थिए भने केही मतदान स्थलमा ७.१५ देखि ७.४५ भित्र मतदान सुरु भएको थियो। मतदानको दिन छिटपुट घटनाबाहेक आमरुपमा शान्तिपूर्ण र व्यवस्थित तरिकाले मतदान सम्पन्न भएको थियो। मतदानमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत सबै वर्ग, समुदाय, लिङ्ग र अवस्थाका मतदाताको उत्साहवर्द्धक सहभागिता थियो। विगतको तुलनामा राजनीतिक दल, उम्मेदवार र मतदाताको व्यवहार संयमित, सहयोगात्मक र शान्त भएको पाइयो । पर्यवेक्षणको क्रममा मतदान केन्द्रहरुको अवलोकन गर्दा मतदान सुरु भएपछि प्रारम्भिक चरणमा मतदाताहरुको पातलो उपस्थिति देखिएकोले पछिल्लो समयमा मतदाताहरुको चाप बढ्ने अपेक्षा गरिएको थियो । तर, मतदानको कूल अनुपात हेर्दा विगतको भन्दा उत्साहजनक हुनुपर्नेमा त्यसो नभई झन खस्किदै गएकोले यस प्रकारको परिस्थिति विचारणीय देखिन आएको छ।



एकाध ठाउँमा बाहेक मतदान प्रक्रियालाई बिथोल्ने घटना भएको पाइएन भने मतदान केन्द्रमा दलहरु बीच विवाद पनि देखिएन । निर्वाचनको काममा खटिएका कर्मचारीहरु र दलका प्रतिनिधिहरु बीच सौहाद्रपूर्ण व्यवहार भएको पाइयो। यसरी निर्वाचन व्यवस्थापन र मतदान प्रक्रियामा सुधार हुँदै जानु लोकतन्त्रका निम्ति शुभ संकेतको रुपमा लिन सकिन्छ। यसपटक प्रक्रिया पूरा गरेका सार्वजनिक सवारीको साधन सञ्चालन गर्ने अनुमति दिएकोले मतदातालाई मतदान केन्द्रसम्म आउन जान सहज भएको थियो। साथै, पर्यवेक्षक, परिचयपत्रबाहक सवारी धनीलाई आफनो साधन चलाउन अनुमति दिइएको थियो।

सम्वत् २०४८ सालदेखि नियमितरुपमा संसदीय निर्वाचन, स्थानीय निकायको निर्वाचन, संविधान सभाको निर्वाचन र स्थानीय तहको निर्वाचन पर्यवेक्षण गर्दै आएको आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) को अनुभवको आधारमा देशमा भइरहेको आवधिक निर्वाचन भरपर्दो एवं विश्वसनीय हुँदै गएको पाइएको र सो लोकतन्त्रलाई संस्थागत र जनसहभागितामूलक बनाउनमा सकारात्मक हुँदै गएको अनुभव भएको छ।

मतदाताको दृष्टिले हेर्दा भने सबै उम्मेदवारहरुको सम्बन्धमा आधारभूत सूचनामा पहुँच पाउन सकिने अवस्था नभएको, उम्मेदवार, निज सम्बद्ध दल र मतपत्रमा तिनको चिन्हको बारेमा थाहा पाउन सक्ने अवस्थाको अभावले गर्दा मतदाताले सुसूचित र विवेकपूर्ण मत संकेत गर्न व्यवधान रहेको पाइयो। उम्मेदवारहरु, ती सम्बद्ध

दल र मतपत्रमा उनीहरुले पाएको चिन्हको बारेमा निश्चित ढंगले सूचना प्रसार गर्ने प्रक्रिया र संयन्त्रसहितको पहुँचयोग्य व्यवस्थाको अभाव रहेकोले मतदाता शिक्षा र सूचना सम्प्रेषण पद्धती व्यापक र प्रभावकारी हुनुपर्ने देखिन्छ।

मतपत्रमा उम्मेदवार भएको चिन्ह मात्रै समावेश भएको हुँदा यसपटक पहिलेभन्दा बदर मतपत्रको प्रतिशत कम भएको देखिन्छ। टाढाबाट आउनुपर्ने अवस्थाका केही मतदाताले सवारी साधनको उपलब्धताको अभावका कारणले मतदानबाट वञ्चित भएको पाइयो। कतिपय मतदान केन्द्र आवतजावत गर्ने बाटो समेतका पूर्वाधारको अभाव रहेको पाइयो। काठमाडौ लगायत कतिपय जिल्लाका मतदान स्थानमा हालसम्म पनि अपाङ्गतामैत्री मतदान केन्द्रको व्यवस्था नभएको, कतिपय ठाउँमा मन्दिरमा मतदान केन्द्र रहेको, मतदातालाई स्वीच अफ गरेर समेत मतदान स्थलभित्र साथमा लैजान मोबाइल  नदिएको र सूचना समेत नपाइएकोमा असन्तुष्टि रहेको देखिएकोमा पर्यवेक्षकहरुले आग्रह गरेपछि सूचना टाँसिएको थियो। त्रिज्योती मा.वि. कपन, काठमाडौ र नवलपरासीको कावासोती लगायत केही क्षेत्रहरुमा पर्यवेक्षकहरुलाई समेत प्रवेश गर्न अवरोध गरिएको थियो भने टाढाबाट पनि फोटो खिच्न अनुमति दिइएको थिएन।

केन्द्रसम्म मतदान गर्न आएका मतदाताहरु विविध कारणले गर्दा (जस्तो परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात नभएको, परिचयपत्र भएको तर अर्को मतदान केन्द्रमा नाम भएको हुँदा हिंडरै जान सम्भव नभएको र मतदाता परिचयपत्र भएको तर मतदाता नामावलीमा नाम नभएको) मतै नखसाली फर्कनु परेको पनि अवस्था कतिपय मतदान केन्द्रहरुमा पाइयो। परिचयपत्र र मतदाता सूचीको बीच पनि ध्यान दिनुपर्ने देखियो। परिचयपत्र सम्बन्धी व्यवस्थालाई व्यवस्थित, त्रुटिरहित, विश्वसनीय र उपयोगी बनाउनु पर्ने देखियो। यसपटक पर्यवेक्षकहरुलाई परिचयपत्रको आधारमा नै यातायातको व्यवस्था गरी सहज अवस्था आयोगले श्रृजना गरेको हुँदा पर्यवेक्षण गर्न भने सहज भएको थियो।

सामान्यरुपमा निर्वाचन आचार संहिताको पालना गर्ने नै प्रवृत्ति देखिएकोले सन्तोषजनक नै रहेको पाइयो। केही स्थानमा आचार संहिता उलंघनका संकेतहरु देखिएकोले तत्काल प्रभावकारी कारवाहीको आवश्यकता महसुस भएको थियो। निर्वाचन प्रक्रिया र व्यवस्थापन विगतभन्दा सुधार गरिएको, सहज, सुविधायुक्त, शान्तिमय र स्वीकारयोग्य हुँदै गएकाले लोकतन्त्रलाई परिपक्व र सुदृढ बनाउनमा यसले महत्वपूर्ण योगदान दिन सक्ने निष्कर्ष  जियोकको छ। उम्मेदवारी दर्तादेखि मौन अवधि शुरु हुनु अघिसम्मको अवधिमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन स्वतन्त्र, निस्पक्ष र शान्तिपूर्ण हुने देखिए पनि निर्वाचनको दिन भने केही सामान्य झडपहरु भएका थिए। नवलपरासी, बाजुरा, दोलखा, गुल्मी र सुर्खेत जिल्लाका १२ स्थानहरुमा मतदान रद्द गरी पुनः निर्वाचन गर्ने अवस्था श्रृजना भएको थियो।

निर्वाचन आयोगको विवरण अनुसार करिब ६१ प्रतिशत मतदान भएको छ। यस निर्वाचनमा निर्वाचन आयोगले निर्वाचन खर्चको सीमा तोक्दै भड्किलो निर्वाचन हुन नदिने प्रयत्न गरेको देखिएको छ। आयोगको आचार संहिताका कारण दलीय झण्डा तथा चुनाव अङ्कित तोरण कतै झुण्ड्याएको पाइएन। कहीं कतै आँखा छल्दै राति पम्पलेट टाँसेको पाइयो। तर, दिउँसो त्यस्ता पम्पलेट हटाइएको देखिन्छ। उम्मेदवार दर्ता र मतदान बीच प्रचार–प्रसारका निम्ति जम्मा १५ दिनको छोटो अवधि भएका कारण दलहरूको चुनाव खर्चलाई घटाएको देखिन्छ। सुरक्षाका चारै निकायबीच राम्रो समन्वय भएको पर्यवेक्षणबाट देखिएको थियो। तराई क्षेत्रमा ३० मिनेटभित्र जुनसुकै निर्वाचन क्षेत्रमा प्रहरी, सेना पुग्न सक्ने गरी व्यवस्था भएको पाइयो। सुरक्षा संवेदनशीलता विश्लेषण गरी चारैवटा सुरक्षा निकाय, मोबाइल गस्ती, स्ट्राइकिङ फोर्स, रिजर्भड फोर्स तथा र्‍यापिड रेस्क्यु टिम परिचालन गर्ने योजनासहित मजबूत सुरक्षा प्रदान गर्ने योजना देखिएको थियो। तर, एकैपटक सबै स्थानहरुमा निर्वाचन गर्नु परेकाले तयारीको अपर्याप्तता भने देखियो। कतिपय झडप भएका ठाउँहरुमा सुरक्षा व्यवस्थापन गर्न हम्मे परेको अवस्था देखियो।

## २. मतदानस्थल तथा मतदान केन्द्रको प्रबन्ध र व्यवस्थापन

निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न निर्वाचन आयोगलाई न्यूनतम् चार महिनाको समय आवश्यक पर्ने भए तापनि यसपटक निर्वाचन आयोगको सिफारिस बमोजिम समयमा नै नेपाल सरकारले मिति तोकेको हुँदा तयारी गर्न प्रयाप्त समय मिलेको थियो। निर्वाचन



आयोगबाट निर्वाचनका लागि आवश्यक सामग्रीहरुको बन्दोबस्त र ढुवानीका सम्पूर्ण काम समयमै पूरा गर्न सवल भएको थियो । उम्मेदवार मनोनयनपछि निर्वाचन चिन्ह प्रदान र मतपत्र छपाईको कार्य समयमा शुरु भएको थियो। यस पटक निर्वाचन आयोगले मतदान केन्द्रहरु तय गर्दा निर्वाचन पर्यवेक्षण संस्थाहरुले दिएको सुझावको आधारमा र निर्वाचन कर्मचारीहरुको सुझावको आधारमा स्थापना गरेकोले विगतमा भन्दा सहज भएको जानकारी प्राप्त भएको छ । निर्वाचन आयोगले महिलाहरुको अनुरोध अनुसार मन्दिरहरुमा मतदान केन्द्र नराख्ने निर्णय गर्दा–गर्दै पनि विविध कारणले केही स्थानहरुमा मतदान केन्द्र रहन गएको निर्वाचन आयोगबाट जानकारी प्राप्त भएको छ।

मतदानलाई सरल र मतदाता–मैत्री बनाउन मतदान केन्द्रभित्र आवश्यक संकेतहरू, महिला र पुरुषकालागि अलग–अलग लाइनका लागि गरिएको व्यवस्था समग्रमा उपयुक्त रहेको पाइएको छ। तथापि, कतिपय मतदान केन्द्रमा भऱ्याङ्ग चढ्नु पर्ने र अग्लो स्थानमा राखेकोले अपाङ्गमैत्री मतदान केन्द्र थिएनन् । कतिपय स्थानमा मतदान केन्द्र मन्दिरमा राखेको, कतै स्वास्थ्य चौकीमा मतदान केन्द्र राखिएको थियो ।  उपत्यका र सहरी क्षेत्रमा मतदान केन्द्र एक वा सोभन्दा बढी केन्द्रहरु एउटै स्थानमा राख्दा कर्मचारीहरु र मतदाताहरु व्यवस्थित गर्न असहज भएको पनि पाइयो ।

यसपटक निर्वाचनमा अधिकांश कर्मचारी, शिक्षक, सुरक्षाकमी र म्यादी प्रहरीहरु परिचालन गरिएको थियो । मतदानकेन्द्रमा खटिएका शिक्षक र अन्य कर्मचारी वीच भत्तामा विभेद गरिएको भनेर आवाज उठेकोले धादिङ जिल्लामा शिक्षक सङ्घ संगठनले त्यस प्रकारको विभेदको विरोधमा विज्ञप्ती नै प्रकाशित गरेको थियो । निर्वाचन आयोगले विगतको निर्वाचनमा भन्दा यस निर्वाचनमा मतदान केन्द्रको लागि बढी रकम व्यवस्था गरे तापनि केही स्थानमा निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीबाट कम बजेट, कम सुविधा, कम कर्मचारी र धेरै दुःख खेप्नु परेका गुनासाहरु समेत प्राप्त भएका छन्। निर्वाचन खर्च व्यवस्थापन वडा र मतदाता संख्याको आधारमा नभइ सबैजसो स्थानहरुका लागि समान रकम उपलब्ध गराइएको थियो। अधिकांश ठाउँहरुमा निर्वाचन आयोगले अपाङ्गमैत्री मतदानस्थलको व्यवस्था गर्न सकेको पाइएन।


## ३. आचार संहिताको पालना

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा आचारसंहिता विगतको तुलनामा धेरै पालना भए तापनि निर्वाचन आयोगले यस पटक पनि उजुरीहरु संकलन गरी कारवाही गरेको अवस्था देखिन्छ। उजुरी इमेल र अनलाइन प्रणालीमार्फत प्राप्त भएका थिए। यो अवधिमा निर्वाचन आयोगमा जम्मा ८२२ उजुरी परेको थियो जसमा केन्द्रमा १९९ र जिल्लामा ६३२ रहेको थियो । आयोगले ५३८ जनालाई स्पष्टीकरण सोधेको थियो। जसमा केन्द्रबाट१७५ जना र जिल्लाबाट ३६३ जना रहेको थियो। त्यसैगरी कारवाही गरेकोमा केन्द्रबाट१५२ जना र जिल्लाबाट ३६३ गरी जम्मा ५१५ जना रहेको थियो।

राजनीतिक दल तथा उम्मेदवारहरुले प्रचार–प्रसारका क्रममा आचार संहिता उल्लंघन गरेका विषयलाई आमसञ्चार माध्यमले तथ्यसहित प्रस्तुत गरेपछि निर्वाचन आयोगलाई कारबाही गर्न सजिलो तुल्याएको पाइएको छ। विगतमा निर्वाचन प्रचार–प्रसारमा बृहत् आमसभा, तुल, तोरण, पर्चा–पम्पलेट, भित्ते लेखन बढी थियो भने निर्वाचन आयोगको आचार संहिताकै कारण त्यस्ता भड्किला क्रियाकलापहरु यसपटक देखा परेनन्। दल तथा उम्मेदवारहरु बढी मात्रामा घर–दैलो अभियानमा सक्रिय भएका थिए भने आमसञ्चारले उम्मेदवारका घर–दैलो कार्यक्रमलाई समाचारका विषयवस्तु बनाएका थिए।

कसैले निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुस्प्रचार गर्ने, अपमान गर्ने, मिथ्या सूचना, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्ने जस्ता भ्रामक टीकाटिप्पणी इन्टरनेट वा टेलिभिजनमा सम्प्रेषण गर्न नहुने र त्यस्तो टीकाटिप्पणी सम्प्रेषण भएमा इन्टरनेट सेवा प्रदायक वा केवल टेलिभिजन वितरकले त्यस्ता सूचना वा अभिव्यक्ति हटाउनुपर्ने गरी मिडिया काउन्सिल र निर्वाचन आयोग दुवैले कडाई गरेका थिए।

निर्वाचन आयोगमा परेका उजुरी र कारवाहीको विवरण देहाय बमोजिम रहेको छः




निर्वाचनको दिन भएका आचारसंहिता उल्लंघनका केही घटनाहरुको वृत्तान्त यस प्रकार रहेका छन्:

- रौतहट जिल्लाको क्षेत्र नं. १ का उम्मेदवार श्री माधव कुमार नेपालले मतदातालाई फ्रि भिसा फ्रि टिकटमा युवाहरुलाई पठाईदिने भनी प्रलोभनमा पारी अभिव्यक्ति दिएकोमा निर्वाचन आयोगले जिल्ला प्रहरी कार्यालय रौतहटलाई अनुसन्धान गर्नका लागि लेखि पठाएको,
- सामाजिक सञ्जालमार्फत श्री राजिव गुरुङ, मन्त्री युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश ले निर्वाचन आयोगले ३३ लाख, ३० लाख भन्दा बढी खर्च गर्नु हुदैन भनेको छ। ३० लाखमा नेपालमा चुनाव जित्छ यार मनाङमा एक दिन नोमिनेसन गर्न जादा १५ लाखको त रक्सी खाईदिन्छनञ्ञ भन्ने अभिव्यक्ति दिएकोमा निर्वाचन आयोगले निर्वाचन आचार संहिता उलंघन गरेको भनेर रु २५,००० जरिवाना गरेको,
- श्री गोकुल वस्ती, अधिकृत, सातौ, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, लाई राजनीतिक दलको गतिविधि तथा प्रचार-प्रसारमा संलग्न भएकोमा विभागीय कारवाही गरी सोको जानकारी गराउन आयोगलाई गराउन सो केन्द्रलाई पत्र लेखी पठाउने निर्णय गरेको, र
- बारा जिल्लाको पचरौता नगरपालिकाको तलब र प्रशासनिक खर्च बाहेक अन्य रकम निकासा नगर्न कोष तथा लेखा नियन्त्रण कार्यालय कलैयालाई पत्र लेख्ने निर्णय भएको आदि रहेका छन्।

निर्वाचन आयोगले निर्वाचनको समयमा आचार संहिता उल्लघंनका सन्दर्भमा कारवाही गरेका केही वृत्तान्तहरु यस प्रकार रहेका छन्ः

१. २०७९ कातिक ३० गते लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका प्रदेशसभाको प्रत्यक्षतर्फका उम्मेदवार श्री सन्तोषकुमार मेहताले बहुविवाह सम्बन्धी कसुरमा कैद सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले ३ वर्ष पूरा नभएको हुनाले नीजको उम्मेदवारी प्रदेशसभा सदस्यको लागि अयोग्य ठहरिने घोषणा गरेको,[१०]

२. बुथ कब्जा र निर्वाचनमा धाधली भएको भन्दै निर्वाचन आयोगमा उजुरी परेपछि निर्वाचन आयोगले निर्वाचन आयोगका सहसचिव श्री यज्ञप्रसाद भटराईको संयोजकत्वमा गुरु वाग्ले र मनराज जोशी दोलखा आएर सरोकारवाला निकायसँग सोधपुछ गर्ने कार्य शुरु गरेको, उक्त जिल्लामा अर्को निर्देशन नआएसम्म मतगणना कार्य रोक्न निर्देशन दिएको र दोलखा जिल्लाको ५ स्थानमा पुनः मतदान गर्न माग गर्दै नेकपा (एमाले)ले निर्वाचन आयोगमा उजुरी दिएकोमा आवश्यक छलफल गराई निर्णय गरेको,[११]

३. गण्डकी प्रदेश सभा सदस्य मनाङ (ख) का उम्मेदवार, एवं गण्डकी प्रदेशका युवा तथा खेलकूद मन्त्री राजिव गुरुङले निर्वाचन आचारसंहिता प्रतिकूल हुने गरी निर्वाचन खर्च सम्बन्धमा व्यक्त गरेको ३० लाखमा नेपालमा चुनाव जित्न सकिन्छ र ? मनाङमा एक दिन नोमिनेसन गर्न जाँदा १५ लाखको त रक्सी नै खाइदिन्छू भन्ने अभिव्यक्ति दिएको भन्दै आयोगले रु. २५ हजार रुपैयाँ जरिवाना गरेको,[१२]

४. बारा जिल्ला क्षेत्र नं. ४ मा प्रतिनिधिसभा सदस्यका लागि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का उम्मेदवार श्री कृष्णकुमार श्रेष्ठ र सोही जिल्लाको क्षेत्र नं. ४ (ख) को प्रदेश सभा सदस्यका लागि लोकतान्त्रिक समाजवादी पार्टीका उम्मेदवार श्री जितेन्द्र सोनललाई निर्वाचनको मौन अवधि शुरु भइसकेको अवस्थामा प्रचारप्रसार जारी राखेको भन्दै आयोगले स्पष्टीकरण सोधेको,[१३]

५. प्यूठान जिल्लाबाट नेकपा एमालेका तर्फबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार श्री सूर्य बहादुर थापा, श्री मीनबहादुर बुढा (भेलुबाजे) लाई रु. दुई हजार दिई आफ्नो निर्वाचन प्रचारप्रसार गराएको भन्ने व्यहोराको समाचार प्रकाशन भएको प्रति आयोगको ध्यानाकर्षण भई स्पष्टीकरण सोधिएको,[१४]

६. त्रिवेणी नगरपालिका–७ दम्थास्थित केन्द्रमा मतदान सकिनै लाग्दा प्रहरीले चलाएको गोली लागेर स्थानीय करिब २५ वर्षीय सञ्जीव अयडीको मृत्यु भएको, त्यहाँ भएको झडपमा एक प्रहरीसहित तीन जना घाइते भएको, प्रहरीले गोली चलाउनुको स्पष्ट कारण नखुलेपनि केही व्यक्तिले मतपेटिका खोस्न खोज्दा प्रहरीले गोली चलाएको दाबी गरिएको,

७. बाजुरा जिल्लाको प्रदेश निर्वाचन क्षेत्र (१) अन्तर्गत पर्ने स्वामीकार्तिक–१ स्थित मतदानस्थलको (क) केन्द्रमा अपरान्हतिर प्रदेश समानुपातिक मतपेटिकामा आगजनी भयो। आगलागीको कारण थाहा हुन नसकेको मतदान अधिकृत श्री रामकुमार यादवले बताए। कूल ८ सय ४० मतदाता रहेको त्यस केन्द्रमा ५ सय २८ मत खसेको थियो। सर्वदलीय समझदारीमा त्यहाँको मतदानलाई निरन्तरता दिइएको थियो। जिल्ला निर्वाचन कार्यालय प्रमुख अवस्थीका अनुसार बुढीनन्दा–५ छातीकोटस्थित मतदानस्थलको मतदान स्थगित गरिएको छ। छातीकोटमा कांग्रेस र एमाले कार्यकर्ताबीच झडपपछि मतदान अवरुद्ध भएको,[१५] आदि।

---

[१०] https://election.gov.np/admin/public//storage/HoR/Press%20release/7-30.jpg

[११] https://edainikkhabar.com/news-detail/1686?fbclid=IwAR1eDUfFKEPryy-lnwVnSNPozUdSHg4klQEd0h2Ye7g2SdtK07U4q0DLfrk

[१२] https://ebulletin.election.gov.np/2022/11/1795/

[१३] https://ebulletin.election.gov.np/2022/11/1789/

[१४] https://ebulletin.election.gov.np/2022/11/1778/

[१५] https://ekantipur.com/federal-provincial-election-2079/2022/11/21/166898136384414318.html

## ४. मतदाताहरुको मनस्थिति

दलीय गठबन्धनको कारण मतदातामा अन्यौलता बढेको, राजनीतिक दलले मतदाताहरुलाई मतदान प्रक्रियामा जानकारी नगरेको गुनासो मतदातामा भेटिन्थ्यो। पर्याप्त मतदाता शिक्षा दिन नसक्दा गठबन्धन संस्कृति र कतिपय अवस्थामा ४ वटा मतपत्रमध्ये अलग–अलग चिन्हमा मत दिनुपर्ने अवस्थाका कारण मतदाताहरू अलमलमा पर्ने सम्भावना देखिएको छ।

विभिन्न स्थानमा दलीय गठबन्धन अप्राकृतिक भएको, अर्को दलको उम्मेदवारलाई मतदान गर्नुभन्दा अन्य विकल्पहरु सोंच्नुपर्ने बाध्यता रहेको, राजनीतिक दलहरुले युवा उम्मेदवार भन्दा अधिकांश निर्वाचन क्षेत्रको लागि पुरानै नेतृत्वलाई टिकट दिएको, महिला उम्मेदवारको संख्या अत्यन्तै न्यून रहेको, अन्य जात, जाति, क्षेत्र, वर्गका व्यक्तित्वलाई अवसर नदिइएको, राजनीतिक दल भित्रैबाट आफ्नो दलका उम्मेदवारहरुप्रति अर्न्तघात गरिएको जस्ता प्रतिकृयाहरु प्राप्त भएका छन्।

## ५. राजनीतिक दलहरुको गठबन्धनको कारणले निर्वाचनमा परेको प्रभाव

राजनीतिक दलहरूको गठबन्धनप्रति सकारात्मक तथा नकारात्मक दुवै किसिमका विचारहरू मतदातामा रहेको पाइएको छ। सवल सरकार निर्माण, सवैधानिक व्यवस्थाको परिपालना तथा विकासमा यसले सकारात्मक तथा गुणात्मक भूमिका खेल्छ भन्ने अवधारणा एकातर्फ रहेको छ। अर्कातिर जसरी पनि सरकारमा पुग्ने उद्देश्य रहेको, चित्त बुझे पनि नबुझे पनि अर्को दलको निर्वाचन चिन्हमा मतदान गर्नुपर्ने बाध्यात्मक स्थिति श्रृजना भएको जस्ता प्रतिकृयाहरू प्राप्त भएका छन्।

गठबन्धनका कारण निर्वाचनमा देखिन सक्ने ध्रुवीकरण तथा दलगत द्वन्द्वको स्थितिमा कमी आएको छ। शान्ति–सुरक्षा मजबुत हुँदै गएको, सहिष्णुता बढेको देखिएको छ। श्रोत र साधनको व्यापक प्रयोगको सट्टा सीमित श्रोत र साधनको प्रयोगले खर्चमा कटौती भइ मितव्ययिता देखिएको जस्ता सकारात्मक अवस्थाको श्रृजना पनि भएको छ। निर्वाचनमा अप्राकृतिक गठबन्धनले गर्दा कुनै दलको अध्यक्षले अर्को दलको चिन्हबाट चुनाव लड्ने र आफ्नो दलको उम्मेदवारहरुले चाहे त्यही दलको चिन्हबाट निर्वाचनमा जाँदा धेरै अन्यौलमा आएको देखिन्छ।


केही ठाउँमा नेता र कार्यकर्तामा असन्तुष्टि देखापरेको छ। केही निर्वाचन क्षेत्रका असन्तुष्ट नेता कार्यकर्ताहरूले पार्टी परित्याग गरी स्वतन्त्र उम्मेदवारी समेत दिएको पाइएको छ। त्यसैगरी सिद्धान्तहीन गठबन्धन भन्ने जनमानसमा परेको, कसको कति राजनीतिक शक्ति छ भन्ने थाहा नहुने अवस्था सिर्जना भएको, निर्वाचनमा गठबन्धनका दलहरू मिलेपनि मतदाताहरू झुक्किएर मत बदर धेरै हुन सक्ने सम्भावना रहेको र मतदातामा उत्साहको कमी भएको जस्ता नकारात्मक टिप्पणीहरू समेत भएको पर्यवेक्षणबाट जानकारी पाइएको छ।

## ६. राजनीतिक दलका कार्यकर्ताको मतदान सम्बन्धी धारणा

मुलुकका सातवटै प्रदेश समेट्ने गरी जम्मा ६ वटा प्रश्नहरुमा केन्द्रित रहेर निर्वाचनका सम्बन्धमा राजनीतिक दलका नेता तथा कार्यकर्तालाई प्रश्न सोधिएको थियो। जम्मा ३,०७३ जना व्यक्तिलाई प्रश्न सोधिएकोमा नेकपा (एमाले) का ७७५ जना, नेपाली कांग्रेसका ६८२ जना, नेकपा (माओवादी केन्द्र) का ३७४ जना, राष्ट्रिय स्वतन्त्र पार्टीका २३८ जना, राष्ट्रिय प्रजातन्त्र पार्टीका ३३४ जना, जनता समाजवादी पार्टीका ४० जना, जनमत पार्टीका ७४ जना र अन्य दलका ५५६ जनालाई प्रश्नहरु सोधिएको थियो। उक्त अन्तर्वार्तामा प्रदेश नं. १ बाट १२.६%, मधेश प्रदेशबाट ८.८%, बागमती प्रदेशबाट ४३.५%, गण्डकी प्रदेशबाट १२.५%, लुम्बिनी प्रदेशबाट ११%, कर्णाली प्रदेशबाट ५.२% र सुदुरपश्चिम प्रदेशबाट ६.३% उत्तरदाताहरु सहभागी भएका थिए। यस अन्तर्गत गाउँपालिकाबाट १,०३० जना (३३.५%) र नगरपालिकाबाट २,०४३ जना (६६.५% उत्तरदाताहरु छनौट गरिएको थियो भने महिला १,११० जना (३६.१%) र पुरुष १,९६३ जना (६३.९%) रहेका छन्।

राजनीतिक दलका प्रतिनिधिहरुलाई सोधिएको पहिलो प्रश्न अन्तर्गत "तपाईको विचारमा यो निर्वाचन निस्पक्ष, स्वतन्त्र र भयसहित भएको छ वा छैन भन्ने प्रश्नमा २,७५२ जना अर्थात् ८९.६% उत्तरदाताले निर्वाचन निस्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको उत्तर दिएका छन् भने ३२१ जना अर्थात् १०.४% उत्तरदाताले निर्वाचन निस्पक्ष र भयरहित वातावरणमा सम्पन्न नभएको उत्तर दिएका छन्।

**निर्वाचन निष्पक्ष र भयरहित भएको र नभएको सन्दर्भमा राजनैतिक दलका प्रतिनिधिहरूको जवाफ**




त्यसैगरी निर्वाचन निस्पक्ष र भयरहित वातावरणमा नहुनुका कारण सम्बन्धमा सोधिएको दोश्रो प्रश्नमा १९५ जना अर्थात् ६०.७% उत्तरदाताले निर्वाचनको प्रसार–प्रसारमा आचार संहिताको पालना नभएको, २१३ जना (६४.४%) ले सीमा भन्दा बढी रकम खर्च भएको, २९ जना (९%) ले मतदाताको असुरक्षा भएको, ११७ जना (३६.४%) ले उम्मेदवारवीच अस्वस्थ प्रतिस्पर्धा भएको, २४ जना (७.५%) ले निर्वाचनमा वहिस्कारको प्रभाव परेको र ३२ जना (१०%) ले सुरक्षा व्यवस्थामा निस्पक्षताको अभाव रहेको उत्तर दिएका छन्।

निर्वाचनमा खटिएका कर्मचारीहरूको व्यवहार तपाईहरू प्रति कस्तो रह्यो ? भन्ने अर्को प्रश्नमा २,३८४ जना अर्थात् ७७.६% ले सहयोगी व्यवहार रहेको, ६९ जना (२.२%) ले पक्षपातपूर्ण व्यवहार भएको उत्तर दिएका छन् भने ६२० जना (२०.२%) ले ठिकै रहेको प्रतिकृयाहरु दिएका छन्। निर्वाचन सुरक्षा कत्तिको प्रभावकारी रह्यो भनी सोधिएको चौथो प्रश्नमा १,३०१ जना (४२.३%) ले अत्यन्त प्रभावकारी रहेको, १,१८५ जना (३८.६%) ले प्रभावकारी रहेको प्रतिकृया दिएका छन् भने ५८७ जना (१९.०१%) ले ठिकै रहेको प्रतिकृया दिएका छन्। त्यसैगरी पर्यवेक्षकहरूबाट आचार संहिता पालना कस्तो रह्यो भनी सोधिएको अन्तिम तथा पाँचौं प्रश्नमा ३,०१३ जना अर्थात् ९८% ले अत्यन्त सन्तोषजनक रहेको प्रतिकृया दिएका छन् भने ६० जना अर्थात् २% उत्तरदाताले सन्तोषजनक नभएको प्रतिकृया दिएका छन्।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा राजनीतिक दलका प्रतिनिधिहरु यस निर्वाचनबाट आमरुपमा सन्तुष्ट भएका देखिन्छन्।

# ७. आम निर्वाचनमा पर्यवेक्षकको धारणा

प्रतिनिधि सभा र प्रदेश सभाको लागि निर्वाचनका सम्बन्धमा पर्यवेक्षकहरु स्वयंलाई समेत जम्मा ३४ वटा प्रश्नमा आधारित रहेर मत सर्वेक्षण गरिएको थियो । जम्मा ३१५ जना उत्तरदाताहरुलाई सोधिएको प्रश्नमा गाउँपालिकाबाट १०३ जना र नगरपालिकाबाट २१२ जनाबाट प्रतिकृयाहरु लिइएको छ । के मतदान केन्द्र जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत विशेष आवश्यकता भएका मतदाताहरूका लागि पायक पर्ने थियो ? भन्ने पहिलो प्रश्नमा २७७ जना (८७.९%) ले थियो भन्ने जवाफ दिएका छन् भने ३८ जना (१२.१%) ले थिएन भन्ने जवाफ दिएका छन् । के मतदान केन्द्रमा मतदान गर्न सजिलो हुनेगरी आवश्यक सङ्केतहरू राखिएका थिए ? भन्ने दोश्रो प्रश्नमा २९७ (९४.३%) ले थियो भन्ने प्रतिकृया दिएका छन् भने १८ जना (५.७%) ले थिएन भन्ने प्रकृया दिएका छन् । के निर्वाचनस्थलको ३०० मिटरभित्र कुनै उम्मेदवारको पोस्टर, तुल तथा अन्य प्रचारप्रसार सामग्री हटाइसकिएको थियो ? भन्ने तेस्रो प्रश्नको जवाफमा २१५ जना (६८.३%) बाट थियो भन्ने प्रतिकृया प्राप्त भएको छ भने १०० जना (३१.७%) बाट थिएन भन्ने प्रतिकृया प्राप्त भएको छ ।

त्यसैगरी के महिला र पुरुष मतदाताका लागि अलग–अलग लाइनको व्यवस्था गरिएको थियो ? भन्ने चौथो प्रश्नमा ३०६ जना (९७.१%) बाट थियो भन्ने प्रतिकृयाहरु प्राप्त भएका छन् भने ९ जना अर्थात् २.९% उत्तरदाताबाट थिएन भन्ने प्रतिकृयाहरु प्राप्त भएका छन् । के निर्वाचन केन्द्रको सुरक्षा व्यवस्था राम्रो थियो ? भनी सोधिएको पाँचौं प्रश्नमा ३११ जना (९८.७%) ले सकारात्मक उत्तर दिएका छन् भने ४ जना (१.३%) ले नभएको प्रतिकृया दिएका छन् । के तपाईंलाई निर्वाचनस्थलभित्र प्रवेश गर्न कुनै कठिनाई भयो ? भनी सोधिएको छैंठौं प्रश्नमा २८१ जना (८९.२%) ले कठिनाई नभएको प्रतिकृया दिएका छन् भने ३४ जना (१०.८%) ले सुरुमा रोक लगाइएको र पछि प्रवेश दिइएको प्रतिकृयाहरु दिएका छन् । के मतदान शुरु गर्नुअघि रित्तो मतपेटिका देखाइएको थियो ? भन्ने सातौं प्रश्नमा ३१० जना (९८.४%) उत्तरदाताले थियो भन्ने प्रतिकृया दिएका छन् भने ५ जना (१.६%) उत्तरदाताले नदेखाइएको प्रतिकृया दिएका छन् । के मतपेटिका सिलबन्दी गरिएको थियो? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९८.१% उत्तरदाताले थियो भन्ने प्रतिकृया दिएका छन् भने १.९% ले थिएन भन्ने प्रतिकृया दिएका छन् । के निर्वाचनस्थलमा आवश्यक निर्वाचन सामग्री पर्याप्त थियो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९८.७% उत्तरदाताले थियो भन्ने प्रतिकृया दिएका छन् भने १.३% उत्तरदाताले थिएन भन्ने उत्तर दिएका छन् । के मतपत्रको जम्मा संख्या जानकारी गराइयो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९३.७% उत्तरदाताले थियो भन्ने प्रतिकृया दिएका छन् भने ६.३% उत्तरदाताले थिएन भन्ने प्रतिकृया दिएका छन् ।

मतदान कतिबजे सुरु भयो भनी सोधिएको प्रश्नको जवाफमा ८४.४% उत्तरदाताले बिहान ०७:०० देखि ०७:१५ बजे सुरु भएको प्रतिकृया दिएका छन् भने १३% उत्तरदाताले ०७:१६ देखि ०८:०० बजे सुरु भएको र २.५% ले ०८:०० बजे पछिमात्र सुरु भएको प्रतिकृया दिएका छन् । के अपाङ्ग, आँखा नदेख्ने, शारीरिकरूपमा अशक्तले मतदान गर्न प्राथमिकता पाए ? भनी सोधिएको अर्को प्रश्नमा ९९% ले पाएको जवाफ दिएका छन् भने १% ले नपाएको प्रतिकृया दिएका छन् । के मतदातालाई मतपत्र दिनासाथ औंलामा मसी लगाइएको थियो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९९.४% ले लगाइएको र ०.६% ले नलगाइएको प्रतिकृया दिएका छन् । के मतदान गर्दा गोप्य तवरले छाप लगाउने व्यवस्था राम्रो थियो ? भनी सोधिएको अर्को प्रश्नमा सबैले सकारात्मक जवाफ दिएका छन् । के कुनै अनधिकृत व्यक्ति मतदान केन्द्रभित्र देखिएका थिए ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ८.६% ले थिए भन्ने प्रतिकृया दिएका छन् भने ९१.४% ले थिएनन भन्ने प्रतिकृया दिएका छन् । के कुनै मतदाताले एकभन्दा बढी पटक मतदान गरेको थियो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ४.८% ले थिए भन्ने प्रतिकृया दिएका छन् भने ९५.२% ले थिएनन भन्ने प्रतिकृया दिएका छन् । के तपाईको मतदान केन्द्र कुनै एक दलको नियन्त्रणमा रहेको थियो ? भनी सोधिएको प्रश्नको जवाफमा ०.६% ले थियो र ९९.४% ले थिएन भन्ने प्रतिकृया दिएका छन् । कुनै कारणले के मतदान केन्द्र मतदान भइरहेको समयमा बन्द भएको थियो ? भन्ने प्रश्नमा २.९% ले थियो र ९७.१% ले थिएन भन्ने प्रतिकृया दिएका छन् ।

मतदानकै क्रममा के कुनै घटना भएको थियो ? भनी सोधिएको प्रश्नको जवाफमा १.३% ले थियो र ९८.७% ले थिएन भन्ने प्रतिकृया दिएका छन्। मतदाता सूचीमा नाम भएका कति जनाले मतदान गर्न पाएनन् ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ८०% ले सबैले पाएको, ७% ले १ देखि १०० जनाले नपाएको र १३% ले १०० भन्दा बढीले नपाएको प्रतिकृया दिएका छन्। के मतदाता सूचीमा नाम नभएका व्यक्तिले मतदान गरे ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा २.९% ले गरेको र ९७.१% ले नगरेको प्रतिकृया दिएका छन्। के कुनै मतदाता आफ्नो मत खसाल्न मतदान केन्द्रमा आउँदा अर्कै व्यक्तिले मत खसालेको पाइयो ? भनी सोधिएको प्रश्नको जवाफमा १.९% ले पाइएको र ९८.१% नपाइएको प्रतिकृया दिएका छन्। मतदान सञ्चालन गराउन तपाईलाई कत्तिको सजिलो भयो? भनी सोधिएको प्रश्नको जवाफमा ९८.१% ले सजिलो भएको र १.९% कठिन भएको प्रतिकृया दिएका छन्। यदि सजिलो भएन भने, के–के कारणले भएन ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ३३.३% ले सुरक्षाकर्मीको संख्या अपर्याप्तता, ६६.७% ले कर्मचारीको संख्या अपर्याप्तता, १६.७% ले कर्मचारीमा प्रशिक्षणको कमीका कारण, १६.७% ले मतदातामा निर्वाचन प्रणालीबारे जानकारीको कमीका कारण र ३३.३% ले मतदान केन्द्रको व्यवस्थापन खर्चको कमीका कारण भनी प्रतिकृया दिएका छन्।

निर्वाचनमा राजनीतिक दलहरूबाट कस्तो किसिमको सहयोग पाउनु भयो ? भनी सोधिएको प्रश्नको जवाफमा ९०.५% ले सर्वदलीय संरचनाबाट सकारात्मक तथा रचनात्मक भूमिका निर्वाह भएको, ४१.३% ले आम मतदातालाई मतदानमा सहभागिता गराएर र १.६% ले सहयोग नभएको /चासो नराखेको भन्ने प्रतिकृया दिएका छन्। पर्यवेक्षकहरूबाट आचार संहिता पालना कस्तो रह्यो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९९% ले राम्रो रहेको र १% ले सन्तोषजनक नरहेको प्रतिकृया दिएका छन्। के मतदाताहरू ५ बजेपछि पनि लाइनमा थिए ? भनी सोधिएको प्रश्नको जवाफमा १९.४% ले थिए भन्ने प्रतिकृया दिएका छन् भने ८०.६% ले थिएनन् भन्ने प्रतिकृया दिएका छन्। थिए भने त्यस्ता मतदातालाई मतदान गर्न दिइएको थियो ? भनी सोधिएको पूरक प्रश्नको जवाफमा ९१.८% ले थियो र ८.२% ले थिएन भन्ने प्रतिकृया दिएका छन्। मतदान केन्द्र कति बजे बन्द भएको थियो ? भनी सोधिएको प्रश्नको जवाफमा ९४.३% ले १७:०१ देखि १७:३० बजे भित्र भनी जवाफ दिएका छन् भने ५.७% ले १७:३० पछि बन्द भएको जवाफ दिएका छन्। के मतपेटिका राम्ररी सीलबन्दी गरिएको थियो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा सबैले राम्ररी सीलबन्दी गरिएको प्रतिकृया दिएका छन्। के मतपेटिका बन्द गर्दा मतपत्र खसाल्ने प्वालमा सुरक्षित सील लगाई मुचुल्का खडा गरिएको थियो ? भनी सोधिएको अर्को प्रश्नको जवाफ समेत सतप्रतिशत सिल लगाएको पाइएको छ।

के प्रयोग नभएका मतपत्रहरू गनेर छुट्टै खाममा सीलबन्दी गरिएको थियो ? भनी सोधिएको प्रश्नको जवाफमा ९९% ले थियो र १% ले थिएन भन्ने प्रतिकृया दिएका छन्। के बिग्रिएका मतपत्रको संख्या रेकर्ड गरिएको थियो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ८८.३% ले थियो र ११.७% ले थिएन भन्ने प्रतिकृया दिएका छन्। के उम्मेदवारका प्रतिनिधिहरू ढुवानी गरिएका मतपेटिका साथ छुट्टै गाडीमा जान पाएका थिए ? भनी सोधिएको अन्तिम प्रश्नको जवाफमा ९२.१% उत्तरदाताले जान पाएको प्रतिकृया दिएका छन् भने ७.९% ले नपाएको प्रतिकृया दिएका छन्।

माथिको तथ्याङ्कको विश्लेषण गर्दा समग्रमा निर्वाचन कार्यक्रम कानून सम्मत रुपमा सम्पन्न भएको, तुलनात्मक रुपमा केही कानूनी प्रक्रिया पूरा नभएको, सुरक्षा व्यवस्था राम्रो रहेको, निर्वाचन प्रकृयामा निर्वाचनका कर्मचारीहरुले कानून बमोजिम नै काम गरेको पाइएको छ।

## ८. आम निर्वाचन सम्बन्धी मतदाताको धारणा

जियोकले सञ्चालन गरेको पर्यवेक्षणको सन्दर्भमा २६ वटा प्रश्नहरुमा केन्द्रित रहेर आम मतदाताको निम्ति प्रश्नावलीहरु तयार गरिएको थियो। जम्मा ६,३२१ जना उत्तरदाताहरुसँग प्रश्नावली केन्द्रित अर्न्तवार्ता सञ्चालन गरिएकोमा ४६.१% महिला, ५२.५% पुरुष र ०.६% अन्य उत्तरदाताहरु रहेका थिए। जातीय समूहका दृष्टिले २०.८% दलित समुदायबाट, ८% मधेशी समुदायबाट, ३५.३% आदिवासी, जनजाति समुदायबाट, ३४.५% खस आर्य (ब्राम्हण/क्षेत्री) समुदायबाट, ६.७% अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट र १.४% अन्य

समुदायबाट प्रतिनिधित्व रहेको छ। अर्न्तवार्ता लिने क्रममा गाउँपालिकाबाट १,०५८ अर्थात् ३०% र नगरपालिका बाट २,४६९ अर्थात् ७०% समेटिएको छ।

तपाईलाई मतदान केन्द्रसम्म आउन कति समय लाग्यो ? भनी सोधिएको पहिलो प्रश्नको जवाफमा २ घण्टा भन्दा कम समय लागेको प्रतिकृया ९५.८% ले दिएका छन् भने ४.२% ले २ घण्टा भन्दा बढी समय लागेको प्रतिकृया दिएका छन्। तपाईलाई मतदान केन्द्रसम्म आउन कुनै डर, त्रास वा बाधा अवरोध भयो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९८.३% ले नभएको र १.७% ले भएको प्रतिकृया दिएका छन्। यदि भयो भने के कस्ता डर, त्रास वा बाधा अवरोधको सामना गर्नुपयो ? भनी सोधिएको पूरक प्रश्नमा ४३.३% ले निर्वाचन वहिस्कारवादीले बाटो रोकेका कारण बताएका छन् भने ५६.७% ले भौतिक कारवाहीको धम्कि दिएका कारण बताएका छन्। त्यसैगरी मतदान गर्न बनाइएको लाइन व्यवस्था तपाईलाई कस्तो लाग्यो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९७.६% उत्तरदाताले राम्रो लागेको प्रतिकृया दिएका छन् भने २.४% उत्तरदाताले अव्यवस्थित लागेको प्रतिकृया दिएका छन्।

तपाई मतदान गर्न के कारण वा कस्ले भनेर आउनु भयो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा २५.८% ले सञ्चार माध्यमको प्रभावले गर्दा, ११.१% ले राजनीतिक दलको घोषणापत्रबाट प्रभावित भएर, १५.९% ले राजनीतिक दलका कार्यकर्ताले वा उम्मेदवारले भनेका कारणले, २२.८% ले परिवारका सदस्यले भनेर, ११.३% ले राजनीतिमा सकृय भएकोले, ६१.१% ले मतदान गर्नु आफ्नो अधिकार हो भन्ने जानकारी भएकोले र ०.३% ले थाहा भएन भन्ने प्रतिकृया दिएका छन्। तपाईलाई मतपत्रमा मत सङ्केत खोज्न कठिन भयो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९१.५% उत्तरदाताले भएन भन्ने प्रतिकृया दिएका छन् भने ८.५% उत्तरदाताले अलमल भएको प्रतिकृया दिएका छन्। तपाईले उम्मेदवार छनोट गर्दा कसैको सल्लाह लिनु भएको थियो? भनी सोधिएको अर्को प्रश्नको जवाफमा १५% ले उम्मेदवार, कार्यकर्ता, १३.८% ले परिवारको मुख्य सदस्य, २५.३% ले नातेदार वा छिमेकी र ६६.१% ले थिएन, आफै छनौट गरेको भन्ने प्रतिकृया दिएका छन्। तपाईले मत दिंदा के को आधारमा दिनुभयो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा २३.६% उत्तरदाताले दलमा आफू आबद्ध भएकोले, ३४.१% ले नीति तथा कार्यक्रम राम्रो भएकोले, ५९.४% ले स्वच्छ छवि भएको वा क्षमतावान् उम्मेदवार भएकोले, ६.५% ले स्वजाति भएकोले र १०.५% ले आफ्नो नातेदार वा साथीभाई भएकोले भन्ने प्रतिकृया दिएका छन्।

उम्मेदवारले आचार संहिता कत्तिको पालना गरे जस्तो लाग्छ ? भनी सोधिएको प्रश्नको जवाफमा ६३.३% ले पूर्ण पालना गरेको, ३४.८% ले आंशिकरुपमा मात्र पालना गरेको, १.७% ले व्यापक मात्रामा उल्लघंन गरेको र ०.२% ले थाह नभएको प्रतिकृया दिएका छन्। तपाईलाई यो निर्वाचन निस्पक्ष लाग्यो ? भनी सोधिएको अर्को प्रश्नमा ९२.६% उत्तरदाताले निस्पक्ष लागेको प्रतिकृया दिएका छन् भने ७.४% ले निस्पक्ष नभएको प्रतिकृया दिएका छन्। निस्पक्ष नलाग्नुको कारण बारे सोधिएको पूरक प्रश्नमा ७८.१% ले आर्थिक चलखेल भएको, ९.२% ले असुरक्षा भएको र १९.२% ले दुई वा सो भन्दा बढी मतदान गरेकोले भनी प्रतिकृया दिएका छन्। तपाईको समुदाय/टोलमा मतदाता शिक्षा दिएको थियो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ३०.५% उत्तरदाताले मतदाता शिक्षा दिएको, ५९.८% ले मतदाता शिक्षा नदिइएको र ९.७% ले थाहा भएन भन्ने प्रतिकृया दिएका छन्।

के तपाईले २०७४ सालको सङ्घीय र प्रदेश तहको चुनावमा मतदान गर्नुभएको थियो ? भनी सोधिएको प्रश्नको जवाफमा ८२.२% ले मतदान गरेको प्रतिकृया दिएका छन् भने १७.८% ले मतदान नगरेको प्रतिकृया दिएका छन्। मतदात नगर्नुको कारणबारे सोधिएको पूरक प्रश्नको जवाफमा ५८.८% ले मतदाता नामावलीमा नाम नभएका कारण, १४.७% ले मतदान गर्न नगएर र ७.८% उत्तरदाताले मतदान गर्न पाउने केन्द्र फरक तोकिएकोभन्दा अन्यत्र स्थानमा भएकोले भन्ने प्रतिकृया दिएका छन्। बालिग मताधिकार सुनिश्चित गर्न देश विदेशमा रहेका सम्पूर्ण नागरिकले मतदान गर्न पाउने अधिकारबाट वञ्चित नहुने कानूनी व्यवस्था लागु गर्न आवश्यक देख्नुहुन्छ ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९८.२% उत्तरदाताले आवश्यक रहेको, ०.४% ले आवश्यक नरहेको र १.४% उत्तरदाताले थाह नभएको भन्ने प्रतिकृया दिएका छन्। मतपत्रमा भएको चिन्ह बुझ्न र खोज्न सजिलो भयो ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ७५.३% उत्तरदाताले सजिलो भएको प्रतिकृया दिएका छन् भने २४.७% उत्तरदाताले कठिन भएको प्रतिकृया दिएका छन्। यदि भएन भने कुन मतपत्रमा समस्या आयो भनी सोधिएको पूरक प्रश्नको जवाफमा ७% ले सङ्घीय मतपत्रमा, १२.२% ले प्रदेश मतपत्रमा, २५.९% ले समानुपातिक मतपत्रमा र ५८.६% ले सबै मतपत्रमा कठिनाई भएको प्रतिकृया दिएका छन्।

के चुनावमा गरिने खर्च आवश्यकताभन्दा बढी भड्किलो भएको ठान्नुहुन्छ? भनी सोधिएको प्रश्नको जवाफमा ७०.९% उत्तरदाताले भड्किलो भएको प्रतिकृया दिएका छन् भने २९.1% उत्तरदाताले सामान्य रहेको प्रतिकृया दिएका छन्। उम्मेदवारहरुले चुनावमा गरेको खर्च निर्वाचन आयोगको सीमाभन्दा कति बढि वा कम भएको होला ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९.८% ले १९ लाखभन्दा कम, १९.७% ले १९ देखि ३३ लाखसम्म, ३०.७% ले ३३ देखि ५० लाखसम्म, ३९.९% ले ५० लाख भन्दा बढी खर्च भएको प्रतिकृया दिएका छन्। उम्मेदवारहरुले चुनावमा गरेको खर्च निर्वाचन आयोगको सीमाभन्दा कति बढि वा कम भएको होला ? भनी सोधिएको पूरक प्रश्नको जवाफमा ९.८% ले सीमा भन्दा कम, १९.७% ले सीमाभित्र, ३०.७% ले सीमा भन्दा केही बढी र ३९.९% ले सीमा भन्दा अत्यधिक मात्रामा बढी खर्च गरेको प्रतिकृया दिएका छन्। उम्मेदवारले खर्च गरेको पैसा कहाँबाट ल्याउछन् होला ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ३८.९% आफ्नै श्रोतबाट, ३१.६% ले चन्दा संकलन गरेर, २९.२% ले स्रोत नखुलेको रकम र १३.६% ले ऋण सापटी गरेर भन्ने प्रतिकृया दिएका छन्। तपाईको विचारमा यस पटकको चुनावमा डरत्रास, धाकधम्की, लोभप्रलोभनले मतदाताको मतलाई कत्तिको प्रभाव पार्ला ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ९% ले धेरै, ३३.८% ठिकै र ५७.३% ले कम असर पर्ने प्रतिकृया दिएका छन्।

यस पटकको चुनावमा राजनीतिक हिंसा भएको पाउनु भयो कि भएन ? भनी सोधिएको प्रश्नको जवाफमा ८.६% ले हिंसा भएको स्वीकार गरेका छन् भने ९१.४% मतदाताले हिंसा नभएको प्रतिकृया दिएका छन्। यस पटकको मतदाता शिक्षा कत्तिको प्रभावकारी भएको मान्नुहुन्छ? भनी सोधिएको अर्को प्रश्नको जवाफमा ८.४% ले राम्रो प्रभावकारी भएको, २०.२% ले ठिकै प्रभावकारी भएको, २५.३% ले कम प्रभावकारी भएको र ४६.1% ले प्रभावकारी नभएको प्रतिकृया दिएका छन्। मतदानस्थलहरु अपाङ्गमैत्री भए वा नभएको सम्बन्धमा सोधिएको अन्तिम प्रश्नमा ७३.८% मतदाताले अपाङ्गमैत्री भएको प्रतिकृया दिएका छन् भने २६.२% मतदाताले मतदानस्थलहरु अपाङ्गमैत्री नभएको प्रतिकृया दिएका छन्।

माथिको तथ्याङ्कको विश्लेषण गर्दा विगतमा भएका निर्वाचनहरुको तुलनामा आचार संहिताको पालना, निर्वाचन खर्च, मतपत्रको ढाँचा, अपाङ्गमैत्री मतदान केन्द्रको व्यवस्था, तडक भडक लगाएका क्षेत्रमा निर्वाचन आयोगले कडाई गर्दै लगेका कारण सुधार हुँदै गएको देखिन्छ। त्यति हुँदा हुँदैपनि मतदान केन्द्रसम्म आउन लाग्ने समय र दुर्गम क्षेत्रमा भएको दुरी कम गर्ने विषय, कतिपय मतदानस्थलहरुमा मतदान गर्न बनाइएको लाइन व्यवस्था, मतपत्रमा मत सङ्केत सम्बन्धी विषय, आचार संहिता पालनामा इमान्दारिता, निर्वाचनको पूर्ण निस्पक्षता, मतदाता शिक्षा, मतदाता नामावलीमा सुधार, मतदान केन्द्र तोकिएको भन्दा फरक ठाँउमा भएको विषय, देश विदेशमा रहेका सम्पूर्ण नागरिकले मतदान गर्न पाउने अधिकारबाट वञ्चित भएको विषय, चुनावमा गरिने खर्च, डरत्रास, धाकधम्की, राजनीतिक हिंसा र अपाङ्गमैत्री मतदानस्थलमा व्यापक सुधारको आवश्यकता रहेको देखिन्छ। यसतर्फ निर्वाचन आयोगले ध्यान दिनुपर्ने देखिन्छ।

परिच्छेद ४

# निर्वाचन पश्चात्को अवस्था बिश्लेषण

## १. मतगणना

केही स्थानहरुमा राजनीतिक दलहरु बीचमा विवाद भएका कारण मतगणना ढिला सुरु भएको, कतिपय स्थानहरुमा मतपेटिका ढुवानी गर्न समय लागेका कारण ढिलाई भएको बाहेक अधिकांश स्थानमा समयमै मतगणना सुरु भएको पाइएको छ। कतिपय स्थानको मतगणनाको लागि भने यसपटक पनि लामो समय लागेको पाइएको छ।

मतगणनास्थलमा छिटपुट घटना बाहेक शान्तिपूर्ण रुपमा नै सम्पन्न भएको पाइएको छ। पुनः मतदान भएका र विवादका कारण स्थगित भएका बाहेक अन्य स्थानहरुमा मतगणना सबै दलहरुको सहमतीमा भएको पाइएको छ।

## २. मत परिणामको घोषणा


निर्वाचन आयोगको विवरण अनुसार यस पटक सम्पन्न भएको प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचनमा ६१ प्रतिशत मत खसेको छ।  दोलखाको १० वटा मतदान केन्द्र, स्याङ्जा, बाजुरा, नवलपरासी पूर्वको देवचुली नगरपालिका वडा ४ को शान्ति सृजना आधारभूत विद्यालय, सुर्खेतको सिम्ता गाउंपालिका ६, गुल्मीको कालिगण्डकी मा.वि. लगायतका १५ केन्द्रमा मतदान स्थगित भएको थियो। पछि सबै क्षेत्रमा मंसिर १५ गते सम्म निर्वाचन भई गणना समेत भइसकेको छ।

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको प्रत्यक्ष निर्वाचनतर्फको दलगत निर्वाचन परिणाम निम्नानुसार रहेको छः

| राजनीतिक दल | प्रतिनिधि सभा | प्रदेश सभा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश न. १ | मधेश प्रदेश | बागमति प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
| नेपाली काग्रेस | ५७ | १७ | १३ | २४ | १८ | १७ | ९ | १२ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४४ | २५ | १५ | १२ | १२ | १८ | ५ | ३ |
| नेपाल कम्युनिष्ट पाटी (माओवादी केन्द्र) | १८ | ९ | ४ | १४ | ४ | ५ | ९ | ८ |
| नेपाल कम्युनिष्ट पाटी (एकीकृत समाजवादी) | १० | ३ | ४ | ५ | १ | | | ३ |
| जनता समाजवादी पाटी नेपाल | ७ | | ९ | | | २ | | |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | २ | | ७ | | २ | | |
| राष्ट्रिय स्वतन्त्र पाटी | ७ | | | | | | | |
| लोकतान्त्रिक समाजवादी पाटी नेपाल | ४ | | ७ | | | २ | | |
| नागरिक उन्मुक्ति पार्टी | ३ | | | | | २ | | ५ |
| राष्ट्रिय जनमोर्चा | १ | | | | | | | |
| नेपाल मजदुर किसान पार्टी | १ | | | १ | | | | |
| जनमत पार्टी | १ | | ६ | | | १ | | |
| हाम्रो नेपाली पार्टी | | | | १ | | | | |
| स्वतन्त्र | ५ | | ६ | | १ | ३ | १ | १ |
| जम्मा | १६५ | ५९ | ६४ | ६६ | ३९ | ५२ | २४ | ३२ |

माथिको तथ्याङ्कलाई केलाउँदा प्रतिनिधि सभाको १६५ प्रतिनिधिको लागि भएको निर्वाचनमा नेपाली कांग्रेसले सबैभन्दा बढी सिट प्राप्त गर्न सफल भएको छ। तर, बहुमत भने कुनैपनि दलले प्राप्त गर्न सकेनन्। नेपाली कांग्रेसले ५७ सिट अर्थात् ३४.५४ प्रतिशत, नेकपा (एमाले) ले ४४ सिट अर्थात् २६.६६ प्रतिशत, नेकपा (माओवादी केन्द्र) ले १८ सिट अर्थात् १०.९० प्रतिशत, नेकपा (एकीकृत समाजवादी) ले १० सिट अर्थात् ६.०६ प्रतिशत, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले क्रमशः ७/७ सिट अर्थात् ४.२४ प्रतिशत, लोकतान्त्रिक समाजवादी पार्टीले ४ सिट, नागरिक उन्मुक्ति पार्टीले ३ सिट, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टीले १/१ सिट प्राप्त गरेका छन् भने स्वतन्त्रले ५ वटा सिटमा विजय हासिल गरेका छन्।

**प्रतिनिधिसभा निर्वाचनमा राजनैतिक दलले प्राप्त गरेको सिट**




यस पटकको निर्वाचनबाट नेपाली कांग्रेसको अघिल्लो निर्वाचनको तुलनामा बढेको भएपनि नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र, जनता समाजवादी पार्टीको स्थिति कमजोर भएको देखिन्छ। नयाँ दलको रुपमा दर्ता भएको नेकपा (एकीकृत समाजवादी) दलले १० वटा सिट प्राप्त गरेपनि ३ प्रतिशत थ्रेसहोल्ड कटाउन नसकेका कारण राष्ट्रिय पार्टी बन्न सकेन। त्यसैगरी नयाँ दर्ता भएको राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीले मतदाता आकर्षित गर्न सफल भएको देखिएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले पहिलो निर्वाचनको तुलनामा प्रतिनिधिको संख्या थपेको छ भने लोकतान्त्रिक समाजवादी पार्टी कमजोर भएको देखिएको छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ यस पटकको निर्वाचनमा केवल ७ वटा मात्र राजनीतिक दलले ३ प्रतिशतको थ्रेशहोल्ड पार गर्न सकेकोले राष्ट्रिय पार्टी बन्न सफल भएका छन् भने प्रदेश तहमा अन्य दलहरुले समेत आवश्यक थ्रेसहोल्ड पार गरेकाकारण १४ वटा राजनीतिक दलहरुले हिस्सा प्राप्त गर्न सफल भएका छन्। प्रतिनिधि सभा र प्रदेश सभाको लागि समानुपातिक तर्फको प्रतिनिधित्वमा राजनीतिक दलले प्राप्त गरेको सिट संख्या यस प्रकार रहेको छः[९६]

| राजनीतिक दल | प्रतिनिधि सभा | प्रदेश नं.१ | मधेश प्रदेश | बागमति प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुर पश्चिम प्रदेश | प्रदेश जम्मा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नेकपा (एमाले) | ३४ | १५ | ८ | १४ | १० | ११ | ५ | ७ | ७० | १०४ |
| नेपाली कांग्रेस | ३२ | १२ | ९ | १३ | ९ | १० | ५ | ७ | ६४ | ९६ |
| नेकपा (माओवादी केन्द्र) | १४ | ४ | ४ | ७ | ३ | ४ | ४ | २ | २९ | ४३ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | ४ | १ | ६ | २ | २ | १ | १ | १७ | २४ |
| नेमकिपा | ० | ० | ० | २ | ० | ० | ० | ० | २ | २ |
| नेकपा एकीकृत समाजवादी | ० | १ | ३ | २ | ० | १ | १ | १ | ९ | ९ |
| जसपा | ५ | १ | ७ | ० | ० | १ | ० | ० | ९ | १४ |
| जनमत पाटी | ५ | ० | ७ | ० | ० | २ | ० | ० | ९ | १४ |
| लोसपा | ० | ० | २ | ० | ० | १ | ० | ० | ३ | ३ |
| नेपाल सङ्घीय समाजवादी पार्टी | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | १ |
| नागरिक उन्मुक्ति पाटी | ० | ० | १ | ० | ० | २ | ० | २ | ५ | ५ |
| राष्ट्रिय जनमोर्चा | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | १ |
| राष्ट्रिय स्वतन्त्र पाटी | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | १३ |
| हाम्रो नेपाली पार्टी | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ |
| जम्मा | ११० | ३७ | ४३ | ४४ | २४ | ३५ | १६ | २१ | २२० | ३३० |

उपरोक्त तथ्याङ्कलाई विश्लेषण गर्दा प्रतिनिधि सभाको ११० सिटको लागि भएको समानुपातिक निर्वाचनमा नेकपा (एमाले) ले ३४ सिट, नेपाली कांग्रेसले ३२ सिट, नेकपा (माओवादी केन्द्र)ले १४ सिट, राष्ट्रिय स्वतन्त्र पार्टीले १३ सिट, राप्रपा ले ७ सिट, जसपा र जनमत पार्टीले क्रमशः ५/५ सिट प्राप्त गरेका छन्। अन्य राजनीतिक दलले थ्रेशहोल्ड पार गर्न नसकेका कारण समानुपातिक निर्वाचन प्रणाली मार्फत आफ्नो हिस्सा प्राप्त गर्न सकेनन्।

[९६] https://ebulletin.election.gov.np/

प्रदेश सभाको २२० सिटको लागि भएको समानुपातिक निर्वाचनमा नेकपा (एमाले) ले ७० सिट, नेपाली कांग्रेसले ६४ सिट, नेकपा (माओवादी केन्द्र) ले २९ सिट, राप्रपा ले १७ सिट, नेकपा (एकीकृत समाजवादी) पार्टी, जनता समाजवादी पार्टी र जनमत पार्टीले क्रमशः ९/९ सिट, नागरिक उन्मुक्ति पार्टीले ५ सिट, लोकतान्त्रिक समाजवादी पार्टीले ३ सिट, नेपाल मजदुर किसान पार्टीले २ सिट र सङ्घीय समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा र हाम्रो नेपाली पार्टीले १/१ सिट प्राप्त गर्न सफल भएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीले भने प्रदेश सभाको निर्वाचनमा भाग लिएको थिएन। प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा नवनिर्वाचित निम्न ५ जना प्रतिनिधिहरुको विगतमा भएको फौजदारी कसुरमा संलग्न रही अदालतमा मुद्दा विचाराधीन रहेको छः[१७]

१. महोत्तरी जिल्ला क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित श्री लक्ष्मी महतो कोइरी सशस्त्र प्रहरी बलका असई थमन विकको हत्यामा उच्च अदालत जनकपुरले पुनः पक्राउको आदेश दिएपछि निज फरारको सूचीमा रहेको,

२. मनाङ जिल्लाबाट प्रतिनिधि सभामा निर्वाचित श्री टेकबहादुर गुरुङलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालतमा दायर गरेको ३१ करोडको फनपार्क ठेक्कामा भएको भ्रष्टाचार मुद्दा विचाराधीन रहेको,

३. लुम्बिनी प्रदेश अन्तरर्गत बाँके जिल्ला ३ (ख) बाट निर्वाचित प्रदेश सभा सदस्य श्री बादशाह कुर्मी विरुद्ध श्री निर्मला कुर्मी र उनका २ छोराको हत्याको आरोपमा प्रहरीको फरार सूचीमा रहेको,

४. गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्ला (ख) बाट प्रदेश सभा सदस्यको लागि निर्वाचित श्री दिपक मनाङ्गे भनिने राजिव गुरुङले चक्रे मिलन भनिने श्री मिलन गुरुङलाई तरवार प्रहार गरी ज्यान मार्ने उद्योग गरेको भन्ने मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको,

५. मधेश प्रदेश अन्तर्गत महोत्तरी जिल्ला ३(क) बाट प्रदेश सभा सदस्यको लागि निर्वाचित श्री अभिराम शर्मा सशस्त्र प्रहरीका असई थमन विकको हत्यामा संलग्न रहेको भन्ने मुद्दामा अदालतको तारेखमा रहेको पर्यवेक्षणबाट फेला परेको छ।

## ३. लैङ्गिक समानता तथा समावेशीकरणको दृष्टिले निर्वाचन परिणाम

आवधिक निर्वाचन लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण पक्ष हो। आवधिक निर्वाचनमार्फत आफ्ना प्रतिनिधि छनौट गर्ने उपयुक्त अवसर पनि हो। संविधान सभाले निमार्ण गरेको संविधानको मर्म र भावना अनुकूल लोकतन्त्रको मूल्य र मान्यता बमोजिम सबै क्षेत्र, वर्ग, लिङ्गका पिंधमा परेका व्यक्तिहरु समेतले न्यायोचितरुपमा लोकतन्त्रको फल प्राप्त गर्ने वातावरणको निर्माण गर्नु आजको आवश्यकता बन्न पुगेको छ। संविधान निर्माण पछिको दोश्रो कार्यकालको निम्ति भएको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा संविधानको मर्म र भावना बमोजिम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रतिको प्रतिबद्धता झन कमजोर भएको निर्वाचन परिणाले देखाएको छ।

यस पटकको निर्वाचनमा प्रत्यक्ष निर्वाचन (FPTP) तर्फबाट निर्वाचित भएका महिला प्रतिनिधिहरुको विवरण यस प्रकार रहेको छः[१८]

१. श्री सीता गुरुङ (नेपाली कांग्रेस) – तेह्रथुम जिल्ला क्षेत्र नं. १

२. श्री जुली कुमारी महतो (नेकपा—एमाले) धनुषा जिल्ला क्षेत्र न. ३

३. श्री विद्या भट्टराई (नेकपा—एमाले) कास्की जिल्ला क्षेत्र न. २

४. श्री ज्वाला कुमारी शाह (नेकपा—एमाले) बारा जिल्ला क्षेत्र न. ३

५. श्री भगवती चौधरी (नेकपा—एमाले) सुनसरी जिल्ला क्षेत्र नं. ३

[१७] https://reportersmadhesh.com/11337/?fbclid=IwAR3mW07e5HITuEKEBHL_8hfCMxa4au1ud32jY0vlxa9n_ox3eVyxBA2zq8M

[१८] https://annapurnapost.com/news/fewer-women-elected-218606

६. श्री रेखा शर्मा (नेकपा—माओवादी केन्द्र) दाङ जिल्ला क्षेत्र न. २


७. डा. तोशिमा कार्की, (राष्ट्रिय स्वतन्त्र पाटी) ललितपुर जिल्ला क्षेत्र न. ३

८. श्री सोबिता गौतम (राष्ट्रिय स्वतन्त्र पाटी) काठमाडौ जिल्ला क्षेत्र न. २

९. श्री रंजिता श्रेष्ठ  चौधरी (नागरिक उन्मुक्ति पाटी) कैलाली जिल्ला क्षेत्र नं. १

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा प्रतिनिधि सभाको १६५ जना सदस्य पदको लागि भएको निर्वाचनमा करिव ९ प्रतिशत मात्र महिला उम्मेदवार उठाइनु र जम्मा ९ जना अर्थात् ५.४५ प्रतिशत मात्र महिला निर्वाचित हुनु अत्यन्तै निराशाजनक अवस्था रहेको मान्नु पर्दछ। उक्त परिणामको प्रत्यक्ष असर समानुपातिक निर्वाचन प्रणालीतर्फ पर्न गएको देखिन्छ। संविधानमा भएको एक तिहाई महिला सङ्घीय संसदमा हुनुपर्ने व्यवस्था र प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत ५ प्रतिशतको हाराहारीको प्रतिनिधित्व हुनुले समानुपातिक निर्वाचन प्रणाली केवल महिलाको लागि हो कि ? भन्नेतर्फ संकेत गर्न खोजेको देखिन्छ। जम्मा ३४ सिट प्राप्त गरेको नेकपा (एमाले) ले समानुपातिकतर्फ २२ जना महिला र १२ जना पुरुष अर्थात् ६४.७० प्रतिशत महिला र ३५.२९ प्रतिशत पुरुष प्रतिनिधि पठाएको छ। त्यसैगरी नेपाली कांग्रेसले ३२ जना प्रतिनिधि चयन गर्ने अवसर प्राप्त गरेकोमा २९ जना महिला र ३ जना पुरुष अर्थात् ९०.६२ प्रतिशत महिला र ९.३७ प्रतिशत पुरुष, नेकपा (माओवादी केन्द्र) ले १४ जना चयन गर्ने अवसर प्राप्त गरेकोमा १२ जना महिला र २ जना पुरुष (८६.५७ प्रतिशत महिला र १४.२८ प्रतिशत पुरुष), राष्ट्रिय स्वतन्त्र पार्टीले १३ जना प्रतिनिधि चयन गर्ने अवसर प्राप्त गरेकोमा ६ जना महिला र ७ जना पुरुष (४६.१५ प्रतिशत महिला र ५३.८४ प्रतिशत पुरुष), राष्ट्रिय प्रजातन्त्र पार्टीले ७ जना प्रतिनिधि चयन गर्ने अवसर प्राप्त गरेकोमा ५ जना महिला र २ जना पुरुष (७१.४२ प्रतिशत महिला र २८.५७ प्रतिशत पुरुष) र जनमत पार्टीले जम्मा ५ जना प्रतिनिधि चयन गर्ने अवसर प्राप्त गरेकोमा ३ जना महिला र २ जना पुरुष (६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष) नियुक्त गरेका छन्।

**प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा लैङ्गिक समानता अवस्था**




https://kantipurtv.com/politics/2022/12/19/1671452508.html

महिलाभित्र पनि अन्तरवर्गीयता (intersectionality) लाई गम्भीररुपमा ध्यान दिन सकेको पाइएको छैन भने प्रत्यक्ष निर्वाचन प्रणाली केवल पुरुषको लागि र समानुपातिक निर्वाचन प्रणाली महिलाको मात्र जस्तो देखिन आएको छ। प्रत्यक्ष निर्वाचन प्रणालीमा सबैभन्दा ठूलो दलको रुपमा निर्वाचित भएको नेपाली कांग्रेसबाट एकजना मात्र महिला निर्वाचित हुनु र समानुपातिकतर्फ ३२ सिट प्राप्त गरेकोमा ३ जना मात्र पुरुषले प्रतिनिधित्व गर्ने बाध्यात्मक अवस्था श्रृजना हुनु, नेकपा (माओवादी केन्द्र) बाट समेत १ जनामात्र महिला निर्वाचित हुनु र समानुपातिकतर्फ १४ सिट प्राप्त गरेकोमा १२ जना महिला र २ जना मात्र पुरुषले मात्र प्रतिनिधित्व गर्ने अवस्था श्रृजना हुनु बिडम्बनानै

मान्नु पर्दछ। राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टीको अवस्था भने सबैभन्दा राम्रो अवस्था देखिएको छ भने नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीको केही राम्रो अवस्था देखिएको छ।

जातीय प्रतिनिधित्वतर्फ प्रतिनिधि सभा निर्वाचन परिणामको विश्लेषण गर्दा खस आर्य तर्फ ९४ जना (५७ प्रतिशत), जनजाति ४२ जना (२५ प्रतिशत) (जनजाति तर्फ नेवार ९, मगर ५, राई ५, गुरुङ ५, तामाङ ४ र थारु ६ जना) रहेका छन। मधेशी समुदायबाट २८ जना (१७ प्रतिशत), दलित समुदायबाट १ जना (०.६ प्रतिशत), खस आर्य महिला ९ जना (करिब ६ प्रतिशत) र अल्पसंख्यक समुदायबाट १ जना[१९] निर्वाचित भएका छन्। प्रदेश सभातर्फ महिला तथा अन्य समावेशी प्रतिनिधित्व हेर्दा प्रत्यक्षमा ३३० जनामा १४ जना महिला चुनिएका छन। त्यस मध्ये १ जना दलित, ४ जना जनजाति र १ जना अपाङ्गता भएका महिला छन्।

समग्रमा हेर्दा नेपालको संविधानले "राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ। त्यसैगरी "वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प" समेत गरेको छ। संविधानको मौलिक हक अन्तर्गत समानताको हकका अतिरिक्त समाजमा पछाडि पारिएका वर्ग समुदायको लागि राज्य संरचनामा समाहित गर्न विशेषाधिकारको व्यवस्था गरिएको छ (धारा १८ को प्रतिवन्धात्मक व्यवस्था)। त्यसैगरी संविधानमा नै राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक (धारा ३८ को उपधारा ४) को व्यवस्था गरिएको छ। साथै राज्यका सबै निकायमा दलित समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकका साथै दलितका लागि प्रतिनिधित्व र सहभागिताका लागि कानूनद्वारा विशेष संवैधानिक प्रत्याभूति (धारा ४० को उपधारा १) गरिएको छ। यसका अतिरिक्त, सामाजिक रुपले पछाडि पारिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता (धारा ४२ को उपधारा १) को संवैधानिक प्रत्याभूति देखिन्छ। उपरोक्त मौलिक हकका अतिरिक्त राज्यका नीतिहरु अर्न्तगत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिहरुको समेत व्यवस्था गरिएको छ।

उल्लिखित मौलिक हकका अतिरिक्त लैंङ्गिक तथा समानुपातिक समावेशीताको संवैधानिक प्रत्याभूति समेत गरेको देखिन्छ। जसअर्न्तगत समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिदाँ जनसंख्याको आधारमा महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था (धारा ८४ को उपधारा २) गरिएको छ। सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनुपर्ने (धारा ८४ को उपधारा ८) प्रावधान समेत संविधानले सुनिश्चित गरेको छ। त्यसैगरी राष्ट्रिय सभाको गठनमा प्रत्येक प्रदेशबाट निर्वाचित हुने आठजनामध्ये प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एकजना दलित र एकजना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक (धारा ८६ को उपधारा २) को प्रतिनिधित्वको संवैधानिक सुनिश्चितता देखिन्छ। त्यसैगरी स्थानीय निकायमा पनि अध्यक्ष वा उपाध्यक्ष र प्रमुख वा उपप्रमुख पदमध्ये कुनै एक पदमा महिलाको सुनिश्चितता गर्नुका साथै दलित महिला तथा अपाङ्गता भएका व्यक्ति वा लोपोन्मुख अल्पसंख्यक समुदायको प्रतिनिधित्वको सुनिश्चितता गरिएको छ।

यद्यपि महिला, दलित तथा अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत वर्ग तथा लोपोन्मुख समुदायको प्रतिनिधित्व अपेक्षा बमोजिम हुन सकेको देखिदैन। यस पटकको निर्वाचनबाट समेत प्रतिनिधि सभाको प्रत्यक्षतर्फ जम्मा १ जना दलित समुदायको प्रतिनिधित्व हुनु र ९ जना मात्र महिलाको प्रतिनिधित्व हुनु, मुस्लिम समुदायबाट एकजना पनि प्रतिनिधित्व हुन नसक्नु संरचनागत त्रुटि र राजनीतिक दलको प्रतिबद्धता माथि नै शंका गर्ने स्थिति श्रृजना भएको छ। निर्वाचन आयोगको प्रत्यक्षतर्फ समेत ५० प्रतिशत महिला उम्मेदवार दिनुपर्ने

---

[१९] https://ekantipur.com/news/2022/12/05/167020440869954762.html?fbclid=IwAR0obBFtXVfvrH_CO7mv_j4C1BbJnoBgFwCgAJ4T08GAAab_qzA9-F1G7Ro

गरी गरेको प्रयासलाई समेत राजनीतिक दलबाट उपेक्षा भएको देखिएको छ। भविष्यमा यस्तो विषयमा निर्वाचन आयोगले आवश्यक नीतिगत र कानूनी व्यवस्था गर्न पहल गर्नुपर्ने हुन्छ।

## ४. मत बदरको अवस्था[२०]

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा विगतमा झैं यस पटक पनि मत बदरको संख्या उल्लेखनीय छ। निर्वाचन आयोगको अनुसार १ करोड १० लाख ४७ हजार ३४ (६१.४१ प्रतिशत) मत खसेकोमा १ करोड ४ लाख ८७ हजार ९५८ सदर भएको छ भने ५.०६ प्रतिशत मत बदर भएको छ। प्रतिनिधि सभा समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड ११ लाख २६ हजार २२६ (६१.८५ प्रतिशत) मतदान भएकोमा १ करोड ५ लाख ६० हजार ८२ मत सदर भएको छ भने ५.०९ प्रतिशत मत बदर भएको छ।

प्रदेशसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा १ करोड १० लाख ३४ हजार ५०० (६१.३६ प्रतिशत) मतदान भएको थियो, जसमध्ये १ करोड ५ लाख ८५ हजार ३०० मत सदर भएको थियो भने ४.०७ प्रतिशत मत बदर भएको थियो। प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड १० लाख २८ हजार ३७६ (६१.३१ प्रतिशत) मतदान भएकोमा १ करोड ३ लाख ६ हजार ११ मत सदर भएको थियो भने ६.५५ प्रतिशत बदर भएको थियो।

संचार माध्यमबाट प्राप्त हुन आएका सूचनाको आधारमा केही बदर मतको अवस्था र प्रकृति निम्नानुसार रहेको देखिएको छः[२१]

- काठमाडौ जिल्लामा प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ १६ हजार ३४० मत र समानुपातिक तर्फ १२ हजार १७६ मत बदर भएको, प्रदेश सभा प्रत्यक्षतर्फ १३ हजार १ सय ९५ र समानुपातिक तर्फ २३ हजार ३०८ मत बदर भएको,
- ललितपुर जिल्लाको क्षेत्र न. १ मा ३.५६ प्रतिशत, क्षेत्र २ मा २.७ प्रतिशत र क्षेत्र ३ मा ३.६८ प्रतिशत मत बदर भएको,
- भक्तपुर जिल्लामा प्रतिनिधि सभाको प्रत्यक्षतर्फ २ हजार ९६१ र प्रदेशसभा समानुपातिक तर्फ ४ हजार ११ मत बदर भएको,
- बैतडी जिल्लामा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा १९ हजार ७ सय ७१ मत बदर भएको,
- काभ्रेपलाञ्चोक जिल्लामा कूल ८६ हजार ४ सय ६२ महिला र १ लाख ८ हजार ६८ पुरुष मतदाता रहेकोमा ३२,४५५ मत बदर भएको (प्रत्यक्ष र समानुपातिक दुबै तर्फ ३.७ प्रतिशत मत बदर भएको),
- झापा जिल्लामा प्रतिनिधिसभातर्फ २१,९१९ र प्रदेश सभा तर्फ ३५ हजार ६ सय ५५ गरी कूल ५७ हजार ५ सय ७४ मत बदर भएको, र
- रुपन्देही जिल्लामा प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्ष र समानुपातिक निर्वाचनतर्फ १ लाख २ हजार ९ सय ३७ मत बदर भएको देखिएको छ।

माथिका केही दृष्टान्तहरुलाई हेर्दा शहरी क्षेत्रमा समेत ठूलो मात्रामा मतहरु बदर भएका छन्। लोकतन्त्रमा मतको मूल्य हुन्छ, मत्रपत्र बदर हुनु राम्रो होइन। किनभने, यसले राम्रो सन्देश जाँदैन। अझ दुई वा दुईभन्दा बढी दलबीच गठबन्धन भएका ठाउँमा राजनीतिक दलहरूले मतदातालाई राम्रो सन्देश दिन नसक्दा उम्मेदवारी नपरेको ठाउँमा मतदान भएको र त्यसले बदर संख्या बढाएको देखिन्छ। यसमा राजनीतिक दल र उम्मेदवारहरू स्वयम् सचेत हुनु पर्ने देखिन्छ। त्यसैगरी मतदाता शिक्षामा थप जोड गर्नुपर्ने आवश्यकता देखिएको छ। राजनीतिक दलहरुले गठबन्धनको संस्कृति र संस्कार आफ्ना मतदातालाई सिकाउन नसक्नु, दलहरुको तर्फबाट पर्याप्त मतदाता शिक्षा

---

[२०] https://www.onlinekhabar.com/2022/12/1232504

[२१] https://www.janaaastha.com/story/131798; https://www.onlinekhabar.com/2022/12/1227459; https://www.setopatra.com/news-detail/3554?fbclid=IwAR3oK-5EMuwJNyaX4pFLCLM_N_JoFbInBnb_cTy4-nhUI5dPvL4cVp5CeP0; https://ekantipur.com/federal-provincial-election-2079/2022/11/30/1669799401305820.html

सञ्चालन गर्न नसक्नु पनि ठूलो मात्रामा मत रद्द हुनुको कारकको रुपमा देखिएको छ। नमूना मतदानमा व्यापकता ल्याउने, विद्युतीय मतदान प्रणालीको विकाश गर्ने लगायतका प्रयासहरु गर्न सकिएमा आगामी दिनमा बदर मतको संख्या घटाउन सकिन्छ।

## ५. पुनः मतदान

मतदानको दिन विभिन्न क्षेत्रहरुमा विवादहरु श्रृजना भई पुनः मतदानको मागहरु आएको भएपनि मूलतः दोलखा जिल्लाको वैतेश्वर गाउँपालिका वडा नं. ६ वैतेश्वर माध्यमिक विद्यालय मतदान केन्द्र “क”,“ख” र “ग”, वैतेश्वर गाउँपालिका वडा नं. २ जनज्योति माध्यमिक विद्यालय पुतलीकाठ मतदान केन्द्र “क” र “ख” र तामाकोशी गाउँपालिका वडा नं. ३ हेल्थपोष्ट भवन जफे मतदान केन्द्र “क” र “ख” र वैतेश्वर गाउँपालिका वडा नं. ३ कालिढुङ्गा माध्यमिक विद्यालय मतदान केन्द्र “क”, “ख” र “ग” गरी १० वटा केन्द्रमा भएको भनिएको मतदान कार्य स्वतन्त्र, स्वच्छ, निस्पक्ष र भयरहित वातावरणमा हुन सकेको नदेखिएको तथा उल्लिखित केन्द्रहरुको मतदानमा निर्वाचन आयोग ऐन, २०७३ को दफा १० को उपदफा (१), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (१) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (१) बमोजिम अनधिकृत कब्जा भई मतदानको कामको निस्पक्षता र स्वतन्त्रतामा असर पुगेको हुँदा निर्वाचन आयोग ऐन, २०७३ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) वटा मतदान केन्द्रमा मिति २०७९/०८/०४ मा भएको मतदान रद्द गरी उल्लिखित केन्द्रहरुमा पुनः मतदान गराउने गरी निर्वाचन आयोगले निर्णय गरेको थियो।[२२] त्यसै गरी राजनीतिक विवादका कारण स्थगन भएको गुल्मीको कालीगण्डकी गाउँपालिका–२ को भगवती मावि, अर्वेनी र सुर्खेतको सिम्ता गाउँपालिका–६ स्थित सिम्ता बहुमुखी क्याम्पसमा मतदानस्थलमा मंसिर ६ गते शान्तिपूर्णरूपमा पुनः मतदान सम्पन्न भएको थियो।

## ६. निस्पक्ष निर्वाचनको लागि भएका प्रगति तथा महत्वपूर्ण सुधार

नेपालमा सम्पन्न भएका सबै तहका पछिल्ला निर्वाचनहरू सामान्यतया सन्तोषजनक ढंगले सम्पन्न भएका छन्। यसै वर्ष अर्थात् २०७९ वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात् अझ बढी भन्दा बढी विश्वसनीय ढंगबाट निर्वाचन सम्पन्न गर्ने सम्बन्धमा सम्बन्धित सबै सरोकारवालाहरू चनाखो हुँदै गएको र मतदाताहरू समेत सचेत हुँदै गएको देखिएको छ।

निर्वाचन आयोगले विगतका अभ्यासहरूमा देखा परेका केही सुधार गर्नुपर्ने पक्षहरूमा सुधार गर्दै निर्वाचनलाई थप विश्वसनीय बनाउँदै लगेको देखिएको छ। निस्पक्ष निर्वाचनका लागि असल अभ्यास र निर्वाचनका आधारभूत मापदण्डका आधारमा कानूनी तथा संस्थागत रुपमै बल प्रदान गरिएको हुनु पर्दछ। स्वच्छ, निस्पक्ष र विश्वसनीय निर्वाचन गर्ने उद्देश्यमा थप बल प्रदान गर्न निर्वाचन आयोगबाट पछिल्लो समयमा भएका थप सुधारहरू यस प्रकार रहेका छन्:

- निर्वाचन आयोगमा राजनीतिक दल दर्ता गर्ने प्रणालीमा सुधार गरिएको, जसमा लेखा परीक्षण प्रतिवेदन पेश गर्ने दललाई मात्र दर्ता गर्ने प्रणालीको विकास गरिएको,
- उम्मेदवारी दर्ता गर्दा नै सम्पत्ति विवरण पेश गर्नुपर्ने, आम्दानीको स्रोत खुलाउनुपर्ने, निर्वाचन अभियान र खर्च विवरण बुझाउनुपर्ने जस्ता आचारसंहिताका विषयहरू थप गरिएको,
- निर्वाचनको दिन समेत अनुमति लिएर सवारी साधनको प्रयोग गर्न पाउने व्यवस्था गरिएको,
- १० प्रतिशत मतदान केन्द्रहरू थप गरी धार्मिकस्थलहरूमा रहेका मतदान केन्द्रहरू अन्यत्र सारिएको, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री मतदान केन्द्रहरूको विस्तार गरिएको,

[२२] https://ebulletin.election.gov.np/2022/11/2061/

- बदर मतको संख्या न्यून गर्न मतपत्रमा सुधार गरी एउटा मतपत्रमा एउटा मात्र छाप लगाए पुग्ने र प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ उम्मेदवार भएको चिन्हमात्र राख्ने व्यवस्था मिलाइएको, स्वस्तिक चिन्हमा प्रयोग हुने मसीको गुणस्तर बढाइएको,
- मतदाता नामावलीमा निर्वाचनको अघिल्लो दिनसम्म १८ वर्ष उमेर पुगेका नागरिकलाई मतदान गर्न पाउने व्यवस्था मिलाइएको, मतदाता परिचयपत्र तथा पर्यवेक्षण परिचयपत्र वितरणसम्बन्धी कार्यक्रम २ साता अगाडि वितरण गर्ने गरी प्रभावकारी बनाइएको,
- मतदाता शिक्षा अभियान थप प्रभावकारी बनाई सञ्चालन गरिएको, निर्वाचन आचार संहिता कार्यान्वयन गर्न प्रभावकारी अनुगमन संयन्त्रको विकास गरी कार्यान्वयन गरिएको,
- मतदान केन्द्रका लागि न्यूनतम श्रोतको व्यवस्था गरिएको, मतदान केन्द्रहरूमा शौचालय, पानी लगायतका अन्य सुविधाहरू बढाइएको,
- आफैँ मतदाता भएको स्थलबाहेक प्रधानमन्त्री, मन्त्री वा अन्य व्यक्तिहरूलाई प्रवेश निषेध गर्ने व्यवस्था मिलाइएको, आदि।

त्यसैगरी नेपाल सरकार, राजनीतिक दल, निर्वाचन पर्यवेक्षक, न्यायपालिका र आमसञ्चार जगत तर्फ समेत सुधारका लागि सकारात्मक पहलहरू भएका छन्। केही उदाहरणहरू निम्न बमोजिम रहेका छन्ः

- यसपटक निर्वाचन आयोगले गरेको सिफारिस बमोजिम सरकारले निर्वाचनको मिति तय गरेको, आयोगले माग गरेबमोजिम बजेट बिनियोजन, सुरक्षाको यथोचित प्रबन्ध तथा कर्मचारीको व्यवस्थापनमा सहयोग गरेको,
- राजनीतिक दलहरूले सहभागितामूलक ढंगबाट राजनीतिक घोषणापत्र जारी गर्नु, कम्तिमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बाट समानुपातिक उम्मेदवार नदोहोर्‍याउनु, उम्मेदवार चयनमा केही सुधार गर्नु र निर्वाचन आचार संहिताको कार्यान्वयनमा बढी जिम्मेवार हुँदै गएको देखिएको,
- निर्वाचन पर्यवेक्षकहरूबाट संख्यात्मक भन्दा गुणस्तरीय पर्यवेक्षकहरूको चयन गर्ने अभ्यासको थालनी गर्नु र समन्वयात्मक रुपमा पर्यवेक्षण गर्ने अभ्यासको थालनी गरेको देखिएको,
- न्यायपालिकाबाट निर्वाचनसँग सम्बन्धित विवादहरू तत्काल फैसला गर्ने अभ्यासको थालनी भएको,
- आमसञ्चार जगतबाट समेत निर्वाचनसम्बन्धी समाचारहरू प्रकाशन गर्दा बढी सतर्कता अपनाउन थालिएको र तथ्यहीन वा भ्रामक समाचार हो वा होइन भन्ने सम्बन्धमा तथ्यको जाँचमा बढी ध्यान दिने अभ्यासको थालनी भएको, आदि।

परिच्छेद

# ५ निर्वाचन आम सञ्चारको भूमिका

## १. पृष्ठभूमि

निर्वाचन निस्पक्ष वातावरणमा सञ्चालन गर्नको लागि निर्वाचन आयोग, राजनीतिक दल, आमसञ्चार माध्यम, सामाजिक सञ्जाल र नागरिकको भूमिका पनि निस्पक्ष हुनुपर्छ भन्ने मान्यता राखिन्छ । यद्यपि निर्वाचन प्रभावित गर्न या आफू र आफूले चाहेको पक्षमा परिणाम हासिल गर्न कानुन, आचार संहिताविपरित अवाञ्छित क्रियाकलाप हुने गर्दछन् । अस्वस्थ क्रियाकलाप नियन्त्रण गर्न एउटा स्वतन्त्र र स्वायत्त संवैधानिक अङ्गको हैसियतले निर्वाचन आयोगले सबैका निम्ति समान सहभागिता र पहुँच स्थापित गर्नु पर्दछ । निर्वाचन स्वच्छ, स्वस्थ, स्वतन्त्र र भयरहित हुँदै उत्सवमय माहौलमा सम्पन्न गर्नको लागि आचार संहिता जारी गरी लागु गर्ने परम्परा छ । निर्वाचनका बखत आमसञ्चार माध्यमलाई पनि आचार संहिताको दायराभित्र पार्नुको प्रमुख कारणमा पत्रकारिताको व्यावसायिक मर्यादाभित्र रहेर कसैलाई पनि पक्षपात वा भेदभावरहित शैलीमा समाचार वा सन्देश गराउनु हो ।

निर्वाचन आयोगले राज्यका संयन्त्र, राजनीतिक दल, उम्मेदवार हुँदै आमसञ्चार माध्यमका निम्ति आचार संहिता जारी गरी २०७९ मंसिरमा प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन सम्पन्न गरेको छ । स्वतन्त्र र निस्पक्ष निर्वाचनका निम्ति २०७९ असोज १२ गतेदेखि २०७९ मंसिर २६ गतेसम्म मुलुकभर आचार संहिता लागु गरिएको थियो । आयोगबाट आचार संहिता पालना भयो या भएन भनी अनुगमन गर्नेदेखि आचार संहिता उल्लंघन गर्ने राजनीतिक दल, उम्मेदवार वा समर्थक/सहयोगीलाई आयोगले सचेत गराएको छ । त्यसका अतिरिक्त निर्वाचनको पर्यवेक्षण गर्ने जिम्मेवारी पाएका संस्थाहरुले देखेको, भेटेको र भोगेका तथ्यहरुसहित प्रतिवेदन सार्वजनिक गर्ने अनि आयोगलाई बुझाउने काम समेत भइरहेका छन् ।

त्यही क्रममा प्रेस काउन्सिल र आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) ले आमनिर्वाचन–२०७९ मा आचार संहिताका पालनाका सवालमा अनुगमन तथा पर्यवेक्षण गरेको थियो । निर्वाचन अनुगमनको उद्देश्य मुख्यतः आचार संहिता पालना भए नभएको पत्ता लगाउने, आचार संहिता उल्लङ्घन गर्ने व्यक्ति, संस्था वा निकायको हकमा कारबाहीको दायरामा ल्याउनु हो । सञ्चारतर्फको आचार संहिता विपरितका क्रियाकलाप गर्ने व्यक्ति, संस्था वा निकायलाई कारबाही गर्ने जिम्मेवारी प्रेस काउन्सिलको हो । निर्वाचनसम्बन्धी सामग्रीको प्रचार र प्रभावको अध्ययनका साथै आमसञ्चार माध्यमको उपयोगको स्थिति, मिडियाप्रतिको आमबुझाई, सूचनाको प्राप्ति लगायतका सवालमा अनुगमन तथा पर्यवेक्षण गर्ने मुख्य उद्देश्य सहित संयुक्त पर्यवेक्षणको थालनी गरिएको हो ।

नेपालमा आमसञ्चार माध्यम स्थापित हुने क्रम बढ्दो छ । हाल नेपालमा ८८६ पत्रपत्रिकाहरू नियमितरुपमा प्रकाशित भइरहेका छन् । त्यस अतिरिक्त १,१७६ वटा रेडियो र २३७ वटा स्याटेलाइट टेलिभिजनहरू इजाजत प्राप्त गरी प्रसारणमा रहेका छन् । सरकारी, सामुदायिक एवं निजी स्वामित्वमा रहेका टेलिभिजन र रेडियोहरू नेपालमा क्रियाशील छन् । त्यस्तै ३,७२१ अनलाइन सञ्चार माध्यम सूचीकरण भएका छन् । हाल पत्रकार

आचारसंहिता, २०७३ पहिलो संशोधन, २०७६ कार्यान्वयनमा छ । काउन्सिलले आचार संहिताको परिधिमा रहेर सञ्चार माध्यको अनुगमन गर्दै आएको छ। बढ्दो अनलाइन समाचार सामग्रीसँगै तिनीहरूको अनुगमनका चुनौतीहरू पनि उत्तिकै थपिएका छन्।

निर्वाचन आयोगले निर्वाचन प्रयोजनका निम्ति निश्चित अवधिका लागि प्रभावकारी हुने गरी मात्र आचार संहिता जारी गर्दछ भने प्रेस काउन्सिल नेपालले सबै प्रकारका सञ्चारमाध्यम र पत्रकारको लागि आचार संहिता जारी गरी नियमित अनुगमन गरिरहेको हुन्छ। अनलाइन समाचार सामग्रीहरू प्रकाशन गर्न र हटाउन अत्यन्तै सजिलो हुने कारणले पत्रकार आचारसंहिताको सीमा बाहिरका सामाजिक सद्भावमा तथा राष्ट्रियतामा खलल पुग्ने र नकारात्मक समाचार सामग्री सम्प्रेषण भइसकेपछि पनि तत्काल हटाउन मिल्ने भएको हुनाले त्यस्ता समाचारहरूको अनुगमनमा चुनौती थपिएको छ।

प्रेस काउन्सिलले अनुगमनको क्रममा विषयगत र वस्तुगत दुबै विधिबाट केही सञ्चारमाध्यमको अनुगमन गरेको छ। त्यस्तै निर्वाचनको अनुगमन पर्यवेक्षण जियोकबाट निर्वाचन सूचना प्रवाहमा आमसञ्चारका गतिविधि पर्यवेक्षण गरेको थियो। यो आमसञ्चारको विस्तृत अनुगमन काउन्सिलले गर्ने र आमजनमानसमा आमसञ्चारप्रतिको बुझाइ के कस्तो छ भनेर केही प्रश्नावली बनाएर जियोकले समेत अनुगमन गरेको हो।

## २. प्रेस काउन्सिल र आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) बीच साझेदारीको उद्देश्य

प्रेस काउन्सिलको उद्देश्य मर्यादित पत्रकारिताका निम्ति नियमित रुपमा आचार संहिता पालनाका सन्दर्भमा अनुगमन गर्ने, उजुरी सुन्ने, आचारसंहिता विपरित जाने वा अवज्ञा गर्ने व्यक्ति, संस्था वा निकायलाई कारबाही गर्नु हो। त्यसैगरी आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) नेपालमा सम्पन्न हुने आमनिर्वाचन पर्यवेक्षण गर्ने उद्देश्यले स्थापित सञ्जाल हो।

प्रेस काउन्सिल नेपालले प्रेस स्वतन्त्रताको संरक्षण र मर्यादित पत्रकारिताको विकासका लागि सञ्चार–माध्यमको नियमन गर्ने निकायको रुपमा काम गर्दै आएको छ। सञ्चार माध्यममा सम्प्रेषण हुने समाचार सामग्रीको सम्बन्धमा प्रश्न उठेमा त्यसको सत्य, तथ्य एवम् विश्वसनीयताका सम्बन्धमा अनुगमन गर्ने, आवश्यक कारबाही गर्ने र गल्ती कमजोरी सच्चाउन लगाउने कार्य काउन्सिलले गर्दछ। प्रेस काउन्सिलले प्रेसलाई नियन्त्रण होइन, कुनै न कुनै प्रकारले संरक्षण र सहयोगको भूमिका निर्वाह गरिरहेको हुन्छ। यसले प्रेस स्वतन्त्रताको संरक्षण गर्दै आमसञ्चारलाई उत्तरदायी बनाउन मद्दत गर्दछ।

प्रेस काउन्सिलका उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :

क) स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावरण सिर्जना गर्ने,

ख) प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचार संहिता तोक्ने,

ग) प्रेस र नेपाल सरकार बीच सौहार्द्रपूर्ण सम्बन्ध कायम राख्ने,

घ) नागरिकको नैतिकता र मर्यादा कायम राख्न लगाउने,

ङ) प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने।

जियोक निर्वाचन आयोगद्वारा सञ्चालन हुने निर्वाचन स्वतन्त्र, निस्पक्ष, भयरहित र धाँधलीरहित रुपमा भएको छ, छैन भन्ने कुराको स्वतन्त्र रुपमा पर्यवेक्षण गर्ने उद्देश्यले स्थापित सञ्जाल हो। निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रम अनुरुप निर्वाचनका विभिन्न प्रक्रियाहरु (मतदाताको नामदर्ता, निर्वाचनमा उम्मेदवारी, मतदान, मतगणना र परिणाम घोषणा समेत) मा घटित घटनाहरुको पर्यवेक्षण गरी प्राप्त जानकारीका आधारमा प्रतिवेदन सार्वजनिक गर्नु नै जियोकको उद्देश्य हो। यसबाट निर्वाचन आयोगको निर्वाचन परिणामलाई आमनागरिकको विश्वास र विश्वसनीयता वृद्धि गर्न सहयोग पुग्ने छ।

विभिन्न क्षेत्रमा कार्यरत हाल एघार संस्थाहरुको सयुंक्त सञ्जालको रुपमा रहेको जियोकले २०४७ सालपछि सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन २०४८, २०५१ र २०५६ का साथै स्थानीय निकाय निर्वाचन २०४९, २०५४, संविधानसभा सदस्य निर्वाचन, २०६४ तथा २०७० र स्थानीय तहको निर्वाचन, २०७४ लगायत प्रदेशसभा र प्रतिनिधिसभा, २०७४ समेत सातवटा निर्वाचनको पर्यवेक्षण गरिसकेको छ। यस कार्यलाई निरन्तरता दिदै यस संस्थाले २०७९ सालमा नेपालको संविधान बमोजिम स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको पर्यवेक्षण सम्पन्न गरेको छ।

## ३. आमसञ्चारका निम्ति निर्वाचन आयोगबाट जारी भएको आचार संहिता

निर्वाचन आयोगलाई निर्वाचन स्वच्छ, निस्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरण कायम राख्न पालना गर्नुपर्ने गरी निर्वाचन आचार संहिता जारी गर्न सक्ने कानुनी अधिकार प्राप्त छ। आयोगद्वारा जारी आचार संहिताको दायराभित्र सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यमहरु पर्दछन्। आयोगले निस्पक्ष, यथार्थपरक र सत्य समाचार वा टिप्पणीहरु तथ्य र तथ्यांकको आधारमा प्रकाशन गर्न उत्प्रेरित गर्ने उद्देश्यसहित आमसञ्चारका निम्ति आचार संहिता लागू गर्दै आएको हो।

आयोगले आचार संहिता २०७९ को दफा २५ मा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचार संहिताको व्यवस्था गरेको छ।

क) कुनै राजनीतिक दल, उम्मेदवार सम्बन्धित व्यक्तिबाट दान, उपहार वा आर्थिक सहयोग लिन नहुने,

ख) कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,

ग) जातजाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्ग र क्षेत्र बीचको सम्बन्ध, सद्भावमा खलल पार्ने, राजनीतिक आस्था वा विचार, राष्ट्रियता तथा सामाजिक अवस्था जस्ता कुनै पनि आधारमा भेदभाव हुने गरी समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,

घ) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार-प्रसारका लागि निःशुल्क विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने,

ङ) राजनीतिक दल वा उम्मेदवारको निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्दा सो विज्ञापनमा सःशुल्क भएको जनाऊ दिनुपर्ने,

तर, मतदान हुने दिनको अघिल्लो अठचालिस घन्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म त्यस्तो विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न पाइने छैन।

च) कसैको पक्ष वा विपक्षमा एस.एम.एस. फेसबुक, मेसेन्जर, ट्वीटर, भाइबर, यूट्यूब, इन्स्टाग्राम, अनलाइन छापा जस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा शेयर, ट्याग, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने,

छ) सूचनाको स्रोत भङ्ग गर्न नहुने,

ज) राजनीतिक दल वा उम्मेदवार वा उम्मेदवारको एकाघरका परिवारका सदस्यको मान, प्रतिष्ठा, इज्जतमा आँच पुऱ्याउने तथा गलत र भ्रामक समाचार प्रकाशन तथा प्रसारण गर्न नहुने,

झ) मतदान हुने दिनको अघिल्लो अठ्चालिस घन्टादेखि मतदान दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापनका अतिरिक्त टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तर जस्ता कार्यक्रम गर्न नहुने,

ञ) निर्वाचनको बारेमा नकारात्मक सन्देश प्रवाह गर्ने, लेख, तस्बिर वा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,

ट) नेपालको निर्वाचन, राजनीतिक दल र उम्मेदवारलाई नकारात्मक असर पुग्नेगरी विदेशी सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारित सामग्री पुनः प्रकाशन वा प्रसारण गर्न नहुने,

ठ) कसैले निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुस्प्रचार गर्ने, अपमान गर्ने, मिथ्या सूचना, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्ने जस्ता भ्रामक टीकाटिप्पणी इन्टरनेट वा टेलिभिजनमा सम्प्रेषण गर्न नहुने र त्यस्तो टीकाटिप्पणी सम्प्रेषण भएमा इन्टरनेट सेवा प्रदायक वा केवल टेलिभिजन वितरकले त्यस्ता सूचना वा अभिव्यक्ति हटाउनुपर्नेछ।

## ४. अध्ययनको उद्देश्य

निर्वाचनको समयमा आमसञ्चार माध्यमको प्रयोगबाट जनतालाई सुसूचित गर्ने अहम् भूमिका सञ्चार माध्यमको रहन्छ । यस्तो परिस्थितिमा कतिपय दल वा उम्मेदवारले आमसञ्चार माध्यमको दुरुपयोग गरी एक पक्षीय सामग्री सम्प्रेषण गर्ने, विपक्षी उम्मेदवार वा दलको विरुद्धमा गलत सूचना सम्प्रेषण गर्ने गरेको समेत पाइन्छ। त्यसैले सञ्चारमाध्यमले के कस्ता सामग्री सम्प्रेषणमा प्राथमिकता दिएका छन्, कस्ता सामग्री प्रवाह भएका छन्, आचार संहिताको पालनाको अवस्था के छ भन्ने विषयको तथ्यपरक अभिलेख र विश्लेषणको लागि समेत निर्वाचनको समयमा आमसञ्चार माध्यमको विशेष अनुगमन गर्ने गरिएको हो। २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन अनुगमनको उद्देश्य देहायबमोजिम रहेको छः

क) निर्वाचन सम्बन्धी सामग्रीको प्रसारण के कस्तो रहेको छ पहिचान गर्ने,

ख) निर्वाचन सामग्रीमा आचारसंहिताको पालना भए नभएको अनुगमन गर्ने,

ग) आचारसंहिता उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाको हकमा कारबाहीको दायरामा ल्याउने,

घ) गलत, दुस्प्रचारयुक्त र घृणास्पद अभिव्यक्ति सम्प्रेषण हुनबाट रोक्न सघाउने,

ङ) निर्वाचनको समयमा सम्प्रेषित सामग्रीको विश्लेषण र सुधारका उपाय पहिचान गर्ने,

च) भविष्यमा सम्पन्न हुने निर्वाचनमा नीतिगत सुधार गर्न निर्वाचन आयोग, प्रेस काउन्सिल, नेपाल सरकार, राजनीतिक दल र आमसञ्चारको लागि सुझाव दिने।

## ५. अनुगमन तथा पर्यवेक्षण विधि

आमनिर्वाचन–२०७९ मा आमसञ्चार माध्यमबाट सम्प्रेषित सामग्रीको प्रेस काउन्सिलबाट अनुगमन भएको छ। काउन्सिलले केही सञ्चार माध्यमलाई आफ्नो दायरामा राखेर अनुगमन गरेको थियो । काउन्सिलबाट अनुगमन गर्दा वस्तुगत र विषयगत विधिको अवलम्बन गरिएको छ। काउन्सिलले आचार संहिता प्रतिकूल देखिएका सामग्रीका सम्बन्धमा तत्काल जानकारीमा लिने र सामग्रीको प्रकृतिका आधारमा आवश्यक कारबाही प्रक्रिया अघि बढाउने गरेको थियो। वस्तुगत विधिबाट अनुगमन सूचना र फारम तयार गरी प्राप्त तथ्यलाई सफ्टवेयरको माध्यमबाट समेत तथ्याङ्क प्रशोधन गरी राजनीतिक दल र उम्मेदवारलाई सञ्चार माध्यमले के कति स्थान दिए, सन्तुलन कस्तो रह्यो भन्नेबारे अनुगमन र विश्लेषण गरिएको छ।

जियोकबाट समेत आमसञ्चारको प्रभाव र पहुँचको अवस्था सम्बन्धमा जानकारी हासिल गर्न वस्तुगत प्रश्नावली बनाएर पर्यवेक्षकहरु मार्फत पर्यवेक्षण गरिएको छ। जियोकबाट परिचालित राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुले निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् पर्यवेक्षण गरेका थिए। सबै तहका पर्यवेक्षकलाई प्रश्नावलीसहितको फाराम उपलब्ध गराएको थियो। त्यसका निम्ति ३२ जिल्लामा १/१ जना जिल्लास्तरको पर्यवेक्षक, २६१ जना स्थानीय पर्यवेक्षकहरु परिचालित थिए। करिब ३४६ जना पर्यवेक्षकले

जियोकले तयार पारेको प्रश्नावली भराएका थिए। प्रतिनिधि सभा र प्रदेश सभाको लागि निर्वाचनका सम्बन्धमा पर्यवेक्षकहरु स्वयंलाई समेत जम्मा ३४ वटा प्रश्नमा आधारित रहेर मत सर्वेक्षण गरिएको थियो । जम्मा ३१५ जना उत्तरदाताहरुलाई सोधिएको प्रश्नमा गाउँपालिकाबाट १०३ जना र नगरपालिकाबाट २१२ जनाबाट प्रतिकृयाहरु लिइएको छ।

त्यसैगरी मुलुकका सातवटै प्रदेश समेट्ने गरी जम्मा ६ वटा प्रश्नहरुमा केन्द्रित रहेर निर्वाचनका सम्बन्धमा राजनीतिक दलका नेता तथा कार्यकर्तालाई जियोकद्वारा प्रश्न सोधिएको थियो । जम्मा ३०७३ जना व्यक्तिलाई प्रश्न सोधिएकोमा नेकपा (एमाले) का ७७५ जना, नेपाली कांग्रेसका ६८२ जना, नेकपा (माओवादी केन्द्र) का ३७४ जना, राष्ट्रिय स्वतन्त्र पार्टीका २३८ जना, राष्ट्रिय प्रजातन्त्र पार्टीका ३३४ जना, जनता समाजवादी पार्टीका ४० जना, जनमत पार्टीका ७४ जना र अन्य दलका ५५६ जनालाई प्रश्नहरु सोधिएको थियो। उक्त अर्न्तवार्तामा प्रदेश नं. १ बाट १२.६%, मधेश प्रदेशबाट ८.८%, बागमती प्रदेशबाट ४३.५%, गण्डकी प्रदेशबाट १२.५%, लुम्बिनी प्रदेशबाट ११%, कर्णाली प्रदेशबाट ५.२% र सुदुरपश्चिम प्रदेशबाट ६.३% उत्तरदाताहरु सहभागी भएका थिए। यस अन्तर्गत गाउँपालिकाबाट १०३० जना (३३.५%) र नगरपालिकाबाट २०४३ जना (६६.५%) उत्तरदाताहरु छनौट गरिएको थियो भने महिला १११० जना (३६.१%) र पुरुष १९६३ जना (६३.९%) रहेका छन्।

जियोकले २ चरणमा मतदाताहरुसँग समेत प्रश्नावलीहरु तयार पारी प्रतिकृयाहरु लिएको थियो। जस अन्तर्गत पहिलो चरणमा ३५२७ जना र दोश्रो चरणमा २७९४ जनासँग करिव २६ वटा प्रश्नहरुका आधारमा विभिन्न क्षेत्र, वर्ग, वर्ण, लिङ्गका मतदाताहरुको धारणा समेत संकलन गरि विश्लेषण गरिएको छ।

## ६. आम सञ्चारको लागि पर्यवेक्षण प्रश्नावली

अनुगमनको लागि प्रेस काउन्सिलले मूलत : पत्रकार आचारसंहिता २०७३ पहिलो संशोधन, २०७६ र निर्वाचन आचारसंहिता, २०७९ लाई आधार मानेर सञ्चार माध्यममा सम्प्रेषण हुने समाचार र अन्य सामग्रीको अनुगमन गरेको छ। वस्तुगत विधिबाट अनुगमन गर्न विभिन्न आधार तय गरी अनुगमनको सूचकसहित फाराम तयार गरिएको थियो।

त्यस्तै जियोकबाट पर्यवेक्षण हुँदा आम सञ्चारको प्रवाह, सूचनाको प्रवाहको अवस्था र आमसञ्चारप्रति जनताको बुझाई वा धारणा सम्बन्धमा प्रश्नावली तयार गरी सो को आधारमा अनुगमन र विश्लेषण गरिएको छ।

## ७. निर्वाचन व्यवस्थापनमा निर्वाचन आयोगको तयारी र आमसञ्चार माध्यमको भूमिका

निर्वाचनको समयमा निर्वाचनसम्बन्धी सूचना, जानकारी, समाचार लेख, रचना सम्पादकीय, विज्ञापन सहितका विभिन्न प्रकारका सामग्रीको सम्प्रेषण मार्फत निर्वाचन आयोग, निर्वाचन व्यवस्थापनबारे सूचित गर्ने कार्यमा आमसञ्चार माध्यमको भूमिका उल्लेखनीय रह्यो । निर्वाचनका लागि मतदाता नामावली सङ्कलन, अन्तिम मतदाता नामावली तयारी र प्रकाशन, निर्वाचन सामग्रीको खरिद व्यवस्थापन, कर्मचारी व्यवस्थापन, निर्वाचन अधिकृत, मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना जस्ता हरेक तयारी आमसञ्चार माध्यममा समाचार सामग्री बनेको पाइयो।

निर्वाचन आचारसंहिता निर्माण गरी लागू गर्ने, विभिन्न कार्यविधिको निर्माण, कार्यालय व्यवस्थापन, प्रेस अफिसको स्थापना गरिएको थियो। उक्त प्रेस अफिसको कार्यक्षेत्रहरुमा– सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा सूचना प्रवाहका लागि एकद्वार प्रणाली लागू गरी सूचना सम्प्रेषण गर्ने, आयोगले प्रवाह गर्ने हरेक प्रकारका सूचना तथा सन्देशहरु प्रभावकारी तवरले लक्षित वर्गसम्म प्रवाह गर्ने, प्रवक्ता र सहायक प्रवक्ताको कार्यसम्पादनमा सहजीकरण गर्ने, सञ्चारमाध्यमले मागेको वा खोजेको वखत आयोगबाट प्रवाह गर्न मिल्ने सूचना

सहजै उपलब्ध गराउने, निर्वाचन प्रक्रियामा सामाजिक सञ्जालको उपयोगमा वृद्धि गराउने, आयोगका सामाजिक सञ्जालको पहुँच बढाउने, निर्वाचनमा मतदाताको सहभागिता अभिवृद्धि गराउने, निर्वाचन र मतदानका बारेमा निर्वाचनका सरोकारवाला लगायत आम मतदाताहरुलाई सुसूचित गराउने, निर्वाचनसँग सम्बन्धित दुस्प्रचार, मिथ्य सूचना र घृणास्पद अभिव्यक्तिको रोकथाम गर्ने, निर्वाचनमा हुने बदर मत गत निर्वाचनको तुलनामा कम गराउन भूमिका निर्वाह गर्ने, प्रेस अफिसले निर्वाचन प्रचार–प्रसारमा आम सञ्चार क्षेत्र र सामाजिक सञ्जालसँग साझेदारी र सहकार्य अभिवृद्धि गर्ने रहेको छ।

तालिम र अनुशिक्षण, मतदाता शिक्षा, नमूना मतदानसहितका गतिविधिहरूको घटना लगायत क्रियाकलापमा आधारित सामग्रीको सम्प्रेषणले प्राथमिकता पाएको देखियो । निर्वाचन कार्यतालिका अनुसारका हरेक कार्यक्रमको पत्रकार सम्मेलन, प्रेस विज्ञप्तिका आधारमा सूचना सम्प्रेषण गर्ने प्रबन्ध गरिएको थियो।

निर्वाचन आयोगले जारी गरेको आचार संहिताको पालना नभएको भनेर कतिपय समाचार सम्प्रेषण भएका थिए जसको कारण निर्वाचन आयोगलाई त्यस्ता विषयमा ध्यानाकर्षण गराएर आचारसंहिता उल्लङ्घन गर्नेलाई कारबाही गर्न बाध्य बनाएको थियो । निर्वाचन आयोगले स्थापना गरेको प्रेस अफिस र त्यसबाट सम्पादन हुने कार्य, त्यसमा हुने निकायको सहभागिता समेतका आधारमा प्रेसको आधारभूत मूल्य मान्यता प्रतिकूल हुने भन्दै सञ्चार क्षेत्रबाट विरोध भएको थियो । सूचना सम्प्रेषणको लागि आयोगले इ–बुलेटिन प्रकाशनदेखि फेसबुक, इस्ट्राग्राम ट्वीटरलगायत सामाजिक सञ्जालको प्रचूर मात्रामा प्रयोग गरेको थियो।

## प्रेस अफिसबाट सम्पादन भएका कार्यहरू

निर्वाचन आयोगबाट प्रवाह गरिने सूचना तथा सन्देशहरु एकद्वार रुपमा नेपाल सरकार सूचना तथा प्रसारण विभागमा दर्ता भएका सबै सञ्चार माध्यमलाई सम्प्रेषण गरिएको थियो। साथै महत्वपूर्ण विषयहरुमा पत्रकार सम्मेलनको आयोजना गरी अन्य विषयहरुमा समेत प्रेस विज्ञप्ति जारी गरी आयोगका सूचना तथा सन्देशहरु प्रवाह गरिएको थियो। जसबाट सबै सञ्चार माध्यमहरुलाई आयोगका सूचनामा समान पहुँचको अवसर प्राप्त भएको थियो। सूचना सम्प्रेषणका लागि आयोगमा एक जना प्रवक्ता र एकजना सहायक प्रवक्ताका अतिरिक्त थप दुईजना सहायक प्रवक्ताहरु तोकिनुभएको थियो । यसै गरी निर्वाचन इ–बुलेटिन https://ebulletin .election.gov.np/ प्रणलीमार्फत आयोगबाट प्रवाह गर्नुपर्ने निर्वाचनको सञ्चालन र व्यवस्थापन सम्बन्धी सूचना, सन्देश र समाचारहरु मिति २०७९ असोज २८ देखि नियमित रुपमा प्रकाशन भएका थिए। निर्वाचन इ–बुलेटिनमा मिति २०७९ मंसिर २० गतेसम्म ३३५ वटा समाचार सूचना तथा भिडियो सन्देशहरु प्रकाशन गरिएका थिए।

आयोगबाट स्वीकृत निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति २०७७ अनुसार यस निर्वाचनमा समेत आयोगले सामाजिक सञ्जालको उपयोग गरेको थियो। आयोगले सामाजिक सञ्जाल फेसबुक, ट्विटर, टिकटक र भाइबर समेतको उपयोग गरी मतदाता शिक्षा र निर्वाचन सूचनालाई अधिकतम प्रचार–प्रसार गरेको थियो। मिति २०७९ असोज १ गते अर्थात् काम सुरु गरेको दिन आयोगको ट्विटर फलोअर कूल २ हजार ५२७ रहेकामा फलोअर तीन गुणाभन्दा बढी बढेर अहिले ८ हजार ६४३ पुगेका छन्। ट्विटर एनालाइटिक्सका अनुसार मासिक सरदर ४३१ पोष्ट भएका छन् र ती पोष्टहरुमा मासिक करिव “इम्प्रेसन” १० लाख १८ हजारका दरले भएको छ। फेसबुकको इनसाइट रिपोर्ट अनुसार सोसल मिडिया युनिटले काम सुरु गर्दाको मितिमा फेसबुक लाइक ९४ हजार २११ रहेकोमा हालको मितिसम्म १ लाख ७८ हजार पुगेको छ। यो अवधिमा सरदर ५६३ पोष्ट भएका छन्।

निर्वाचनको अवधिमा सामाजिक सञ्चालको दुरुपयोग गरेर प्रवाह हुनसक्ने मिथ्या सूचना, दुस्प्रचार एवं द्वेषपूर्ण अभिव्यक्तिको रोकथाम तथा नियन्त्रण गर्न सामाजिक सञ्जालको अनुगमन भएको थियो। त्यसका लागि प्रेस अफिस अन्तर्गत सामाजिक सञ्जाल अनुगमन टोली बनाइएको थियो भने सो कार्यमा सहजीकरण गर्न सम्बन्धित सरकारी निकायहरु, सामाजिक सञ्जालका कम्पनीहरु तथा नेपाल पोलिसी इन्स्टिच्यूटसँग सहकार्य गरिएको थियो। अनुगमनका क्रममा देखिएका निर्वाचन आचारसंहिता विपरितका कार्यहरुका सम्बन्धमा

केन्द्रीय आचार संहिता अनुगमन समितिले आवश्यक कारबाही गरेको थियो । साथै आयोगले प्रवाह गर्ने हरेक प्रकारका सूचना तथा सन्देशहरु प्रभावकारी तवरले लक्षित वर्गसम्म प्रवाह भएको, आयोगको छवि कसरी प्रस्तुत भइरहेको छ, निर्वाचनमा सबै राजनीतिक दल तथा उम्मेदवारलाई समान पहुँच दिए नदिएको लगायतका विषयमा आन्तरिक प्रयोजनका लागि प्रेस अफिसमार्फत सञ्चारमाध्यमको समाचार विश्लेषण (content analysis) गरी आयोगलाई प्रतिवेदन प्रदान गरिएको थियो । निर्वाचन आयोगले राष्ट्रिय समाचार समितिसँग संयुक्त आयोजना गरी सातवटै प्रदेशमा प्रादेशिक र ७० वटा जिल्लामा जिल्लास्तरीय मिडिया अभिमुखीकरण कार्यक्रम गरी निर्वाचन आचार संहिता प्रभावकारी कार्यान्वयन गर्न र मिडियालाई जवाफदेही बनाउन पहल गरेको थियो।

## ८. निर्वाचन अभियान तथा मतदानको अवस्था विश्लेषण

निर्वाचन आयोगले तय गरेको कार्यतालिका अनुसार नै निर्वाचन प्रक्रिया अघि बढेको थियो। कतिपय स्थानमा उम्मेदवारी दिएपश्चात् उम्मेदवारको मृत्यु भएको र तत्पश्चात् अर्को कार्यतालिका मिलान गरी चुनाव गर्ने व्यवस्था मिलाइएको थियो। रुपन्देही, ललितपुर जिल्लाका केही उम्मेदवारका सम्बन्धमा परेका उजुरी र कानुनी प्रश्नहरूको निर्वाचन आयोग र अदालतबाट निराकरण भइ प्रक्रिया अघि बढेको थियो। केही छिटपुट घटनाबाहेक २०७९ मङ्सिर ४ को मतदान शान्तिपूर्वक एवं सफलतापूर्ण सम्पन्न भएको पर्यवेक्षणबाट पाइएको छ ।

निर्वाचन आयोगको विवरण अनुसार करिव ६१ प्रतिशत मतदान भएको यस निर्वाचनमा निर्वाचन आयोगले निर्वाचन खर्चको सीमा तोक्दै भड्किलो निर्वाचन हुन नदिने प्रयत्न गरेको देखिएको छ। आयोगको आचार संहिताका कारण दलीय झण्डा तथा चुनाव अङ्कित तोरण कतै झुण्ड्याएको पाइएन। कहीँ कतै आँखा छल्दै राति पम्पलेट टाँसेको पाइयो। तर दिउँसो त्यस्ता पम्पलेट हटाइएको देखियो। उम्मेदवार दर्ता र मतदानबीच प्रचार–प्रसारका सबै विषय खुल्ला भएको तर आमसभा, कोणसभा र सञ्चार माध्यमहरुबाट प्रचार–प्रसारका निम्ति जम्मा १७ दिनको अवधि भएका कारण दलहरूको चुनाव खर्चलाई घटाएको देखिन्छ। सुरक्षाका चारै निकाय बीच राम्रो समन्वय भएको पर्यवेक्षणबाट देखिएको थियो। तराई क्षेत्रमा ३० मिनेटभित्र जुनसुकै निर्वाचन क्षेत्रमा प्रहरी, सेना पुग्न सक्ने गरी व्यवस्था भएको पाइयो। सुरक्षा संवेदनशीलता विश्लेषण गरी चारैवटा सुरक्षा निकाय, मोबाइल गस्ती, स्ट्राइकिङ फोर्स, रिजर्भड फोर्स तथा र्‍यापिड रेस्क्यु टिम परिचालन गर्ने योजनासहित मजबूत सुरक्षा प्रदान गर्ने योजना देखिएको थियो तर एकैपटक सबै स्थानमा निर्वाचन गर्नु परेकाले तयारीको अपर्याप्तता भने देखियो। कतिपय झडप भएका ठाउँहरुमा सुरक्षा व्यवस्था गर्न हम्मे परेको अवस्था समेत देखियो।

मतदानको दिन विभिन्न क्षेत्रमा विवाद श्रृजना भई पुनः मतदानको मागहरु आएको भएपनि मूलतः दोलखा जिल्लाको वैतेश्वर गाउँपालिका वडा नं. ६ वैतेश्वर माध्यमिक विद्यालय मतदान केन्द्र “क”,“ख” र “ग”, वैतेश्वर गाउँपालिका वडा नं. २ जनज्योति माध्यमिक विद्यालय पुतलीकाठ मतदान केन्द्र “क” र “ख” र तामाकोशी गाउँपालिका वडा नं. ३ हेल्थपोष्ट भवन जफे मतदान केन्द्र “क” र “ख” र वैतेश्वर गाउँपालिका वडा नं. ३ कालिढुङ्गा माध्यमिक विद्यालय मतदान केन्द्र “क”, “ख” र “ग” गरी १० वटा केन्द्रमा भएको भनिएको मतदान कार्य स्वतन्त्र, स्वच्छ, निस्पक्ष र भयरहित वातावरणमा हुन सकेको नदेखिएको तथा उल्लिखित केन्द्रहरुको मतदानमा निर्वाचन आयोग ऐन, २०७३ को दफा १० को उपदफा (१), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (१) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (१) बमोजिम अनधिकृत कब्जा भई मतदानको कामको निस्पक्षता र स्वतन्त्रतामा असर पुगेको हुँदा निर्वाचन आयोग ऐन, २०७३ को दफा १० को उपदफा (२) बमोजिम ७ (सात) वटा मतदान केन्द्रमा मिति २०७९ /०८/०४ मा भएको मतदान रद्द गरी उल्लिखित केन्द्रहरुमा पुनः मतदान गराउने गरी निर्वाचन आयोगले निर्णय गरेको थियो।त्यसै गरी राजनीतिक विवादका कारण स्थगन भएको गुल्मीको कालीगण्डकी गाउँपालिका–२ को भगवती मावि, अर्वेनी र सुर्खेतको सिम्ता गाउँपालिका–६ स्थित सिम्ता बहुमुखी क्याम्पसमा मतदानस्थलमा मंसिर ६ गते शान्तिपूर्णरूपमा पुनः मतदान सम्पन्न भएको थियो।

आचार संहिताको पालना भए वा नभएको सम्बन्धमा अधिकांश प्रमुख सञ्चार माध्यमबाट मतगणना अपडेट निरन्तर दिइरहेको थिए। अनलाइन सञ्चार माध्यमले निर्वाचन मतपरिणामको जानकारी हुने हिसाबले अनलाइन प्रणालीको विकास गरी मतपरिणाम सार्वजनिक

गरेका थिए। मतदान कम भएको विषयलाई आमसञ्चार माध्यमले अनेकन कोणबाट व्याख्या गरेका थिए। चुनावपूर्व दलहरु गठबन्धन गएका कारण मतदानमा उत्सुकता कम देखिएको आभास भएको थियो। दलका शुभेच्छुक तथा एकै दललाई मतदान गर्दै आएका मतदाताले आफ्नो दलका उम्मेदवार नभएका ठाउँमा मतदान गर्न रुचि नदेखाएको विषय पनि सञ्चार माध्यमका सामग्री बनेका थिए।

## ९. आचार संहिताको पालनाको स्थिति

निर्वाचनका क्रममा छिटपुटबाहेक आमसञ्चार माध्यमबाट आयोगद्वारा जारी आचार संहिताको पालना गरेको पाइएको छ । केही राजनीतिक दलहरुसँग आबद्ध भएका सञ्चार माध्यमबाहेक अधिकांश सञ्चार माध्यमहरुबाट निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्दा आचार संहिता अनुरुपको प्रकाशन र प्रसारण गरेको पाइयो। आयोगले कसैलाई पक्षपात वा विभेद नगर्न, मिथ्या सूचना, दुस्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति प्रस्तुत नगर्न र घृणाजन्य भाषण, समाचार प्रकाशन गर्न नहुने गरी जारी गरेको आचार संहिताको सञ्चार जगतबाट पालना गरेको देखियो। पत्रिकाहरुले दल वा उम्मेदवारहरुले बोलेको विषयलाई जस्ताको तस्तै नराखी भाषा सम्पादन गरी प्रसारण गर्नुपर्नेमा सो नगरेको पाइयो। जसले गर्दा यस्ता विषयलाई प्रेस काउन्सिलले सचेत गराउनुपर्ने स्थिति देखिएको थियो।

निर्वाचनको समयमा आमसञ्चार माध्यमबाट आचारसंहिता पालना भए वा नभएको सम्बन्धमा विशेष अनुगमन प्रेस काउन्सिल नेपालबाट भएको थियो। सीमित स्रोत साधनका कारण सबै प्रदेश, स्थानीय तह र सबै प्रकारका सञ्चार माध्यमलाई नमूनाको रुपमा लिई विषयगत र वस्तुगत विधिबाट अनुगमन भएको थियो।

प्रेस काउन्सिलले वस्तुगत विधिबाट अनुगनमन गर्न ४७ र विषयगत विधिबाट अनुगमन गर्न १७७ सञ्चार माध्यम छनोट गरेको थियो । यी बाहेक अन्य आमसञ्चार माध्यमका सम्बन्धमा प्राप्त भएका उजुरी, गुनासा र देखिएका प्रतिकूल सामग्री अनुगमनमा परेका थिए।

निर्वाचनमा विशेष अनुगमन प्रयोजनार्थ नमुनाको रुपमा लिएका सञ्चारमाध्यमहरु यस प्रकार रहेका छन्ः


| सञ्चार माध्यम | वस्तुगत विधिबाट अनुगमनको लागि नमुना | विषयगत विधिबाट अनुगमनको लागि नमुना | कैफियत |
|---|---|---|---|
| पत्रपत्रिका | ११ | ७६ | प्रकाशित पत्रपत्रिका |
| रेडियो | ११ | २६ | प्राइम टाइम |
| टेलिभिजन | ४ | ८ | प्राइम टाइम |
| अनलाइन | २१ | ६७ | सम्प्रेषित सामग्री |
| जम्मा | ४७ | १७७ | |

प्रेस काउन्सिलको अनुगमन अनुसार निर्वाचनको स्थिर (मौन) अवधिमा ५१ आमसञ्चार माध्यमबाट आचार संहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको पाइएको छ। मौन अवधिमा समेत आचार संहिता प्रतिकूलमा सामग्री सम्प्रेषण भएको अनुगमनबाट देखिएको छ। यस अवधिमा १६६ सञ्चार माध्यमबाट आचार संहिता उल्लङ्घन भएको पाइएको छ। २०७९ असोज २८ देखि निर्वाचन मतदान सम्पन्न भई मत परिणाम सार्वजनिक हुँदासम्म अर्थात् मङ्सिर १० गते सम्मको विषयगत विधिबाट अनुगमन हुँदा कूल १६६ सञ्चार माध्यममा आचार संहिता प्रतिकूल सामग्री सम्प्रेषण भएका र कारबाहीको दायरामा ल्याइएको छ।

अनुगमन र कारबाही सम्बन्धी तथ्याङ्कीय विवरण निम्न बमोजिम रहेको छः

| विवरण | कारवाही प्रकृया | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | स्पष्टीकरण जवाफ माग | निर्देशन दिइएको | सचेत गराइएको | ध्यानाकर्षण गराइएको | देशभित्र संप्रेषण हुन नसक्ने बनाइएको | | |
| पत्रपत्रिका | १६ | १ | १२ | १६ | | ४५ | |
| रेडियो | १ | २ | १ | २२ | | २६ | |
| टेलिभिजन | १ | १ | ३ | ३ | | ८ | |
| अनलाईन | ९ | २५ | १५ | २९ | | ७८ | |
| जम्मा | २७ | २९ | ३१ | ७० | | १५७ | |
| अनलाईन तर्फ | | | | | | | |
| वेब पोर्टल | | | | | ७ | ७ | |
| समाचार संस्था | | | | १ | | १ | |
| मिडियाको सामाजिक सञ्जाल | | | | १ | | १ | |
| जम्मा | २७ | २९ | ३१ | ७२ | ७ | १६६ | |

चार्टमा यस प्रकारको विवरण देखिन्छः



सञ्चार माध्यममा आचार संहिता पालनाको अवस्था समग्रमा सन्तोषजनक देखिएको छ। अनलाइन सञ्चार माध्यमको सङ्ख्या बढी भएको र यसको प्रभाव बढ्दै गएकाले समेत अनलाइन सञ्चार माध्यममा उल्लङ्घन बढी भएको देखिन्छ। विगतका निर्वाचनको तुलनामा सञ्चार माध्यम र पत्रकारले सञ्चालन गर्ने सामाजिक सञ्जालमा संयमित भइ सामग्री सम्प्रेषण गरेको पाइएको छ।

यो निर्वाचनमा दुस्प्रचारयुक्त समाचार सामग्री समेत सम्प्रेषण भएको पाइएको छ। अनलाइन सञ्चार माध्यममा सम्प्रेषण भएको जस्तो देखाउने गरी मतदान हुनु अघिल्लो दिन गलत दुस्प्रचार गर्ने नियतले केही सामग्री सम्प्रेषण भए। त्यस्ता सामग्रीका सम्बन्धमा प्रेस काउन्सिलले तत्काल छानबिन गरी गलत दुस्प्रचारयुक्त सामग्री देखिएकोले त्यस्ता प्रवृत्तिबाट सजग रहन आव्हान समेत गरेको थियो।

यस आमनिर्वाचनको मौन अवधिमा केही सञ्चार माध्यमको मास्टहेडलाई असम्बन्धित व्यक्तिहरुद्वारा दुरुपयोग गरिएको जस्तो अनौठो प्रवृत्ति देखाप¥यो। राजनीतिक दल तथा उम्मेदवारबारे अफवाहपूर्ण, दुस्प्रचारयुक्त, भ्रामक सामग्री सम्प्रेषित गरेको समेत पाइएको छ । उक्त सञ्चार माध्यमले आफ्नो माध्यमबाट त्यस्ता कुनै किसिमका समाचार सम्प्रेषण नगरेको र आाफूहरुको मास्टहेड दुरुपयोग गरी फेक न्युज प्रवाह गरेको जानकारी समेत गराका थिए। त्यस प्रकारका घटनामा प्रेस काउन्सिले चासो राख्नुका साथै अफवाहपूर्ण, दुस्प्रचारयुक्त/फेक न्युजबाट सजग रहन र त्यस्ता क्रियाकलापमा संलग्नविरुद्ध विद्युतीय अपराध सम्बन्धी कानुन प्रयोग गर्नेसम्मको चेतावनी दिनुपर्ने स्थिति पैदा भएको थियो।

कतिपय सञ्चार माध्यममा निर्वाचन आयोग र राजनीतिक दल एवं उम्मेदवारका विज्ञापन समेत सम्प्रेषण भएका छन्। निर्वाचन आयोगले जारी गरेको आचार संहितामा राजनीतिक दल/उम्मेदवारको विज्ञापनमा सःशुल्क जनाउनुपर्ने स्पष्ट व्यवस्था छ। तर अनुगमनबाट त्यसरी जनाउ नदिई आचार संहिता उल्लङ्घन भएको पाइएको छ। निर्वाचन आयोगले अनलाइन माध्यमबाट विज्ञापन गर्न पाउने निर्णय गरेको हुँदा विगतको तुलनामा कतिपय सञ्चार माध्यमले यस्ता विज्ञापनमा सःशुल्क जनाइ सम्प्रेषण गरेको पाइएको छ।

आचार संहिता उल्लङ्घन पश्चात् प्रेस काउन्सिलले गरेका पत्राचारको सम्बन्धित सञ्चार माध्यमले तुरुन्तै जवाफ दिने, सुधार गर्ने, गल्ती कमजोरी सच्चाउने, क्षमायाचना गर्ने जस्ता कार्यहरु सम्पन्न भएका छन् । अनुगमनबाट देखिएका तथ्यहरुलाई प्रेस काउन्सिल बोर्डसहितको अनुगमन संयन्त्रको बैठकमा पेस गर्ने र निर्णयानुसार कारबाही प्रक्रियामा लैजाने गरी अनुगमनको व्यवस्था गरिएकाले कतिपय विषयमा तत्काल फोन सम्पर्क गरी सुधार गर्न जानकारी गराइएको थियो। त्यसैगरी निरन्तर अनुगमनमा रहेको कारण पनि आचार संहिता पालनामा यस पटक आम सञ्चार थप सजग रहेको देखिएको छ।

अनुगमनका सन्दर्भमा निर्वाचन आयोग र प्रेस काउन्सिल नेपालबाट भएगरेका कामकारबाही एवं पत्राचारका कतिपय विषय बढी चर्चा बहसमा आएका छन्। नागरिक दैनिकको २०७९/०७/०३ को अङ्कमा कल केपी बा‍ शीर्षक दिई कुनै राजनीतिक दलका नेता वा उम्मेदवारलाई लक्षित गरी प्रकाशन भएबाट आचार संहिता आकर्षित भएकोमा प्रेस काउन्सिल नेपालले २०७९/०७/०३ मा नागरिक दैनिकलाई स्पष्टीकरण सोधेको थियो। यस विषयमा समेत विभिन्न प्रकारले चर्चा परिचर्चा भएको थियो। पछि नागरिक दैनिकले सो कार्टुन पत्रकार आचार संहिता प्रतिकूल नहुने भन्दै जवाफ पेस गरेको पाइएको छ।

निर्वाचन आचार संहिता लागू भएपछि उम्मेदवारको हकमा कुनै टिकाटिप्पणी नै गर्न नपाइने हो वा तथ्यपरक र विगतका घटना उल्लेख गरी टिप्पणी गर्ने सवालमा स्पष्ट हुनु जरुरी देखिन्छ। निर्वाचनमा उम्मेदवारी दर्ता भएपछि उम्मेदवारको हकमा तथ्यसहित विगत पृष्ठभूमिबारे मतदातालाई जानकारी नदिने हो भने खराब पात्रहरुले अस्वस्थ तरिकाले चुनाव जित्न सक्ने अवस्था रहन्छ। यसबारे आचार संहितामा व्यावसायिक मर्यादाभित्र रहँदै उम्मेदवारका राम्रा वा नराम्रा विगत उल्लेख गर्न सक्ने विषयमा बहस हुनु जरुरी देखिन्छ।

त्यस्तै निर्वाचन आयोगले आमसञ्चार माध्यमको अनुगमन, नियमन र कारबाहीको विषय प्रेस काउन्सिल नेपालको क्षेत्राधिकारभित्र पर्ने विषय हो भनी २०७९/०६/२८ मा लेखि पठाउने निर्णय गरेको थियो। प्रेस काउन्सिल ऐन, २०४८ ले काउन्सिललाई अधिकार एवं जिम्मेवारी दिएको उक्त विषय आयोगबाट निर्णय हुनु आवश्यक हो/होइन बहसको विषयकै रुपमा समेत रहेको छ।

यसरी आयोगले निर्णय गरेर सञ्चार माध्यमको अनुगमन र कारबाहीको क्षेत्राधिकार प्रेस काउन्सिलको हो भनिसकेपछि पनि मिति २०७९/०७/१९ मा सेतोपाटी सञ्चार प्रा.लि.का प्रधानसम्पादकलाई स्पष्ट गर्ने बारे भनी आयोगबाट पत्र पठाइएको छ।

पत्रमा सेतोपाटी डटकमको मिति २०७९/०७/१८ गते अग्नि खरेलका छोरा निशान अमेरिकी सेनामा, नेपाली नागरिकता कायमै शीषर्कमा प्रकाशित समाचारबारे निर्वाचन आचार संहिता, २०७९ को दफा ४(ण) दफा २५(ज)को व्यवस्था उल्लेख गर्दै निर्वाचनमा उम्मेदवार भएका व्यक्ति तथा निजको परिवारको चरित्र हत्या गर्ने वा व्यक्तिगत लाञ्छना लगाउने गरी उक्त समाचार प्रकाशन भएको देखिएकोले २४(चौविस) घण्टाभित्र सो समाचार हटाइ देहायका विषयमा स्पष्ट जवाफ उपलब्ध गराउन भनिएको छः

१. सेतोपाटी डट.कम.को मिति २०७९/०७/१८ को “अग्नि खरेलका छोरा निशान अमेरिकी सेनामा, नेपाली नागरिकता कायमै” शीर्षकमा प्रकाशित समाचारले उम्मेदवार तथा निजको एकाघरका परिवारका सदस्यको मान, प्रतिष्ठा, इज्जतमा आँच पुर्‍याउने देखिएकाले त्यसरी समाचार प्रकाशन गर्नु निर्वाचन आचारसंहिता विपरित हो होइन ?

२. सञ्चार प्रतिष्ठानले उम्मेदवारको एकाघरका परिवारका सदस्यको मान, प्रतिष्ठा, इज्जतमा आँच पुर्‍याउने तथा गलत र भ्रामक समाचार प्रकाशन तथा प्रसारण गर्न मिल्छ मिल्दैन ?

३. निर्वाचन आचार संहिता, २०७९ को दफा ४ को खण्ड (ण) तथा दफा २५ को खण्ड(ज) विपरितको कार्य गरेको देखिँदा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम सेतोपाटी डट. कमलाई कारबाही किन गर्नु नपर्ने हो ?

उक्त पत्र सम्बन्धमा समग्र सञ्चार क्षेत्र र सरोकारवालाहरूबाट विरोध भएको थियो। तत्पश्चात् पत्र काटेको एक दिनपछि निर्वाचन आयोग नेपालले उक्त सञ्चार माध्यमलाई लेखिएको पत्र फिर्ता लिइएको भनी २०७९/०७/२० च.नं. २०७९/८० आ..स. १२० बाट पत्राचार गरेको छ। पत्रमा आमसञ्चार माध्यमप्रति नीति र मान्यताभन्दा फरक हुने गरी सेतोपाटीबाट प्रकाशित समाचारको विषयलाई लिएर प्राविधिक कारणले प्रेषित हुन गएको आयोगको पत्र यसै पत्रमार्फत फिर्ता लिइएको उल्लेख गरिएको थियो।

प्रेस काउन्सिलबाट समेत आचार संहिता आकर्षित हुने उक्त विषय के कसरी सम्प्रेषण हुन गएको हो भनेर स्पष्टीकरण सोधिएको थियो। जवाफमा सो विषय आम मानिसका लागि सामान्य चासो र समाचारको विषय हो भन्ने ठानेर प्रकाशन गरेको र यसले आचार संहिता उल्लङ्घन नगरेको उल्लेख थियो।

उक्त पत्राचारहरुसँगै क्षेत्राधिकारको प्रश्न समेत उठेको थियो। आयोगले  सिँधै आमसञ्चार माध्यमलाई स्पष्टीकरण सोध्ने र समाचार हटाउन लगाउन पाउने वा नपाउने  भन्ने विवाद उत्पन्न भएको थियो। उक्त प्रकरणमा आयोग स्वयंले सेतोपाटीलाई सोधेको स्पष्टीकरण फिर्ता लिनुका साथै सञ्चार माध्यमको अनुगमन, नियमन, कारबाहीको विषय प्रेस काउन्सिल नेपालको क्षेत्रात्रिकारभित्र पर्ने विषय भएको र काउन्सिलसँगै समन्वय तथा सहकार्य हुने उल्लेख गरेको थियो। आयोगको उक्त स्पष्टोक्तिसँगै क्षेत्राधिकारऱ्को प्रसंग या विवाद अन्त्य भएको थियो। अत:निर्वाचन आचार संहिता उल्लंघन हुँदा कुन संस्थाले स्पष्टीकरण सोध्ने र कारबाही प्रक्रिया अघि बढाउने भन्ने विवाद अब समाप्त भएको छ।

निर्वाचन आयोगले आमसञ्चार माध्यमलाई स्वनियम गर्न उत्प्रेरित गर्ने नीति भएको उल्लेख गरेको थियो। आयोगको २०७९ कात्तिक २० को विज्ञप्ति बमोजिम निर्वाचन आयोग, नेपालको संविधानको प्रस्तावनामा अन्तर्निहित पूर्ण प्रेस स्वतन्त्रताको सिद्धान्त, धारा १७ मा उल्लिखित स्वतन्त्रताको हक, धारा १९ मा उल्लिखित सञ्चारको हक, धारा २७ मा उल्लिखित सूचनाको हक र प्रचलित आमसञ्चार माध्यमहरुको अनुगमन उनीहरुकै पाठक, श्रोता, दर्शकहरुले गर्नुपर्छ भन्ने लोकतान्त्रिक मान्यतामा विश्वास राख्दछ। यस तर्फ नेपाल सरकारले आमसञ्चारको नीति बनाई प्रभावकारी कार्यान्वयनको लागि पहल गर्नुपर्ने समय आएको छ।

### सामाजिक सञ्जालतर्फ

यसपटकको निर्वाचनमा सामाजिक सञ्जाल विशेषगरी फेसबुक, फेसबुक पेज, इन्स्ट्राग्राम, टिकटक, युट्युब जस्ता सामाजिक सञ्जालको प्रयोग तीव्र रुपमा भएको पाइएको छ। चुनाव प्रचारप्रसार गर्न, सूचना जानकारी दिनेदेखि विज्ञापन सम्प्रेषण गरी प्रचार गर्न समेत सञ्जालको प्रयोग भएको पाइएको छ।

सामाजिक सञ्जालबाट "No Not Again" जस्ता अभियान चलाउने र यसपूर्व पटक पटक सांसद, प्रधानमन्त्री बन्ने नेताहरू विरुद्धको यो अभियान तीव्र हुँदै गएपछि निर्वाचन आयोगले २०७९/०७/०८ गते प्रेस विज्ञप्ति जारी गर्दै झुठ फेसबुक पेज, ग्रुपहरू तत्काल हटाउन निर्देशन दिएको थियो।

उम्मेदवारी दर्ता भइसकेको सन्दर्भमा "No Not Again" समेतका फेसबुक पेज/ग्रुपबाट निर्वाचनमा उम्मेदवार रहेका दलका नेताहरूको बारे विभिन्न लाञ्छनापूर्ण अभिव्यक्ति तथा भ्रामक र द्वेषपूर्ण श्रव्य/दृश्य सामग्री प्रकाशन निर्वाचन आचारसंहिता २०७९ प्रतिकूल रहेको उल्लेख गर्दै झुठ फेसबुक/ग्रुप सिर्जना गरी दलका नेता विरुद्ध प्रचारप्रसार गर्ने कार्य विद्युतीय कारोबार ऐन, २०६३ (१) प्रतिकूल रहेकोले त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद वा दुबै सजाय हुने व्यवस्था रहेको हुँदा त्यस्ता पेज/ग्रुप तत्काल हटाई उप्रान्त यस प्रकारका गतिविधि नगर्न निर्वाचन आयोगबाट सम्बन्धित सबैलाई जानकारी गराएको थियो। तत्पश्चात् यस्ता क्रियाकलापहरुमा केही कमी आएको थियो।

निर्वाचनको मौन अवधिमा केही सञ्चार माध्यमको मास्टहेड प्रयोग गरी राजनीतिक दल तथा उम्मेदवारहरूका बारेमा अफवाहपूर्ण दुस्प्रयासयुक्त, गलत एवं भ्रामक समाचार बनाइ सामाजिक सञ्जालबाट सम्प्रेषण भएको र सोप्रति प्रेस काउन्सिल नेपालको ध्यानाकर्षण भएको हुँदा तत्कालै अर्थात् २०७९/०८/०३ गते विज्ञप्ति जारी गर्दै त्यस्ता विषयमा विद्युतीय अपराधसम्बन्धी कानुन आकर्षित हुने भन्दै संवेदनशील घडीमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले कुनै पनि माध्यमबाट दुस्प्रचारयुक्त/मिथ्या सूचना, भ्रामक टिप्पणी नगर्न तथा सामाजिक सञ्जालबाट समेत पोस्ट, सेयर, कमेन्ट नगर्न नगराउनतर्फ सम्पूर्ण सञ्चारमाध्यम, आमपत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालमा प्रयोगकर्ताको गम्भीर ध्यानाकर्षण गराएको थियो।

## १०. निर्वाचन सम्बन्धी उजुरी र त्यसको निराकरण

निर्वाचनको क्रममा सञ्चार माध्यममा सम्प्रेषण भएका सामग्रीका सम्बन्धमा प्रेस काउन्सिल नेपालका साथै निर्वाचन आयोगमा समेत कतिपय उजुरी परेको पाइएको थियो। निर्वाचन आयोगमा प्राप्त भएका त्यस प्रकारका उजुरीमाथि छानबिन प्रक्रिया अघि बढाउन आयोगले प्रेस काउन्सिलमा पठाउने गरेको थियो। प्रेस काउन्सिलमा प्राप्त उजुरीका सम्बन्धमा अध्ययन र अनुगमन गरी कारबाहीको दायरामा ल्याइएको छ। काउन्सिलले कार्यालयमा आएर वा अनलाइन प्रणालीमार्फत वा इमेल वा सामाजिक सञ्जालको प्रयोग गरी उजुरी गर्न सकिने व्यवस्था गरेको थियो। उजुरीहरु इमेल र अनलाइन प्रणालीमार्फत प्राप्त भएका थिए। यो अवधिमा निर्वाचन आयोगमा जम्मा ८२२ उजुरी परेको थियो जसमा केन्द्रमा १९९ र जिल्लामा ६३२ रहेको थियो। आयोगले ५३८ जनालाई स्पष्टीकरण सोधेको थियो। जसमा केन्द्रबाट १७५ जना र जिल्लाबाट ३६३ जना रहेको थियो। त्यसैगरी कारवाही गरेकोमा केन्द्रबाट १५२ जना र जिल्लाबाट ३६३ गरी जम्मा ५१५ जना रहेको थियो।

राजनीतिक दल तथा उम्मेदवारहरुले प्रचार–प्रसारका क्रममा आचार संहिता उल्लंघन गरेका विषयलाई आमसञ्चार माध्यमले तथ्यसहित प्रस्तुत गरेपछि निर्वाचन आयोगलाई कारबाही गर्न सजिलो तुल्याएको पाइएको छ । विगतमा जसरी निर्वाचन प्रचार–प्रसारमा बृहत् आमसभा, तुल, तोरण, पर्चा–पम्पलेट, भित्ते लेखनले रंगिन्थ्यो। निर्वाचन आयोगको आचार संहिताकै कारण त्यस्ता

भड्किला क्रियाकलापहरु यसपटक देखा परेनन् । दल तथा उम्मेदवारहरु बढी मात्रामा घर–दैलो अभियानमा सक्रिय भएका थिए भने आमसञ्चारले उम्मेदवारका घर–दैलो कार्यक्रमलाई समाचारका विषयवस्तु बनाएका थिए ।

कसैले निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुस्प्रचार गर्ने, अपमान गर्ने, मिथ्या सूचना, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्ने जस्ता भ्रामक टीकाटिप्पणी इन्टरनेट वा टेलिभिजनमा सम्प्रेषण गर्न नहुने र त्यस्तो टीकाटिप्पणी सम्प्रेषण भएमा इन्टरनेट सेवा प्रदायक वा केवल टेलिभिजन वितरकले त्यस्ता सूचना वा अभिव्यक्ति हटाउनुपर्नेछ गरी मिडिया काउन्सिल र निर्वाचन आयोग दुबैले कडाई गरेका थिए ।


## ११. आमसञ्चारसम्बन्धी धारणा, तथ्य र विश्लेषण

समाजमा रहेका विभिन्न क्षेत्रमा क्रियाशील व्यक्तिहरूको आमसञ्चारसम्बन्धी धारणा कस्तो रहेको छ भनी ७ वटा प्रश्नावली तयार गरी अध्ययन गरिएको थियो । समाजका विभिन्न विशेषगरी पत्रकार/सञ्चारकर्मी, शिक्षक, राजनीतिक दलसम्बद्ध व्यक्ति, प्रशासनिक एवं सुरक्षा निकायमा संलग्न व्यक्ति र अन्य आम मतदाता गरी सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी पर्यवेक्षकमार्फत प्रश्नावलीको उत्तर/जवाफ लिएर उक्त जवाफका आधारमा यो अध्ययन विश्लेषण गरिएको छ ।

माथि उल्लिखित विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी सातवटै प्रदेशबाट सर्भेक्षण गरिएको थियो । प्रदेश नं. १ बाट २३१ जना, मधेश प्रदेशबाट १५५ जना, बागमती प्रदेशबाट ७६७ जना, गण्डकी प्रदेशका २१४ जना, लुम्बिनी प्रदेशका २१२ जना, कर्णाली प्रदेशका ८२ जना र सुदूरपश्चिम प्रदेशका ११२ गरी कूल १,७७३ व्यक्तिबाट यो सर्भेक्षण गरिएको हो ।

सर्भेक्षण गाउँपालिका र नगरपालिका दुबै क्षेत्रमा गरिएको थियो । सर्वेक्षणमा जम्मा ६१० जना अर्थात् ३४.४५ गाउँपालिका क्षेत्रका र १,१६३ अर्थात् ६५.६५ नगरपालिका क्षेत्रका मतदाताको सहभागिता रहेको थियो । त्यस्तै महिला ७११ अर्थात् ४०.१५, पुरुष १०५४ (५९.४५) र अन्य ८ जना अर्थात् ०.५ प्रतिशत रहेका थिए ।

आम निर्वाचनसम्बन्धी जानकारी केबाट प्राप्त गर्नुभयो भनी प्रश्न सोधिएको थियो । त्यसमा ५७८ जना सर्वसाधारण मतदाता, २९१ जना पत्रकार– सञ्चारकर्मी, ३१५ जना शिक्षक, ३०३ जना राजनीतिसँग सम्बद्ध व्यक्ति र ११६ जना प्रशासनिक एवं सुरक्षा क्षेत्रमा संलग्न व्यक्ति गरी १,६०३ जना अर्थात् ९०.४ प्रतिशतले सञ्चार माध्यमबाट जानकारी प्राप्त गरेको बताएका छन् भने १२९ जनाले सामाजिक सञ्जालबाट, ४२ जनाले साथीभाइ, समाज तथा परिवारका सदस्यबाट, ८८ जनाले दलको प्रचार–प्रसारबाट, २४ जनाले अन्य सरकारी माध्यमबाट र ३२ जनाले मतदाता शिक्षाबाट जानकारी प्राप्त गरेको बताएका छन् ।





उल्लिखित माध्यम मध्ये केही उत्तरदाताले एक वा सोभन्दा बढी माध्यमबाट समेत जानकारी पाएको समेत जनाएका थिए। यसले समेत सूचना/जानकारी प्रवाह गर्ने सशक्त र प्रभावकारी माध्यम सञ्चार माध्यम नै रहेको देखाएको छ।

मतदाता शिक्षा कम भएको, प्रभावकारी नभएको भन्ने गुनासो सुनिरहेको सन्दर्भमा यो सर्भेक्षणले समेत मतदाता शिक्षा कार्यक्रम अन्तर्गत व्यक्तिगत जानकारीबाट निर्वाचनसम्बन्धी जानकारी एकदमै कम अर्थात् १०८ जना ९.८ ५ ले मात्र प्राप्त गरेको पाइएको छ। तर आमसञ्चार माध्यम, टिभि, रेडियो, पत्रपत्रिका र अनलाइनबाट भने केही बढी मतदाताले जानकारी पाएको देखिन्छ।

विभिन्न प्रकारका सञ्चार माध्यममध्ये कुन प्रकारका माध्यमबाट बढी जानकारी प्राप्त भएको थियो भन्ने अर्को प्रश्नको जवाफमा सबैभन्दा बढी १,१५० जनाले अनलाइन सञ्चार माध्यमबाट, १,०५७ जनाले टेलिभिजनबाट, ७७८ ले रेडियो र ७४७ ले पत्रपत्रिकाबाट जानकारी प्राप्त गरेको उल्लेख गरेका छन्। यसबाट प्रविधिको विकाससँगै सञ्चालनमा आएको अनलाइन सञ्चार माध्यम सूचना सम्प्रेषणमा सबैभन्दा बढी प्रभावकारी रहेको देखिएको छ।

आमसञ्चार माध्यमबाट निर्वाचनका सन्दर्भमा प्रकाशित, प्रसारित सूचनाहरू निस्पक्ष छन् या छैनन् भनी सोधिएको प्रश्नमा १,२६९ जना (७१.६५) ले निस्पक्ष रहेको, ४९२ (२७.७५) ले निस्पक्ष नरहेको र १२(०.७५) ले यसबारे जानकारी नभएको बताएका छन्। त्यस्तै सर्भेक्षणमा सहभागीमध्ये ४३५ ले सामाजिक सञ्जालमा भ्रामक, गलत विषय आउने गरेको जनाएका छन् भने ६५.५५ ले भ्रमपूर्ण नभएको र ०.५५ ले यसबारे थाहा नभएको बताएका छन्।

**आम सञ्चार माध्यमबाट निर्वाचनका सन्दर्भमा प्रकाशित, प्रसारित सूचनाहरू निष्पक्ष छन्**




त्यस्तै ७८.४५ले  नकारात्मक सन्देश प्रवाह गर्ने सामग्री प्रकाशन प्रसारण भएको छैनन् भनी उल्लेख गरेकोमा २१.४५ले नकारात्मक सामग्री पनि आउने गरेको बताउँदा ७.२५ ले यसबारे थाहा नभएको बताएका छन् । साथै ७२.२५ उत्तरदाताले उम्मेदवार र दलबाट सञ्चार माध्यममा सम्प्रेषित सामग्री चरित्र, भाषा, शब्दका साथै लैङ्गिक हिसाबले संवेदनशील नभएको, २७.१५ ले संवेदनशील भएको र ०.७५ ले केही केही मात्रामा संवेदनशील रहेको उल्लेख गरेका छन् । राजनीतिक दल वा उम्मेदवारको विज्ञापन, सञ्चार माध्यममा सम्प्रेषण भए/नभएको सम्बन्धमा सोधिएको अर्को प्रश्नमा ७०.३५ ले सम्प्रेषण भएको, २९.४५ सम्प्रेषण नभएको र ७.३५ ले थाहा नभएको बताएका छन् ।

निर्वाचनका बेला आमसञ्चारसम्बन्धी प्रश्नावलीबाट संकलित धारणाबाट के बुझ्न सकिन्छ भने सूचना लिने अनेकन माध्यम मध्ये आमसञ्चार माध्यम प्रमुख भएको देखाउँछ ।

परिच्छेद

# ६ भविष्यमा हुने निर्वाचनका लागि सुझावहरू

निर्वाचन पर्यवेक्षण र केही विषयमा गरिएको संकलित सन्दर्भ सामग्रीहरुको अध्ययन र उक्त अध्ययनहरुबाट निकालिएको निस्कर्षका आधारमा निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दलहरु बीच निर्वाचन खर्च, निर्वाचन प्रणाली र पर्यवेक्षणको समन्वय सम्बन्धमा प्राथमिकताका साथ व्यापक छलफल, चिन्तन गरी सुधार गर्नु पर्ने विषयहरु देहाय बमोजिम सुझावहरु सिफारिस गरिएको छः–

१. निर्वाचन आयोगका लागि

निर्वाचन आयोगले गर्नुपर्ने देहायका कार्य सम्पादन गर्न सुझाव दिइएको छः–

१.१. प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा भएको बदर मत विगत झै यस पटक पनि दोहोरिएकोले मतदाता शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी बनाउनु पर्दछ। आयोगको अगुवाइमा नागरिकलाई सचेत गराउन सञ्चार माध्यम, नागरिक समाज र राजनीतिक दलहरु बीच सहकार्यमा जोड दिनु पर्दछ।

१.२. आयोगले सबै निकायहरुसँग प्रभावकारी समन्वय गर्नुपर्नेमा त्यसतर्फ गम्भीरतापूर्वक ध्यान नपुगेको देखिएको छ। मतपत्रको जटिलतासँगै मतदाता शिक्षा अझ प्रभावकारी बनाउने विषयमा निर्वाचन आयोग अझ बढी सजग र सक्रिय हुनु पर्ने पर्यवेक्षणले देखाएको छ। तसर्थ, भविष्यमा मतपत्र सरल बनाई मतदाता शिक्षा प्रभावकारी बनाउनु वाञ्छनीय देखिन्छ।

१.३ मतदाता शिक्षालाई प्रभावकारी बनाउन सम्बन्धित सबै सरोकारवालाहरुसँग सल्लाह एवम् छलफल गरी प्रभावकारी उपाय कार्यान्वयन गर्नुपर्ने। मतदाता शिक्षाको लागि राजनीतिक दल, शिक्षक, नागरिक समाज समेतलाई आवश्यक तालिमको व्यवस्था गर्दै स्थानीय भाषामा समेत मतदाता शिक्षा सामग्री समयमै उपलब्ध गराउनु पर्ने।

१.४. निर्वाचनमा कतिपय मतदान केन्दहरु मतदातालाई अपायक पर्ने स्थानमा रहेको, दूरीको हिसावले निकै टाढा रहेका, मन्दिरमा मतदान केन्द्र राखिएको, अपाङ्गमैत्री मतदान केन्द्रहरुको व्यवस्था हुन नसकेको भन्ने जस्ता विषय यस पटक पनि प्रमुखताका साथ उठेको पाइयो। दुर्गमक्षेत्रमा मतदाताको संख्या भन्दा पनि दुरीलाई बढी भार दिई मतदान केन्द्रको स्थापना भएमा उपयुक्त हुन्छ भने सबै मतदानकेन्द्रहरु स्थानीय तहको श्रोत साधन र जिम्मेवारीमा अपाङ्गमैत्री बनाउनेतर्फ ध्यान केन्द्रित गर्नु पर्ने देखिन्छ।

१.५. यस पटक पनि कानूनको अभावमा आफ्नो निर्वाचन क्षेत्र बाहिर रहेका र विदेशमा रहेका मतदाता तथा मतदानमा संलग्न कर्मचारीले मतदान गर्न पाएनन्। मतदाताले मतदान गर्न नपाउनु आफैमा दुखद विषय भएकोले आयोगले यस विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

१.६. आचार संहिता उलङ्घन तत्काल रोक्नु परेमा निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालयले कुनै काम गर्न वा नगर्न दिएको आदेशको कार्यान्वयन र अनुगमन गर्ने कार्यमा जिल्ला निर्वाचन कार्यालय,

स्थानीय प्रशासन र प्रहरीको ठूलो भूमिका रहेकोले यी निकायहरुलाई आवश्यक मात्रामा बजेटको व्यवस्था सहित यी संस्थाहरुमा क्षमता वृद्धि गरिनु पर्दछ। आचार संहिता पालनाका लागि उलङ्घनका घटनामा तत्कालै कारवाही र जरिवाना गर्ने उपाय प्रभावकारी हुने भएकोले यसतर्फ आयोगले ध्यान दिनुपर्ने देखिन्छ।

१.७. आचार संहिताका सम्बन्धमा लिखित उजुरी नपरेसम्म कारवाहीको दायरामा नल्याउने विषयमा गम्भीरताका साथ लागि पर्नु आवश्यक देखिन्छ। आयोगले यस सम्बन्धमा आफैं जानकारीमा लिएर वा विभिन्न सङ्घ, संस्था, निर्वाचन पर्यवेक्षण समुहहरुको जानकारीका आधारमा समेत कारवाही गर्न सक्ने गरी नीतिगत र कार्यविधिगत सुधार गर्नु आवश्यक देखिन्छ। निर्वाचन आयोगको काम निर्वाचन सम्पन्न गर्नु मात्र नभई कानून सम्मत गराउनु पनि भएको हुँदा जसरी पनि निर्वाचन सम्पन्न गर्नुपर्छ भन्ने मानसिकताबाट माथि उठी कानून सम्मत गराउन सक्षम हुनपर्ने हुनाले निर्वाचन कानून, प्रक्रिया तथा आचार संहिता कडाईको साथ पालना गराउनुपर्ने आवश्यक देखिन्छ।

१.८. मतदान केन्द्रमा पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था, आवश्यक सुरक्षा र दक्ष कर्मचारी आवश्यक हुन्छ। मतदान केन्द्रमा खटिने सबै कर्मचारीहरुलाई मतदानका सम्पूर्ण प्रक्रिया र कार्यविधिबारे पर्याप्त तालिम दिनु पर्दछ ।

१.९. मतदाता परिचयपत्रको व्यवस्थाले निर्वाचन प्रक्रियालाई बढी व्यवस्थित गर्न सहयोग पुग्नुका साथै निर्वाचनमा धाँधली कम भएको पाइएको छ। मतदाता परिचयपत्र पुनः जारी गर्ने वा हराएका व्यक्तिहरुलाई पुनः दिने, मतदाता दर्ता गर्ने लगायतका कामलाई प्राथमिकताका साथ समयमै सम्पन्न गर्नु पर्दछ। कतिपय स्थानमा परिचयपत्र भएर पनि मतदाता नामावलीमा नाम नभएको कारणले वास्तविक मतदाताहरु मतदानको अधिकारबाट वञ्चित हुनु परेको हालको अवस्थामा सुधार ल्याउनु पर्ने देखिन्छ।

१.१०. मतदाता नामावली सङ्कलनका विषयमा आयोगबाट प्रभावकारी अनुगमनका साथै स्वतन्त्र रुपमा मतदाता नामावलीको परीक्षण गरी यसमा सुधार ल्याउन प्राथमिकताका साथ लाग्नु पर्ने देखिन्छ।

१.११. निर्वाचनको मिति तोक्ने अधिकार निर्वाचन आयोगमा हुँदा बढी व्यावहारिक र समय सापेक्ष हुन्छ। त्यसको लागि नेपाल सरकारसँग आवश्यक समन्वय गरी सम्बन्धित कानून संशोधन गर्न पहल गर्ने। साथै, निर्वाचन आयोगलाई बढी प्रभावकारी, स्वतन्त्र र सक्षम बनाउन कानूनमा आवश्यक संशोधनका लागि पहल गर्ने।

१.१२. निर्वाचनलाई स्वतन्त्र र समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्न विद्यमान कानूनको समीक्षा गरी एकीकृत कानूनका लागि सबैतहमा सम्वादको थालनी गर्ने।

१.१३. मौसम अनुसारको ओत, व्हिल चेयर, शौचालय, खानेपानी आदि सहित भएको मतदाता–मैत्री मतदान केन्द्रको व्यवस्था गर्ने।

१.१४. मतदान केन्द्रमा ज्येष्ठ नागरिक, सुत्केरी, अस्वस्थ, अपाङ्ग भएका व्यक्ति जस्ता मतदाताको पहुँचको प्रभावकारी व्यवस्थाका लागि आवश्यक प्रबन्ध गर्ने।

१.१५. निर्वाचनमा विद्युतीय मतदान उपकरण प्रयोग गर्ने सम्बन्धमा आवश्यक व्यवस्था सहित प्रविधि र तालिमको व्यवस्था गर्दै लग्ने।

१.१६. पर्यवेक्षकलाई मतदान र मतगणना लगायत निर्वाचनका सबै प्रक्रियामा पहुँचको व्यवस्था गर्ने । निर्वाचनमा संलग्न कर्मचारीहरुलाई पर्यवेक्षण नीति नियम अनुसार पर्यवेक्षकको भूमिका र जिम्मेवारीका बारेमा पर्याप्त जानकारी दिनुपर्ने।

१.१७. मत गणना अत्यन्त ढिलो भएको बारेमा धेरै प्रश्न उठेको हुँदा जतिसक्दो चाँडो मतपरिणाम घोषणा गर्ने आवश्यक वातावरण बनाउने र यस प्रयोजनका लागि आवश्यक पूर्वाधार सहित प्रक्रियागत सुधार गर्ने।

१.१८. निर्वाचन आयोगले निर्वाचन सम्पन्न भएको दुई महिनाभित्र निर्वाचनको व्यवस्थापन, कानूनी पक्ष, संस्थागत विकासको तर्फबाट समीक्षा गरी आगामी निर्वाचनमा सुधार गर्नुपर्ने विषयको पहिचान गर्नुपर्ने ।

१.१९. मिडियाको लागि निर्वाचन आचार संहिता तयार गर्दा सरोकारवालासँग पर्याप्त छलफल गर्ने र सुझाव समेतका आधारमा तयार गर्ने,

१.२०. सञ्चार जगत लक्षित पत्रकार र सञ्चार माध्यमको लागि प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचार संहिता र निर्वाचन आयोगले जारी गरेको आचार संहितामा कतिपय विषयमा एकरुपता देखिएका छैनन् । जसले गर्दा आचार संहिता अनुगमन र पालना समस्या देखिएको छ । जस्तो : मत सर्भेक्षणका सम्बन्धमा पत्रकार आचार संहिताले विधि, प्रयोजन, प्रायोजक आदि स्पष्ट गरी गर्न सकिने व्यवस्था गरेको छ । तर निर्वाचन आयोगको आचार संहिताले मत सर्भेक्षण गर्न पूर्णतः बन्देज लगाएको छ । सर्भेक्षणमा विषयमा आयोग र काउन्सिल बीचको अन्यौलपूर्ण अवस्थामा दुबै निकायले आपसमा परामर्श गरी एकरुपता अभ्यास कायम गर्न आवश्यक देखिन्छ ।

१.२१. आचार संहिताका कारण कुनै उम्मेदवारका खराब काममा विषयमा तथ्यपूर्ण अनुसन्धानमूलक समाचार समेत लेख्न नपाउने प्रावधानका कारण खराब व्यक्तिहरुले चुनाव जित्ने सम्भावना रहन्छ । चुनावका बखत कुनै पनि उम्मेदवारका क्रियाकलाप र पृष्ठभूमिबारे सघन बहस हुन सकेको खण्डमा खराब पात्रहरु किनारा लाग्ने माहौल पैदा हुन्छ । आयोगको आचार संहितामा उल्लिखित राजनीतिक दल वा उम्मेदवार वा उम्मेदवारको एकाघरका परिवारका सदस्यको मान, प्रतिष्ठा, इज्जतमा आँच पुऱ्याउने तथा गलत र भ्रामक समाचार प्रकाशन तथा प्रसारण गर्न नहुने प्रावधानका हकमा तथ्यपूर्ण समाचार प्रकाशन गर्नुपर्ने अवस्था आएको छ । गलत तथा भ्रामक समाचार कहिल्यै पनि प्रचार–प्रसार गर्न नहुने र तथ्यपूर्ण समाचार जहिले पनि प्रकाशन गर्न सकिने हुँदा यो प्रावधान औचित्यका विषयमा बहस गरिनुपर्छ ।

१.२२. नेपालका सन्दर्भमा द्वेषपूर्ण भाषण (हेट स्पिच), दुस्प्रचार गर्ने, अपमान गर्ने, मिथ्या सूचना जस्ता विषय नयाँ भएको हुँदा यसबारे निर्वाचनका बखतमा मात्र होइन कि निरन्तर बहस चलाउँदै राजनीतिक दल र राजनीतिक पात्रहरुलाई पहिला सचेत तुल्याउनु उपर्युक्त देखिन्छ । द्वैषपूर्ण भाषण वा घृणास्पद अभिव्यक्ति रोक्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था हुन वान्छनीय देखिन्छ ।

१.२३. आमसञ्चार माध्यममार्फत मतदाता शिक्षासहितका निर्वाचनका विषय सम्प्रेषण गर्ने । यसका लागि सूचना, विज्ञापनमा बजेट व्यवस्थापन गर्ने, जागरण र सचेतनाका कार्यक्रम प्रदेश र जिल्लास्तरमा समेत गर्नुपर्ने देखिन्छ ।

१.२४. आमसञ्चारको लागि निर्वाचन आचार संहिता तयार गर्दा निर्वाचन आयोगले सम्बन्धित सरोकारवालासँग पर्याप्त छलफल गर्ने र सुझाव समेतका आधारमा तयार गर्ने,

१.२५. सञ्चार जगत लक्षित पत्रकार र सञ्चार माध्यमको लागि प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचार संहिता र निर्वाचन आयोगले जारी गरेको आचार संहितामा कतिपय विषयमा एकरुपता देखिएका छैनन् । यसले गर्दा आचार संहिता अनुगमन र पालनामा समस्या देखिएको छ । उदाहरणका लागि मत सर्भेक्षणका सम्बन्धमा पत्रकार आचार संहिताले विधि, प्रयोजन, प्रायोजक आदि स्पष्ट गरी गर्न सकिने व्यवस्था गरेको छ । तर, निर्वाचन आयोगको आचार संहिताले मत सर्भेक्षण गर्न पूर्णतः बन्देज लगाएको छ । सर्भेक्षणको विषयमा आयोग र काउन्सिल बीचको अन्यौलपूर्ण अवस्थामा एकरुपता आवश्यक देखिन्छ ।

१.२६. आमसञ्चारमा आचारसंहिता पालनाको अनुगमनको जिम्मेवारी त्यसै विषयमा दक्षता हासिल गरेका निकायलाई दिइनुपर्ने ।

१.२७. आचार संहिताका कारण कुनै उम्मेदवारका खराब कामका विषयमा तथ्यपूर्ण अनुसन्धानमूलक समाचार समेत लेख्न नपाउने प्रावधानका कारण खराब व्यक्तिहरुले चुनाव जित्ने सम्भावना रहन्छ । चुनावका बखत कुनै पनि उम्मेदवारका क्रियाकलाप र पृष्ठभूमि बारे सघन बहस हुन सकेको खण्डमा खराब पात्रहरु किनारा लाग्ने माहौल पैदा हुन्छ । आयोगको

आचार संहितामा उल्लिखित राजनीतिक दल वा उम्मेदवार वा उम्मेदवारको एकाघरका परिवारका सदस्यको मान, प्रतिष्ठा, इज्जतमा आँच पुऱ्याउने तथा गलत र भ्रामक समाचार प्रकाशन तथा प्रसारण गर्न नहुने प्रावधानका हकमा तथ्यपूर्ण समाचार प्रकाशन गर्ने अवस्था आएको छ। गलत तथा भ्रामक समाचार प्रकाशन गर्न कहिल्यै पनि मिल्दैन र तथ्यपूर्ण समाचार जहिले पनि प्रकाशन गर्न सकिने हुँदा यो प्रावधान औचित्यका विषयमा बहस गरिनुपर्छ।

१.२८. नेपालका सन्दर्भमा द्वेषपूर्ण भाषण (हेट स्पिच), दुस्प्रचार गर्ने, अपमान गर्ने, मिथ्या सूचना जस्ता विषय नयाँ भएको हुँदा यसबारे निर्वाचनका बखतमा मात्र होइन कि अरु बखत पनि गर्न नमिल्ने हुँदा निरन्तर बहस चलाउँदै राजनीतिक दल र राजनीतिक पात्रहरुलाई पहिला सचेत तुल्याउनु उपर्युक्त देखिन्छ।

१.२९. आमसञ्चारमाध्यम मार्फत मतदाता शिक्षासहितका निर्वाचनका विषय सम्प्रेषण गर्ने। यसका लागि सूचना, विज्ञापनमा बजेट व्यवस्थापन गर्ने। मतदाता शिक्षा सम्बन्धी कार्यक्रम प्रभाकारी भइरहेको छ वा छैन भन्ने सम्बन्धमा पनि निरन्तर अनुगमन गर्ने।

१.३०. निर्वाचन जागरण र निर्वाचन सचेतनाका कार्यक्रम प्रदेश र जिल्लास्तरमा सञ्चालन गर्ने।

१.३१. आयोगले स्वीकृत गरेको निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८ का केही प्रावधानहरुलाई समय सापेक्ष सुधार गरी पर्यवेक्षणको विधि, प्रकृया र पर्यवेक्षण व्यवस्थापनलाई सरलीकृत गर्नु उपयुक्त हुने देखिन्छ।

२. नेपाल सरकारको लागि

नेपाल सरकारले गर्नुपर्ने देहायका कार्य सम्पादन गर्न सुझाव दिइएको छः–

२.१ संविधानको मर्म र भावना बमोजिम लैङ्गिक तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न आवश्यकता अनुसार कानूनमा सुधार वा तर्जुमा गर्दै जानु पर्ने,

२.२. निर्वाचनको मिति तोक्ने सम्बन्धमा निर्वाचन आयोगलाई जिम्मेवार र जवाफदेही बनाउने सामान्य अभ्यास हो। आयोगले मिति तोक्दा बढी व्यावहारिक, पारदर्शी र निर्वाचन सफल पार्न प्रभावकारी हुन्छ। विभिन्न समयमा विभिन्न राजनीतिक दलका आफ्ना स्वार्थका कारण समयमा निर्वाचनको मिति तोक्ने विषयमा बेला–बखत स्वार्थ्य बाभिने हुँदा निर्वाचनको मितिको अनिश्चितताका कारण समयमा प्रभावकारी व्यवस्थापन हुन सकेको छैन। यसतर्फ सबै राजनीतिक दलहरु आफ्नो स्वार्थबाट माथि उठेर आवश्यक व्यवस्था गर्नु उपयुक्त हुने देखिएको छ भने सरकारले त्यसको लागि सहजीकरण गर्नु आवश्यक देखिन्छ।

२.३. भौतिक पूर्वाधार सुधार, आवश्यक बजेटको व्यवस्था, सुरक्षाको सुनिश्चितता लगायतका विषयमा अझ गम्भीर भई कार्य योजना सहित नेपाल सरकार अगाडि बढ्नुपर्ने र निर्वाचन आयोगले तयार पारेको कार्ययोजनामा आवश्यक सहयोग गर्नु पर्ने।

२.४. मतदाता शिक्षा सञ्चालन गर्ने, त्यसको लागि आफ्ना संयन्त्रहरु परिचालन गर्ने, शान्ति सुरक्षा कायम गर्न मद्दत गर्ने र निर्वाचन खर्चमा न्यूनीकरण गर्ने जिम्मेवारी सरकार र निर्वाचन आयोग दुबैको हो। विभिन्न गैससहरुले त्यसको लागि आवश्यक श्रोत, साधन र विशेषज्ञता सहित सहयोग गर्न सक्दछन्। निर्वाचन खर्चको विषयमा राष्ट्रिय मान्यताप्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्थाका बारेमा गहिरो छलफल गरी यस सम्बन्धमा नीतिगत तथा कानूनी व्यवस्थाका लागि विचार हुन वान्छनीय देखिन्छ।

२.५. अधिकांश मतगणना स्थलमा स्थानीय प्रशासनको निर्देशन र सुरक्षा निकायको सक्रियतामा तारजाली राखेको पाइयो। सुरक्षा संवेदनशीलताका दृष्टिले यसलाई सहज मान्न सकिए तापनि लोकतन्त्रमा यस्तो कार्यलाई उपयुक्त मान्न सकिन्न। अतः आगामी निर्वाचनमा तारजालीको प्रयोगलाई हटाई पर्याप्त सुरक्षा व्यवस्था सहित मतगणना कार्य गरिनु उपयुक्त हुन्छ।

२.६. बुथ कब्जा वा अनधिकृत रुपमा मतदान केन्द्र नियन्त्रण जस्ता घटना रोक्न र मतदाताको बिना भय र त्रास मतदान गर्ने हकको रक्षाका लागि सुरक्षा व्यवस्था अझ भरपर्दो हुने व्यवस्था गर्नु पर्दछ। मतदान सकिएपछि मतपेटिकाको ढुवानी र भण्डारण ज्यादै संवेदनशील विषय भएकोले यसबारे शंकाको ठाउँ नरहने गरी उपयुक्त व्यवस्था गर्नु पर्दछ। यस विषयमा उच्च पारदर्शीता कायम गरेमा विवाद सिर्जना गर्ने अवस्था रहँदैन। मतपेटिका ढुवानीको योजना बनाउँदा राजनीतिक दलका प्रतिनिधिहरुले चाहेमा सँगै आउने व्यवस्था गर्नु पर्दछ।

२.७. आचार संहिता उलङ्घनका घटनाका सम्बन्धमा आयोग वा सम्बन्धित निकायबाट दिइएको आदेशको कार्यान्वयनमा गृह र प्रहरी प्रशासनबाट प्रभावकारी सहयोग उपलब्ध हुनु पर्ने।

२.८. निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र यसलाई पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनुपर्दछ। यस विषयमा राष्ट्रिय मान्यता प्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्थाका बारेमा गहिरो छलफल आवश्यक छ।

२.९. निर्वाचन आयोगबाट प्रत्येक आम निर्वाचनमा निर्वाचन खर्च वृद्धि गर्ने अभ्यास रहेको छ। निर्वाचन खर्च निर्धारण गर्दा आयोगले मतदाता संख्या र भौगोलिक इलाकालाई ध्यान दिई मौजुदा निर्वाचन खर्चको सीमा पुनरावलोकन हुन आवश्यक देखिन्छ। निर्वाचन खर्चको सीमाभित्र रहेर उम्मेदवारले खर्च गरेको वा नगरेको सम्बन्धमा आयोगले नागरिक समाजसँग सहकार्य गरी उपयुक्त संयन्त्र विकास गर्न आवश्यक छ।

२.१०. मतदानको दिन दिइने निर्देशन र मतदानको सहजीकरणको लागि निर्वाचन आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र र गृह मन्त्रालयमा कमाण्ड पोष्ट स्थापना गरी कार्यान्वयन गर्दा आदेश, निर्देशनमा एकरुपता नभएको गुनासो रहेकोले उक्त दिन आयोगको नेतृत्वमा गृह मन्त्रालय र सबै सुरक्षा निकायको संयुक्त कमाण्ड पोष्ट स्थापना गरी कार्यान्वयनको व्यवस्था गरिनु पर्दछ।

२.११. निर्वाचनको समय वा अन्य जुनसुकै समयमा प्रभावकारी अनुगमन गर्न आवश्यक पूर्वाधार, प्रविधि, प्रक्रिया, पद्धती, जनशक्ति, स्रोत र साधनको व्यवस्था गर्नुपर्ने हुन्छ,

२.१२. निर्वाचनका निम्ति आवश्यक पर्ने कानून निर्माण समयमा नै नभई आचार संहिताबाट चलाउनुपर्ने स्थिति अन्त्य गर्नुपर्छ। कानून निर्माण नगरी आचार संहिताबाट काम चलाउँदा कानूनको शासनमा प्रतिकूल भई निर्वाचन आयोग समस्यामा पर्न सक्ने भएकोले यथासम्भव आवश्यक कानून निर्माण गर्नुपर्ने हुन्छ।

२.१३. नेपाल सरकारले निर्वाचनको समयका साथै अन्य जुनसुकै समयमा प्रभावकारी अनुगमन गर्न आवश्यक पूर्वाधार, प्रविधि, प्रक्रिया, पद्धति, जनशक्ति, स्रोत साधनको व्यवस्था गर्नुपर्दछ।

२.१४. कानूनको अभावलाई आचार संहिताले पूर्ति गर्न सक्दैन। कानून अपर्याप्त वा कसुर शून्य बनाउने, तर आचार संहिता भने अनुचित रुपमा लामो बनाई कानूनबाट व्यवस्था गर्नुपर्ने कुरा आचार संहिताबाट सम्बोधन गर्ने प्रयासलाई निरन्तरता दिन नमिल्ने हुनाले यस विषयमा नेपाल सरकार र निर्वाचन आयोग गम्भीर हुन वान्छनीय देखिन्छ।

२.१५. सामाजिक सञ्जालको अभ्यासले निर्वाचन गतिविधिलाई प्रभाव पार्ने हुनाले सामाजिक सञ्जालको उपयोग र नियमन सम्बन्धी राष्ट्रिय नीति बनाउनुपर्ने देखिन्छ।

३. राजनीतिक दलका लागि

निर्वाचनका मुख्य पात्रको रुपमा रहेका राजनीतिक दललाई देहायका विषयमा आवश्यक व्यवस्था हुन सुझाव दिइएको छः–

३.१. मतदाता शिक्षा सञ्चालन गर्ने, त्यसको लागि आफ्ना संयन्त्रहरु परिचालन गर्ने, शान्ति सुरक्षा कायम गर्न मद्दत गर्ने र निर्वाचन खर्चमा न्यूनीकरण गर्ने जिम्मेवारी सरकार र निर्वाचन आयोगको मात्रै नभएर राजनीतिक दलको पनि हो। यसतर्फ आगामी निर्वाचनको लागि सबै राजनीतिक दलहरुबाट एकमतले आवश्यक सुधार गर्नु पर्ने देखिन्छ।

३.२. राजनीतिक दलले निर्वाचनका हरेक चरण र प्रक्रियामा चनाखो भई सहभागी हुनु पर्दछ भने निर्वाचन आयोग, सरकार र मतदातालाई आवश्यक सहयोग तथा सहजीकरण गर्नुपर्ने राजनीतिक दलको जिम्मेवारी भएकोले सो पालना हुनु पर्दछ।

३.३. राजनीतिक दलको आम्दानी र खर्चको लेखा परीक्षण गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने र लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने। दलले आम्दानी र खर्चको अनुगमन गर्ने संयन्त्रको निर्माण गर्नु पर्दछ। आफना कार्यकर्ताहरुबाट आचार संहिता पालना गर्ने वा गराउने दायित्व राजनीतिक दल वा उम्मेदवारको हुने हुनाले यसको लागि उपयुक्त प्रक्रिया र संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

३.४. राजनीतिक हिंसालाई न्यूनीकरण गर्न दलहरुले सङ्घ, प्रदेश र स्थानीय तहमा संयुक्त सञ्जालको निमार्ण गरी आचार संहिताको पालना गर्ने वा गराउने वातावरण सिर्जना गर्नु पर्दछ। दलहरुको आन्तरिक सङ्गठनात्मक संरचना, निर्णय प्रक्रिया र व्यवस्थापनलाई लोकतान्त्रिकरण गर्नु पर्दछ।

३.५. निर्वाचनमा उम्मेदवारहरूको छनौट गर्दा अस्वस्थ प्रतिस्पर्धालाई निरुत्साहित गर्न र खर्चलाई तोकिएको सीमाभित्र राख्न दलहरू जिम्मेवार रहनु आवश्यक छ।

३.६. निर्वाचन आचार संहिता विपरित कुनै राजनीतिक दलको पक्षमा कुनै सामग्री प्रकाशन, प्रसारण भएमा वा सामाजिक सञ्जालमा पोष्ट गरिएमा वा निर्वाचन चिन्ह, झण्डा वा यस्तै सामग्री निषेधित स्थानमा राखिएमा उक्त कार्य सम्बन्धित दल वा उम्मेदवारले गरेको वा गराएको मानी तत्काल स्पष्टीकरण सोध्ने वा जरिवाना वा कानून बमोजिमको जुनसुकै कारवाही गर्न सकिने अनिवार्य व्यवस्था गरिनु आवश्यक छ।

३.७. निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनु पर्दछ।

३.८. राजनीतिक दल वा उम्मेदवारले गर्ने विज्ञापनका सामग्री तयार गर्दा नै निर्वाचन आचारसंहिताको ख्याल गरेर गर्नुपर्छ। विज्ञापन तोकिएको अवधि र समयको हुनुपर्ने, निशुल्क विज्ञापन गर्न नपाइने भन्ने व्यवस्था र विज्ञापनमा शुल्क खुलाउनु पर्ने भन्ने समेतका व्यवस्था रहेकोले उक्त सामग्री तयार गर्दा नै ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

३.९. राजनीतिक दल वा उम्मेदवारले गर्ने विज्ञापनका सामग्री तयार गर्दा नै निर्वाचन आचार संहिताको ख्याल गरेर गर्नुपर्छ। उदाहरणका लागि निशुल्क विज्ञापन गर्न नपाइने भनेको र विज्ञापनमा शुल्क खुलाउनु पर्ने भनेको हुँदा यी सामग्री तयार गर्दा नै ध्यान पुर्‍याउनु आवश्यक छ।

३.१०. राजनीतिक दलले आफ्नो उम्मेदवार र कार्यकर्तालाई सूचना सम्प्रेषण कसरी गर्ने र आम सञ्चारमा कसरी प्रवाहक गर्ने बारे प्रशिक्षण समय–समयमा दिनुपर्ने।

३.११. राजनीतिक दलले उम्मेदवार र कार्यकर्ताहरुलाई निर्वाचन सम्बन्धी कानून र आचार संहिताको बारेमा समय–समयमा प्रशिक्षण दिई निर्वाचन सम्बन्धी हिंसा नगर्न अभिप्रेरित हुने कार्यक्रम गर्ने।

३.१२. राजनीतिक दलहरुले उम्मेदवार र सरोकारवालाहरुलाई निर्वाचन कानून र निर्वाचन आयोगले समय–समयमा सजग गराउँदा सही र तथ्य सूचना उपलब्ध गराउन निर्देशन दिने।

४. पर्यवेक्षकहरुका लागि

पर्यवेक्षक संस्था र पर्यवेक्षक हुने व्यक्तिलाई देहायको सुझाव दिइएको छः

४.१. पर्यवेक्षणबाट निर्वाचन तुलनात्मकरुपमा स्वतन्त्र र निस्पक्षतापूर्वक भए वा नभएको कुरा जानकारी हुनाका साथै यसबाट निर्वाचनको विश्वसनीयता र निर्वाचनको परिणामको स्वीकारोक्ति स्थापित हुन सहयोग पुग्ने भएकोले मतदान केन्द्रको सम्पूर्ण प्रक्रियाको लगातार जानकारी राख्नुपर्ने हुन्छ। निर्वाचनपूर्व, निर्वाचनको अवधिभर र निर्वाचन पश्चात्‌का पर्यवेक्षणको तरिका र विषयवस्तु फरक फरक हुन्छन् । पर्यवेक्षकले हचुवाका भरमा नभई निर्वाचन सम्बन्धी सम्पूर्ण कानूनहरुको अध्ययन गरी तयारी गर्नु आवश्यक हुन्छ।

४.२. निर्वाचन आचार संहिताको पर्यवेक्षण गर्दा पर्यवेक्षकका लागि समेत निर्वाचन आचार संहिता लागू हुन्छ भन्ने कुरा हेक्का राख्दै इमान्दारीका साथ पालना गर्नु पर्दछ।

४.३. निर्वाचनको पर्यवेक्षणका लागि पूरा समय पर्यवेक्षण गर्नु आवश्यक हुन्छ। अतः पर्यवेक्षण कार्यमा दोहोरोपना हटाई निर्वाचन प्रक्रियाको सम्पूर्ण जानकारी हासिल गर्न पर्यवेक्षण गर्ने संस्थाहरुबीच प्रभावकारी समन्वय स्थापित हुने व्यवस्था गर्नु पर्दछ। साथै, पर्यवेक्षकले निर्वाचनको सबै प्रक्रियाको पर्यवेक्षण गर्ने व्यवस्था हुनु पर्दछ।

४.४. पर्यवेक्षकहरु तय गर्दा स्वतन्त्र, दक्ष, इमान्दार, जवाफदेही हुनसक्ने व्यक्तिको चयन हुनु पर्दछ। पर्यवेक्षकहरु २५ वर्षको उमेरभन्दा माथिको र समावेशी प्रकृतिको हुनु पर्दछ।

४.५. पर्यवेक्षकले निर्वाचन प्रक्रियामा संलगन राष्ट्रसेवक वा राजनीतिक दलका उम्मेदवार वा प्रतिनिधिलाई निर्देशन दिन, कुनै काम गर्न वा नगर्न सल्लाह वा परामर्श दिनु हुंदैन र निर्वाचनमा भएका सम्पूर्ण प्रक्रियाको सूक्ष्म ढंगबाट पर्यवेक्षण गर्नु पर्दछ।

५. न्यायपालिकाका लागि

न्यायपालिकाका लागि देहायका सुझाव प्रस्ताव गरिएको छः

५.१. निर्वाचन सम्बन्धी विवादको निरोपण छिटो गर्न विशेष बेञ्चको व्यवस्थापन गरी निर्वाचन प्रक्रियालाई अन्तिम रुप दिने वातावरण न्यायपालिकाले निर्माण गर्नु पर्दछ।

५.२. निर्वाचनसँग सम्बन्धित विवाद न्यायपालिकामा आएमा प्राथमिकताको साथ विवाद निरुपण गरी निर्वाचन कार्यमा सहजता ल्याउने वातावरण न्यायपालिकाको नेतृत्वले गर्नु पर्दछ।

६. प्रेस काउन्सिलका लागि

प्रेस काउन्सिलका लागि देहायका सुझाव प्रस्ताव गरिएको छः

६.१. निर्वाचनको मौन अवधिमा सञ्चार माध्यमका मास्टहेड दुरुपयोग गरी राजनीतिक दल तथा उम्मेदवारबारे अपवाहपूर्ण, दुस्प्रचारयुक्त, भ्रामक समाचार सम्प्रेषण गर्ने खतरा देखापरेको हुँदा तत्काल त्यस्ता सामग्री हटाउने विषयमा रणनीतिक सोंच बनाउनु पर्ने।

६.२. कसैविरुद्ध उजुरी दर्ता हुनासाथ या गुनासो गर्नासाथ स्पष्टीकरण सोध्ने प्रचलन अन्त्य गरी उजुरी जायज हुन् या होइनन् भन्ने अध्ययनपछि मात्र स्पष्टीकरण लगायतका कारबाहीको प्रक्रिया अघि बढाउनु उचित हुने।

६.३. आचार संहिताको बारेमा नियमित रुपमा पत्रकारसँग अन्तरक्रिया, छलफल, संवाद कार्यक्रम आयोजना गरी आचार संहिता पालना गर्ने वातावरण बनाउनुपर्ने।

६.४. स्पष्टीकरण सोध्ने कुराले जवाफदेहिता खोजेको देखिने भए पनि स्पष्टीकरण लिए पश्चात्‌को नतिजामूलक परिणाम बारे उत्तिको सूचना सम्प्रेषण हुने गरेको नदेखिंदा नतिजा पनि अनिवार्य प्रसारण र प्रकाशित गर्न लगाउने।

६.५. आचार संहिता पूर्ण रुपमा पालना गर्ने पत्रकार र पत्रिकालाई पुरस्कारको व्यवस्था गर्नुपर्ने।

६.६. भ्रामक समाचार, दुस्प्रचार र घृणास्पद अभिव्यक्ति अघिल्लो स्थानीय तहको निर्वाचनको तुलनामा यो आम चुनावमा घटेको देखिएको छ। प्रेस काउन्सिलले सञ्चारका विभिन्न माध्यमहरुको बेग्ला बेग्लै डेक्स खडा गरी गरेको निगरानी र फिल्डमै पुगेर गरेको अनुगमन र खबरदारीले प्रभाव पारेको देखिन्छ। आगामी दिनमा काउन्सिललाई यस्ता काममा झन् जिम्मेवारी थप्नुपर्छ।

६.७. फेक न्यूज बनाएर अफबाह फैलाउने, मतदातालाई भ्रममा राख्ने, बनावटी कथा रचेर समाचार सामग्री बनाई मिडियाको दुरुपयोग गर्ने प्रवृत्ति पनि देखिएको छ। अनलाइन पोर्टलसहित इन्टरनेटका विभिन्न प्लेटफर्म, फेसबुक ग्रुप, अनलाइन पोर्टलका ग्रुपलाई यो आमनिर्वाचनमा प्रेस काउन्सिलले विशेष निगरानी गर्दै ध्यानाकर्षण गराउने, सचेत गराउने, हटाउन लगाउने, माफी माग्न लगाउने जस्ता काम गर्दै आएको थियो। यस्तो काम रोक्न काउन्सिलले आगामी दिनमा सम्बन्धित अरु निकायसँग थप समन्वय गरेर अघि बढनुपर्ने र सञ्चारकर्मीहरुलाई थप प्रशिक्षित गर्नुपर्ने देखिन्छ।

६.८. यूट्युव माध्यममार्फत् प्रसारण हुँदै आएका तर सूचना विभाग र प्रेस काउन्सिलमा विधिवत् दर्ता नभएका युट्युवरहरुले दिएका गलत सामग्रीले पत्रकारिताभित्र हिलो छ्याप्ने काम गरेको छ। त्यस्ता सामग्रीलाई दर्ता र सूचीकरण प्रक्रियामा ल्याउन, तथ्यपूर्ण र मर्यादित कन्टेट दिलाउन प्रेस काउन्सिलले बेला–बेला युट्युवरहरुलाई अभिमुखीकरण दिनु जरुरी छ।

७. आमसञ्चारका लागि

आमसञ्चारले निर्वाचनका सन्दर्भमा देहायको काम गर्न सुझाव दिइएको छः

७.१. संचार माध्यमले ठूला राजनीतिक दल र नेतालाई मात्र बढि प्राथमिकता दिने अवस्थालाई अन्त गरिनु पर्छ।

७.२. निर्वाचनका बखत अप्रत्यक्षरुपमा दलको पैरवी गर्ने वा आलोचना गर्ने अभ्यासलाई अन्त गरिनु पर्छ।

७.३. तटस्थता र निस्पक्षता सञ्चारजगतको आत्मा हो, जसलाई निर्वाचनका सन्दर्भमा दिइने सामग्रीमा पनि कायम राख्ने, कुनै दल वा उम्मेदवार विशेषलाई फाइदा वा हानी पुग्ने गरी समाचार प्रवाह नगर्ने, नेताहरुको घृणास्पद अभिव्यक्ति र आपसमा कलह उत्पन्न गर्ने भाषणको प्रचारप्रसार नगर्ने तथा पत्रकार आचार संहिता अनुरुप उपरोक्त काम भए वा नभएको निरन्तर अनुगमन प्रेस काउन्सिलले गर्ने।

७.४. निर्वाचनको समयमा राजनीतिक दलहरुले जारी गरेको घोषणापत्र, उम्मेदवारहरुले पालना गरेको आचार संहिता र निर्वाचनको दिनको प्रक्रिया र मतगणनाको व्यवस्थापनमा जनताप्रति सही सूचना प्रवाह गर्ने दायित्व पत्रकारहरुको भएको हुँदा निर्वाचन प्रणाली र परिणामको विश्वसनीयतामा वृद्धि गर्न महत्वपूर्ण योगदान हुने गरी जिम्मेवारी वहन गर्ने।

७.५. निर्वाचन आचार संहिता विपरित हुने गरी कुनै पनि राजनीतिक विज्ञापन वा प्रचार–प्रसार नगर्न वा नगराउन सदैव तत्पर रहने।

७.६. प्रचलित कानून, आचार संहिता वा सामाजिक मर्यादा प्रतिकूल हुने कुनै सामग्री कुनै राजनीतिक व्यक्ति वा उम्मेदवारले भनेको भनी जस्ताको तस्तै प्रकाशन, प्रसारण गर्न वा गराउन पनि हुँदैन।

७.७. निर्वाचन कार्यक्रममा सहयोग पुग्ने गरी सकारात्मक सूचना प्रवाह गर्ने,

७.८. प्रेस काउन्सिलबाट निर्वाचनको मौन अवधिमा सञ्चार माध्यमका मास्टहेड दुरुपयोग गरी राजनीतिक दल तथा उम्मेदवारबारे अपवाहपूर्ण, दुस्प्रचारयुक्त, भ्रामक सम्प्रेषित गर्ने खतरा देखा परेको हुँदा तत्काल त्यस्ता सामग्री हटाउने विषयमा रणनीतिक सोच बनाउने, कुनै व्यक्तिविरुद्ध उजुरी दर्ता हुनासाथ वा गुनासो गर्नासाथ स्पष्टीकरण सोध्ने प्रचलन अन्त्य गरी उजुरी जायज हुन् वा होइनन् भन्ने अध्ययन गरेपछि मात्र स्पष्टीकरण लगायतका कारबाहीको प्रक्रिया अघि बढाउनु उचित हुने।

७.९. निर्वाचनको समयावधिका लागि छुट्टै आन्तरिक स्वनियमन निर्देशिका तयार गरी लागू गर्ने र निर्वाचन सम्बन्धी सामग्रीलाई प्राथमिकता साथ सम्प्रेषण गर्ने गरी कार्यक्रम तयार गर्ने।

७.१०. विभिन्न राजनीतिक दलहरुले निर्वाचनको समयमा आचार संहिता उल्लङ्घन गरी निर्वाचन परिणामलाई आफू अनुकूल बनाउन प्रयासरत रहने हुँदा त्यस्तो अवस्थामा विभिन्न आम संचारले नियमति रुपमा निगरानी गरी दलहरुको संलग्नताको बारेमा सत्य र तथ्य समाचार सम्प्रेषण गर्नु पर्दछ।

७.११. निर्वाचनको समयमा निर्वाचन आयोगले दल र उम्मेदवार लगायत अन्य सरोकारवालाहरुलाई निर्वाचन आचार संहिता उल्लंघन गरेको अवस्थामा स्पष्टीकरण र कारवाही गरेको कार्यमा सत्य तथ्य समाचार सम्प्रेषण गरी निर्वाचन प्रति जनविश्वास वृद्धि गर्न पहल गर्ने।

७.१२. निर्वाचनको समयमा निर्वाचन आयोग, सुरक्षा निकाय, राजनीतिक दल, उम्मेदवार र अन्य सरोकारवालाहरुले आवश्यकता भन्दा बढी खर्च गर्ने वर्तमान अवस्थामा सुधार गर्न निर्वाचन खर्चको विवरणहरु प्रसारण गरी नागरिकलाई जानकारी दिई निर्वाचन खर्च कम गर्न आवश्यक समाचारहरु सम्प्रेषण गर्ने।

७.१३. आमसंचारले निर्वाचनको समयमा निर्वाचन हिंसा, निर्वाचन खर्च, निर्वाचनमा महिला तथा पिछडिएका वर्गको सहभागिताको बारेमा खोजमूलक अनुसन्धान गरी आम नागरिकलाई जानकारी गराउन पहल गर्ने।

७.१४. आम सञ्चारले निर्वाचन आचार संहिता पालना गरी स्वतःस्फुर्त रुपले निर्वाचन प्रणालीमा सहयोग गर्ने वातावरण बनाउने।

परिच्छेद ८

# निर्वाचन सञ्जालका सुझावहरूको संक्षिप्त विवरण

प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचनमा विभिन्न संस्थाहरुले पर्यवेक्षण गरेको जसमध्ये राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), शान्ति, न्याय तथा लोकतन्त्रका लागि समावेशी सञ्जाल (संकल्प), अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी), ज्येष्ठ जीवन बहुमूल्य प्रतिष्ठान (अँगालो) र सङ्घीय बहसमा युवा संस्थाहरुको सहकार्य र समन्वय भएको हुँदा सबै संस्थाहरुको सुझावलाई यसमा प्रस्तुत गरिएको छ।

## १. राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) द्वारा दिएका सुझाव र सिफारिसहरू

- नेपाल सरकार
    - प्रतिस्पर्धात्मक लोकतान्त्रिक परिपाटीमा आवधिक निर्वाचनको मूल्य र मान्यतालाई अक्षुण्य राख्न अन्तर्राष्ट्रिय प्रचलन बमोजिम निर्वाचनको मिति तय गर्ने अधिकार संवैधानिक निकायको रूपमा स्थापित निर्वाचन आयोगलाई प्रदान गर्नुपर्ने।
    - सार्वजनिक पदधारण गरेका कुनै पनि व्यक्तिले निर्वाचनको सन्दर्भमा शक्ति र पदको दुरुपयोग गरेको पाइएमा जवाफदेही बनाई कानुनी दायरामा ल्याउनु पर्ने।
    - काम विशेषले बाहिर गएका वा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले मतदाता सूचीमा आफ्नो नाम समावेश गराउने र आफूले रोजेको उम्मेदवारलाई सञ्चार प्रविधिको माध्यमद्वारा मतदान गर्न पाउने व्यवस्था गर्नेतर्फ निर्वाचन आयोगसँगको समन्वयमा अविलम्ब योजना बनाउनु पर्ने।
    - निर्वाचन क्षेत्रको सिमाङ्कन पछिल्लो जनगणनाको तथ्यांकका आधारमा नेपाल सरकारको सहयोगमा निर्वाचन क्षेत्र निर्धारण आयोग द्वारा समीक्षा गरिनुपर्ने।
    - निर्वाचन आचारसंहिता लागु भएको अवधिभर सरकारले नीतिगत निर्णय, नियुक्ति, सरुवा बढुवा कुनै पनि हालतमा गर्न नहुने।
- निर्वाचन आयोग
    - निर्वाचन आयोग निर्वाचन व्यवस्थापनमा समर्पित एक स्वतन्त्र संवैधानिक निकाय भएको हुँदा यसले राज्य संयन्त्रबाट हुन सक्ने कुनै पनि प्रकारका प्रत्यक्ष वा परोक्ष हस्तक्षेपको प्रभावमा पर्नबाट जोगिनु पर्छ। निर्वाचनको निम्ति आवश्यक कानुन, आर्थिक सहायता एवं अन्य व्यवस्थापन अग्रिम रूपमा गर्नुपर्ने।
    - मतदान प्रक्रियामा प्रत्येक योग्य मतदाताको अधिकार सुरक्षित गर्न विशेषगरी निर्वाचनमा खटिने निकाय जस्तैः नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, म्यादी प्रहरी, निर्वाचन कर्मचारी तथा निर्वाचन पर्यवेक्षकहरूलाई अग्रिम मतदान (Advance Voting) को व्यवस्था गर्ने कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने।

- निर्वाचनमा नो भोटको व्यवस्था गर्न भनी सर्वोच्च अदालतले दिएको आदेशको पालना भएको छैन। उम्मेदवार मन नपराई नो भोट भन्न चाहनेहरुका लागि नो भोट भन्न सक्ने व्यवस्था मिलाउनु पर्दछ। यसो गरिएन भने मतदाताको अभिमतको कदर नहुने र सर्वोच्च अदालतको आदेश अवहेलना गरेको ठहर्छ।
- निर्वाचनका दिन सार्वजनिक यातायातमा कुनै प्रतिबन्ध नहोस भन्ने सुनिश्चितताका लागि निर्वाचन आयोगले तीनवटै तहका सरकार, सुरक्षा निकाय लगायतसँग समन्वय गर्नुपर्ने।
- मतदाता परिचय–पत्र त्रुटिरहित ढंगबाट निर्माण गरी प्रत्येक मतदाताको हातमा कम्तिमा एक हप्ता अगाडि अनिवार्य रूपमा पुऱ्याउने व्यवस्था गर्ने। निर्वाचनको समयमा मतदाता सूचीमा आफ्नो नाम रहे तापनि परिचय–पत्र प्राप्त गर्न नसकी मतदानबाट वञ्चित हुनुपर्ने तथा कसैको परिचय–पत्र भए तापनि मतदान केन्द्रको मतदाता सूचीमा आफ्नो नाम नहुँदा मतदान गर्न बाट विमुख हुन पुगेको अवस्थालाई गम्भीरतापूर्वक समीक्षा गर्ने।
- मतदान अधिकारीहरू र मतदाताहरू बीच एकैपटक हुने निर्वाचनको लागि कसरी सही तरिकाले मतपत्र बाँडफाँड गर्ने र मतदान गर्ने भन्ने अन्योलता नहोस् भन्नका लागि निर्वाचन आयोगले एकै पटक धेरै निर्वाचन गराउँदा मतदान प्रक्रियालाई परिमार्जन गर्नु पदर्छ। जसका लागि मतपत्र र मतपेटिका बीच स्पष्ट भिन्नता गराउन सकेमा सहज हुन्छ। यदि मतदाताहरुले तोकिएको भन्दा फरक मतपेटिकामा मतपत्र खसालेको अवस्थामा मतगणनाका दिनमा मतगणना केन्द्रका अधिकारीहरूले व्यक्त गर्ने विविध धारणाहरु र दृष्टिकोणहरुको सट्टा मतदाताहरूले हालेका सबै वैध मतपत्रहरू गणनाको सुनिश्चिता गर्नुपर्दछ। उक्त कार्यका लागि निर्वाचन आयोगले विस्तृत कार्यविधिहरू उपलब्ध गराउनु पर्छ।
- निर्वाचन आयोगले सबै सुरक्षा निकायहरूका बीच घनिष्ठ समन्वय र सहयोग विकास गर्न सक्षम हुनुपर्छ। सुरक्षा अङ्गहरु बिचको समन्वयले हिंसा, धम्की, आगजनी र अन्य अनावश्यक गतिविधिहरू रोक्न मद्दत गर्दछ। वास्तवमा वर्तमान र विगतमा घटेका हिंसा र द्वन्द्व जस्ता विभिन्न घटनाहरूका आधारमा उक्त स्थानहरूमा खटिएका सुरक्षाकर्मीहरूलाई निर्वाचन सुरक्षा सम्बन्धी विशेष तालिम र अभिमुखीकरण प्रदान गर्नुपर्छ।
- तटस्थ र निस्पक्ष नागरिक निर्वाचन पर्यवेक्षकहरूको स्वतन्त्रतालाई निर्वाचन आयोगले सम्मान गर्नुपर्छ। जसले गर्दा नागरिक संगठनहरूलाई तटस्थ निर्वाचन पर्यवेक्षणको लागि विश्वव्यापी सिद्धान्तको घोषणा (Declaration of Global Principles for Nonpartisan Election Observation (DoGP) मा तोकिएका मापदण्डहरू पालना गराउन सहयोग पुग्दछ। सोही कारण निर्वाचन आयोगले पर्यवेक्षण बाट आएका निस्कर्ष र सिफारिसहरूको प्रतिवेदन प्राप्त गर्नेछ र निर्वाचन प्रक्रियामा पारदर्शी, समावेशी र जवाफदेहि हो। सुधार गर्नका लागि सहयोग पुग्नेछ। निर्वाचन आयोगले पारदर्शी रूपमा निर्वाचन पर्यवेक्षण गर्नका लागि पर्यवेक्षकहरू र पार्टी प्रतिनिधिहरुले निर्वाचन प्रक्रियाका सबै चरणहरूमा पहुँच पुग्न सक्ने क्षमताको सुनिश्चिता गर्नुपर्छ।
- निर्वाचन आयोगले निर्वाचनका दिन सम्बन्धी कार्यविधि परिमार्जन गर्नुपर्छ। कार्यविधि परिमार्जनमा मतगणना मतदान केन्द्र स्तरमा हुने प्रावधान जरुरी देखिन्छ। मतदान केन्द्र स्तरमा गरिएको मतगणनाले पार्टीका प्रतिनिधिहरू र पर्यवेक्षकहरूलाई निरन्तर रुपमा प्रक्रियाको अनुगमन गर्नका लागि सहयोग पुग्नेछ र मतदान केन्द्र बन्द भएपछि मतपत्रहरू तत्काल गन्न सकिन्छ। जसले गर्दा छुट्टाछुट्टै केन्द्रहरूमा हुने समय–खपत र महँगो मतगणनाको द्रुत र व्यावहारिक विकल्पको लागि अवसर मिल्नेछ, र यसले मतपत्र र मतपेटिकाहरूको अधिकतम सुरक्षा सुनिश्चित गर्दछ।
- निर्वाचनमा लागत र समय दुबै घटाउन बदलिदो परिस्थिति र परिवेशलाई मूल्याङ्कन गरी समग्र निर्वाचन प्रक्रियालाई आधुनिक र प्रविधिमैत्री बनाउनुपर्ने देखिन्छ। विद्युतीय भोटिङ मेसिनको (Electronic Voting Machine) प्रयोग गर्न सकेमा मतदान गर्न र मतगणनामा पनि सहज हुन जान्छ। भोटिङ मेसिनको प्रयोगले निर्वाचनमा हुने धाधली रोक्न पनि मद्दत गर्ने भएकाले अब बिस्तारै सबै ठाउँमा भोटिङ मसिनको प्रयोग गर्न उपयुक्त हुन्छ।

   - निर्वाचन आचारसहिंताको परिपालनामा देखिएको कमजोरीलाई सम्बोधन गर्न मूलतः राजनीतिक दल, उम्मेदवार तथा कार्यकर्ताहरु जवाफदेही बन्नु पर्ने र उल्लंघनको घटनामा आयोगले अनुगमनलाई थप प्रभावकारी बनाइ दोषीलाई कारवाही गर्नुपर्ने। अधिकांश विषयमा उजुरी नै नपर्ने, उजुरी परेपनि मौखिक रुपमा मात्र धेरै आउने हुदा निर्वाचन आयोग र मातहतका कार्यालयहरूले लिखित उजुरी नखोजी सूचनाका आधारमा कारवाही गर्दा आचार–संहिता कार्यान्वयन थप प्रभावकारी हुने देखिन्छ।
   - निर्वाचन आयोगले वैधानिक तथा मौलिक हक अधिकार प्रति सचेत रही अभिव्यक्ति तथा उम्मेदवारी दिने स्वतन्त्रतामा अंकुश लगाउन नहुनें साथै फलामको तारजालीले बेरिएर मतगणना गरेको दृष्य हाम्रो जस्तो लोकतान्त्रिक देशमा शोभनीय नदेखिएको तथ्यप्रति गम्भीर हुनपर्नें।
   - अहिलेका मतदान केन्द्र वीस वर्षअघि तय गरिएका केन्द्रहरु हुन। मतदाताको सहजता, भौतिक संरचनाको अवस्था जस्ता कुराहरुलाई ध्यानमा राखेर मतदान केन्द्र आवश्यकताका आधारमा फेरबदल गर्न जरुरी देखिन्छ। यस निर्वाचनमा कतिपय मतदान केन्द्र व्यवस्थापनमा धेरै कमी कमजोरीहरु देखिएकाले आगामी दिनमा तिनमा आवश्यक सुधार गर्दै जेष्ठ नागरिक, अपाङ्ग, अशक्त र लैङ्गिकमैत्री मतदान केन्द्रहरु बनाउनु पर्ने।

- राजनीतिक दल
   - निर्वाचनमा जसरी पनि विजेता बन्नुपर्ने मानसिकता विद्यमान रहेको सन्दर्भमा राजनीतिक दल तथा उम्मेदवारहरुले पराजयलाई पनि सहजै स्वीकार गरी लोकतान्त्रिक एवं सहिष्णु चरित्र प्रर्दशन गर्नुपर्ने।
   - निर्वाचन प्रचार अभियानमा राजनीतिक दल, तिनका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवार सहित जो कोहिले निर्वाचन खर्चको सीमा नाघ्ने कार्य नगर्ने तथा निर्वाचन खर्चको यथार्थ विवरण पेश नगरे कानुन बमोजिम अनिवार्य रूपमा दण्डनीय हुनेमा प्रतिबद्ध हुने।
   - बदलिँदो परिवेश, संवैधानिक एवं कानुनी प्रावधान बमोजिम राजनीतिक दलहरूमा समावेशी चरित्र निमार्ण गरी आन्तरिक लोकतान्त्रिक संस्कृति विकसित गर्दै निर्वाचनका सम्पूर्ण पक्षमा पारदर्शीता, जवाफदेहीता र जिम्मेवारी अवलम्बन गर्ने र साथै अन्तरिक लोकतन्त्रको आभ्यास द्वारा उमेदवार चयनं गर्नुपर्ने।
   - कतिपय दलहरू बीच भएका असहज प्रकृतिका गठबन्धन र तालमेलका कारण कार्यकर्ता र समर्थकहरूमा नैराश्यता र वितृष्णा देखिएको हुँदा भविष्यमा यस्ता अप्राकृतिक गठबन्धनहरु निरुत्साहित गर्नुपर्ने।

- नागरिक समाज र मिडिया
   - नागरिक समाज संगठनहरुले दुई निर्वाचन बीचको समयलाई मतदाता शिक्षा अभियान, साथै मतदाता दर्ता, महिला र ऐतिहासिक रूपमा सीमान्तकृत समूहहरूको सहभागिता र अन्य निर्वाचन सरोकारका कार्यक्रमहरूको योजना र कार्यान्वयन गर्न प्रयोग गर्नुपर्छ।
   - निर्वाचनको समयमा नागरिक समाज संगठनहरुले राजनीतिक दल, सरकार, सुरक्षा निकाय र अन्य सम्बन्धित सरोकारवालाहरूसँग परामर्श र अन्तरक्रिया गर्ने। त्यस्ता छलफलले निर्वाचनलाई स्वतन्त्र, निस्पक्ष, अनुशासित, समावेशी बनाउन सहयोग हुने र अन्ततः निर्वाचन प्रक्रियालाई सच्याउन मद्दत पुग्छ।
   - निर्वाचन सम्बन्धी सूचनाको कुरा गर्दा मिडिया वस्तुनिष्ठ हुनुपर्ने। सबै राजनीतिक दल र उम्मेदवारहरूको मिडियामा समान पहुँच र उनीहरूको अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई कुनै पनि हिसाबले बन्देज नगरिने सुनिश्चित गर्नुपर्ने। लैङ्गिक संवेदनशीलता कायम राख्दै चुनाव सम्बन्धी विषयहरू (जस्तै समाचार, दृश्य वा अन्य) को प्रकाशन र प्रसारणमा लैङ्गिक मैत्री शब्दावली प्रयोग गर्नुपर्ने।

## २. शान्ति, न्याय तथा लोकतन्त्रका लागि समावेशी सञ्जाल (संकल्प) द्वारा दिएका सुझाव र सिफारिसहरू

1. The Election Commission of Nepal (ECN)

- Increase voter education and outreach efforts to ensure all eligible citizens are registered to vote and aware of the voting process for a diverse group of women including marginalized communities as well.
- Many religious places like temples were seen being used as polling stations so the commission should strictly prohibit activities like this.
- The direct or indirect use of children could be seen in the campaigning of the election by major political parties so the commission should strictly advise all the parties to follow the election code of conduct and avoid such activities.
- Provide clear guidelines and training for poll workers/election inspector to minimize errors and ensure consistency, since they are allotted the responsibility of issuing the ballots to registered voters, registering voters, monitoring the voting equipment, explaining how to mark the ballot or use the voting equipment or counting votes. ECN should ensure that they must allow the observers to enter the voting premises after showing the ID cards given to them by ECN itself. Due to this, the observers were discouraged and many wanted to go back home without any observation.
- Encourage participation from underrepresented communities by providing language and all other necessary assistance and accommodations for individuals with disabilities.
- When spreading election notices through social media, the commission should advise all to do it in a manner that does not violate the rights of the specific group or communities.
- Make sure that polling centres are equipped with proper toilets, drinking water, shelter, wheelchairs, and other facilities besides election materials.
- Make the process of candidate nomination more inclusive by allowing independent candidates and reducing the barriers to entry for new political parties.
- A Gender Advisor who is a GEDSI expert should be a part of the ECN's core team. The responsibility of the Gender Advisor would be to ensure and direct gender mainstreaming in ECN policies and directives, such as including accommodations for diverse groups of women and children and advocating for women candidates and women's participation.
- Due to the core festivals of the country (Dashain and Tihar), the election time was found unfriendly as women candidates were found to be prioritizing their family responsibilities and had to avoid major activities for their election campaigning. ECN should make sure that this shouldn't be repeated again.

2. Political Parties

- Increase transparency and accountability in campaign financing. Political parties should disclose all the sources of funding and spending to ensure that elections are fair and not influenced by special interests.

- Political parties should work to increase voter turnout by making it easier for citizens to register to vote and by providing information on the voting process.
- Political parties should strive to ensure fair representation of all groups in society, including women, minorities and mariginalized communities.
- Political parties should develop a code of conduct to ensure that election is conducted in a peaceful and orderly manner.
- Political parties should actively engage and encourage youth participation in the political process.
- As mentioned in the declaration, the established values of rights of women from the diverse group should be ensured by all the candidates and political parties.

3. Observers

- Select and assign observers with fairness, accountability, neutrality, effectiveness, effectiveness, professionalism, and efficiency.
- Organizations authorized to assign the observers should make sure that the locals should not be assigned from their own place.

## ३. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा दिएका सुझाव र सिफारिसहरू

- निर्वाचन आयोगलाई
  - मतदाता शिक्षा निरन्तरको प्रक्रिया भएकाले निर्वाचन हुँदा वा नहुँदा सम्बन्धित निर्वाचन कार्यालयहरूले मतदाता शिक्षाको कामलाई निरन्तर सञ्चालन गर्नु पर्दछ। निरन्तरको अर्थ नयाँ मतदाता थपिने बित्तिकै क्लष्टर बनाएर मतदाता शिक्षा दिनु पर्छ। मतदाता शिक्षा भनेको मत सङ्केत मात्रै होइन। राजनीतिप्रति जन चासो र कस्ता उम्मेदवार छान्ने कस्तो परिपाटी अँगाल्ने भन्ने पनि जान्नु पर्ने विषय हो।
  - निर्वाचन आचारसंहिता कामयावी हुनु आवश्यक छ। आचारसंहिता तय गर्दा सम्बन्धित सरोकारवालासँगको छलफललाई बढाउने र जारी आचारसंहिता अक्षरशः कार्यान्वयन हुने वातावरण तय गर्नु पर्दछ। सुरूसुरूमा आचारसंहिता पालनाका स–साना विषयमा तान्ने र पछिपछि सेलाउने प्रवृत्तिको अन्त्य गर्नु पर्छ।
  - मतदाता नामावली आवधिक रुपमा अद्यावधिक गर्ने र यसलाई व्यवस्थित रुपमा राख्नुका साथै नामावलीमा देखिएका प्राविधिक त्रुटिहरू हटाउन स्थानीय स्तरमै रुजु गर्नुपर्दछ। यस्तो रूजु गर्नका लागि स्थानीय तहलाई मुख्य जिम्मेवार बनाउनु पर्छ।
  - मतदाताको परामर्शका लागि सबै मतदानस्थलमा हेल्प डेस्क र एक जना सहयोगीको व्यवस्था गर्नु पर्दछ।
  - मतदाता शिक्षाका लागि सामाजिक सङ्घसंस्थासँग निर्वाचन आयोगले हातेमालो गर्नु पर्दछ।
- सरकार, राजनीतिक दल तथा उम्मेदवारलाई
  - स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाउनु पर्दछ।
  - आफ्ना कुरा प्रष्ट राख्ने तर अरु दल र उम्मेदवारलाई गालीगलौज गर्नु हुँदैन।
  - उम्मेदवार छनोटको प्रक्रिया लोकतान्त्रिक र पारदर्शी बनाउनु पर्दछ।

- निर्वाचन खर्चको पारदर्शीताको सुनिश्चितता प्रदान गर्नु पर्दछ।
- आफ्ना कार्यकर्ताहरुबाट आचारसंहिता पालना गर्ने गराउने दायित्व राजनीतिक दल वा उम्मेदवारको हुने हुनाले यसको लागि उपयुक्त प्रक्रिया र संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ
- निर्वाचनको मितिलाई संवैधानिक सुनिश्चितताका लागि संसदमा संशोधन प्रस्ताव पेश गर्नुपर्दछ।
- निर्वाचनलाई विद्युतीय मतदानको व्यवस्थाको सुनिश्चितता गर्नुपर्दछ।
- बुथ कब्जा जस्ता घटना रोक्न र मतदाताको बिना त्रास मतदान गर्ने हकको रक्षाका लागि सुरक्षा व्यवस्था भरपर्दो बनाउनु पर्दछ।
- जसरी पनि चुनाव जित्नुपर्ने मानसिकताले लोकतन्त्र प्रदुषित बनाउँछ। तसर्थ, सङ्गठनलाई चलायमान गरी उम्मेदवारको तय गर्नु पर्दछ।
- उम्मेदवार चयनका लागि अवाञ्छित कसरतको अन्त्य गर्नु आवश्यक छ। स्थानीय पार्टी कमिटीलाई निकम्मा सावित गर्ने नभइ स्थानीय स्तरबाटै उम्मेदवारी चयनको व्यवस्था गर्नुपर्दछ।
- विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा मतदाता शिक्षालाई समावेश गर्नु आवश्यक छ।

- संसदलाई
  - निर्वाचनको मितिलाई संवैधानिक सुनिश्चितताका लागि संविधान संशोधनको बाटो खुला गर्नुपर्दछ। (जस्तै २०७९ मङ्सिर ४ गते निर्वाचन सम्पन्न भयो भने पाँच वर्ष पुग्ने मङ्सिर महिनामा निर्वाचन गर्ने व्यवस्था मिलाउन सकिन्छ।)

## ४. निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) नेपाल द्वारा दिएका सुझाव र सिफारिसहरू

- निर्वाचन आयोगलाई सिफारिस गरिएका विषयहरुः
  - निर्वाचन मिति घोषणा भएपछि कुनै कारणवस मतदानको दिन उपस्थित हुन नसक्ने, मतदानको दिन भन्दा अगाडि कारणवस विदेश जाने, निर्वाचनमा खटिने सुरक्षाकर्मी, कर्मचारीहरुका साथै अशक्त तथा अपाङ्गता भएकाहरुको सुविधाका लागि पूर्वमतदान (Early Voting) को व्यवस्था मिलाउनु पर्ने।
  - विगतमा झैँ आचारसंहिता बाध्यतावश नभई नियतवश सचेतरुपमा स्वच्छन्दतापूर्वक उल्लङ्घन गर्ने प्रवृत्ति देखियो। यसलाई संस्कारको रुपमा विकास हुन नदिन विद्यमान कानुनको कार्यान्वयन प्रभावकारी बनाइनु पर्ने।
  - सामाजिक सञ्जालको माध्यमबाट मिथक, भ्रामक र द्वेषपूर्ण सन्देश (Misinformation, Disinformation and hate speech) ले निर्वाचनलाई स्वच्छता तथा निस्पक्षतामाथि नै बाधा अड्चन खडा गरेको पाइयो। यस प्रकारका गतिविधिलाई निरुत्साहित पार्नका लागि निर्वाचन आयोगमा सामाजिक सञ्जालहरुको सहकार्यमा प्राविधिक डेस्क खडा गरी प्रभावकारी नियन्त्रण तथा नियमन गर्नु पर्ने देखियो।
  - उम्मेदवारहरुले ठूलो संख्यामा गर्ने भोजभतेरमा कमी देखिए तापनि ससाना समूहमा घरमै, टोलटोलमै खाद्यान्न पुऱ्याउने प्रवृत्तिको देखियो। यस्ता प्रवृत्तिलाई रोक्नका लागि आयोगको सूक्ष्म अनुगमन संयन्त्रलाई थप क्रियाशील र प्रभावकारी बनाउनु पर्ने देखियो।
  - उम्मेदवारहरुले प्रचार–प्रसारका लागि खटाइने आधिकारिक प्रचारकहरुलाई पहिचान तथा परिचय पत्रका साथ परिचालित गर्ने व्यवस्था मिलाउनु पर्ने जसको कारण सुरक्षाको व्यवस्थापन साथै निर्वाचन कानुनको उल्लङ्घनकर्ताको पहिचान गर्न सहज हुने

- घरका अन्य सदस्यहरुको मतदान गर्ने स्वतन्त्र अधिकारमाथि सम्बन्धित एकाघरको घरमूलीको निर्णयले हस्तक्षेप गर्ने परिवेश विद्यमान रहिरहेको हुँदा यस परिवेशको अन्त्यका लागि आयोगले निर्वाचन शिक्षा र मतदाता शिक्षालाई जोडेर नागरिक शिक्षाको रुपमा स्थानीय समुदायका मातृभाषामा निरन्तर सञ्चालन गर्नु पर्ने देखिन्छ जसले मत बदरको संख्यालाई न्यूनीकरण पनि गर्न सहयोग पुग्नेछ।
- मतपत्र, स्वस्तिक चिन्ह तथा मसी गुणस्तरीय  नहुँदाको अवस्थामा मत बदर हुनसक्ने देखिएकोले निर्वाचनमा प्रयोग गरिने उक्त सामग्रीहरु उच्च गुणस्तरयुक्त हुनु पर्ने।
- सम्भावित स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै मतदान केन्द्रमा प्राथमिक स्वास्थ्योपचारको व्यवस्थापन गर्नुपर्ने,
- म्यादी प्रहरीको लामो अवधिसम्मको नियुक्तिका कारण समग्र निर्वाचन खर्चिलो हुने हुँदा, छोटो समयको लागि सुरक्षा स्वयमसेवकको व्यवस्था गर्नु उपयुक्त हुने।
- विदेशमा भएका मतदाताहरुको लागि मतदानको अधिकार प्रयोग गर्न पाउने अधिकारको सुनिश्चितताको लागि आवश्यक अध्ययन, अनुसन्धानसहित आधुनिक सूचना प्रविधिको उचित प्रयोग गर्नेतर्फ आवश्यक पहल गर्ने।
- सवीच्च अदालतले समेत निर्णय गरिसकेको आधारमा राइट टु रिजेक्ट अथवा नो भोट ९ल्इत्० लाई स्थायीरुपमा मतपत्रमा समावेश गर्न आवश्यक पहल गर्ने।

## ५. ज्येष्ठ जीवन बहुमूल्य प्रतिष्ठान (आगालो) द्वारा दिएका सुझाव र सिफारिसहरू

- आयोगलाई निवार्चन आयोगको लागि सुझावहरु
    - प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा मतदाताहरु उत्साह जनक रुपमा उपस्थिति नभएको र प्रतिशतको आधारमा पनि स्थानीय निर्वाचन भन्दा कम संख्यामा मतदान भएको छ। मतदाता कम संख्यामा उपस्थिति हुनु भनेको मतदाता निर्वाचन प्रति सकारात्मक नभएको बुझ्न सकिन्छ। यस किसिमको अवस्था अर्को निर्वाचनमा फेरि पनि सृजना भयो भने निर्वाचनको विश्वसनीयता घट्ने सम्भावना हुन सक्दछ। तसर्थ निर्वाचन आयोग नेपालले मतदाता संख्या वृद्धि गर्न मतदातालाई केन्द्रित गरी लोकतान्त्रिक पद्धतिमा निर्वाचनको महत्व तथा मताधिकार प्रयोगको आवश्यकताबारे बृहत् रुपमा सचेतना फैलाउनु पर्ने देखिन्छ।
    - मतदान स्थल मन्दिरको परिसरमा गर्दा धार्मिक र सांस्कृतिक हिसाबले विभिन्न धर्म सम्प्रदायका व्यक्ति तथा महिला मतदाताहरु छुट्ने सम्भावना भएकोले मन्दिर भित्र मतदान केन्द्र राख्न नहुने सुझाव रहेको छ।
    - आगामी निर्वाचनमा विद्युतीय निर्वाचन प्रणाली व्यवस्था गर्नको लागि पनि सरकारकले ध्यानाकर्षण गर्नु पर्ने आवश्यक रहेको छ। यस व्यवस्थाले ज्येष्ठ नागरिक, अपाङ्गता लगायत विशेष आवश्यकतक भएका व्यक्तिहरुलाई धेरै सहज हुने र बदर मतको संख्या पनि न्यून हुने धेरै सम्भावना हुनेछ।
    - निर्वाचनका लागि खटिएका मतदान अधिकृत लगायत अन्य कर्मचारीहरुलाई पनि निर्वाचन पर्यवेक्षणको महत्वको विषयमा अभिमुखी गरिनु पर्दछ। यसो गरिएको खण्डमा निर्वाचनमा खटिएका कर्मचारीहरुले पर्यवेक्षकले पर्यवेक्षण कार्य गर्नमा रोकतोक नगर्ने र पर्यवेक्षकले पनि निर्धक्क सँग सूक्ष्मरुपमा पर्यवेक्षण गर्ने अवसर पाउँनेछन्।
    - निर्वाचनको क्रममा हुन सक्ने विभिन्न किसिमका घटनाहरु रिपोर्ट गर्नका लागि व्यवस्था गरिएको कल सेन्टरलाई प्रभावकारी र व्यापक रुपमा जन समुदायलाई जानकारी गराँउनु पर्ने देखिएको छ।
    - मतदान स्थल छनोट गर्दा जेष्ठ नागरिक, अपाङ्गता मैत्री भएको स्थान छनोट गर्नुपर्ने अत्यावश्यक देखिन्छ। साथै सो स्थलहरुमा पूर्वाधारहरु (जस्तैः भवन, ह्वीलचियर, रेलिङ्ग आदि) जेष्ठ नागरिक, अपाङ्गता लगायत विशेष आवश्यकता भएका व्यक्तिहरुलाई लक्षित गरिनुपर्ने देखिन्छ।

- जेष्ठ नागरिक, अपाङ्गता लगायत विशेष आवश्यकता भएका मतदाताहरुका लागि मतदान गर्ने क्रममा आवत जावतको लागि आधिकारिक निकायबाट सवारी साधनको व्यवस्था गर्नु पर्दछ।
- जेष्ठ नागरिक, अपाङ्गता लगायत विशेष आवश्यकता भएका मतदाताहरुका लागि मतदान स्थलभित्र व्यवस्थित विश्राम स्थलको व्यवस्था गरिनु पर्ने देखिएको छ।
- मतदान क्रममा मतदाताहरु लामो समयसम्म पंक्तिमा बस्नु पर्ने भएको कारण गर्दा घाम पानीबाट बच्नका लागि आवश्यक व्यवस्था गर्नु पर्दछ।
- प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्ष र समानुपातिकको तर्फबाट चारवटा छुट्टा छुट्टै मतपेटीकामा मतदान गर्नु पर्ने भएकोले धैरै मतदाताहरु अलमल परेका साथै समय पनि धैरै लगाएको कारणले पनि मतदान शिक्षाको कमी भएको देख्न सकिन्छ। तसर्थ अर्को निर्वाचनको बेला मतदान शिक्षा एकदम प्रभावकारी र व्यापक रुपमा समुदायस्तर सम्म पुऱ्याउनु जरुरी रहेको छ।
- हरेक मतदान स्थलहरुमा स्वास्थ्य सुरक्षाका उपायहरुको अवलम्बन गर्नुपर्ने आवश्यक रहेको छ। स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य स्वयमसेवक, एम्बुलेन्स, आकस्मिक स्वास्थ्य उपचारका समानहरु हरेक स्थलहरुमा व्यवस्थापन हुनु पर्दछ ।

## ६. सङ्घीय बहसमा युवाद्धारा निर्वाचन आयोगलाई सुझावहरू

- आयोगले निर्वाचन प्रचारप्रसार सम्बन्धी आचारसंहितामा मौन अवधीमा कुनै पनि माध्यमबाट प्रचारप्रसार गर्न नपाउने निर्देशिका जारी गरेको थियो। इन्टरनेट र प्रविधिको प्रयोगबाट हुने स्वाभाविक प्रचारप्रसारलाई भने समेट्न सकेको थिएन। सामाजिक सञ्जालमा व्यापारिक सन्देश जस्तै पैसा तिरेर विज्ञापन गर्न सकिन्छ। मौन अवधिमा फेसबुक, युट्यवजस्ता सामाजिक संजालमा यस्ता विज्ञापन व्याप्त थिए। विद्यमान कानूनले स्पष्ट रूपमा भर्चुअल माध्यमबाट हुने प्रचारप्रसारलाई नियमन गर्न सकेको भने देखिएन। यस सन्दर्भमा अझ स्पष्ट प्रावधानहरू ल्याउन जरुरी देखिन्छ।
- निर्वाचन प्रचारप्रसारमा प्रयोग भएको डलर नेपालमा प्रयोग गर्न पाइने वार्षिक ५०० डलरको सीमा नाघेको छ र यसले गर्दा देशको भुक्तानी सन्तुलनमा समस्या पर्न गएको भनेर राष्ट्र बैंक चिन्तित छ। संचित डलरको अवस्थामा यसले पार्न सक्ने प्रभाव तर्फ पनि नीतिगत निर्णय गर्नुपर्ने देखिन्छ। यसलाई नियमन गर्नको निमित्त राष्ट्र बैङ्कसँग समन्वय र छलफल गरेर आवश्यक नीति ल्याउन पर्ने देखिन्छ। राजनीतिक दलहरुले प्रचारप्रसारमा ाबअभदययप बम, थयगतगदभ बम, नययनभि बम मार्फत खर्च गरेको डलरको श्रोत बारे विस्तृत लेखा प्रतिवेदन माग्न आवश्यक छ।
- निर्वाचन आयोगले यस पटकको निर्वाचनमा Meta सँग सहकार्य गरेको थियो। आगामी आवधिक निर्वाचन देखि Meta सँग सहकार्य गरि राजनीतिक दलहरुलाई मौन अवधिमा कसीकसाउमा बाध्न अनलाइन Meta संजालका माध्यम मार्फत प्रचार–प्रसार गर्न रोक लगाइनु पर्दछ र साथै You tube, google जस्ता अन्य सामाजिक संजालबाट मौन अवधिको बखत गरिने भुक्तानी प्रचारप्रसारमा पनि रोक लगाइनु पर्दछ।
- १ दिनमा एउटा पत्रिकामा मात्र बढीमा ७x७ इन्च साइजको मात्र विज्ञापन गर्न पाउने प्रावधानमा भाषागतरूपमा परिमार्जन गर्नुपर्ने देखिन्छ। ७x७ इन्च भन्दा कम भयो भने अन्य पत्रिकामा पनि एकै पटक प्रचारप्रसार गर्न पाउने हो कि भन्ने जस्तो द्विविधागत प्रश्नहरू उठेको हुनाले यस नियमलाई स्पष्टरूपमा पुनः परिभाषा गर्न आवश्यक छ।
- आयोगले आफ्नो वेबसाइटमा मतदाताहरूको तथ्याङ्क खुल्ला रुपमा राख्नाले मतदाताहरूको व्यक्तिगत विवरण जो सँग पनि पुग्न सक्ने देखिन्छ। यसले गर्दा सो तथ्याङ्कको गलत प्रयोग वा डाटा चोरीमा के हुन्छ भन्ने सन्दर्भमा भने नीतिगत छलफल हुन पर्ने देखिन्छ। यसको लागि डाटामा प्रविस्ट गर्नको लागि कुनै व्यक्तिले मात्र पुष्टि गर्न मिल्ने गरि केही पुष्टीको माध्यम (जस्तै नागरिकता नम्बरलाई पुष्टी कोड मान्न सकिन्छ) को व्यवस्था गर्न सकिन्छ।

- राजनीतिक दलहरुले पनि मतदाताको विवरण सोहि साइटबाट थाहा पाउने भएकोले, यसबाट मताधिकारको प्रयोगमा हुन सक्ने बाधाहरूलाई निराकरण गर्न आवश्यक देखिन्छ। राजनीतिक दलहरुले मतदाताको फोन नम्बरमा भोटका लागि गुहार गर्दै मेसेज तथा फोन गर्ने प्रवृती रहेको छ यसले व्यक्तिको गोपनीयताको हक हनन् गर्दछ, त्यसैले ती फोन नम्बर कहाँबाट पाईरहेका छन् भन्ने निर्वाचन आयोगले अनुसन्धान गरि त्यस्ता गतिविधिमा रोक लगाइनु पर्दछ।
- अपाङ्गमैत्री भएकै ठाउँमा पनि अपाङ्ग व्यक्तिहरूलाई बोकेर वा साधनको प्रयोग गरेर मतदान स्थलमा लान परेको घटनाहरु देखिएको छ। यी स्थलहरू पनि पूर्ण अपाङ्गमैत्री बनाउन पर्दछ।
- मतदान केन्द्र धार्मिक स्थलमा राखिने छैन भन्ने निर्वाचन आयोगले प्रतिबद्धता गर्दा गर्दै पनि यस कार्यलाई निरन्तरता दिइयो। आगामी निर्वाचनमा यो दोहोरिन हुदैन।
- आयोगले केही स्थानहरूमा बुथ क्याप्चर हुनसक्छ भनेर पहिला नै अनुमानित गरेको हुन्छ। त्यस्तो सन्दर्भमा आयोगले सि.सि.टि.भि.को व्यवस्था वा अन्य सुरक्षाको व्यवस्था गर्नु पर्ने देखिन्छ। दोलखामा भएको बुथक्याप्चरमा मतदान अधिकृतले पनि कुनै निर्देशन नदिएको र सुरक्षाकर्मीहरू पनि मतदान अधिकृतले नभनी केही गर्न नमिल्ने भनेर बसेको पाइयो। आयोगले आफ्ना कार्य र नीतिहरू दूरदर्शी गर्नुपर्ने देखिन्छ।
- निर्वाचन आयोगले मतदाता शिक्षाका निमित्त टेलिफोनको रिङटोन (CRBT), सामाजिक सञ्जालमा भिडियो तथा अन्य समाग्रिको सम्प्रेषण, विभिन्न भाषामा प्रचारप्रसारको सामग्री तयार गरिएको कार्यलाई निरन्तरता दिनुपर्दछ।
- वृद्धवृद्धाहरू माझ मतदाता शिक्षा नपुगेको र वृद्ध समूहका व्यक्तिहरुका लागि घरघरमा आई मतदान शिक्षा दिनुपर्ने आवश्यकता रहेको छ। शैक्षिक विद्यालय, स्थानीय तहमा काम गर्ने समुह, सङ्घ संस्थाहरु आदिसँग समन्वय र सहकार्य गरि घरदैलो कार्यक्रम संचालन गर्न सकिन्छ।
- उमेदवारहरुको योग्यता परीक्षण गर्ने प्रकृयाका लागि निर्वाचन आयोगले धेरै समय छुट्याइ निर्वाचन पूर्व नै योग्यता र अयोग्यताका विवाद समाधान गर्न आवश्यक देखिन्छ।
- मतदाता नामावली अझै पनि शुद्ध छैन र साथसाथै मृत भैसकेका कति व्यक्तिहरूको अझै पनि नाम रहेको देखिन्छ। स्थानीय तह निर्वाचनमा मतदाताले मत खसालेको तर यस पटकको निर्वाचनको मतदाता नामावलीमा आफ्नो नाम नै नरहेकाले मत खसाल्न नपाएको भन्ने जस्ता गुनासोहरु पनि सुनियो। नामावली अध्यावधिक गर्दै त्रुटिहरू आयोगले समाधान गर्नुपर्छ।
- आचारसंहिताको उल्लंघनको सन्दर्भमा उजुरीको माध्यम भएको तर जनताले उजुरीको प्रयोग भने धेरै कम मात्रामा गरेको देखिन्छ। यसको प्रभावकारी अभिवृद्धिमा जोड दिनुपर्ने देखिन्छ। निर्वाचन आयोगले प्रदेश विशेष भई फरक फरक हटलाइन नम्बर बनाउन सक्छ जसले गर्दा उल्लंघनको उजुरीहरुको छिटै सम्बोधन हुनेछ अथवा एकै हटलाइन भए तापनि प्रदेश विशेष रीडीरेक्ट (redirect) गर्ने व्यवस्था मिलाउन सकिनेछ र केही अधिकारहरु तल्लो तहसम्म नै प्रत्यायोजन गर्नुपर्दछ।
- सर्वोच्च अदालतबाट पनि विदेशमा रहेका नेपालीलाई पनि मताधिकार प्रयोग गर्ने पूर्ण हक छ भनेर निर्णय दिएको कुरालाई मध्यनजर गर्दै विदेशिएका मतदाताहरुको मत सुनिश्चित गर्न निर्वाचन आयोगले पहल गर्नुपर्दछ।
- समानुपातिक निर्वाचन प्रणालीमा प्राप्त सिटको आधारमा क्लस्टरको प्राथमिकता तोकिनु पर्दछ। बन्द सूचीमा उम्मेदवार शीलबन्दी भएका उम्मेदरवारबाट निर्वाचन परिणाम अनुसार क–कसको मनोनयन पर्ने भन्ने प्राथमिकता स्वतः कानूनले स्पष्ट पार्नुपर्दछ।
- समानुपातिक निर्वाचन प्रणालीको खास वर्गले दुरुपयोग गरेको देखिन्छ। विगतमा उपप्रधानमन्त्री एवम् मन्त्रि भएको व्यक्ति पनि समानुपातिकको सूचीबाट सभासद बनेका घटना गम्भीर चिन्ताका विषय हुन। समानुपातिक उम्मेदवार र मनोनयनको योग्यताको सन्दर्भमा छुट्टै व्यवस्था गर्न बान्छनीय रहेको छ।

- गठबन्धन बनाएर चुनावमा सहभागी हुदा र गठबन्धनको साझा उम्मेदवार हुदा केहि नीतिगत नियमको दुरुपयोग भएको देखिन्छ। स्थानीय तहमा प्रमुख र उपप्रमुख फरक लिङ्गको उम्मेदवार हुनुपर्ने प्रावधान गठबन्धनले गर्दा अभ्यास हुन सकेको थिएँन । प्रदेश र सङ्घको निर्वाचनमा पनि फरक दलको अध्यक्ष नै अर्को पार्टीको समानुपातिक सदस्य भएको देख्न सकिन्छ। यस सन्दर्भमा फराकिलो कानूनको आवश्यकता देखिएको छ।

- मतदाता शिक्षा २ चरणमा दिन सकिन्छ। एउटा भनेको दीर्घकालीन र लामो समयावधिको जुन ५ वर्ष भरि नै चलाउन सकिन्छ भने अर्को भनेको निर्वाचन अगाडिका केही दिनहरूमा निर्वाचनका प्राविधिक कुराहरू जस्तै भोट कसरी हाल्ने भन्ने विषयमा गर्न सकिन्छ।

- हरेक  निर्वाचनमा आयोगले पैसा खर्च गरेर मतदाता परिचयपत्र बनाउँछ तर मतदान गर्ने क्रममा मतदाता परिचयपत्र बाहेक अन्य परिचयपत्र मार्फत पनि मतदान गर्न पाईन्छ भने मतदाता परिचयपत्रको अस्तित्व के छ ? यसमा आयोगको ध्यानकार्षण आवश्यक छ। निर्वाचन अवलोकन गर्दा मतदाता परिचयपत्रले अनावश्यक स्रोत साधनको खपत भएको बुझ्न सकिन्छ। राष्ट्रिय परिचयपत्रलाई सरकारले जोड दिईरहेको बेला त्यहि मार्फत पनि मत खसाल्ने प्रावधान गर्न सकिन्छ कि भन्ने तर्फ पनि निर्वाचन आयोगको ध्यान पुगोस्। एउटा कार्डले सरकारी र औपचारिक धेरै काम भएमा जनतालाई सहज हुनुका साथै सरकारको खर्चको बचत पनि हुन्छ।

- मत खसालेको विवरणमा महिला तथा पुरुष मतदाताको तथ्यांक मात्र नभई उमेर विशेष भएर पनि तथ्याङ्क राख्न अत्यन्त जरुरी देखिन्छ । यसो गरेमा कुन उमेर समुहका व्यक्तिहरुले धेरै मतदान गरे र कुन उमेर समुहकाले मतदानमा कम सहभागिता देखाए भन्ने पुष्टि हुन्छ। त्यहि तथ्याङ्कको आधारमा अर्को निर्वाचनका लागि मतदाता शिक्षाका सामग्री बनाउन सकिन्छ र कुन उमेर समुहलाई विशेष ध्यान दिन पर्दछ भन्ने पनि जानकारी प्राप्त गर्न सकिन्छ। यस पटकको निर्वाचनमा युवाहरुको मतदान गर्नमा सहभागिता कम भएको अनुमान गरियो तर ठोस तथ्याङ्क नभएकाले यकिन गरेर भन्न सकिएन, कारण पनि थाहा पाउन नसक्नुका साथै यस विषयमा थप अनुसन्धान पनि गर्न सकिएन। उमेरमा ५ वर्षको अन्तराल राखी तथ्याङ्क राख्न सकिन्छ जस्तै १८–२३ उमेर समुह २४–२९ आदि। यस डाटालाई डिजिटल रुपमा कुनै सफ्टवेयरमा प्रविष्ट गर्नुपर्दछ जसले गर्दा डाटा एकीकृत रुपमा संकलन गर्न सकिन्छ।

- निर्वाचनमा खटिएका कर्मचारीले भोट हाल्ने सन्दर्भमा केहि कर्मचारीले भोट हाल्न पाए भने केहिले आफ्नो नाम दिए तापनि भोट हाल्ने मौका नपाएको भन्ने पर्यवेक्षणका वखत जानकारी भयो । यस विषयप्रति पनि निर्वाचन आयोगको ध्यान जानु पर्दछ।

- निर्वाचनको समयमा विशेष चाँडबाँड राख्न हुदैन। मानिसहरु कामका लागि आन्तरिक बसाइ सराइ गर्ने हुँदा चाडबाडको बेला घर गएका हुन्छन र निर्वाचन चाडबाडको लगत्तै भएमा आर्थिक रुपमा फेरी घरगई मत हाल्न असमर्थ हुन्छन् त्यसैले यस विषयमा निर्वाचन आयोगले ध्यान पुर्याउन निकै आवश्यक रहेको छ।

- निर्वाचन आयोगले निर्वाचन प्रक्रियामा जति सक्दो डिजिटल प्रविधिको प्रयोग गर्न जरुरी छ। उदाहरणका लागि, अयिगम कतयचबनभ, डिजिटल आईडी कार्डहरू प्रयोग गर्न सकिन्छ। मत गणना प्रक्रिया अर्ध स्वचालित ९कभ्ष(बगतयक्बतभम० बनाउन आवश्यक छ। मेसिनले पढ्ने योग्य मतपत्र तयार गर्न सकिन्छ जहाँ मेसिनले मतपत्रमा चिन्हहरू पत्ता लगाउन सक्छ र गणना प्रक्रियामा मद्दत गर्दछ।

- पर्यवेक्षकका बारेमा निर्वाचनमा खटिने सबै कर्मचारी अभिमुखीकरण दिनुपर्ने देखिन्छ। निर्वाचनमा खटिएका कर्मचारी विशेषगरी सुरक्षाकर्मीहरुले पर्यवेक्षकहरुलाई अनावश्यक रुपमा रोकटोक लगाउने, शिष्ट र सम्मानपूर्वक व्यवहार नगर्ने जस्ता क्रियाकलाप गरेको पाइयो जसले गर्दा पर्यवेक्षकहरुले सहज वातावरणमा आफ्नो पर्यवेक्षणको भूमिका निर्वाह गर्न सकेनन् यस तर्फ निर्वाचन आयोगको विशेष ध्यानाकर्षण होस्।

# अनुसूचियाँ

अनुसूची १

पर्यवेक्षणमा संलग्न व्यक्तिहरुको नामावली

# राष्ट्रिय पर्यवेक्षक

| क्र.स | नाम | पेशा |
|---|---|---|
| १. | **नेपाल कानुन समाज** | |
| | श्री तीर्थमान शाक्य | अध्यक्ष, नेपाल कानुन समाज |
| | श्री उदय नेपाली श्रेष्ठ | पुर्व कानुन सचिव |
| | श्री सुरेन्द्र महत्तो | बरिष्ठ अधिवक्ता |
| २. | **संविधान निगरानी समुह** | |
| | श्री कल्याण श्रेष्ठ | पुर्व प्रधान न्यायधीस |
| | श्री सुशिला कार्की | पुर्व प्रधान न्यायधीस |
| ३. | **नेपाल नागरिक मञ्च** | |
| | श्री सुनीता मल्ल गुरुङ | नागरिक समाज |
| | श्री तीर्थ नारायण सुवेदी | नागरिक समाज |
| | श्री मिना ओभ्का | प्राध्यापक |
| ४. | **ग्रामीण विकास प्रतिष्ठान** | |
| | श्री सुनीता रेग्मी | वरिष्ठ अधिवक्ता, कोषाध्यक्ष, ग्रामीण विकास प्रतिष्ठान |
| | श्री शिव कुमार श्रेष्ठ | अधिवक्ता, सचिव, ग्रामीण विकास प्रतिष्ठान |
| | श्री उषा मल्ल | अधिवक्ता, सर्वोच्च अदालत |
| ५. | **असहाय सेवा केन्द्र** | |
| | श्री विष्णु माया भुषाल | अधिवक्ता, सर्वोच्च अदालत |
| | श्री सविता बराल | वरिष्ठ अधिवक्ता, सर्वोच्च आदालत |
| ६. | **पुर्व कर्मचारी परिषद्** | |
| | श्री गोविन्दमणी भुर्तेल | महासचिव |
| | श्री भरत बहादुर थापा | पुर्व अध्यक्ष |
| | श्री राम बाबु नेपाल | उपाध्यक्ष |
| ७. | **नेपाल नागरिक समाज** | |
| | श्री खेम राज रेग्मी | पूर्व सचिव, नेपाल सरकार |
| | श्री डी.पी. अर्याल | महासचिव |
| | श्री ऋषव देव घिमीरे | उपाध्यक्ष |

| क्र.स | नाम | पेशा |
|---|---|---|
| ८. | **मधेसी नागरिक समाज** | |
| | श्री देवकिसन मुन्दा | मधेसी नागरिक समाज |
| ९. | **हिमालय सञ्चार केन्द्र** | |
| | श्री चिरन्जीवी खनाल | प्राध्यापक |
| | श्री देव राज अर्याल | वरिष्ठ सचाारकर्मी |
| | श्री बाबुराम विश्वकर्मा | पत्रकार |
| १०. | **फ्रिडम फोरम** | |
| | श्री हरि विनोद अधिकारी | प्राध्यापक |
| | श्री अरुणा अधिकारी | सूचना अधिकारी |
| ११. | **मिडिया एडभाकेसी ग्रुप** | |
| | श्री रसना ढकाल | पत्रकार |
| | श्री मेनुका बस्नेत बिस्ट | बरिष्ठ पत्रकार |
| | श्री विकास रौनियार | बरिष्ठ पत्रकार |
| १२. | **अन्य** | |
| | श्री भोजराज पोखरेल | पुर्व प्रमुख निर्वाचन आयुक्त |
| | श्री निलकण्ठ उप्रेती | पुर्व प्रमुख निर्वाचन आयुक्त |
| | डा. अयोधि प्रसाद यादव | पुर्व प्रमुख निर्वाचन आयुक्त |
| | श्री ईला शर्मा | पुर्व निर्वाचन आयुक्त |
| | श्री पदम प्रसाद बैदिक | पूर्व सदस्य, न्याय परिषद् |
| १४. | **सचिवालय** | |
| | श्री कृष्णमान प्रधान | सदस्य सचिव, जियोक |
| | श्री मोहन आचार्य | नेपाल कानुन समाज |
| | श्री अनिल खनाल | नेपाल कानुन समाज |
| | श्री गणेशमान प्रधान | नेपाल कानुन समाज |
| | श्री रेजीना भट्टराई | नेपाल कानुन समाज |
| | श्री एलिज श्रेष्ठ | नेपाल कानुन समाज |
| | श्री नाईल श्रेष्ठ | नेपाल कानुन समाज |
| | श्री भवानी कायस्थ | नेपाल कानुन समाज |
| | श्री सरस्वती डंगोल | नेपाल कानुन समाज |
| | श्री कमल बहादुर श्रेष्ठ | नेपाल कानुन समाज |

# जिल्ला स्तरीय पर्यवेक्षक

| क्रसं. | जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|---|
| **प्रदेश १** | | | |
| १. | ईलाम | श्री रुद्र थेबे | मानव अधिकार मञ्च, ईलाम |
| २. | झापा | श्री नविन खतिवडा | सामाजिक कार्यकर्ता, दमक नगरपालिका |
| ३. | धनकुटा | श्री नरेश प्रसाद श्रेष्ठ | पर्डेप, धनकुटा नगरपालिका, वडा नं.४ |
| ४. | मोरङ | श्री सुरेश लाल श्रेष्ठ | बरिष्ठ अधिवक्ता, विराटनगर |
| ५. | संखुवासभा | श्री शेरबहादुर पुरी | प्राध्यापक, संखुवासभा |
| **मधेश प्रदेश** | | | |
| ६. | सप्तरी | श्री मनु पोखरेल | अधिवक्ता, जिल्ला बार एकाई, सप्तरी |
| ७. | धनुषा | श्री रेखा कुमारी झा | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, जनकपुरधाम |
| ८. | रौटहत | श्री सोनेलाल प्रसाद पटेल | अधिवक्ता, रौटहत |
| **बाग्मती प्रदेश** | | | |
| ९. | दोलखा | श्री श्यामकृष्ण मास्के | अधिवक्ता, दोलखा |
| १०. | सिन्धुली | श्री दिपक श्रेष्ठ | सामाजिक कार्यकर्ता, सिन्धुली |
| ११. | रामेछाप | श्री दुर्लभ कुमार अधिकारी | सामाजिक कार्यकर्ता, रामेछाप |
| १२. | सिन्धुपाल्चोक | श्री ज्ञानेन्द्र तिमल्सीना | पत्रकार, सिन्धुपाल्चोक |
| १३. | काभ्रे | श्री संगीता श्रेष्ठ | सामाजिक कार्यकर्ता, पनौती, काभ्रे |
| १४. | नुवाकोट | श्री सुकुमान डंगोल | प्राध्यापक, नुवाकोट |
| १५. | धादिङ | श्री विश्वराज अधिकारी | अधिवक्ता, धादिङ |
| १६. | चितवन | श्री सरोज का ले | अधिवक्ता, चितवन |
| १७. | भक्तपुर | श्री सुमित्रा मल्ल | अधिवक्ता, भक्तपुर |
| १८. | ललितपुर | श्री अञ्जु कायष्ठ | अधिवक्ता, ललितपूर |
| १९. | काठमाण्डौ | श्री सरस्वती श्रेष्ठ | अधिवक्ता, काठमाण्डौ |
| २०. | मकवानपुर | श्री रघुनाथ खराल | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, हेटौडा |
| **गण्डकी प्रदेश** | | | |
| २१. | गोर्खा | श्री हरिबहादुर देवकोटा | युनिफिकेसन नेपाल, गोर्खा |
| २२. | कास्की | श्री जुना कुमारी गुरुङ | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, पोखरा |
| २३. | मुस्ताङ | श्री प्रारुप गुरुङ | एनजीओ फेडेरेसन, मुस्ताङ |
| २४. | स्याङ्जा | श्री युगनारायण श्रेष्ठ | अधिवक्ता, स्याङ्जा |

| क्रसं. | जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|---|
| २५. | बाग्लुङ | श्री रामप्रसाद शर्मा | पूर्व अध्यक्ष, नेपाल बार एसोसियसन, पुनरावेदन अदालत बाग्लुङ |
| २६. | नवलपरासी | श्री गीता सापकोटा | सामाजिक कार्यकर्ता, परासी |
| **लुम्बिनी प्रदेश** | | | |
| २७. | रुपन्देही | श्री हेमा न्यौपाने | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, बुटवल |
| २८. | दाङ | श्री बिनु श्रेष्ठ | अधिवक्ता, दाङ |
| २९. | बाँके | श्री पदम पाण्डे | अधिवक्ता, नेपालगंज |
| ३०. | प्युठान | श्री माधवा सुवेदी | अधिवक्ता, प्युठान |
| ३१. | अर्घाखाँची | श्री ध्रुव विक | द एशिया फाउण्डेसन नेपाल |
| **कर्णाली प्रदेश** | | | |
| ३२. | जुम्ला | श्री विकास बहादुर शाही | अधिवक्ता, जुम्ला |
| ३३. | सुर्खेत | श्री रामबाबु बीसी | अधिवक्ता, सुर्खेत |
| **सुदूरपश्चिम प्रदेश** | | | |
| ३४. | कैलाली | श्री नरेन्द्र बहादुर शाह | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, धनगढी |
| ३५. | कञ्चनपुर | श्री उमेश बिष्ट | अधिवक्ता, कञ्चनपुर |
| ३६. | डडेलधुरा | श्री पुष्पराज जोशी | अधिवक्ता, डडेलधुरा |

अनुसूची २

आम निर्वाचन पर्यवेक्षण समिति (जियोक), नेपाल

## प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन–२०७९

# निर्वाचनपूर्व पर्यवेक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

नेपालको संविधान जारी भएपश्चत् प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यको सफलतापूर्वक निर्वाचन सम्पन्न भई संविधानको पहिलो पुस्ताले आफ्नो कार्यकाल समाप्त गरिसकेको छ भने दोश्रो पुस्ताको लागि २०७९ मंसिर ४ गते अर्थात् २० नाभेम्बर, २०२२ मा निर्वाचन सम्पन्न हुँदैछ। आमनिर्वाचन पर्यवेक्षण समिति (GEOC) ले विगतमा झैँ यसपटक पनि निर्वाचनपूर्व, मतदानको दिन र मतगणनापछि समेत गरी निर्वाचनका तीनवटै चरणमा पर्यवेक्षण गरिरहेको छ।

जियोकको केन्द्रीय सचिवालयका रुपमा क्रियाशील रहेको नेपाल कानुन समाजले निर्वाचन पर्यवेक्षणको संयोजन गर्दै आएको छ भने जियोकको सङ्गठन केन्द्रदेखि स्थानीयस्तरसम्म तीनै तहमा फैलिएको छ। निर्वाचन पर्यवेक्षण सम्बन्धमा जियोकका हालसम्मका अनुभवसहितको पृष्ठभूमिमा यस पटकको निर्वाचनको पनि पर्यवेक्षण गरिरहेको छ।

यस पर्यवेक्षण प्रतिवेदनमा निर्वाचन आयोगको तयारी, सुरक्षाको अवस्था, राजनीतिक दल, उम्मेदवारले पालना गरेको आचरण लगायतका विषयहरू मूलतः उम्मेदवारी दर्ता प्रक्रियादेखि मौन अवधि शुरु हुने दिनसम्मका अवस्थाहरूको अवलोकन गरी संक्षिप्त प्रतिवेदनको रुपमा निर्वाचनपूर्वको अवस्थासम्बन्धी प्राप्त विवरणहरू समावेश गरिएको छ।

## २. पर्यवेक्षणको उद्देश्य

स्वच्छ, स्वतन्त्र, विश्वसनीय, स्वीकार्य, आवधिक निर्वाचन, समान मताधिकार, गोप्य मतदान, पारदर्शी मतगणना तथा परिणाम घोषणा प्रकृया निर्वाचनका विश्वव्यापी मान्यता हुन् । स्वतन्त्र–निष्पक्ष निर्वाचनका लागि निर्वाचन आयोग र सरोकारवालाहरूको सक्रिय सहभागिताले मात्र सफलता प्राप्त गर्न सम्भव हुन्छ। निर्वाचन प्रभावकारी भए वा नभएको विषयमा पर्यवेक्षण गर्न निर्वाचन अयोगले हाल जियोक लगायत ४४ राष्ट्रिय तथा २ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई पर्यवेक्षण गर्न अनुमति प्रदान गरेको छ।

पर्यवेक्षणका लागि मूलतः निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरूबाट निर्वाचनमा मतदाताको अधिकाधिक सहभागिताको सुनिश्चतता, आचार–संहिताको पालना, निर्वाचनको तयारी, सुरक्षाको स्थिति, मतदाता शिक्षा, राजनीतिक क्रियाकलाप, महिला तथा समावेशी प्रतिनिधित्व निर्वाचन सम्बन्धी कानून र मूल्य मान्यताको अवलम्बन लगायतका विषयलाई आधार मानी पर्यवेक्षण गर्नु यसको उद्देश्य हो।

निर्वाचन आयोगको निर्वाचन कार्यक्रमलाई सबै सरोकारवालाबाट स्वीकारयोग्य बनाउने कार्यमा सघाउ पुऱ्याउने उद्देश्यअनुरुप जियोकले पर्यवेक्षण गरेको हो । यस पर्यवेक्षणबाट निर्वाचन प्रक्रियामा हालसम्म भएका सकारात्मक पहलका लागि निर्वाचन आयोग तथा सम्बन्धित सरोकारवालाहरूप्रति उच्च सम्मान गर्दै आगामी दिनका लागि सुधार गर्नुपर्ने उद्देश्य समेत राखिएको छ।

# ३. पर्यवेक्षण विधि

प्रतिनिधि सभा र प्रदेश सभाका सदस्यहरूको लागि हुने यस निर्वाचनको पर्यवेक्षण गरी प्रतिवेदन तयार गर्न जियोकले विशिष्ट, राष्ट्रिय, जिल्ला र स्थानीय स्तरको पर्यवेक्षकहरूसमेत गरी करिव ३३१ जना व्यक्तिहरूलाई परिचालन गरेको छ। जसमा विशिष्ट पर्यवेक्षकहरू १० जना, राष्ट्रिय पर्यवेक्षकहरू २४ जना, जिल्ला पर्यवेक्षकहरू ३६ जना र स्थानीय पर्यवेक्षक २६१ जना रहेका छन्। विशिष्ट, राष्ट्रिय र जिल्ला पर्यवेक्षक लामो अवधिको पर्यवेक्षक र स्थानीय पर्यवेक्षक छोटो अवधिको पर्यवेक्षकको रुपमा कार्यरत रहनु भएको छ।

यो प्रतिवेदन तयारी गर्दा राष्ट्रिय र जिल्लास्तरका पर्यवेक्षकहरूको प्रतिवेदन, पर्यवेक्षण कल सेन्टरमार्फत प्राप्त स्थानीय पर्यवेक्षकहरूको अवलोकन प्रतिवेदन, राष्ट्रिय पर्यवेक्षकहरूबाट प्राप्त स्थलगत पर्यवेक्षण तथा सरोकारवालाहरूसँग छलफलबाट प्राप्त प्रतिकृयाका आधारमा तयार भएका प्रतिवेदनहरू, वरिष्ठ पर्यवेक्षकहरूबाट प्राप्त प्रतिवेदनहरू (जसमा पूर्व प्रधानन्यायाधीश, पूर्व प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त, नेपाल सरकारका पूर्व सचिवहरू, प्राध्यापक, बरिष्ठ अधिवक्ताहरू, वरिष्ठ पत्रकारहरू) को सूचना, अवलोकन, पर्यवेक्षण प्रतिवेदनको आधारमा निर्वाचनको मौन अवधि शुरु हुनुभन्दा पहिलेको निर्वाचनको तयारीको अवस्थाको समिक्षा गरिएको छ।

पर्यवेक्षण टोलीले खासगरी दुवै तहको प्रतिस्पर्धामा केन्द्रित राजनीतिक दल तथा उम्मेदवारका गतिविधि, आचार–संहिताको पालना, सुरक्षाको अवस्था, मतदाताको सचेतना र सक्रियता, निर्वाचनको तयारी अवस्था, मतदान केन्द्रको सुगमता, अनुकूलता, पूर्वाधार लगायतको वरपरका वस्तुस्थितिका सन्दर्भमा सुक्ष्म पर्यवेक्षण गरेका छन्। त्यस अतिरिक्त टोलीले निर्वाचनसँग प्रत्यक्ष सरोकार राख्ने राजनीतिक दल, सुरक्षाकर्मी, निर्वाचन अधिकृत, स्थानीय बुद्धिजीवी तथा पत्रकारसँग भेटी वस्तुस्थितिसम्बन्धी सूचना संकलन र उक्त सूचनाको तथ्यगत विश्लेषणका आधारमा निर्वाचनपूर्वको प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ।

# ४. पर्यवेक्षणका सीमाहरु

यस पटकको पर्यवेक्षणका लागिसमेत मुलुकका १६५ निर्वाचन क्षेत्र र ७५३ स्थानीय तहमा पर्यवेक्षण गर्न समय र श्रोतका कारणसमेत सम्भव नभएकाले जियोकद्वारा प्रतिनिधिमूलक रुपमा जम्मा ३६ जिल्ला छनौट गरी सीमित संख्यामा अवलोकन/पर्यवेक्षण गरिरहेको छ। पर्यवेक्षणका लागि जिल्ला तथा स्थानीय तहहरू छनौट गर्दा सातवटै प्रदेशलाई समेटिएको छ। स्थानीय तहको हकमा केवल २६१ पालिकाहरूमा जियोकको पर्यवेक्षण केन्द्रित रहेको छ।

यस प्रतिवेदनमा नेपालको सम्पूर्ण अवस्थाको मोटामोटी चित्रण गर्ने प्रयास भने गरिएको छ तर यो प्रयास केवल काठमाडौंस्थित निर्वाचन आयोगबाट प्राप्त तथ्याङ्क, राष्ट्रिय पर्यवेक्षकहरूबाट प्राप्त प्रतिवेदनहरू, जियोकको कल सेन्टरबाट संकलित सूचना र बिभिन्न आमसञ्चारमा प्रकाशन भएका समाचारमा आधारित छ।

जियोकबाट पर्यवेक्षण गरिएका जिल्ला तथा स्थानीय तहका सूचना वा तथ्यहरू भने अधिकांश प्रत्यक्ष अवलोकन र सम्बन्धित सरोकारवालाहरू (मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सुरक्षा निकाय, राजनीतिक दल र मतदाताहरू) सँग गरिएका भेटघाट, छलफल र जानकारीमा आधारित छन्। जियोकद्वारा तयार पारिएका सूचकहरू तथा प्रश्नावलीहरूमा केन्द्रित भई छोटो समयमा पर्यवेक्षकहरूले सूचना तथा तथ्याङ्क संकलन गरेको र त्यसैका आधारमा विश्लेषण बढी केन्द्रित भएकाले यस प्रतिवेदनमा समग्र विषयहरू समेटिन नसकेको कुरामा जियोक सहमत छ।

## ५. निर्वाचनको परिदृश्य

संघीय संसदको प्रतिनिधि सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी २७५ जना र प्रदेश सभा सदस्यमा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट ३३० र समानुपातिक प्रणालीबाट २२० जना निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यसरी जम्मा ८२५ जना संघीय संसद र प्रदेश सभाको सदस्यहरू निर्वाचित गर्ने यस निर्वाचनबाट मुलुकको भविष्य निर्धारण गर्ने, संविधानको कार्यान्वयन सम्बन्धमा कानुन निर्माण गर्ने महत्वपूर्ण भूमिका रहन्छ।

यस निर्वाचनका कुल १ करोड ७९ लाख ८८ हजार ५ सय ७० संख्यामा मतदाता रहेकामा महिला ८८ लाख ४७ हजार ५ सय ७९, पुरुष ९१ लाख ४० हजार ८ सय ६ र अन्य १ सय ८५ जना छन्। निर्वाचन आयोगले १० हजार ८ सय ९२ वटा मतदानस्थल तोकिएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि उम्मेदवारतर्फ प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि २ हजार ४ सय १२ जना र प्रदेशसभा सदस्य निर्वाचनको लागि ३ हजार २ सय २४ जना प्रतिस्पर्धामा देखिन्छन्। आयोगमा ११६ राजनैतिक दलको अद्यावधिक सूची कायम रहेको देखिन्छ।

समानुपातिक उम्मेदवार उठाउनका लागि प्रस्तुत गरिने बन्दसूची निर्वाचन नियमानुसार दलकै समावेशी उम्मेदवार चाहिने भएकाले कम दलहरूले मात्र प्रतिनिधि सभा र प्रदेश सभाहरूमा आफ्ना उम्मेदवारहरूका नाम दर्ता गराएका छन् र ती नामहरूको पनि अन्तिम नामावली निर्वाचन आयोगले प्रकाशन गरिसकेको छ।

## ६. निष्पक्ष निर्वाचनका लागि पछिल्लो समयमा भएका प्रगति तथा महत्वपूर्ण सुधारहरु

नेपालमा सम्पन्न भएका सबै तहका पछिल्ला निर्वाचनहरू अपेक्षाकृत सन्तोषजनक ढंगले सम्पन्न भएका छन्। यसै वर्ष अर्थात् २०७९ बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनपश्चात् अझ बढी भन्दा बढी विश्वसनीय ढंगबाट सम्पन्न गर्ने भन्ने विषयमा सम्बन्धित सवै सरोकारवालाहरू चनाखो हुँदै गएको र मतदाताहरूसमेत सचेत हुँदै गएको देखिएको छ।

निर्वाचन आयोगले विगतका अभ्यासहरूमा देखा परेका केही सुधार गर्नुपर्ने पक्षहरूमा सुधार गर्दै निर्वाचनलाई थप विश्वसनीय बनाउँदै लगेको देखिएको छ। निष्पक्ष निर्वाचनका लागि असल अभ्यास र निर्वाचनका आधारभूत मापदण्डका आधारमा कानूनी तथा संस्थागत रुपमै बल प्रदान गरिएको हुनु पर्दछ। स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन गर्ने उद्देश्यमा थप बल प्रदान गर्न निर्वाचन आयोगबाट पछिल्लो समयमा भएका थप सुधारहरू यस प्रकार रहेका छन्:

- निर्वाचन आयोगमा राजनीतिक दल दर्ता गर्ने प्रणालीमा सुधार गरिएको, जसमा लेखा परिक्षण प्रतिवेदन पेश गर्ने दललाई मात्र दर्ता गर्ने प्रणालीको विकास गरिएको,
- उम्मेदवारी दर्ता गर्दा नै सम्पत्ति विवरण पेश गर्नुपर्ने, आम्दानीको स्रोत खुलाउनुपर्ने, निर्वाचन अभियान र खर्च विवरण बुझाउनुपर्ने जस्ता आचारसंहिताका विषयहरू थप गरिएको,
- निर्वाचनको दिनसमेत अनुमति लिएर सवारी साधनको प्रयोग गर्न पाउने ब्यवस्था गरिएको,
- १० प्रतिशत मतदान केन्द्रहरू थप गरी धार्मिकस्थलहरूमा रहेका मतदान केन्द्रहरू अन्यत्र सारिएको, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री मतदान केन्द्रहरूको विस्तार गरिएको,
- मतको बदर संख्या न्यून गर्न मतपत्रमा सुधार गरी एउटा मतपत्रमा एउटा मात्र छाप लगाए पुग्ने र प्रत्यक्षतिर उम्मेदवार भएको चिन्हमात्र राख्ने ब्यवस्था मिलाइएको, स्वस्तिक चिन्हमा प्रयोग हुने मसीको गुणस्तर बढाइएको,

- मतदाता नामावलीमा निर्वाचनको अघिल्लो दिनसम्म १८ वर्ष उमेर पुगेका नागरिकहरूलाई मतदान गर्न पाउने व्यवस्था मिलाइएको, मतदाता परिचयपत्र तथा पर्यवेक्षण परिचयपत्र वितरणसम्बन्धी कार्यक्रम २ साताअगाडि वितरण गर्ने गरी प्रभावकारी बनाइएको,
- मतदाता शिक्षा अभियान थप प्रभावकारी बनाई सञ्चालन गरिएको, निर्वाचन आचार–संहिता कार्यान्वयन गर्न प्रभावकारी अनुगमन संयन्त्रको विकास र कार्यान्वयन गरिएको,
- मतदान केन्द्रका लागि पर्याप्त श्रोतको व्यवस्था गरिएको, मतदान केन्द्रहरूमा शौचालय, पानी लगायतका अन्य सुविधाहरू बढाइएको,
- आफैँ मतदाता भएको स्थलबाहेक प्रधानमन्त्री, मन्त्री वा अन्य व्यक्तिहरूलाई प्रवेश निषेध गर्ने ब्यवस्था मिलाइएको छ।

त्यसैगरी नेपाल सरकार, राजनीतिक दल, निर्वाचन पर्यवेक्षक, न्यायपालिका र आमसञ्चार जगततर्फ समेत सुधारका लागि सकारात्मक पहलहरू भएका छन्। केही उदाहरणहरू निम्न बमोजिम रहेका छन्ः

- यसपटक निर्वाचन आयोगले गरेको सिफारिस बमोजिम सरकारले निर्वाचनको मिति तय गरेको, करिव करिव आयोगले माग गरेबमोजिम बजेट बिनियोजन, सुरक्षाको यथोचित प्रवन्ध तथा कर्मचारीको ब्यवस्थापनमा सहयोग गरेको,
- राजनीतिक दलहरूले सहभागितामूलक ढंगबाट राजनीतिक घोषणापत्र जारी गर्नु, कम्तीमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बाट समानुपातिक उम्मेदवार नदोहोऱ्याउनु, उम्मेदवार चयनमा केही सुधार गर्नु र निर्वाचन आचार–संहिताको कार्यान्वयनमा बढी जिम्मेवार हुँदै गएको देखिएको,
- निर्वाचन पर्यवेक्षकहरूबाट संख्यात्मक भन्दा गुणस्तरीय पर्यवेक्षकहरूको चयन गर्ने अभ्यासको थालनी गर्नु र समन्वयात्मक रुपमा पर्यवेक्षण गर्ने अभ्यासको थालनी गरेको देखिएको,
- न्यायपालिकाबाट निर्वाचनसँग सम्बन्धित विवादहरू तत्काल फैसला गर्ने अभ्यासको थालनी भएको,
- आमसञ्चार जगतबाटसमेत निर्वाचनसम्बन्धी समाचारहरू प्रकाशन गर्दा बढी सतर्कता अपनाउन थालिएको र तथ्यहीन वा भ्रामक समाचार हो वा होइन भन्ने सम्बन्धमा तथ्यको जाँचमा बढी ध्यान दिने अभ्यासको थालनी भएको, आदि।

# ७. पर्यवेक्षणबाट प्राप्त संक्षिप्त विवरण

## ७.१. निर्वाचनको लागि आवश्यक तयारी तथा दल दर्ताको अवस्था

- निर्वाचन आयोगले गरेको नेपाल सरकारसँगको समन्वय र सल्लाहबमोजिम नै नेपाल सरकारले एकै चरणमा २०७९ मंसिर ४ गते प्रतिनिधि सभा र सातओटै प्रदेश सभाहरूको निर्वाचन घोषणा गरेको थियो। निर्वाचन घोषणा हुने बित्तिकै दल दर्ताको सूचना जारी भएको थियो र त्यहीअनुसार दलहरू दर्ता गरिए। दलहरूले दर्ता गर्दा प्रतिनिधि सभामा भाग लिन र प्रदेश सभामा भाग लिन फरक–फरक निवेदन दिइएको थियो। पछिल्लो सूची अनुसार ११६ ओटा दलहरू दर्ता भएका छन् र तिनको सहज तरिकाले र नियमानुसार दर्ता सम्पन्न भएको पाइएको छ।
- मोरङ्ग जिल्लाको प्रदेश सभा निर्वाचन क्षेत्र नं.३ (क) का नेपाली कांग्रसका उम्मेदवार तथा प्रदेश– १ का वन, वातावरण तथा भू–संरक्षण मन्त्री तथा नेपाली कांग्रेसका उम्मेदवार शेखरचन्द्र थापा डेंगु र निमोनियाको कारण २०७९ कार्तिक २३ गते बिहान निधन भएकाले उक्त क्षेत्रको निर्वाचन प्रक्रिया स्थगन हुन सक्छ ठानिएको थियो। तर नेपाली कांग्रेसलाई तत्कालै अर्को उम्मेदवार दर्ता गराउने व्यवस्था मिलाउँदै २०७९ मंसिर ४ गते नै उक्त क्षेत्र समेतको निर्वाचन सम्पन्न गर्ने निर्णय कार्यन्वयन गरिएको छ।

## ७.२. उम्मेदवारी दर्ता र राजनीतिक माहोल

- प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७९ का लागि निर्वाचन आयोगले मिति २०७९/०६/२३ गतेका दिन उम्मेदवारी दर्ता मनोनयनका लागि समय दिएको थियो। विगतको सिकाईका आधारमा यसपटक १ दिनमात्र उम्मेदवारी दर्ता गर्ने अवसर दिइएकोमा शान्तिपूर्ण वातावरणमा सवै उम्मेदवारहरूले आफ्नो उम्मेदवारी दर्ता गराएको,
- उम्मेदवारी दर्ता गर्न जाँदा रुपन्देही, बाग्लुङ्ग, गोरखा लगायतका केही स्थानहरूमा बाजागाजा नाँचगानसहित व्यानर, झण्डा वोकेर आएको पर्यवेक्षणबाट देखिएको छ।
- उम्मेदवारी दर्ता गर्दा कुनै कानुनी अडचन भएको थिएन। सबै दलले तोकेको समयमा उम्मेदवारी दर्ता गराएका थिए।
- रुपन्देही क्षेत्र नं. २ नेकपा समाजवादी पार्टी रुपन्देही अध्यक्ष राजु गुरुङको प्रतिनिधि सभाका लागि उम्मेदवारी परेकामा निजलाई बैकिङ्ग कसूर गरी कालोसूचीमा परेको देखाई निर्वाचन आयोगले उम्मेदवारी खारेज गरेको, हाम्रो नेपाल पार्टीका उम्मेदवार निकोलस (कमल भुसाल) र स्वतन्त्रबाट उम्मेदवारी दिएका हिमाल बस्यालको उम्मेदवारी पनि विभिन्न कानूनी समस्या देखाई उम्मेदवारी खारेज गरेको, त्यसैगरी अन्य जिल्लाहरूमा समेत त्यस प्रकारको अवस्था सिर्जना भएको पाईएको छ।

## ७.३. राजनीतिक हिंसाको अवस्था र सम्भावना तथा सुरक्षा निकायको रणनीति

सबै राजनीतिक दल तथा आमजनताले सहज स्वीकार गरेको देखिन्छ। केही चुनावी कार्यक्रमहरू (जस्तो प्राईम टी.भी. ले गरेको चुनावी अन्तरक्रिया कार्यक्रममा कार्यकर्ताहरू विच सामान्य झडप भएको भए पनि यस अघिका निर्वाचनमा जस्तो कुनै पनि हिंसात्मक गतिविधिहरू भएको पाइएको छैन। २०७९ कार्तिक २३ मा धनगढी उपमहानगरपालिका– १७ डुमलिथामा नागरिक उन्मुक्ति पार्टीले चुनाव प्रचार–प्रसारका लागि प्रयोग गरेको गाडीमा अज्ञात समूहबाट तोडफोड गरेको भेटिएको थियो। कैलाली क्षेत्र नं. ३ (ख) का उम्मेदवार अमरबहादुर साउदले प्रयोग गरेको गाडी घोडाघोडी नगरपालिका वडा नं. ५ मा पार्किङ्ग गरेर राखेको अवस्थामा २०७९/०७/२७ गते अज्ञात समूहबाट तोडफोड गरिएको थियो।

२०७० कार्तिक ३० गते दोलखा जिल्ला क्षेत्र नं. २ वडा न. ३ मा बम पड्केको, त्यसैदिन चितवनको क्षेत्र नं २ मा नेपाली कांग्रेसका उम्मेदवार उमेश श्रेष्ठको गाडीमा अज्ञात समूहबाट तोडफोड गरिएको छ। काठमाडौं क्षेत्र नम्बर ४ मा स्वतन्त्र उम्मेदवार र कांग्रेस नेता गगनकुमार थापाबीच गालीगलौजको अवस्था सिर्जना भएको थियो।

सुरक्षा रणनीतिअर्न्तगत ४ वटै सुरक्षा निकायलाई परिचालन गर्ने, मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील र सामान्य गरी ३ वर्गमा विभाजन गरेको र ३ वटा घेराबाट सुरक्षा दिने ब्यवस्था मिलाइएको पाइएको छ। अति संवेदनशीलस्थलमा अलि बढी सुरक्षाको प्रबन्ध गरिएको, सुरक्षाको रणनीतिको हिसाबले अति संवेदनशील मतदान केन्द्र तथा भूगोलको हिसाबले अलि टाँढा रहेको ठाउँमा कुनै अप्रिय घटना घटेमा त्यसको नियन्त्रण तथा रेस्क्यु गर्न सुरक्षा निकायको रेस्क्यु टिम परिचालन गर्ने योजना रहेको छ। सिमानामा विशेष सतर्कता अपनाइएको, सबै नाकाहरूमा सिल गर्ने सहमति भएको छ। मतपत्र, मतपेटिका, मतदाताहरूको सुरक्षाका लागि समेत तीन तहको सुरक्षा प्रबन्ध गरिएको छ। अवाञ्छित मानिसहरूले मत दिन सक्ने कुरामा सरोकारवालाहरू सजग हुनुपर्ने सम्बन्धमासमेत आयोगले सचेत गराएको छ।

पहिलेजस्तो प्रचार–प्रसारमा ठूलो भीडभाड देखिँदैन। आम सभाहरूमा शान्ति–सुरक्षाको अवस्था राम्रो देखिन्छ। म्यादी प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, राष्ट्रिय अनुसन्धान विभाग समेतको एकीकृत सुरक्षाको व्यवस्था सुरु भएको देखिन्छ। निर्वाचन आयोगले यी सुरक्षाका संयन्त्रसँग एकीकृत रुपमा समन्वय गरेर आयोगमा नै कार्यालय स्थापना गरी पुरै देशभर सुरक्षाको प्रबन्धलाई अनुगमन गर्न थालेको छ। दुर्गम स्थानहरूमा मतदान केन्द्र, सुरक्षाको प्रबन्ध, मतपत्रको व्यवस्था र कर्मचारीहरूको पहुँचसमेतको व्यवस्था तीब्रताका साथ भएको देखिएको छ।

## ७.४. निर्वाचनको लागि नेपाल सरकारको तर्फबाट प्राप्त सहयोग

- निर्वाचनका लागि नेपाल सरकारका तर्फबाट आवश्यक सहयोग गरिएको, आवश्यक कर्मचारी खटाइएको र आवश्यक बजेटको व्यवस्थासमेत गरिएको छ। महिला, बृद्ध, बृद्धा, गर्भवती, अपाङ्गता भएका व्यक्ति र बिरामीहरूलाई ल्याउन र लैजान यातायातको व्यवस्थाको प्रवन्ध गर्न सक्ने ब्यवस्था मिलाइएको छ।
- बाग्लुङ्गमा आवश्यक सहयोग नपुगेको गुनासाहरू प्राप्त भएको, रुपन्देहीमा कर्मचारी थोरै भएका कारण काम गर्न अत्यन्तै कठिन भएको भन्ने प्रतिक्रिया प्राप्त भएको, सप्तरी र स्याङ्गजामा बजेट कमी भएका कारण कर्मचारी ब्यवस्थापनमा कठिनाई भएको गुनासा प्राप्त भएका छन्। त्यसैगरी गोरखा जिल्लामा मतदान अधिकृत शिक्षकहरूले तलव निजामति कर्मचारी भन्दा कम दिएको कारण असन्तुष्टि जनाएको पर्यवेक्षणका क्रममा फेला परेको छ।

## ७.५. निर्वाचन कार्यालयको तयारी

एक साता अगावै ७७ जिल्लामा आवश्यक मतपेटिका, मतपत्र र आवश्यक सामग्री पुगिसकेको आयोगले विज्ञप्तिमार्फत् जानकारी दिइसकेको छ। अस्थायी मतदाताको रुपमा सेना, प्रहरी, निर्वाचनमा खटिने कर्मचारी र कारागारका कैदी–बन्दीले प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीमा मात्र मतदान गर्न पाउने व्यवस्था मिलाइएको छ।

## ७.६. राजनीतिक दल तथा उम्मेदवारबाट निर्वाचन आचार–संहिता पालन गरेको अवस्था

- निर्वाचन आयोगले आचार–संहिता पालनामा कडाइ गरेको छ। यसको सुरुवात नै उम्मेदवारहरूको मनोनयनबाट गरेको देखिन्छ। समयमा आवश्यक प्रक्रिया पूरा नगर्ने उम्मेदवारहरूको मनोनयन नै खारेज गरेको देखिएको छ।
- यसपटक प्रचार–प्रसारमा तडकभडक कम देखिएको छ। तुल ब्यानरसहितको प्रचार, भित्ते लेखन, ठूला ठूला पर्चा पम्प्लेट र भित्ता–भित्तामा उम्मेदवारका ठूला ठूला तस्बिर प्रचारमा देखिएका छैनन्। केही छिटपुट भएकोमा समेत आयोगको निर्देशनपश्चात हटाइएको छ। उम्मेदवारहरूले तोकिएको खर्चको सीमाभन्दा बढी खर्च गरेको प्रमाणित भएमा या खर्चको प्रमाणित हिसाब बुझाउन नसकेमा निर्वाचन जिते पनि परिणाम बदर हुन सक्ने सम्भावनाले उम्मेदवारहरूसमेत केही सतर्क भएको पर्यवेक्षणबाट देखिएको छ।
- यस पटक सामाजिक सन्जालमा "No Not Again" जस्ता अभियान ब्यापक रुपमा प्रयोग आएकाले निर्वाचन आयोगले उक्त अभियानलाई प्रतिबन्ध लगाएको थियो। आयोगको उक्त निर्णयविरुद्ध अदालतमा रिट दायर गरिएको तथा आ नो मत खसाउने अधिकार तथा वाक् स्वतन्त्रताउपर निर्वाचन आयोगले लगाएको भन्नेजस्ता अभिव्यक्ति समेत प्रकाशमा आइरहेका छन्।
- काठमाडौंको धोवीखोला किनारमा जग्गा कब्जा गरी बसेका व्यक्तिहरूलाई ३५ दिनभित्र खाली गर्नु भन्ने सूचना काठमाडौं महानगरपालिकाले जारी गरेको अवस्थामा उम्मेदवारहरूले तिनीहरूलाई व्यवस्थित गर्छौं भन्ने आश्वसनसहित प्रचार प्रसार गरेको देखिएको छ।
- रुपन्देही जिल्लामा प्रायः सबैजसो पार्टीले रिक्सामा माइक लगाएर आफ्नो पार्टीको प्रचार–प्रसार गरेको पाइएको छ। राजनीतिक दलले व्यक्तिसँग पैसा उठाई चुनावी खर्च गरेको सुन्नमा आएको थियो। तर त्यसको कुनै आधिकारिक प्रमाण नहुने र पेश गर्न सकिने अवस्था नभएको, गाडीमा झण्डा बोकेर हिंडेको भने देखिएको थियो। तर चर्को आवाजमा चुनावी प्रचार नगरेको भेटिएको थियो।
- ललितपुरमा मतदान केन्द्र नजिकको घर र सार्वजनिक स्थलमा झण्डा राखिएको उम्मेदवारहरूको फोटोसहित व्यानर राखिएको देखिएको थियो। नुवाकोटमा २ भन्दा बढी सवारी साधनको प्रयोग गर्ने गरिएको, सप्तरीमा लाउडस्पिकरको प्रयोग, भोजभतेर हुने

गरेको, धनुषा जिल्लामा एक परिवारलाई १ साडी र रु. ५०० वितरण गरिएको जानकारी प्राप्त भएको, धनुषा र बाँकेमा भारतीय नंम्बर प्लेटका गाडीहरू व्यापक रुपमा प्रयोग गरेको देखिएको थियो।

- काभ्रे जिल्लामा निर्वाचन आचार–संहिता उल्लंघनमा उम्मेदवार र कार्यकर्ताहरूले पर्चा, पम्लेटदेखि सार्वजनिक स्थलमा फ्लेक्स राख्ने, बाजागाजा सहित निर्वाचन प्रचार प्रसार गर्ने, वडा कार्यालयमा राजनीतिक कार्यक्रम गर्ने, विद्यालय बन्द गरेर बालबालिकालाई नाच्न लगाउने र टिसर्ट बाँडने कार्य गरेको,

## ७.७. मतदाताहरुको मनस्थिति

- दलीय गठबन्धनको कारण मतदातामा अन्यौलता बढेको, राजनीतिक दलले सोचे जस्तो काम नगरेको गुनासो मतदातामा भेटिन्थ्यो।
- दुर्गम बस्तीहरूमा मतदाता शिक्षा पर्याप्त नभएको गुनासाहरू प्राप्त भएका छन्। गठबन्धन संस्कृति र कतिपय अवस्थामा ४ वटा मतपत्रमध्ये अलग–अलग चिन्हमा मत दिनुपर्ने अवस्थाका कारण मतदाताहरू अलमलमा पर्ने सम्भावना देखिएको छ।

## ७.८. महिला उम्मेदवार र समावेशिताको अवस्था

पहिलो हुने निर्वाचित हुने निर्वाचनअन्तर्गत प्रतिनिधि सभाको जम्मा १६५ सिटका लागि २२५ जना महिला उम्मेदवारहरू चुनावी मैदानमा छन्। जम्मा २४१२ जना प्रतिनिधि सभाको लागि प्रत्यक्ष तर्फका उम्मेदवारहरूमध्ये यो संख्या केवल ९ प्रतिशत मात्र हुन आउँछ। ठूला राजनीतिक दलहरूले समेत प्रत्यक्षतिर महिला उम्मेदवारलाई प्राथामिकता दिन सकेका छैनन्। नेकपा (एमाले) ले ११ जना, नेपाली कांग्रेसले ५ जना, माओवादी (केन्द्र) ले ८ जना, जनता समाजवादी पार्टीले ७ जना, एकीकृत समाजवादीले १ जना र स्वतन्त्र पार्टीले १२ जना मात्र उम्मेदवारहरू उठाएका छन्।

यस तथ्याङ्कलाई हेर्दा प्रत्यक्ष उम्मेदवारमा महिलाको संख्या अत्यन्तै कम छ। प्रदेश सभामा प्रतिनिधिसभामा भन्दा केही बढी महिला उम्मेदवार रहेको देखिएको छ। महिलाहरूप्रति राजनीतिक दल उदार नदेखिएको अवस्था छ, तथापि समावेशितालाई भने सबै दलहरूले स्विकार गरेका छन्।

प्रत्यक्ष उम्मेदवार जहाँ धेरै मत ल्याउनेले जित्ने हुन्छ, त्यहाँ महिला उम्मेदवारहरूको संख्या न्यून छ। राष्ट्रिय दलहरूले महिलाहरूको संख्या एकदम कम उठाएका पाइन्छन् तर समावेशिताको लागि भने दलितहरूको संख्या मुख्य दलहरूमा या त छैनन्। या त एकदम न्यून संख्यामा उम्मेदवारहरू उठाइएका छन् तर समानुपातिकमा भने बन्दसूचीको सिद्धान्तअनुसार नाम प्रस्तुत नहुँदा थप्न लगाउने हुँदा त्यहाँ भने राखिएको पाइएको छ।

## ७.९. निर्वाचन स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण हुनसक्ने अवस्था,

मौन अवधि शुरु हुनुभन्दा अघिको माहौल र अवस्था हेर्दा निर्वाचन स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण हुने देखिन्छ। सुरक्षाको प्रबन्ध, निर्वाचनको व्यवस्थापन राम्रो देखिन्छ।

## ७.१०. राजनीतिक दलहरुको गठबन्धनको कारणले निर्वाचनमा सकारात्मक र नकारात्मक

राजनीतिक दलहरूको गठबन्धनप्रति सकारात्मक तथा नकारात्मक दुवै किसिमका विचारहरू मतदातामा रहेको पाइएको छ। सवल सरकार निर्माण, सवैधानिक व्यवस्थाको परिपालना तथा विकासमा यसले सकारात्मक तथा गुणात्मक भूमिका खेल्छ भन्ने अवधारणा

एकातर्फ रहेको छ। अर्कातिर जसरी पनि सरकारमा पुग्ने उद्देश्य रहेको, चित्त बुझे पनि नबुझे पनि अर्को दलको निर्वाचन चिन्हमा मतदान गर्नुपर्ने बाध्यात्मक स्थिती श्रृजना भएको जस्ता प्रतिकृयाहरू प्राप्त भएका छन्।

गठबन्धनका कारण निर्वाचनमा देखिन सक्ने ध्रुवीकरण तथा दलगत द्वन्द्वको स्थितिमा कमी आएको छ। शान्ति–सुरक्षा मजबुत हुँदै गएको, सहिष्णुता बढेको देखिएको छ। श्रोत र साधनको ब्यापक प्रयोगको सट्टा सीमित श्रोत र साधनको प्रयोगले खर्चमा कटौती भइ मितव्ययिता देखिएको जस्ता सकारात्मक अवस्थाको श्रृजना पनि भएको छ।

केही ठाउँमा नेता र कार्यकर्तामा असन्तुष्टि देखापरेको छ। केही निर्वाचन क्षेत्रका असन्तुष्ट नेता कार्यकर्ताहरूले पार्टी परित्याग गरी स्वतन्त्र उम्मेदवारी समेत दिएको पाइएको छ। त्यसैगरी सिद्धान्तहीन गठबन्धन भन्ने जनमानसमा परेको, कसको कति राजनीतिक शक्ति छ भन्ने थाहा नहुने अवस्था सिर्जना भएको, निर्वाचनमा गठबन्धनका दलहरू मिले पनि मतदाताहरू झुक्किएर मत बदर धेरै हुन सक्ने सम्भावना रहेको र मतदातामा उत्साहको कमी भएको जस्ता नकारात्मक टिप्पणीहरू समेत भएको पर्यवेक्षणबाट पाईएको छ।

# ८. निष्कर्ष

निर्वाचन लोकतान्त्रिक पद्धतिलाई सुदृणिकरण गर्ने मुख्य माध्यम हो। जनताले शासनमा सहभागिता जनाउन र शासकीय निर्णय प्रक्रियामा सहभागिताको लागि निर्वाचनको माध्यमद्वारा आफ्ना जनप्रतिनिधिको छनौट गरी पठाउँछन्। आफ्ना प्रतिनिधिले बनाएको कानूनमार्फत कानूनी राज्य सञ्चालन गर्दछन्। लोकतान्त्रिक व्यवस्थाको आधार प्रतिनिधित्वको छनोट भएकाले निर्वाचनको महत्व अझै स्पष्ट हनु पुगेको छ। स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र पारदर्शी निर्वाचन लोकतन्त्रको मूल मन्त्र हो।

बिगतका निर्वाचनहरूबाट पाठ सिकेर यस पटकको निर्वाचनमा निर्वाचन आयोग, सरकार, राजनीतिक दल, उम्मेदवार, न्यायपालिका, पर्यवेक्षण संस्था तथा आम सञ्चारको क्षेत्रबाट थुप्रै सुधारहरू भएको देखिएको छ। निर्वाचन आयोग, सुरक्षा संयन्त्र, राजनीतिक दलहरू, आममतदाता समेत सचेत हुँदै गएको देखिएको छ। राजनीतिक दल, उम्मेदवार र मतदाता समेत परिपक्व हुँदै गएको, एकाध ठाउँमा बाहेक दल तथा उम्मेदवार शान्तिपूर्ण प्रचार–प्रसारमै खटेको, राजनीतिक दल तथा उम्मेदवारहरूले एक आपसका विरुद्ध बल प्रयोग गरेको नदेखिएको, राजनीतिक दलका कार्यकर्ता चुनावी प्रचार–प्रसारमा संयमित भएको, मतदाताले सुरक्षित महसुस गरेको निष्कर्षमा पर्यवेक्षण टोली पुगेको छ।

यस पटक उम्मेदवार भएको चिन्हमात्र मतपत्रमा राखिएको, ४ वटा मतपत्रको प्रयोग गरिएका कारण मतदाताका लागि केही सहज हुने देखिएको छ। तथापि गठबन्धन संस्कृतिका कारण क्रस भोटिङ्गमा मतदाता अझै अल्मलिने अवस्था छ। त्यसका लागि मतदाता शिक्षा अझ प्रभावकारी बनाउनुपर्ने आवश्यक देखिएको छ।

निर्वाचन आयोगबाट आचार–संहितामा सुधार गर्नुका साथै पालनामा कडाई गर्ने, यसअघि भएको स्थानीय निर्वाचनबाट प्राप्त सिकाईलाई कार्यान्वयन गर्ने विषयमा चनाखो भएको पाइएको छ। निर्वाचन खर्चको सीमा तोक्दै भड्किलो निर्वाचन हुन नदिने प्रयत्न गरिरहेको, आचार–संहिताको अन्तरबस्तु र संरचना सबैलाई समेट्ने खालको भई प्रचार–प्रसारमा पर्याप्त ध्यान दिएको पाइयो। त्यसको अतिरिक्त आचार–संहिता उल्लंघनको छिटपुट सिकायत पर्ने गरेको पाइयो।

आचार–संहिता उल्लंघनसम्बन्धी केही उजुरीहरूमा खासगरी लिखित रुपमा पर्न आएका उजुरीहरूमा मुख्य निर्वाचन अधिकृत, आयोग र न्यायपालिकाले तदारुकता देखाएको पाइएको छ। तर पनि अधिकांश विषयमा उजुरी नै नपर्ने, उजुरी गरेपनि मौखिक रुपमा मात्र गर्ने, जोखिम मोल्न नचाहने प्रवृत्ति यसपटक पनि देखिएको छ भने निर्वाचन आयोग र निर्वाचन कार्यालयहरूले लिखित उजुरी नखोजी सूचनाका आधारमा कारवाही गर्दा आचार–संहिता कार्यान्वयन थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

राजनीतिक दलले प्रत्यक्ष निर्वाचनतर्फ उम्मेदवारी दिँदा यसपटक पनि समावेशीकरणको मूल्य–मान्यताप्रति वास्ता नगरेको, संविधानमा भएको अनिवार्य व्यवस्थाबाहेक अन्य विषयमा पटक्कै चासो नराख्ने गरेको, महिला, जातजाती आदिको उम्मेदवारी प्रत्यक्ष निर्वाचन प्रणालीमै समानुपातिक रुपमा गराउने कुरामा निर्वाचन आयोग लगायत सवै सरोकारवालाहरूबाट आवश्यक सल्लाह सुझाव र दवाव दिनुपर्ने अवस्थाको श्रृजना भएको छ। यस पटकको निर्वाचन अभियानमा युवाहरूको सहभागिता राम्रो देखिएपनि राजनीतिक दलप्रतिको वितृष्णा र घृणा फैलाउने किसिमबाट आएको देखिएको छ त्यसको समाधानका लागि राजनीतिक दलहरू थप जिम्मेवार हुँदै उपयुक्त उम्मेदवार चयन गर्ने अभ्यासको थालनी आवश्यक देखिएको छ।

२०७९ मंसिर २

अनुसूची ३

# निर्वाचनको दिन जारी गरेको प्रेस विज्ञप्ती

प्रतिनिधिसभा र प्रदेश सभाको आज भएको निर्वाचन छिटपुट घटना बाहेक आम रुपमा शान्तिपूर्ण र व्यवस्थित रुपमा सम्पन्न भएको छ। मतदानमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत सबै वर्ग, समुदाय, लिंग र अवस्थाका मतदाताको उत्साहबर्द्धक सहभागिता भएको देखियो। विगतको तुलनामा दल, उम्मेदवार र मतदाताको व्यवहार संयमित, सहयोगात्मक र शान्त भएको पाइयो। पर्यवेक्षणको क्रममा मतदान केन्द्रहरुको अवलोकन गर्दा मतदान सुरु भएपछि प्रारम्भिक चरणमा मतदाताहरुको पातलो उपस्थिति देखिएकोले पछिल्लो समयमा मतदाताहरुको चाप बढ्ने अपेक्षा गरिएको भए पनि मतदानको कूल अनुपात विगतको भन्दा उत्साहजनक हुनसक्नेमा विश्वास गर्नसक्ने अवस्था देखिएन। यो परिस्थिति विचारणी देखिन आएको छ।

एकाध ठाउँमा बाहेक मतदान प्रक्रियालाई बिथोल्ने घटना भएको पाइएन भने मतदान केन्द्रमा दलहरुबीच विवाद पनि देखिएन। निर्वाचनको काममा खटिएका कर्मचारीहरु र दलका प्रतिनिधिहरु बीच सौहाद्रपूर्ण व्यवहार भएको पाइयो। यसरी निर्वाचन व्यवस्थापन र मतदान प्रक्रियामा सुधार हुँदै जानु लोकतन्त्रका निम्ति शुभ संकेतको रुपमा लिन सकिन्छ। २०४८ सालदेखि नियमित रुपमा संसदीय निर्वाचन, स्थानीय निकायको निर्वाचन, संविधान सभाको निर्वाचन र स्थानीय तहको निर्वाचन पर्यवेक्षण गर्दै आएको आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) को अनुभवको आधारमा देशमा भइरहेको आवधिक निर्वाचन भरपर्दो एवं स्वीकार्य हुँदै गएको पाइएको र सो लोकतन्त्रलाई संस्थागत र जनसहभागितामूलक बनाउनमा सकारात्मक हुँदै गएको अनुभव भएको छ।

३६ वटा जिल्लाको २५० पालिकामा राष्ट्रिय स्तरका ३०, जिल्लास्तरका ३६ र स्थानीय तहका २८४ सहित पूर्व प्रधान न्यायाधीश, पूर्वप्रमुख निर्वाचन आयुक्त र पूर्वमुख्य सचिवहरुसहितको १० विशेष पर्यवेक्षक गरी जम्मा ३५० जनाको टोलीले दिएको प्रारम्भिक प्रतिवेदनका अनुसार अधिकांश मतदान केन्द्रहरु विहान ७ बजे नै सञ्चालनमा आएका थिए भने केहीमा ७.१५ देखि ७.४५ भित्र मतदान सुरु भएको थियो। कर्मचारी र राजनीतिक दलका प्रतिनिधिहरु तोकिएको समयमा नपुगेको केही स्थानमा सामान्य विवादसमेत भएको थियो।

मतदाताको दृष्टिले हेर्दा सबै उम्मेदवारहरुको सम्बन्धमा आधारभूत सूचनामा पहुँच पाउन सकिने अवस्था नभएको, उम्मेदवार, निज सम्बद्ध दल र मतपत्रमा तिनको चिन्हको बारेमा थाहा पाउन सक्ने अवस्थाको अभावले गर्दा मतदाताले सूसुचित र विवेकपूर्ण मत संकेत गर्न व्यवधान रहेको पाइयो। उम्मेदवारहरु, ती सम्बद्ध दल र मतपत्रमा उनीहरुले पाएको चिन्हको बारेमा निश्चित ढंगले सूचना प्रसार गर्ने प्रक्रिया र संयन्त्रसहितको पहुँचयोग्य व्यवस्थाको अभाव रहेकोले मतदाता शिक्षा र सूचना सम्प्रेषण पद्धती व्यापक र प्रभावकारी हुनु पर्ने आवश्यकता गम्भिर रुपमा खट्किएको पाइयो।

मतपत्रमा उम्मेदवार भएको चिन्ह मात्रै समावेश भएको हुँदा यस पटक पहिलेभन्दा बदर मतपत्रको प्रतिशत कम हुन सक्ने अनुमान गर्न सकिन्छ। टाढाबाट आउनु पर्ने अवस्थाका मतदाताले सवारी साधनको उपलब्धताको अभावका कारणले मतदानबाट बञ्चित भएको पाइयो। कतिपय मतदान केन्द्र आवतजावत गर्ने बाटोसमेतका पूर्वाधार अभाव रहेको पाइयो। काठमाडौको कलंकी लगायत कतिपय स्थानमा हालसम्म पनि अपाङ्गतामैत्री मतदान केन्द्रको व्यवस्था नभएको, मन्दिरमा मतदान केन्द्र रहेको, मतदाताले स्वीच अफ गरेर समेत मोबाइल लान नदिएको र सूचना समेत नपाइएकोमा असन्तुष्टि समेत रहेको देखिएकोमा पर्यवेक्षकहरुले आग्रह गरेपछि सूचना टाँसिएको थियो। त्रिज्योती मा.वि. कपन, काठमाण्डौ र नवलपरासीको कावासोती लगायत केही क्षेत्रहरुमा पयवेक्षकहरुलाई समेत प्रवेश गर्न अवरोध गरिएको थियो भने टाढाबाट पनि फोटो खिच्न अनुमति दिएको थिएन।

केन्द्रसम्म मतदान गर्न आएकाहरु पनि विविध कारणले गर्दा (जस्तो परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात नभएको, परिचयपत्र भएको तर अर्को मतदान केन्द्रमा नाम भएको हुँदा हिंडरै जान सम्भव नभएको र मतदाता परिचयपत्र भएको तर मतदाता नामावलीमा नाम नभएको) मतै नखसाली फर्कनु परेको पनि अवस्था पाइयो । परिचयपत्र र मतदाता सूचीको बीच किंचित पनि विरोधाभाष रहन दिन नमिल्नेमा ध्यान दिनुपर्ने देखियो । परिचयपत्र सम्बन्धी व्यवस्थालाई व्यवस्थित, त्रुटिरहित, विश्वसनीय र उपयोगी बनाउनु पर्ने देखियो । यस पटक पर्यवेक्षकहरुलाई परिचयपत्रको आधारमा नै यातायातको व्यवस्था गरी सहज अवस्था आयोगले गरेको हुँदा पर्यवेक्षण गर्न सहज भएको छ।

निर्वाचन आचार–संहिताको सामान्य रुपमा पालना गर्ने नै प्रबृति देखिएकोले सन्तोषजनक नै रहेको पाइयो । केही स्थानमा आचार–संहिता उलंघनका संकेतहरु देखिएकोले तत्काल प्रभावकारी कारवाहीको आवश्यकता महसुस भयो । निर्वाचन प्रक्रिया र व्यवस्थापन विगतभन्दा सुधार गरिएको, सहज, सुविधायुक्त, शान्तिमय र स्वीकारयोग्य हुँदै गएकाले लोकतन्त्रलाई परिपक्व र सुदृढ बनाउनमा यसले महत्वपूर्ण योगदान दिन सक्ने निश्कर्ष  जियोकको छ। अस्थायी मतदान केन्द्रहरुबाट निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी तथा कैदी बन्दीहरुलाई समेत समानुपातिक निर्वाचन प्रणाली तर्फ मतदान गर्ने अवसर प्रदान गर्दै शान्तिपूर्ण निर्वाचन सम्पन्न गरेकोमा निर्वाचन आयोग, कर्मचारी, सुरक्षाकर्मी, दलका प्रतिनिधि र मतदातासहित जियोकका राष्ट्रिय, जिल्ला, नगर र गाउँपालिकाका ३५० पर्यवेक्षकहरुले पर्यवेक्षण गरी दिएको योगदानको लागि आभार व्यक्त गर्दछौं।

२०७९ मंसिर ४

# जियोकद्वारा पर्यवेक्षण गरिएका जिल्लाहरु




| | |
|---|---|
| प्रदेश १ | ईलाम, झापा, संखुवासभा, धनकुटा, मोरङ |
| मधेश प्रदेश | सप्तरी, धनुषा, रौतहट |
| बागमती प्रदेश | दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रे, नुवाकोट, धादिङ, चितवन, भक्तपुर, ललितपुर, काठमाण्डौ, मकवानपुर |
| गण्डकी प्रदेश | गोर्खा, कास्की, मुस्ताङ, स्याङ्जा, बाग्लुङ, नवलपरासी |
| लुम्बिनी प्रदेश | रुपन्देही, अर्घाखाँची, प्यूठान, दाङ, बाँके |
| कर्णाली प्रदेश | जुम्ला, सुर्खेत |
| सुदूरपश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, डडेलधुरा |

**नेपाल कानून समाज** कानूनी शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र सुशासनको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले कानून र न्याय क्षेत्रका विज्ञहरुद्वारा २०३८ सालमा स्थापना गरिएको संस्था हो। न्यायाधीश, कानून व्यवसायी, न्याय र कानूनका क्षेत्रमा कार्यरत व्यक्ति एवं कानूनका प्राध्यापक गरी करिव ३५० जना समाजको सक्रिय सदस्यको रुपमा छन्।

- **प्रमुख कार्यक्षेत्रः** स्वतन्त्र न्यायपालिका, संवैधानिक विकास, कानूनी शासन/सुशासन, मानव अधिकार, महिला र लैङ्गिक न्याय, सुशासन र विकास
- **मुख्य उद्देश्यः** कानूनी शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, सुशासनको विकास, संरक्षण, सम्वर्द्धन र नीति निर्माण क्षमता वृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यले अनुसन्धान, तालिम, अन्तरक्रिया, गोष्ठी, सम्मेलनको आयोजना गर्ने साथै जनचेतनामूलक कार्यक्रम गरी सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने गरी विभिन्न पुस्तक, प्रतिवेदन, बुलेटिनको प्रकाशन गर्ने
- **रणनीतिः** सरोकारवालाहरुको संलग्नतामा कानूनी शासन, सुशासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिकाको विकासमा सघाउ पुऱ्याउने रणनीति समाजले अवलम्बन गर्दछ।

समाजले सातवटा प्रदेश – प्रदेश १ को विराटनगर, मधेश प्रदेशको जनकपुर, बागमती प्रदेशको हेटौडा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा नागरिक संवाद केन्द्रहरु स्थापना गरी सरकारी, गैरसरकारी तथा स्थानीय तहमा रहेका विभिन्न क्षेत्रहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। विशेषगरी न्यायपालिका, अर्धन्यायिक निकायहरु, स्थानीय सरकारसँग समन्वय गरी क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्दै आएको छ। समाजले मुलुकका विभिन्न क्षेत्रमा अनुसन्धान, गोष्ठी, अन्तरक्रिया, तालिम गरी विभिन्न प्रतिवेदन र पुस्तकहरु प्रकाशित गरेको छ। समाजले सबै जिल्लाहरुमा कार्यक्रम सहज रुपमा सञ्चालन गर्न, समाजका सदस्यहरु, सम्पर्क व्यक्ति, स्थानीय सङ्घ, संस्थाहरुसँग सम्बन्धन राखेको छ। नेपाल कानून समाज International Bar Association को सक्रिय सदस्य, International Commission of Jurists र Asian Network for Free Election (ANFREL) सँग आबद्ध भई सक्रिय रुपमा कार्य गर्दै आएको छ।

**आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल**
**GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)**

सचिवालय
नेपाल कानून समाज
पोस्ट बक्स नं. १३२११ बबरमहल, काठमाडौं
टेलिफोनः ४१०२१९६, ४१०२३८१, ४१०२३८२
इमेलः nepallawsociety@gmail.com